# परिच्छेद एक

# शोध परिचय

## १.१ विषय परिचय

**छापामारको छोरो** कथा सङ्ग्रह (२०६३) महेशविक्रम शाह (जन्म वि.सं. २०२२ साल भदौ १५ गते शुक्रबार, सेती अञ्चल अछाम जिल्ला, वैद्यनाथ गा.वि.स., कालिमाटी) द्वारा लिखित कथाहरूको सङ्ग्रह हो । उनी साहित्यका प्रायः सबैजसो विधामा कलम चलाए पनि मूलतः कथाकारका रूपमा स्थापित प्रतिभा हुन् । उनका हालसम्म पाँचवटा कथा सङ्ग्रह प्रकाशित छन् । ती कथा सङ्ग्रहहरू **सटाहा** (२०५३), **सिपाहीकी स्वास्नी** (२०५९), **अफ्रिकन अमिगो** (२०६०), **छापामारको छोरो** (२०६३) र **काठमाडौँमा कामरेड** (२०६५) हुन् । उनका यी विभिन्न कथा सङ्ग्रहमध्ये **छापामारको छोरो** (२०६३) कथा सङ्ग्रह अठार वटा कथाहरूको सङ्ग्रह हो । यस कथा सङ्ग्रहमा सङ्कलित सबै कथाहरूलाई अभिघातसम्बद्ध कथा मान्न सकिन्छ । ती कथाहरूमा २०५२ सालदेखि २०६२ सालसम्म दशबर्से जनयुद्ध हुँदाको समयावधिमा नेपालका मानिसहरूले भोगेका अभिघातका घटनाहरूलाई विषयवस्तु बनाएको पाइन्छ । उनका यस कथा सङ्ग्रहभित्रका कथाहरूमा एक कालअवधि विशेषमा हाम्रै नेपाली समाजमा व्याप्त युद्धजन्य घटनाको प्रभावले उत्पन्न गराएका शारीरिक तथा मानसिक चोट, अनेक पीर, समस्या तथा दुःख, भोगेर अभिघातित बनेका तिनै मानिसहरूको यथार्थ जीवनको चित्रण छ जसलाई अभिघात सिद्धान्त प्रयोग गरेर विश्लेषण गर्न सकिने देखिन्छ । प्राकृतिक तथा मानवबाट हुन गएका हिंसाजन्य घटना, दुर्घटना, चोट, जीवन नै समाप्त हुने खालको घातक रोग लगायतका आदि विभिन्न अप्रिय घटनाका भोक्ता तथा द्रष्टामा उत्पन्न हुन गएको शारीरिक पीडाका साथै अल्पकालीन तथा दीर्घकालीन रूपमा उनीहरूमा परेको मानसिक चोट अर्थात् घातक मनोवैज्ञानिक असरलाई अभिघात भनिन्छ । शाहको **छापामारको छोरो** कथा सङ्ग्रहमा पनि युद्धजन्य अनेक रूपका घटनाहरूबाट पीडित मानिसहरू शारीरिक तथा मनोवैज्ञानिक रूपमा असन्तुलित र अभिघातित हुन पुगेका सन्दर्भहरू अभिव्यक्त भएको हुँदा उनका यस कथा सङ्ग्रहभित्रका कथाहरूलाई अभिघात सिद्धान्तको आधार लिई व्याख्या विश्लेषण गर्नु नै प्रस्तुत अध्ययनको मुख्य विषय रहेको छ ।

## १.२ समस्याकथन

नेपालको दशबर्से (२०५२-२०६२) द्वन्द्व र युद्धको यथार्थलाई विषय बनाएर महेशविक्रम शाहद्वारा विभिन्न कथाहरू लेखिएका छन् । ती कथाहरूमा युद्धको कारण नेपालीले भोग्नु परेको शारीरिक तथा मानसिक पीडा, वेदना, अवसादलाई अभिव्यक्त गरी युद्धले पुऱ्याएको दीर्घकालीन तथा अल्पकालीन मनोवैज्ञानिक असरको यथार्थ चित्रण गरिएको छ । यसरी ती कथाहरूको केन्द्रीय विषयवस्तु अभिघात नै रहेको बुझिन्छ । कथामा अभिव्यक्त युद्धजन्य यस्ता दुःख, पीडा, वेदना, अवसाद, आक्रोश र अभिघातलाई बौद्धिक, वैचारिक, दार्शनिक ढङ्गबाट अध्ययन गर्नु प्राज्ञिक दृष्टिले आवश्यक कार्य नै हो । यस्ता युद्धजन्य साहित्यिक कृतिको व्याख्या विश्लेषण गर्न अभिघात सिद्धान्तको प्रयोगको आवश्यकता पर्दछ । अभिघात एक निश्चित सिद्धान्त हो र यस्तो सिद्धान्त अभिघात साहित्यको अध्ययन, विश्लेषण र अनुसन्धान गर्दा उपयोगी हुने सिद्धान्तका रूपमा स्थापित भइसकेको पाइन्छ । कथाकार शाहका **छापामारको छोरो** कथा सङ्ग्रहभित्रका कथाहरूमा अन्य विभिन्न सिद्धान्तको आधार लिई शोधकार्य हुन सक्ने भए तापनि अभिघात सिद्धान्तको आधार लिई उनको यस कथा सङ्ग्रहलाई अध्ययन गर्ने ध्येयका साथ यो शोधकार्य गरिएको हो । त्यसैले प्रस्तुत शोधविषय सैद्धान्तिक दृष्टिले मौलिक रहेको छ भने यो नेपाली शोध परम्परामा अभिघात अध्ययनमूलक नवीन तथा पहिलो शोधकार्य पनि हुन पुगेको छ । अत : नयाँ प्राज्ञिक योगदान पुऱ्याउने आशा राखेर गरिएको ***छापामारको छोरो कथा सङ्ग्रहमा अभिघात*** शोधशीर्षकमा गरिएको प्रस्तुत शोधकार्यका प्राज्ञिक समस्याहरू यस प्रकार छन् :

(क) **छापामारको छोरो** कथा सङ्ग्रहमा चित्रित कथागत अभिघातको उत्प्रेरणा स्रोत के हो ?

(ख) **छापामारको छोरो** कथा सङ्ग्रहमा अभिघातको के कस्तो चित्रण पाइन्छ ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत शोधकार्यको मुख्य उद्देश्य **छापामारको छोरो** कथा सङ्ग्रहभित्रका कथाहरूको अभिघातपरक अध्ययन गर्नु हो । यस उद्देश्यलाई तलका बुँदाहरूबाट अझ प्रस्ट पारिएको छ :

(क) **छापामारको छोरो** कथा सङ्ग्रहमा चित्रित कथागत अभिघातको उत्प्रेरणा स्रोत पहिल्याउनु,

(ख) **छापामारको छोरो** कथासङ्ग्रह भित्रका कथामा चित्रण गरिएको अभिघातको विश्लेषण गर्नु,

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यमा अभिघातको चित्रण गरी लेखिएका अभिघात साहित्यकाबारेमा अभिघात सिद्धान्तको आधारमा समालोचना गर्ने कार्यको थालनी प्रारम्भिक अवस्थामा नै भएको हुँदा अभिघात सिद्धान्तलाई आधार मानेर विश्लेषित हुन पुगेका महेशविक्रम शाहद्वारा लिखित अभिघातसम्बद्ध कथा लगायत अन्य कथाकारका अभिघातजन्य कथाका साथै नाटक विधाका अभिघातपरक समालोचनालाई पनि यस शोधकार्यका लागि सैद्धान्तिक तथा प्रायोगिक रूपमा सहयोगी हुने ठानेर ती पूर्वअध्ययनको समीक्षा प्रस्तुत गरिएको छ ।

युवराज पौडेल(२०६२) द्वारा लिखित **कथाकार महेशविक्रम शाहका प्रमुख प्रवृत्ति** शीर्षकको शोधपत्रमा महेशविक्रम शाहका विभिन्न कथा सङ्ग्रह हरूभित्रका कथामध्येबाट सशस्त्र द्वन्द्व तथा युद्धको चित्रण भएको कथाहरू छुट्याई **सिपाहीकी स्वास्नी** कथा सङ्ग्रहका केही कथा लगायत **छापामारको छोरो** कथा सङ्ग्रहका अधिकांश कथाहरूले दशवर्षे जनयुद्धको क्रममा भएको भौतिक तथा मानसिक क्षतिको गहिरो पर्यवेक्षण गरेको छ भन्दै द्वन्द्व र युद्धको चित्रण गरिएका **सिपाहीकी स्वास्नी** तथा **छापामारको छोरो**को कथा सङ्ग्रहभित्रका युद्धकथाहरूको मुख्य सन्दर्भ र विशेषताहरू छोटकरीमा बताइएको छ । यी दुवै कथा सङ्ग्रहभित्रका सम्पूर्ण कथाहरूमा युद्धजन्य घटनालाई मूल कथ्य वा विषय बनाएर युद्धबाट नराम्ररी प्रभावित भएका, आत्तिएका, आकुलव्याकुल भएका, बहुलाएका अर्थात् युद्धका भोक्ता तथा द्रष्टाको विक्षिप्त अवस्थालाई प्रकट गरिएको छ भनेर बताइएको कुराबाट शाहका उपर्युक्त दुवै कथा सङ्ग्रहमा अभिघात अभिव्यक्त भएको कुरा थाहा हुन्छ ।

गोविन्दराज भट्टराई तथा विष्णुविभु घिमिरे(२०६३) द्वारा सम्पादित **द्वन्द्व र युद्धका कथा** नामक कथा सङ्ग्रहको *द्वन्द्व, युद्ध र अभिघातका कथा: नेपाली साहित्यमा पहिलो सङ्ग्रहबारे एक सर्वेक्षण* शीर्षकको भूमिकामा दशवर्ष लामो अन्योल र अन्धकार कालमा पनि द्वन्द्व र युद्धका विषयलाई टिपेर भित्रै पसेर अत्यन्तै शक्तिशाली कथा लेख्नेमा महेशविक्रम शाह अग्र पङ्क्तिमा पर्दछन् भनिएको छ ।

लक्ष्मणप्रसाद गौतम(२०६३)द्वारा सम्पादित **समकालीन नेपाली द्वन्द्वकथा** नामक कथा सङ्ग्रहको सम्पादकीय सन्दर्भको *द्वन्द्व, द्वन्द्वको परिवेश र समकालीन नेपाली द्वन्द्वकथा* शीर्षक अन्तर्गतको *द्वन्द्वकथाहरूको वस्तुविश्लेषण* शीर्षकमा महेशविक्रम शाहद्वारा लिखित *'एउटा अर्को खाडल '* कथालाई छापामार मिलिसियाहरूको सामरिक परिवेश तथा मान्छेका संवेदना र मनोदशाको चित्रण गरिएको कथा भएको कुरा बताउँदै यस कथालाई सशस्त्र द्वन्द्वबाट प्रभावित जनमिलिसिया युवकको संवेदनापूर्ण अनुभूतिको विश्लेषणको दृष्टिले महत्वपूर्ण कथा भनिएको छ ।

गोविन्दराज भट्टराई(२०६४) द्वारा लिखित **उत्तरआधुनिक विमर्श** पुस्तकको *युद्धसाहित्य र अभिघात सिद्धान्त* खण्डको *सिर्जनाको एउटा उत्तरआधुनिक सिद्धान्त: अभिघात* नामको शीर्षकमा अभिघातलाई एकप्रकारको पक्षघात, विचलन, असन्तुलन तथा विस्मृतिको स्थितिमा पुग्ने अवस्थाको रूपमा चिनाउँदै

महेशविक्रम शाहका युद्ध कथामा भय र आतङ्कबाट उत्पन्न हुने शारीरिक एवं मानसिक विचलनका अनेक स्थितिहरू भएको बताइएको छ भने त्यही स्थितिलाई अभिघात शब्दले बोध गराउँछ भनेर भनिएको छ । यसरी महेशविक्रम शाहलाई युद्धकथाका स्रष्टाका रूपमा चिनाउँदै उनका कथामा अभिघातको प्रयोग भएको कुरा सङ्केत गरिएको छ ।

लक्ष्मणप्रसाद गौतम(२०६६) द्वारा लिखित **नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना** पुस्तकको *पाश्चात्य र नेपाली समालोचनाको उत्तरवर्ती/उत्तरआधुनिक प्रवृत्ति* शीर्षक अन्तर्गतको *अभिघात समालोचना* शीर्षकमा अभिघात सम्बन्धी सामान्य र छोटो परिचय दिई नेपालको दश वर्षसम्मको सशस्त्र द्वन्द्वजन्य परिणति स्वरूप युद्धसाहित्यको सिर्जना भएको कुरा उल्लेख गर्दै यस्तो साहित्यलाई अभिघात सिद्धान्तले विश्लेषण गर्न सकिने बताइएको छ । विभिन्न स्रष्टाका युद्धसाहित्यिक कृतिहरूमा विभिन्न समालोचकद्वारा विभिन्न शीर्षकमा लेखिएको भूमिकाहरूलाई अभिघातसम्बद्ध समालोचनाको उदाहरणको रूपमा मान्न सकिने कुरा बताउँदै नेपाली साहित्यले पनि द्वन्द्वको विभिन्न रूपको अङ्कन गर्दैछन् भन्दै द्वन्द्वले ल्याएको असरको मनोवैज्ञानिक चित्रण साहित्यमा आउँदैछ जसलाई अभिघात सिद्धान्तले विश्लेषण गर्न सकिन्छ भनी सूचना तथा सङ्केत मात्र दिइएको छ ।

महेशविक्रम शाह(२०६६) द्वारा लिखित **छापामारको छोरो** कथा सङ्ग्रहमा गोविन्दराज भट्टराई द्वारा लिखित *यी अभिघातका कथाले मुटु हल्लाउन थाल्छन्* शीर्षकको भूमिकामा छापामारको छोरो कथा सङ्ग्रहमा सङ्गृहीत युद्धसम्बद्ध कथालाई मानसिक अभिघातका कहिल्यै निको नहुने चोटको अभिव्यक्ति मानिएको छ र ती कथाहरूको सामान्य परिचय दिँदै **छापामारको छोरो** कथा सङ्ग्रहलाई युद्ध कथाका रूपमा चिनाइएको छ । ती युद्ध कथाहरूमा आफ्नै देश नेपाल, यहाँको समाज, परिवार, घर-आँगनलाई तहसनहस बनाएको अप्रिय दृश्य र यही देशकै मानिसहरूका भोगाइहरूलाई समेटिएको कुरा बताइएको छ । दाजुभाइ, दिदीबहिनी, बाबुआमा, बालबालिका, वृद्धवृद्धा सबैले युद्धको कारण भोग्नु परेको पीडालाई आधार बनाएर कथाको रचना गरिएको र युद्ध पीडित मानिसले भोगेको यातना, क्षति, हत्या, हिंसा, चन्दा, अपहरण, बेपत्ता, बन्दहड्ताल, चक्काजाम, बासस्थान कब्जा लगायत विभिन्न प्रकारका युद्धजन्य घटनाहरूको चित्रण ती कथाहरूमा पाउन सकिने कुरा उल्लेख गरिएको छ भने त्यही युद्धजन्य ह्रिदयविदारक, कारूणिक घटनाबाट बहुलाउनु अर्थात् मानसिक असन्तुलन हुन थाल्नुलाई ट्रौमा अर्थात् अभिघात भनिएको छ । आफ्नो पेशागत सेवाको सन्दर्भमा नेपालको दशबर्से सशस्त्र द्वन्द्व तथा युद्धलाई नजिकैबाट हेरेका, बुझेका र अनुभूति गरेका अर्थात् दशबर्से द्वन्द्व तथा युद्धजन्य घटनाहरूको भोक्ता र द्रष्टा दुवै रूपमा संलग्न भएका कथाकारले त्यही यथार्थको प्रकटीकरण आफ्ना युद्धकथाहरूमा अभिव्यक्त गरेको कुरा बताइएको छ । **छापामारको छोरो** कथा सङ्ग्रहलाई व्यक्तिगत स्रष्टाको पहिलो युद्धकथा सङ्ग्रह भएको कुरा पनि बताइएको छ । दशबर्से सशस्त्र द्वन्द्व तथा युद्धजन्य त्रासद र कारूणिक यथार्थको प्रकटीकरण भएको ती युद्धकथाहरू अभिघात समालोचनासँग सम्बन्धित भएको कुरा सङ्केत गरिएको छ ।

मोहनराज शर्मा(२०६६)द्वारा लिखित **आधुनिक तथा उत्तरआधुनिक पाठकमैत्री समालोचना** नामक पुस्तकमा *कृतिगत अभिघातको खोजी र अभिघात अध्ययन* शीर्षकमा अभिघात सिद्धान्तको संक्षेप, सामान्य र आंशिक रूपमा छोटो परिचय दिँदै 'कोही किन बरबाद होस्' नाटकमा अभिघातको अध्ययन तथा विश्लेषण गरिएको छ । अभिघात सिद्धान्तको मान्यतालाई नेपाली साहित्यमा प्रवेश गराएको यथार्थ झल्काउने प्रस्तुत अध्ययनमा अभिघातको सैद्धान्तिक पक्षलाई पनि सूत्रात्मक रूपमा प्रस्तुत गरी तथ्यगत ढङ्गबाट विश्लेषण गरिएको छ । युद्ध विषयमा केन्द्रित भई रचना गरिएका नेपाली साहित्यिक कृतिहरूलाई अभिघात सिद्धान्तको आधारमा समालोचना गर्ने कार्यको प्रारम्भ मात्र हुन थालेको वर्तमान अवस्थामा प्रस्तुत अध्ययन युद्धजन्य अभिघातसम्बद्ध विश्लेषण गरिएको अध्ययन नभए तापनि अभिघात सिद्धान्तको आधार लिई अभिघात साहित्यसँग सम्बद्ध अध्ययन भएकोले अभिघात साहित्यलाई विश्लेषण गर्ने सम्बन्धमा यसबाट पनि मार्गनिर्देशन प्राप्त हुन सक्ने ठानी यो पूर्वकार्यलाई पनि यहाँ उल्लेख गर्नु सान्दर्भिक ठानिएको छ ।

शशी लुमुम्बू तथा काङमाङ नरेश राई 'अप्जसे कान्छा' (डिसेम्बर,२०११) द्वारा सम्पादित पहिलो

नेपाली युद्ध कविता सङ्ग्रह **युद्धमा हराएको प्रेम** पुस्तकको *प्रथम नेपाली युद्ध कवितालाई यो सम्बोधन र एक समीक्षा* शीर्षकमा गोविन्दराज भट्टराईद्वारा लेखिएको भूमिकामा महेशविक्रम शाहको **छापामारको छोरो** कथा सङ्ग्रहभित्रका विभिन्न कथा लगायतका शाहका अन्य युद्धकथालाई पनि नेपालको दशबर्से युद्धको प्रत्यक्षता प्रस्तुत भई कथा विधाका रूपमा आएको युद्धसाहित्य भएको बताउँदै यस्तो युद्धसाहित्यको समालोचनाको स्थापना र विकास गर्नुपर्ने समय आएको कुरा बताइएको छ ।

कुमारप्रसाद कोइराला (२०६८) द्वारा लिखित **आख्यान विमर्श** नामक पुस्तकको *समसामयिक नेपाली द्वन्द्व र युद्धकथा* शीर्षक अन्तर्गतको *समसामयिक नेपाली द्वन्द्व र युद्धकथाको विवेचना* शीर्षकमा नेपालको इतिहासमा विक्रम संवत् एक्काइसौँ शतकको पचासौँ दशकको युद्धबाट पीडित मान्छेका वेदनाजन्य कारूणिक घटना, परिवेश, युद्धको त्रासद, विनाशक र ध्वंसक रूपलाई प्राथमिकताका साथ कथाका माध्यमबाट सम्प्रेषण गर्ने र तुलनात्मक रूपमा बढी द्वन्द्व र युद्धका कथा लेख्ने कथाकार महेशविक्रम शाहको द्वन्द्व र युद्धका कथा मात्र समावेश भएको कथा सङ्ग्रहका रूपमा **छापामारको छोरो**लाई लिन सकिने कुरा बताइएको छ ।

बिन्दु शर्मा (२०६८) द्वारा **उन्मेष** पत्रिकामा लिखित *कथाको अभिघात समालोचना* शीर्षकको समालोचनात्मक लेखमा अभिघातको सामान्य परिचय, अभिघातको कारण तथा प्रकारको उल्लेख गर्दै अभिघात समालोचनामा कृति विश्लेषणको विभिन्न ढाँचा शीर्षक अन्तर्गत आत्म परिचयको स्थापना, आत्म उपचारको सम्भावना, व्यक्तित्व रुपान्तरण, आत्मसुरक्षा अवलम्बन गरी चार प्रकारका ढाँचाको उल्लेख गरिएको छ । यिनै विभिन्न ढाँचालाई आधार मानेर विजय मल्लको 'एक बाटो अनेक मोड', माया ठकुरीको 'चौतारो साक्षी छ ' र महेशविक्रम शाहको 'किडी जियाले कर्नालीमा फाल हालिन्' कथाको विश्लेषण गरिएको छ । यी कथाहरूमध्ये 'कडी जियाले कर्नालीमा फाल हालिन् ' कथा मात्र युद्धअभिघातसम्बद्ध कथा रहेको छ भने अन्य दुई कथामध्ये 'एक बाटो अनेक मोड', कथा चाहीँ आफ्नै आत्मीय साथीप्रति आफूले गरेको प्रेममा सफलता पाउन नसक्दा मनोवैज्ञानिक अभिघात भोगेको र 'चौतारो साक्षी छ ' कथामा यौनजन्य अभिघात रहेको कुरा बताइएको छ । अभिघात सिद्धान्तको परिचय, ऐतिहासिक पृष्ठभूमी, अभिघातको कारण, प्रकार र यसका अभिलक्षण सम्बन्धी कुराहरूलाई सामान्य, संक्षिप्त र आंशिक रूपमा भए पनि उल्लेख गरी अध्ययन गरिएको प्रस्तुत अभिघातपरक समालोचनात्मक अध्ययन केही सतहीढङ्को भए तापनि अभिघात सिद्धान्त र विश्लेषणको ढाँचाका बारेमा उल्लेख गर्दै त्यसैका आधारमा कृति समीक्षा गर्न खोजेको यो प्रयासले अभिघातपरक विश्लेषण प्रवृत्तिको विकासमा प्राज्ञिक योगदान पुऱ्याउन सक्ने देखिन्छ ।

रमेश शुभेच्छु (२०६८) द्वारा **पालुवा** पत्रिकामा लिखित *परशु प्रधानको 'सीताहरू' आख्यान कृतिमा आभिघात* शीर्षकको लेखमा छाता सिद्धान्तको रूपमा लिन सकिने उत्तरआधुनिकतालाई व्यापक साहित्यिक सिद्धान्तको रूपमा चिनाउँदै यही उत्तरआधुनिक सिद्धान्तकै विभिन्न शाखाहरूमध्येको एउटा शाखा अभिघात सिद्धान्त हो भनिएको छ । यसमा अभिघात सिद्धान्तको सामान्य परिचय दिई साहित्यमा अभिघात सिद्धान्तको प्रवेश र विकासका केही कारणहरू पनि उल्लेख गरिएको छ । देशको अस्थिर राजनीतिक अवस्था, विषम आर्थिक सामाजिक संरचना, विषम शिक्षा प्रणाली, स्वास्थ्य क्षेत्रप्रति बढ्दो अविश्वास, विभाजित मानसिकता, दाम्पत्य जीवन भित्रका अविश्वास लगायतका थुप्रै पक्षसँग सम्बन्धित कुराहरूलाई नेपाली साहित्य सिर्जनाका वर्तमान समयका अभिघातजन्य विषयवस्तुको रूपमा उल्लेख गरिएको छ । अभिघातको अवस्था सिर्जना गराउने विभिन्न कारणहरू उल्लेख गर्दै यस्तो अभिघात साहित्यलाई नेपाल र नेपाली परिवेश र सन्दर्भ अनुरूप विश्लेषण हुन आवश्यक भएको कुरा बताउँदै नेपाली साहित्यमा आंशिक मात्रामा सबैखाले साहित्यमा अभिघात देख्न सकिए पनि अभिघातक पक्षहरू बढी मात्रामा युद्ध साहित्यमा देख्न सकिने कुरा बताइएको छ । परशु प्रधानको आख्यानात्मक कृति 'सीताहरू'को विश्लेषण गर्ने सन्दर्भमा यस कृतिको सबै खण्डहरूमा अभिघात भेट्न सकिन्छ भन्दै उन्नाइसौँ खण्ड वा शृङ्खलामा मात्र अभिघातपरक अध्ययन गरिएको कुरा बताइएको छ । प्रस्तु अध्ययनमा नेपालीहरूको बेरोजगारी, बेरोजगारीका नाममा विदेसिनु पर्ने बाध्यता, विदेशमा भोग्नु पर्ने अत्याचार, सामाजिक असुरक्षा, यौन शोषण, हत्या, हिंसा, बलत्कार , नैतिक सङ्कट, पारिवारिक सदस्य बीचको अविश्वास, शिक्षामाथिको अविश्वास, ध्वंस, कानूनको बेवास्ता, वैयक्तिक एवम्

सामाजिक सन्त्रास, विदेशमा दुःख गरेर कमाएको सम्पत्तिको दुरुपयोग, विदेशी र स्वदेशी तथा आफन्तबीचको अविश्वास र शङ्काजन्य अभिघातहरू पाउन सकिने बताइएको छ । यसमा पनि अभिघात सिद्धान्तको सामान्य र अति संक्षिप्त तथा आंशिक चिनारी दिइएको छ भने 'सीताहरू' आख्यानात्मक कृतिको अभिघातपरक विश्लेषण स्पष्ट, वस्तुगत एवम् तथ्यगत ढङ्गबाट हुन सकेको देखिँदैन तर पनि प्रारम्भिक अवस्थामा रहेको अभिघातपरक समालोचनात्मक कार्यमा भने यो पूर्वकार्यले पनि केही मात्रामा भए पनि प्राज्ञिक सहयोग प्रदान गर्नेछ ।

उपर्युक्त पूर्वकार्यहरू कुनै न कुनै रूपमा अभिघात साहित्यसँग सम्बन्धित देखिन्छन् र यिनका अध्ययनबाट अभिघात सम्बन्धी सामान्य अवधारणा पनि बनाउन सकिने देखिन्छ । यसका साथै अभिघात साहित्य अन्तर्गतका युद्धकथामा अभिव्यक्त युद्धजन्य प्रभावको चित्रण, शारीरिक, मानसिक अभिघातजन्य सङ्कटका अभिलक्षण तथा त्यसका कारण र ती कथाहरूमा प्राप्त अभिघातको प्रयोजनबारे खोजी गर्न तथा पहिल्याउने लगायतका अभिघातसँग सम्बन्धित विभिन्न दृष्टिकोणबाट अध्ययन तथा विश्लेषण गर्न सकिने कुरा पनि उपर्युक्त पूर्वकार्यबाट थाहा हुन्छ । उपर्युक्त धेरैजसो पूर्वकार्यहरूमा महेशविक्रम शाहका कथाहरूमा अभिव्यक्त युद्धजन्य कारूणिक र वीभत्स पक्ष अभिव्यक्त भएको सन्दर्भ सामान्य र संक्षिप्त रूपमा उल्लेख गरिएको छ भने शाहका युद्धकथालाई दश वर्षसम्मको सशस्त्र द्वन्द्वजन्य परिणतिलाई आधार मानी सिर्जना भएका कथाका रूपमा चिनाउन र ती कथाहरू अभिघातसँग सम्बन्धित कथा हुन् भन्ने निर्देशन गर्नमै अधिकांश पूर्वकार्य केन्द्रित छन् । यसरी माथिका विभिन्न पूर्वकार्यको अवलोकनबाट महेशविक्रम शाहको **छापामारको छोरो** कथा सङ्ग्रहभित्रका विभिन्न कथाहरूलाई युद्धकथाको रूपमा चिनाई तिनलाई अभिघात सिद्धान्तले विश्लेषण गर्न सकिने सम्भावनाको बोध हुन आउँछ । यी पूर्व अध्ययनहरू सामान्य समालोचनात्मक उद्देश्य लिई गरिएका अध्ययन हुन् र यिनले शाहका कथामा युद्धजन्य अभिघात पाइन्छ भन्ने समीक्षात्मक सङ्केत गरेको भए पनि त्यस विषयको शोधमूलक विस्तृत विश्लेषण भने गरेका छैनन् त्यसैले **छापामारको छोरो कथा सङ्ग्रहमा अभिघात** शीर्षकमा यो शोध प्रस्तुत गरिएको हो ।

उपर्युक्त पूर्वकार्यको सर्वेक्षणबाट महेशविक्रम शाहका **छापामारको छोरो** कथा सङ्ग्रहभित्र सङ्गृहीत 'किडी जियाले कर्नालीमा फाल हालिन्' कथाबाहेक अन्य कुनै पनि युद्ध कथाहरूको अभिघातपरक अध्ययन हुन नसकेको अवगत हुन्छ भने सो कथाको अभिघातपरक अध्ययन पनि सतहीढङ्गको पाइन्छ । अभिघातका सम्बन्धमा स्पष्ट स्थापित सिद्धान्तको आधारमा कथाकार शाहका कुनै पनि अभिघातसम्बद्ध कथाहरूको वस्तुगत र व्यवस्थित शोधमूलक अध्ययन कार्य हुन नसकेको कुरा उपर्युक्त पूर्वाध्ययनका अवलोकनबाट यस शोधार्थीलाई अवगत हुन गएको छ । पूर्वकार्यको अध्ययनका सन्दर्भमा कथाकार शाहका अभिघातसम्बद्ध कथाहरूलाई अभिघात सिद्धान्तका आधारमा विश्लेषण गर्न सकिन्छ भन्ने कुरो अर्थात् शोधका निमित्त यो क्षेत्र रिक्त रहेको कुरो निर्क्योल भएको छ । यही नै उपर्युक्त पूर्वकार्य र प्रस्तुत शोधकार्य बीचको प्रमुख भिन्नता हो । यस्तो रिक्तता देखिएको हुँदा नै प्रस्तुत शोधमा अभिघातको सैद्धान्तिक स्वरूपका आधारमा **छापामारको छोरो** कथा सङ्ग्रहमा सङ्गृहीत कथाहरूमा चित्रित अभिघातको विश्लेषण गरिएको हो । प्रस्तुत शोधमा अभिघात सिद्धान्तको खास खास मान्यताका आधारमा महेशविक्रम शाहका **छापामारको छोरो** कथा सङ्ग्रहमा अभिव्यक्त अभिघातको विश्लेषण गरिएको छ ।

## १.५ शोधको औचित्य

उपर्युक्त पूर्वकार्यको समीक्षाको रेखाङ्कन अनुसार **छापामारको छोरो** कथा सङ्ग्रहमा अभिघात सिद्धान्तको आधार लिई शोधकार्य नभएको हुँदा र यस शोधबाट सो विषयमा प्रामाणिक निष्कर्ष निकालिएको हुँदा यस शोधको औचित्य रहेको स्पष्ट हुन्छ । शोधकार्यका लागि छनौट गरिएको प्रस्तुत शीर्षक सैद्धान्तिक दृष्टिले मौलिक रहेको छ भने यसबाट **छापामारको छोरो** कथा सङ्ग्रहमा निहित अभिघात सम्बन्धी ज्ञानको उद्घाटन पनि नितान्त नवीन हुन पुगेको छ । प्रस्तुत शोधकार्यबाट अभिघात साहित्यलाई अभिघात सिद्धान्तको आधारमा मूल्याङ्कन गर्ने प्रवृत्तिको विकासमा सहयोग हुनुको साथै अभिघात सिद्धान्तसँग सम्बन्धित उत्तरवर्ती अध्येता-अनुसन्धानकर्ताहरूलाई मार्गदर्शन प्राप्त हुन सक्ने देखिन्छ । अतः मौलिक र

नवीन ज्ञानको प्रतिपादन र सार्वजनिक उपादेयताका दृष्टिले प्रस्तुत शोधकार्य औचित्यपूर्ण हुने ठानिएको छ ।

## १.६ शोधको सीमाङ्कन

**छापामारको छोरो कथा सङ्ग्रहमा अभिघात** शीर्षकसँग सम्बद्ध समस्या तथा अभिघातको सैद्धान्तिक मान्यतामा केन्द्रित रही शाहको **छापामारको छोरो** (२०६६) कथा सङ्ग्रहमा सङ्गृहीत कथाहरूमा अभिव्यक्त अभिघातको विश्लेषण गर्नु प्रस्तुत शोधकार्यको **क्षेत्र** हो । प्रस्तुत शोधकार्यको क्षेत्रभित्र शारीरिक र मनोवैज्ञानिक अभिघात, द्वन्द्व, युद्ध र शस्त्र अभिघात, बाह्य र आन्तरिक अभिघात, प्राथमिक र द्वितीयक अभिघात, प्राकृतिक र मानव निर्मित अभिघात, वैयक्तिक र सामाजिक अभिघात, सांस्कृतिक, ऐतिहासिक र आर्थिक अभिघात, राष्ट्रिय र अन्तर्राष्ट्रिय अघात, यौन अभिघात, जातीय अभिघात, लैङ्गिक अभिघात, शैक्षिक अभिघात, धार्मिक अभिघात, एकल झट्का अभिघात, अदृश्य, गुप्त तथा तिरोहित अभिघात, अभिघातको असर जस्ता आदि अभिघातसम्बद्ध पक्षहरू पर्दछन् तर प्रस्तुत शोधकार्यमा अभिघातका उपर्युक्त सम्पूर्ण विविध पक्षहरूलाई समेटिएको छैन । यस सङ्ग्रहमा समाविष्ट सम्पूर्ण कथाहरूमा ज्यादाजसो जुन प्रकारको अभिघात भेटिएको छ तिनैतिनै प्रकारका अभिघातका पक्षहरूलाई मात्र समेटिएको छ । त्यसैले यस कथा सङ्ग्रहमा समाविष्ट भएका जम्मा अठार वटा कथाहरूमध्ये सबै नै कथाको अन्य कुनै पनि आधारमा विश्लेषण नगरी शारीरिक र मनोवैज्ञानिक अभिघात, द्वन्द्व, युद्ध र शस्त्र अभिघात, बाह्य र आन्तरिक अभिघात, प्राथमिक र द्वितीयक अभिघात र अभिघातको असरको अभिघातपरक विश्लेषण मात्र यस शोधकार्यमा गरिएको छ । प्राकृतिक र मानव निर्मित अभिघात, वैयक्तिक र सामाजिक अभिघात, सांस्कृतिक, ऐतिहासिक र आर्थिक अभिघात, राष्ट्रिय र अन्तर्राष्ट्रिय अघात, यौन अभिघात, जातीय अभिघात, लैङ्गिक अभिघात, शैक्षिक अभिघात, धार्मिक अभिघात, एकल झट्का अभिघात, अदृश्य, गुप्त तथा तिरोहित अभिघात जस्ता अभिघातसम्बद्ध पक्षहरूबाट भने यस शोधकार्यमा  विश्लेषण गरिएको छैन ।

## १.७ शोधविधि

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यसँग सम्बद्ध सामग्रीको सङ्कलन पुस्तकालयीय अध्ययनका आधारमा नै गरिएको छ । त्यस क्रममा प्रथमतः अभिघात सिद्धान्त सम्बन्धी मान्यताहरूसँग सम्बद्ध सामग्रीको सङ्कलन गरिएको छ भने त्यसपछि महेशविक्रम शाहको **छापामारको छोरो** कथा सङ्ग्रहमा सङ्गृहीत कथाहरूको सूक्ष्म पठनद्वारा सोही सिद्धान्तसँग मेल राख्ने खालका सामग्रीको सङ्कलन गरिएको छ ।

### १.७.२ सैद्धान्तिक ढाँचा तथा अर्थापन विधि

**छापामारको छोरो** कथा सङ्ग्रहमा चित्रित अभिघातलाई मुख्य विषय बनाइएको प्रस्तुत शोधकार्यमा शोधका समस्यासँग सम्बद्ध सामग्रीको विश्लेषण गर्ने आधार अभिघात सिद्धान्त नै हो । यस कथा सङ्ग्रहभित्रका कथाहरूको अभिघातपरक अध्ययन गर्न उठाइएका दुईवटा शोध प्रश्नमध्ये (क) **छापामारको छोरो** कथा सङ्ग्रहमा चित्रित कथागत अभिघातको उत्प्रेरणा स्रोत के हो भन्ने शोध प्रश्नसँग सम्बन्धित सामग्रीको विश्लेषण गर्नाका निम्ति उक्त कथा सङ्ग्रहका कथाको युगीन पृष्ठभूमिगत उत्प्रेरणा स्रोत, लेखकीय सृजनागत पृष्ठभूमि र लेखकीय पेसागत पृष्ठभूमिलाई आधार बनाइएको छ । यिनै आधारहरूको उपयोग गरेर नै प्रस्तुत शोधका शोध प्रश्न (क) सँग सम्बद्ध सामग्रीको विश्लेषण गरिएको छ । त्यसै गरी प्रस्तुत शोधमा उठाइएको दोस्रो शोध प्रश्न (ख) **छापामारको छोरो** कथा सङ्ग्रहमा अभिघातको के कस्तो चित्रण पाइन्छ भन्ने हो र त्यसैसँग सम्बद्ध सामग्रीको विश्लेषण गर्नका निम्ति शारीरिक र मनोवैज्ञानिक अभिघात, द्वन्द्व, युद्ध र शस्त्र अभिघात, बाह्य र आन्तरिक अभिघात, प्राथमिक र द्वितीयक अभिघात र अभिघातको असरजस्ता अभिघात सिद्धान्तसँग सम्बद्ध मान्यताको उपयोग गरिएको छ । सामग्री विश्लेषणका यी आधारहरू बारे प्रस्तुत शोध प्रबन्धको दोस्रो परिच्छेदमा विस्तृत रूपमा प्रकाश पारिएको छ ।

## १.८ शोधप्रबन्धको रूपरेखा

प्रस्तुत शोध प्रबन्धलाई निम्नलिखित छ परिच्छेदमा सङ्गठित गरिएको छ :

**परिच्छेद एक : शोध परिचय**

यस परिच्छेदमा क्रमशः विषय परिचय, समस्याकथन, अध्ययनको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, शोधको सीमाङ्कन, शोधविधि, सामग्री सङ्कलन विधि, सैद्धान्तिक ढाँचा तथा अर्थापन विधि र शोधप्रबन्धको रूपरेखा दिइएको छ ।

**परिच्छेद दुई : अभिघातको सैद्धान्तिक स्वरूप**

यस परिच्छेदमा अभिघातको पृष्ठभूमि, अर्थ र तात्पर्य, कारण, प्रकार, लक्षण सिद्धान्तका रूपमा अभिघातको स्थापना र विकास, साहित्यमा अभिघात सिद्धान्तको प्रयोग र अभिघात सिद्धान्तको स्वरूप तथा कथा विश्लेषणको अभिघात सिद्धान्तपरक ढाँचा दिइएको छ ।

**परिच्छेद तीन : छापामारको छोरो कथा सङ्ग्रहका कथागत अभिघातको उत्प्रेरणा स्रोत**

यस परिच्छेदमा कथाकार महेशविक्रम शाहद्वारा रचित **छापामारको छोरो** कथा सङ्ग्रहमा रहेको अभिघातको उत्प्रेरणा स्रोत केलाइएको छ ।

**परिच्छेद चार : छापामारको छोरो कथासङ्ग्रहमा चित्रित अभिघातको विश्लेषण**

यस परिच्छेदमा **छापामारको छोरो** कथा सङ्ग्रहमा चित्रित विविध प्रकारको अभिघातको विश्लेषण गरी निष्कर्ष दिइएको छ ।

**परिच्छेद पाँच : छापामारको छोरो कथा सङ्ग्रहमा अभिघातको असर**

यस परिच्छेदमा **छापामारको छोरो** कथा सङ्ग्रहमा चित्रित अभिघातको सकारात्मक तथा नकारात्मक असरको विश्लेषण गरी निष्कर्ष दिइएको छ ।

**परिच्छेद छ : सारांश तथा विश्लेषणात्मक निष्कर्ष**

यस परिच्छेदमा शोध परिचयमूलक पहिलो परिच्छेद बाहेकका दोस्रो, तेस्रो, चौथो र पाँचौं परिच्छेदको सारांश दिई अन्तमा शोधको निष्कर्षको प्रस्तुति गरिएको छ ।

# परिच्छेद दुई

# अभिघातको सैद्धान्तिक स्वरूप

## २.१ अभिघातको पृष्ठभूमि

अभिघात सिद्धान्तको प्रारम्भ, विकास र उन्नयन हुनुभन्दा अगाडि नै अर्थात् अभिघात एक स्थापित सिद्धान्त नहुँदैको अवस्थादेखि नै मान्छेका जीवनसँग अनेक दुःख, पीडाजन्य अभिघातक पक्षहरू जोडिएको पाइन्छ । आफ्नो जीवनयापनको लागि आवश्यक खाद्य सामग्री, लुगाफाटा तथा आवासजस्ता साधनहरू र तिनको उत्पादन अनि वंश वृद्धिका क्रममा मान्छेले प्राचीनकालदेखि नै भोग्ने गरेका अनेक किसिमका समस्या र प्रतिकूलताका स्थिति र सन्दर्भहरूमा अभिघात भेट्न सकिन्छ । मानिसको जीवनमा पारस्परिक विरोधले सिर्जना हुन गएको क्रान्तिको स्थिति र सन्दर्भहरू अभिघातको कारण बनेर उपस्थित भएको पाइन्छ । त्यसैले संसारको शुरूवात र मानिसको उत्पत्तिसँगै अभिघातको विकास भएको बुझिएको हुँदा अभिघात मान्छेको सभ्यताबाट शुरू भएको मानिन्छ (शर्मा तथा लुइटेल, २०६७ :१३२ - १४२) । सामाजिक जीवन परिचालनका लागि विवेचना गरिएको कतिपय नियम तथा धर्मसुत्रहरूले मानिस मानिसबीचमा जातिभेद, वर्णभेद, लिङ्गभेद, छुवाछुत लगायतका भेदभावजन्य दृष्टिकोणहरू फैलाएको हुँदा ती भेदभावजन्य दृष्टिकोणहरूलाई पनि अभिघातसम्बद्ध सन्दर्भका रूपमा लिन सकिन्छ (रिसाल, २०६१ : ६७-७०) । सांस्कृतिक विभेद अर्थात् सांस्कृतिक वर्चस्वको शासकीय दृष्टिकोणका कारण विभिन्न समयका विभिन्न मुलुकका मानवजातिले भोगेका उत्पीडनले पनि मानसिक र शारीरिक तनावको स्थितिमा पुऱ्याएको पाइन्छ । विभिन्न कालखण्डमा र विश्वका विभिन्न क्षेत्रमा भएका अनेकौं द्वन्द्व तथा युद्धका स्थितिहरूबाट पनि मानिसहरूमा जन्मिएका मनोसङ्घातजन्य अनुभूतिहरू अभिघात उत्पन्नका पृष्ठभूमि तथा कारणका रूपमा देखिएका छन् । विश्वमा बर्चस्व कायम गर्ने होडमा साम्राज्यवादी देशहरूका बीचमा तालमेल कायम रहिरहन नसकेपछि आपसी टक्कर बढ्न गई प्रथम विश्वयुद्धको सूत्रपात हुन पुग्दछ । सन् १९१४ देखि सन् १९१८ सम्म चार वर्ष चलेको युरोपको यस लडाइँमा दुई करोड निर्दोष मान्छेहरू मर्न पुग्दछन् । सन् १९३९देखि सन् १९४५ सम्म दोस्रो विश्वयुद्ध हुन पुग्दछ । प्रथम विश्वयुद्ध जसलाई 'महायुद्ध' र सबैखाले युद्धहरू समाप्त गर्ने युद्ध पनि भनिन्छ भने प्रथम विश्वयुद्ध टुङ्गिदासम्म विश्वका लगभग त्रियानब्बे प्रतिशत जनता प्रत्यक्ष-अप्रत्यक्ष रूपमा युद्धमा सहभागी हुन पुगेको पाइन्छ । प्रथम तथा दोस्रो विश्वयुद्धपछि युद्धमा सहभागी राष्ट्रहरूमा सामुहिक रूपमा ठूलो सामाजिक चोट लाग्न पुग्दछ । युद्धले गर्दा उन्नाइसौं शताब्दीको आशा समाप्त हुन पुग्दछ । जुन पुस्ता युद्धमा सहभागी हुन बाध्य भएको थियो, त्यो पुस्तालाई सर्वस्व गुमाएको पुस्ताका रूपमा चिनिन्छ । यसरी मानवसभ्यताको विकासक्रममा आदिकालदेखि वर्तमान कालसम्म ऐतिहासिक तथ्यअनुसार सबभन्दा विध्वंसकारी, अमानवीय एवम् कलङ्कित अद्वितीय परिघटनाहरूलाई नै विश्वयुद्धको रूपमा चिनिन्छ । यो द्वितीय विश्वयुद्धले मानव सभ्यताको विकासमा निर्णायक भूमिका खेले पनि ऐतिहासिक, भौगोलिक, आर्थिक एवम् राजनीतिक व्यवस्थालाई उलट-पुलट गराउँदै मानव जातिमा गहिरो अभिघात उत्पन्न गराएको पाइन्छ (मुर्खजी तथा सिंह, २०६७ : १३- ५३) ।

त्यसै गरी जब व्यक्तिगत सम्पत्तिसँगै वर्गीय समाजको उदय भयो, तब एक पक्ष, एक समूह र अर्को पक्ष, अर्को समूह, एक राज्य र अर्को राज्यका बीचमा लडाइँ हुन पुग्यो । त्यसैको निरन्तरतामा आधुनिक विश्वका विभिन्न मुलुकहरूमा पनि वर्तमान समयमा पनि वर्ग सङ्घर्ष र युद्ध भइरहेको देखिन्छ । युद्धको इतिहासलाई प्राचीन कालीन युद्ध, मध्य कालीन युद्ध र आधुनिक कालीन युद्ध गरी तीन भागमा बाँडेको पाइन्छ । प्राचीन कालीन युद्धमा आपसी स्वार्थका कारण एक समूह र अर्को समूहबीच घरेलु हतियारबाट युद्ध भएको पाइन्छ भने मध्यकालमा सामन्ती र राजतन्त्रात्मक पक्षबीच युद्ध भएको पाइन्छ । आधुनिककालीन युद्धकालमा प्राचीन युद्धको विकाससँगै विभिन्न प्रकारका विष्फोटक पदार्थको विकास गर्दै त्यही विष्फोटक साधनको प्रयोगबाट युद्ध हुने गरेको पाइन्छ । युद्धमा प्रयोग गर्न निर्माण तथा विकास गरिएको विभिन्न विष्फोटक पदार्थको आविष्कार, उत्पादन र विकासपछिको काललाई आधुनिक युद्धकाल भनिन्छ । अहिले नाभिकीय युद्ध,

रासायनिक युद्ध, ग्याँस युद्ध, जैविक युद्ध, पुस बटम वार युद्ध, अन्तरिक्ष युद्ध, गुरिल्ला युद्ध आधुनिककालीन युद्धकालमा प्रयोग भएका साधनका दृष्टिले आधुनिक युद्धका विभिन्न रूप मानिन्छ (शिवाकोटी, २०६८ : १७७-१७८) । युद्धका यिनै विभिन्न रूपका कारण पहिलो र विशेष गरी दोस्रो विश्वयुद्धका सन्दर्भमा मान्छेले भोग्नुपरेका विकराल र घातक ध्वस्तताले मान्छेका मानवीय मूल्यलाई क्षतविक्षत बनाउन पुग्दछ । विश्वलाई नै प्रभाव पार्ने गरी विश्वको ध्यान केन्द्रित गरेको दोस्रो विश्वयुद्ध पछि भएका अरू पनि विभिन्न द्वन्द्व तथा युद्धहरूले सबैभन्दा बढी मानवअधिकारको हनन् र मानवीय सङ्कट निम्त्याएको पाइन्छ । विश्वयुद्ध लगायत विभिन्न समयमा विभिन्न मुलुकमा भएको युद्धले मान्छे मात्र मरेन यसको साथै मूल्यमान्यता, संस्कृति, आस्था, नियम पनि नष्ट हुन पुग्दछ र एउटा समस्याले एकपछि अर्कोअर्को समस्यालाई उत्पन्न गराउन थालेपछि मानिसहरूमा अनेक प्रकारका अभिघात उत्पन्न हुन पुग्दछ । (शिवाकोटी, २०६८ :४९१-४९६) । यसरी युद्धका कारण मानिसहरूमा निराशा र भ्रमले शून्यवादजस्ता निराशावादी सोचहरू जन्मिन थाल्नु अनि दोस्रो विश्वयुद्धमा नाजीले यहूदीलाई दमन गर्नुबाट दमित व्यक्तिहरूमा अभिघात शुरू भएको इतिहास भेट्न सकिन्छ ।

अठारौँ शताब्दीको मध्यदेखि दोस्रो विश्वयुद्धको अन्त्यसम्मको झण्डै दुई वर्षको अवधि औपनिवेशिक युगमा रहेको अवस्थामा यो औपनिवेशिक संस्कृति पनि वैश्विक आघातको पृष्ठभूमि मानिन्छ । डायस्पोरालाई बढाउने काम पनि उपनिवेशवादले नै गरेपछि उनीहरूका मानसिकतामा रहेको पुर्ख्यौली भूमिप्रतिको परिकल्पना, उनीहरूले भोगेका दुःख, कष्टका कथा इतिहासमा अङ्कित भएको पाइन्छ जुन अभिघातसम्बद्ध सन्दर्भ मान्न सकिन्छ । उपनिवेशवादले गर्दा बढ्न गएको डायस्पोरिक गतिविधिले विस्तारित गरेको पीडा, व्यथा र वेदनाजन्य अभिघात डायस्पोरा जिवीहरूले आफूभित्र बोकेका हुन्छन् (गौतम, २०६४ : २७९-२८५) ।

विश्व इतिहासले महिलाहरूलाई दोस्रो श्रेणीमा राखी परिभाषित गर्दै दबाउन थालिएको घटना इतिहासमा अङ्कित विभिन्न घटनाक्रमबाट थाहा हुन्छ ( जोशी तथा जोशी, २०६८ : १-१२) । प्राकृतिक तवरले अर्थात् शरीरिक संरचना हेर्दा नारी पुरुष फरक हो तर महिला र पुरुष फरक हो भन्ने भाषा र व्यवहारचाहिँ संस्कृतिले सिकाएपछि यही भाषा, सभ्यता, संस्कृतिबाट सम्पूर्ण नारी दमित भएपछि विषम परिस्थितिमा गुज्रिँदै गएको पाइन्छ । यसरी पुरुषप्रधान समाजमा पितृसत्तात्मक संस्कृतिका कारण महिलामा विकसित हुन पुगेको पीडा अभिघातका रूपमा देखा परेको पाइन्छ ।

विश्वव्यापी वातावरणीय समस्या पनि अभिघात सिर्जनाको पृष्ठभूमि मानिन्छ । आदिम युगमा जनसङ्ख्या प्रकृति नियन्त्रित भएकोले मान्छेको आघात प्रकृतिलाई त्यति धेरै नपरे पनि वैज्ञानिक युगको शुरूवात भएयता भौतिक विकासले विश्वव्यापी रूपमा वातावरणीय समस्याहरू पनि साथसाथै लिएर आएको छ । प्रदूषित बनेको पर्यावरणको प्रभावले मानवले शारीरिक तथा मानसिक चोट भोगीरहेका छन् । यसरी विश्वकै हावापानीमा आएको परिवर्तनकै नकारात्मक असरहरू विडम्बनायुक्त अभिघातका सन्दभहरू हुन् ( गुरुङ,२०५७ : ५५-६७) ।

कतिपय वाद तथा सिद्धान्को आधार लिई मानव जातिमाथि प्रयोग हुन पुगेका व्यवहारहरू पनि अभिघातका पृष्ठभूमि तथा कारण बन्न पुग्दछन् । जस्तै- डार्विनवादका अनुसार प्रकृतिमा सर्वत्र तल्लो जीवलाई अधिक बलिया र अधिक विकसित जीवले खतम पार्दछन् । तसर्थ सुसंस्कृत र धनी वर्गहरूले मानिसहरूमा अधिक बलिया र अधिक उच्च विकसितहरूको प्रतिनिधित्व गर्ने हुनाले तिनीहरूको प्रभुत्वलाई प्रकृतिको एउटा नियम मान्नु पर्दछ (बेबेल, २०५९ : १३८) । त्यसैले यदि बाँच्नु छ भने सङ्घर्ष गर्नु पर्दछ भन्ने डार्विनको दृष्टिकोण एक अभिघातजन्य दृष्टिकोण हो ।

सामाजिक असमानता र दासेय स्थिति निजी सम्पत्तिको आधिपत्य, आदिम साम्यवादी व्यवस्थाको अन्त्यबाट शुरू भएको निजी मालिकत्वको रूप, दास व्यवस्था, सामन्ती व्यवस्था र पूँजीवादी व्यवस्थाका कारण मानव समाजमा देखिएको उत्पीडन र सामाजिक भेदभाव पनि अभिघातसम्बद्ध सन्दर्भहरू हुन् ।

यसरी प्राकृतिक हिंसाजन्य घटना होस् अथवा मानवबाट भएको हिंसाजन्य घटनाहरू होस, यस्ता

घटनाहरूले सृजना गरेको मनोवैज्ञानिक असरहरू दीर्घकालीन र घातक असरको रूपमा देखिन पुग्दछन् । प्राकृतिक तथा मानव निर्मित जुनसुकै पीडायुक्त घटनाका कारणबाट मानिसले जब सहनै नसक्ने विभिन्न प्रकारका संवेगात्मक झट्का, चोट तथा स्मृति र आवेगहरू भोग्न पुग्दछ, तब त्यो झट्का, चोट, स्मृति तथा आवेगहरू उसको अचेतन मनमा गएर बसेको हुन्छ । त्यसैले अचेतन मन अभिघातको भण्डार मानिन्छ । आफूलाई गर्न मन लागेको कुरा र गर्न नपाएको कुराबीच द्वन्द्व भई आफूले चाहेको कुरा पूर्ण नभएको अभावको स्थितिले अभिघातको सिर्जना गर्दछ । जब ठूला साना अन्तर्घात र मर्मान्तक चोटजन्य घटनाबाट मान्छे दमित हुन्छ, तब त्यही दमित अवस्थाले मनमा खाटा बस्छ र अभिघात हुन्छ । मानिस तथा समाजका सन्दर्भमा उसलाई दबाउनु भनेको मनको घाउ बढाउनु हो । समाजको नियम, संस्कृति, मूल्यमान्यता अनुसार जुन गर्न नहुने काम, बोल्न नहुने कुरा र व्यवहार छ, त्यो गरेमा सजाय भोग्नुपर्छ भन्ने कुराबाट मान्छे दमित हुन्छ र त्यही दमनले मनमा खाटा बस्छ र अभिघात हुन्छ । किनकि अचेतन मनलाई सम्पूर्ण प्रतिबन्धको भण्डार मानिन्छ । त्यसकारण अचेतनमनमा रहेको त्यो दमितभाव मानिसको व्यवहारमा, सोचाइमा, जीवनचर्यामा सामान्य बनेर देखा परेको हुन्छ । अचेतनमनमा रहेको त्यो दमितभाव कल्पना, दिवास्वप्न, मनस्तरङ्ग, स्वैरकल्पना आदिका रूपमा अभिव्यक्त हुन पुग्दछ । त्यसैले अचेतन मनबाट नै अभिघातको शुरूवात भएको मानिन्छ भने मान्छेले प्राचीनकालदेखि आजसम्म नै भोग्दै आएका प्राकृतिक तथा मानव निर्मित अनेक घटना, दुर्घटनाजन्य विभिन्न किसिमका समस्या र प्रतिकूलताका स्थितिहरूबाट अभिघात उत्पन्न र विकास हुँदै गएको अवस्थालाई चाहिँ अभिघात प्रारम्भको पृष्ठभूमि मानिन्छ ।

## २.२ अभिघातको अर्थ र तात्पर्य

तत्सम अव्यय शब्द 'अभि' मा तत्सम विशेषण शब्द 'हन्' जोडिई त्यसमा 'घञ' प्रत्यय लगाउँदा अभिघात शब्दको निर्माण हुन्छ । तत्सम अव्यय शब्द 'अभि'ले प्रारम्भ, थालनी, शुरूवात भन्ने अर्थ बुझाउँछ भने तत्सम विशेषण शब्द 'हन्' ले हत्या गर्ने, मार्ने भन्ने अर्थ बुझाउँछ । यसरी आघात, चोट, प्रहार, आक्रमण, हत्या वा वध गर्ने काम भनेर अभिघातलाई अर्थ्याइएको छ (बराल ख ,२०६८ : ५४) । संस्कृत-हिन्दी कोशमा पनि आघात गर्नु, मार्नु, चोट पुऱ्याउनु तथा प्रहार भनेर अभिघातको अर्थ लगाइएको छ (आप्टे, १९९६:७०) । त्यसैगरी बृहत हिन्दी कोशमा पनि अभिघातलाई प्रहार, आघात, चोट पुऱ्याउनु, विनाश भनेर अर्थ्याइएको छ (प्रसाद, सहाय तथा श्रीवास्तव, २०१३ : ८०) । नेपाली शब्दसागरको अनुसार अभिघातले प्रहार ; हान्नु, मार हान्नु, मार्नु, काममा खास चीजको अर्को चीजसित बज्रनु वा ठोक्किनु, आक्रमण, हमला, झिझ्याहाट भन्ने अर्थ बुझाउँछ (शर्म्मा, २०५७ : ७३) । यसरी विभिन्न हिन्दी तथा नेपाली शब्दकोशहरूमा दिइएको अभिघातको अर्थअनसार प्रहार, चोट, काट-मार; आक्रमण; हमला, झिझ्याहाट, हत्या वा वध, बज्रनु वा ठोक्किनु, आघात गर्नु, मार्नु, चोट पुऱ्याउनु जस्तो अर्थ सम्प्रेषण गर्ने अभिघात शब्दलाई अङ्ग्रेजीमा ट्रौमा शब्दले चिनिन्छ । नेपालीमा अभिघात शब्दले बुझिने 'ट्रौमा' शब्दलाई इनसाइक्लोपेडिक डिक्सनअरी अफ साइकोलोजीले शारीरिक र मनोवैज्ञानिक गरी दुई सन्दर्भमा अर्थ्याएको छ । कुनै हिंसा, तथा दुर्घटनाको कारणबाट शरीरको विभिन्न अङ्गहरू जस्तै- टाउको, छाती, करङ आदिमा चोट लागी टुटफुट हुनु या शरीरका विभिन्न भागहरू दबिएर, थिचिएर शरीरमा लागेको चोटपटकलाई शारीरिक अभिघात भनिएको छ । त्यसै गरी शरीरमा लागेको घाउ चोटको कारण आन्तरिक एवम् बाह्य रक्तश्राव हुन गई शरीरमा हुन गएको आघातलाई पनि शारीरिक अभिघात भनिएको छ । अभिघातजन्य घटनाका कारण हुन जाने एक प्रकारको मानसिक चोट तथा क्षतिलाई भने मनोवैज्ञानिक अभिघात भनिएको छ । त्यस्तो चोट तथा क्षतिले मानिसलाई धेरथोर मात्रमा लामो समयसम्म प्रभावित पार्दछ । युद्ध, सम्बन्ध विच्छेद, अस्वीकार, जातीय तथा धार्मिक भेदभाव एवम् उत्पीडन, मानवीय तथा प्राकृतिक आपतविपत् आदि घटनालाई मनोवैज्ञानिक अभिघातका कारण मानिन्छ भने यस्ता कारण तथा घटनाको अनुभवलाई अभिघातजन्य अनुभवका रूपमा पनि बुझ्न सकिन्छ भनेर अभिघातको बारेमा अर्थ्याइएको छ (भागी तथा शर्मा, १९९२ : ११८६) । अक्सफोर्ड डिक्सनअरी अफ साइकोलोजीले पनि अभिघात भनेको एक शारीरिक चोट या घाउ हो र त्यो चोट या घाउबाट मानिसमा पुग्न गएको शक्तिशाली तर हानिकारक मनोवैज्ञानिक प्रभावलाई अभिघातले नै बुझाउँछ भनी अभिघातलाई अर्थ्याएको छ । (गोलमान, २००६ : ७७६)

कुनै अप्रिय घटनाबाट हुन गएको घाउ तथा चोटपटक पश्चात शरीरको कुनै पनि अङ्ग क्षतिग्रस्त भएपछि शारीरिक, मानसिक र संवेगात्मकरूपले पुग्न गएको तीव्र आघात वा घाउलाई जनाउने सन्दर्भमा ट्रौमा अर्थात् अभिघात शब्दको प्रयोग चिकित्सा क्षेत्रमा ग्रीकबाट भएको पाइन्छ । शुरूमा शारीरिक अवस्थाको परीक्षणको काममा मात्र उपयोग हुने अवस्थामा अभिघातको व्याख्या भएको पाइन्छ । प्रारम्भमा चिकित्सा क्षेत्रमा प्रयोग हुँदै आएको अभिघातबारेमा छुट्टै ढङ्गले अध्ययन गरिने परम्पराको आरम्भ सन् १९७५ पछिका वर्षहरूमा भएको देखिन्छ । अभिघात शब्दले पहिले पहिले शारीरिक क्षतिलाई मात्र जनाउने गरेको पाइन्छ, जसले छेडिएको, चोटपटक लागेको, घाइते भन्ने सीमित अर्थ मात्र बुझाएको थाहा हुन्छ । पछि, उन्नाइसौं शताब्दीदेखि अभिघातको अर्थ बाह्य शारीरिक क्षतिमा सीमित नरही स्नायविक, मानसिक र मनोवैज्ञानिकसम्म पुगेको देखिन्छ (भट्टराई,२०६४ : २२८) । अभिघातको दृष्टिकोण र अवधारणा पहिलेको तुलनामा अहिले भने विस्तार भइसकेको मानिन्छ । अभिघात पहिले पहिले पुरुषहरूमा मात्र भएको ठहऱ्याइन्थ्यो । यस्तो अभिघात भयावह युद्धपछि पुरुषहरूमा मात्र पहिचान गरिन्थ्यो । सन् १९६० को दशकमा महिलाहरूको शारीरिक र यौन दुर्व्यवहारको विरुद्ध भएको आन्दोलनले भावनात्मक आघातको दृष्टिकोणलाई विस्तार गर्न पुगेपछि र यसै दशकदेखि अभिघातसम्बन्धी अनुसन्धान शुरू गरिएको हुँदा सन् १९६० को दशकमा गरिएको यो अनुसन्धानलाई 'डिकेड अफ द ब्रेन' अर्थात् 'मस्तिष्कको दशक' भनेर पनि चिनिन्छ । यसैबाट मनोवैज्ञानिक आघातको दृष्टिकोण र यसको परिभाषा फराकिलो भएको पाइन्छ । ( healingresources.info/,Preventing and Healing Stress Related Trauma in Children and Adults )

अभिघातले मानिसको शरीरमा दुःख, कष्ट, सङ्कट उत्पन्न गर्ने नकारात्क घटना, दुर्घटना, चोट, जीवन नै समाप्त हुनेखालको घातक रोगलाई जनाउँछ भने त्यस्ता अप्रिय घटना, दुर्घटना, चोटपटक, घातक रोग आदि गम्भीर अवस्थाको कारणबाट हुने पीडादायी दैहिक अनुभूतिबाट प्राप्त मानसिक चोटलाई पनि अभिघातले नै जनाउँछ । जसलाई मनोवैज्ञानिक आघातले पनि बुझ्न सकिन्छ । मानिस शारीरिक क्षतिबाट पूर्णरूपमा निको हुन सक्छ तर घटनाका भोक्ता तथा द्रष्टामा परेको मानसिक चोट निको हुन भने धेरै समय लाग्छ भन्ने निष्कर्ष औषधि विज्ञानीहरूले निकाली मानसिक चोट लाग्नुको अवस्था र प्रक्रियालाई सरकारी तवरबाटै पनि सत्य सावित गरेपछि शारीरिक क्षतिका साथै मानसिक क्षतिबाट हुने मानसिक प्रभाव र प्रतिक्रियालाई पनि अभिघात मानिएको पाइन्छ । भियतनामको युद्धपछि भने मनोचिकित्सा, मनोविश्लेषण र समाजशास्त्रको क्षेत्रमा अभिघातबाट उत्पन्न समस्याप्रति चाँसो लिएको पाइन्छ । (लेइज, २००० : २)

यसरी अभिघातलाई मानसिक घाउ पार्ने अतीव पीडादायी अनुभूतिको रूपमा लिइने हुँदा अभिघात मानव मनोविकारसँग सम्बिन्धित रहेको बुझिन्छ । अभिघातलाई एक प्रकारको पक्षघातको, विचलनको, असन्तुलनको विस्मृतिको स्थितिमा पुऱ्याउने अवस्था पनि मानिन्छ । अभिघात एकातिर प्राकृतिक दुर्घटनाहरू जस्तै महामारी, सुनामी, भयानक तुफान, अतिवृष्टि तथा अनावृष्टि, बाढीपहिरो, भुइँचालो, अनिकाल तथा भोकमरीजस्ता दुर्घटनासँग सम्बन्धित छ भने अर्कातिर मानवनिर्मित दुर्घटनाहरू जस्तै ठूलासाना युद्ध, द्वन्द्व, लडाइँ, हिंसा, आफ्नै घरपरिवार र आफन्तले दिएको चरम सङ्कट, आफन्तसँगको विछोड, अकाल मृत्यु, अपहत्ते, अपहरण, घृणा, सीमान्तीकरण, उपेक्षा, पहिचानको समस्या लगायतका आदि ठूला साना अन्तर्घात र मर्मान्तिक चोटले मनमा उत्पन्न गराउने आघात, चिन्ता र विकृतिसँग पनि सम्बन्धित छ (भट्टराई,२०६४ : २२८) । शारीरिक तथा मानसिक विकृति र चिन्तासँग सम्बन्धित रहेको अभिघात आफूले आफैलाई नियन्त्रण गर्न नसकिने एक मानसिक अवस्था हो । यसरी अभिघातले भौतिक तथा आत्मिक कुनै पनि माध्यमबाट मान्छेमा पर्न सक्ने शारीरिक तथा मानसिक चोटको प्रकटीकरणको स्थितिलाई बुझाउँछ ।

युद्धका विभीषिका बाट उत्पन्न भय, पलायन र विस्थापनबाट जन्मिएको आघात, युद्धकै कारण आफन्तजनको मृत्युबाट जन्मिएको आघात, व्यक्तिगत, पारिवारिक, सामाजिक र सार्वजनिक घृणा र हिंसा आदिबाट भोग्नु परेको आघात, आत्मीयजनबाट पाएको धोखाका कारण जान्मिएको आघात, पारिवारिक जीवनमा आर्थिक स्थिति बिग्रिनाले जन्मिएको आघात, माता, पिता र श्रद्धेयजन तथा आत्मीय व्यक्तिसँगबाट

पाएको धोखाका कारणबाट जन्मिएको आघात अभिघातका पक्षहरू हुन् । त्यसै गरी जानाजानी गरिएका गल्ती तथा अपराधबाट पीडित व्यक्ति आँफैले आफूलाई क्षमा गर्न नसक्नाको कारण जन्मिएको आघात, लागु पदार्थको कुलतमा फसेपछि त्यस व्यक्तिमा पश्चाताप बोध भई जन्मिएको आघात, श्रमविनिमय, शरणार्थी, विस्थापन, अस्तित्वको सङ्घर्ष अनि महत्वकाङ्क्षा आदिको अपूरणबाट जन्मिएको आघात पनि अभिघातकै पक्ष हुन । त्यसै गरी आवेग र उत्तेजना जस्ता मानसिक संवेगलाई नियन्त्रण गर्न नसक्दा जन्मिएको आघात, बहुगामी, बलात्कार, यौन क्षमताको ह्रासका कारण जन्मिएको आघात पनि अभिघातकै पक्ष हुन् । भूमिहीन, राज्यहीन, परिचयहीनजस्ता व्यक्तिहरू, युद्धपीडन, विस्थापन र आप्रवासन, सीमान्तीकृत, जातीयता, कुसङ्केतक, पहिचानलगायतका सीमान्तकृत पक्षहरू पनि अभिघातकै पक्ष हुन् (सुवेदी र गौतम, २०६८ : १४२-१४४) । अभिघातका यस्ता विभिन्न पक्षहरूले घटनाका द्रष्टा, भोक्ता तथा कर्ताको जीवनमा आघात पार्ने काम गरेका हुन्छन् ।

शुरूमा भौतिक रूपबाट हुन गएको शारीरिक क्षतिलाई मात्र अभिघात भनिन्थ्यो भने त्यस्तो क्षतिबाट हुने मानसिक प्रभाव र प्रतिक्रियालाई अभिघात मानिँदैनथ्यो । भियतनामको युद्धपछि भने मनोचिकित्सा, मनोविश्लेषण र समाजशास्त्रको क्षेत्रमा अभिघातबाट उत्पन्न समस्याप्रति चाँसो लिएको पाइन्छ । लामो समयदेखि लडाइमा संलग्न रहने भियतनामको योद्धाहरूमा लडाइमा संलग्न भएका कारण तनावका लक्षणहरू देखिन थालेपछि यस्तो लक्षणलाई लामो समयदेखि युद्ध, लडाइमा संलग्न हुँदा उत्पन्न भएको तनावका रूपमा लिएको पाइन्छ जसलाई उत्तरअभिघातजन्य तनाव वा अभिघातजन्य न्युरोसिसको लक्षणका रूपमा लिन थालेको देखिन्छ । यसरी उत्तरअभिघातजन्य तनावका बारेमा आधुनिक ढङ्गको बुझाइ सन् १९७० मा भयो र उत्तरअभिघातजन्य तनाव (पोस्ट ट्र्म्याटिक स्ट्रेस डिसअर्डर)लाई सैनिकहरूको मानसिक अस्वस्थ्यता, योद्धा तनाव, ढिलो गरेर भएको तनाव, दर्दनाक न्यूरोसिस, नर्भस सक, सम्झनाका रोग भनेर पनि नामकरण हुँदै गयो । उत्तरअभिघातको अवस्थामा पुगेको पात्रको व्यवहारमा असामान्य परिवर्तन र व्यवहारहरू देखा पर्न थालेपछि यस्ता परिवर्तनका कारणहरू चिकित्सा विज्ञानका सन्दर्भमा मनोवैज्ञानिक उपचारका निम्ति उपयोग गर्न थालियो । हिस्टेरिया, हिप्नोसिस तथा सम्मोहन, आत्मविस्मृति, निद्रा नलाग्ने, बहुलाहापन, दोहोरो वा विभाजित व्यक्तित्वजस्ता नामले चिनिने रोग पनि उत्तरअभिघातजन्य तनावअन्तर्गत नै पर्ने ठहऱ्याइयो । यी विभिन्न नामबाट चिन्न सकिने उत्तरअभिघातजन्य तनावका लक्षणहरू उत्पन्न गर्नमा भने मानवद्वारा सिर्जित विभिन्न घटना तथा विपत्ति र प्रकृतिद्वारा सिर्जित विभिन्न प्रकोप तथा विपत्तिलाई नै जिम्मेदार ठहऱ्याएको पाइन्छ (क्यारथ, १९९५ : १) । उत्तरअभिघातजन्य तनाव भएका व्यक्तिमा मनोवैज्ञानिक असन्तुलन वा विचलन, हत्याहिंसाको भय र बदलाको भावना, असुरक्षाको महसुस, राज्यप्रति नैराश्यता, पलायनवादी मनस्थितिको विकास, आत्मविश्वासमा ह्रास, हिंसात्मक संस्कृतिको विकास र स्वीकारोक्ति, अत्यधिक मादक पदार्थको सेवन, आत्महत्याजस्ता भावना तथा क्रियाकलापको प्रधानता पाइन्छ (उप्रेती,२०६० :१४६) । सन् १९७८ को शुरूमा अमेरिकी मनोचिकित्सकीय एसोसिएसनको समितिले व्यक्तिमा मानसिक रूपमा देखिएको असामान्यपूर्ण गडबडीको सक्रियता सम्बन्धी अध्ययन गर्न थालेपछि उत्तरअभिघातजन्य तनाव अर्थात् पि.टी.यस.डी पदावलीको प्रयोग औपचारिक रूपमा सन् १९८० को 'मानसिक विकार र नैदानिक सांख्यीकी' म्यानुअल नामक पुस्तकको तस्रो संस्करणमा प्रयोग गरिएको पाइन्छ । (www.webmd.com/anxiety-panic/guide/post-traumatic-stress-disorder ) ।

प्राकृतिक हिंसाजन्य घटना होस् अथवा मानवबाट भएको हिंसाजन्य घटना होस् ती घटनाहरूले मानिसलाई शारीरिक पीडा मात्र होइन मानसिक पीडा समेत सृजना गर्दछ । यस्ता घटनाहरूले सृजना गरेको मनोवैज्ञानिक असरहरू दीर्घकालीन र घातक असरको रूपमा देखिन पुग्दछन् । मनोवैज्ञानिक असरका रूपमा देखिएका यस्ता दीर्घकालीन र घातक असरहरूले समाजको विभिन्न पक्षमा अल्पकालीन र दीर्घकालीन मनोवैज्ञानिक असरहरू पारिरहेको हुन्छ । यसरी प्राकृतिक तथा मानवबाट भएको विभिन्न खालका हिंसाजन्य घटनाबाट सृजित अल्पकालीन र दीर्घकालीन मनोवैज्ञानिक असरहरूलाई मनोवेत्ताहरूले पोस्ट ट्रौम्याटिक स्ट्रेस डिसअर्डर अर्थात् भौतिक-मानसिक पीडा पश्चात सृजना हुने असरहरू भनेका छन् (उप्रेती, २०६० :१४६) ।

यस्तो मनोवैज्ञानिक असरलाई नै उत्तरअभिघातजन्य तनाव भनेर बुझिन्छ । धेरैजसो मानिसहरू, जसले कुनै पनि प्रकारको दर्दनाक घटनाको अनुभव गरेका हुन्छन् ती मानिसहरूले त्यो दर्दनाक घटनाको अनुभव गरेपछि कुनै झट्का, आघात, अत्यासपन, छटपटीपन, भय तथा क्रोधयुक्त प्रतिक्रिया देखाउँछन् । दर्दनाक घटनाको अनुभव गरेलगत्तै तुरुन्त हुने यस्ता प्रतिक्रिया प्रायःजसो सबै मानिसमा देखिने साझा र स्वाभाविक प्रतिक्रियाहरू हुन् । जुनचाहिँ प्रतिक्रिया समयसँगै विस्तारै हराउँदै पनि जान्छ तर उत्तरअभिघातजन्य तनाव भएको मान्छे छ भने यस्तो प्रतिक्रिया, अनुभव निरन्तर हुँदै र बढ्दै जान्छ र त्यस्तो भय, क्रोध, आघात मनमा बलियोसँग जमेर बस्ने हुँदा मान्छेले सामान्य ढङ्गको जीवन व्यतित गर्न सक्दैन । भर्खर घटेको कुनै दर्घटना देखेर तथा भोगेर त्यस घटनाले व्यक्तिमा कठिन परिस्थिति, निराश र गम्भीर मोडको सिर्जना गरिदिएको अवस्थामा पनि उक्त व्यक्तिमा त्यतिबेला उसको गतिविधि, क्रियाकलाप सामान्य नै भएको देख्न सकिन्छ । समयको परिवर्तनसँगै उक्त व्यक्तिले भोग्नु परेको ती कठिन परिस्थिति, र त्यस कठिन परिस्थितिले जन्माएको निराश र गम्भीर मोडलाई नियन्त्रण गर्न नसकिने अथवा असम्भव पनि हुन सक्ने त्यस कठिन परिस्थितिप्रति उसको समायोजनशीलता घट्दै जाने हुन्छ । व्यक्तिमा विगतको पीडादायी घटना र त्यस घटनाले आफूलाई बनाएको असहायपनलाई घटनाका भोक्ताले बिर्सन नसकेपछि त्यही व्यक्तिले उत्तरअभिघातजन्य तनाव भोग्न पुग्दछ । व्यक्तिलाई अभिघात गराउन जिम्मेवार भएका जुन घटना हो, त्यो घटना भएको तीन महिना भित्रमा अभिघातित व्यक्तिमा उत्तरअभिघातजन्य तनावका लक्षणहरू देखा पर्दछन् तर कुनै घटना अर्थात् कुनै अवस्था यस्ता पनि हुन्छन् जसमा उक्त घटना घटेको एक वर्ष भित्रमा पनि उक्त घटनाको भोक्तामा अभिघातको लक्षण देखा पर्दैन । यसरी अभिघातजन्य लक्षणको गंभिरता, गहिराइ र ती लक्षणहरू देखा पर्ने समयावधिमा भिन्नता रहेको पाइन्छ । यस्तो उत्तरअभिघातजन्य तनाव भोगेका कुनै व्यक्तिमा छ महिनाभित्रमा सुधार आउँछ भने कुनै व्यक्तिमा लामो समयसम्म नै उत्तरअभिघातजन्य तनावका लक्षणहरू देखा पर्दछन् । अमेरिकी मनोवेत्ताहरूले उल्लेख गरेअनुसार उत्तर अभिघातजन्य तनावका लक्षणहरू व्यक्ति तथा समाजमा स्थिर रूपमै लामो समयसम्म कायम रहन्छन् । प्रत्येक व्यक्तिले अभिघातजन्य घटनाप्रति अलग-अलग प्रकारका प्रतिक्रिया देखाउँछन् । कतिपय व्यक्तिमा डर, तनाव र विभिन्न चुनौतिसँग संघर्ष र व्यवस्थापन गर्ने क्षमता अद्वितीय हुन्छ । यही कारणले गर्दा अभिघातजन्य घटना अनुभव गरेका सबै व्यक्तिमा उत्तरअभिघातजन्य तनावका लक्षण देखा पर्दछ नै भन्ने हुँदैन । यसका साथसाथै साथीभाइ, परिवार, सहकर्मी आदिको सहयोग, समर्थनको प्रवृत्ति, भूमिकाको प्रभावले पनि व्यक्तिलाई अभिघात गराउनमा र अभिघातका लक्षण विकास गर्नमा जिम्मेवार रहन्छ । चिकित्सा समुदायमा उत्तरअभिघातजन्य तनावप्रतिको चाँसो अर्थात् उत्तरअभिघातजन्य तनावप्रति आकर्षित गर्ने काम लामो समयदेखि युद्धमा होमिएका प्रहरी तथा सैनिकले गरेका हुन् । त्यसैले त्यस समयमा अभिघातलाई युद्धको कारणले उत्पन्न मनोवैज्ञानिक तनाव तथा विकार, युद्धको कारणले भएको लडाइ, थकानसँग सम्बन्धित मानसिक रोग तथा विरामी भनेको पाइन्छ जबकि अभिघातजन्य तनाव युद्धलगायत अन्य विभिन्न प्रकारका दर्दनाक घटनाको अनुभव गर्ने जोसुकैलाई पनि हुन सक्छ । त्यस्ता व्यक्ति, बच्चाहरू जुन बाल दुर्व्यबहार, बाल दुरुपयोग भोगेका छन् र जीवनलाई नै धम्की तथा चुनौति दिने खालका अवस्थालाई पटक पटक भोगेका र अनुभव गरेका छन्, तिनीहरूमा उत्तरअभिघातजन्य तनाव विकास हुने खतरा अत्यधिक रहन्छ । शारीरिक तथा यौन उत्पीडनसँग सम्बन्धित घटना भोगेका व्यक्तिहरू अभिघातको शिकार बन्ने खतरा उच्च रहेको हुन्छ । त्यसै गरी अभिघातजन्य कुनै पनि घटनाले क्षत-विक्षत बनाएको शारीरिक तथा मानसिक जीवन र समाजको पुर्नव्यवस्थित हुन नसक्दा, भविष्यलाई ध्यानमा राखेर अभिघातजन्य घटनाप्रति सावधानी अँगाली सुरक्षाको प्रत्याभूति दिन नसक्दा, कुनै पनि देशका नागरिकहरूको मानव अधिकारको सम्मान तथा संरक्षण गर्न नसकेको अवस्थामा त्यस देश, समाज तथा परिवारभित्रका मानिसहरूमा उत्तरअभिघातजन्य तनावका लक्षणहरू देखा पर्दछ । व्यक्तिगत स्तरमा आफूले विगतमा घटेका विभिन्न घटनाबाट भोग्नु परेका पीडा र असहायपनलाई बिर्सिएर भविष्यप्रति सकारात्मक सोँच बनाई आफूमा परेको मानसिक आघातलाई सहन गर्न सक्ने क्षमता वृद्धि गर्नमा सहयोग पुऱ्याउनको लागि त्यस्ता व्यक्तिमा आवश्यक निर्देशन, परामर्श, सल्लाह, सहयोग लगायत मनोविज्ञबाट गरिने विभिन्न उपचार विधिको प्रयास हुन नसक्दा पनि व्यक्तिहरूमा उत्तरअभिघातजन्य तनावका लक्षणहरू देखा पर्नुको साथै वृद्धिसमेत हुँदै जाने पाइन्छ । परिवार, समाज र राज्यस्तरबाटै पनि कुनै पनि व्यक्तिको

मनोवैज्ञानिक पक्षलाई लगातार बेवास्ता गरिरहने प्रवृत्तिले पनि व्यक्तिहरूमा उत्तरअभिघातजन्य तनावका लक्षणहरू दिनप्रतिदिन बृद्धि हुँदै जान्छ । उत्तरअभिघातजन्य तनाव बच्चा अवस्थादेखि जुनसुकै लिङ्ग तथा उमेर अवस्थाका व्यक्तिलाई हुन सक्छ भनिए तापनि घरेलु हिंसा, दुर्व्यवहार, बलात्कारको शिकार हुने भएकाले पुरुषको तुलनामा महिलाहरूलाई अभिघातजन्य तनाव बढी हुने मानिन्छ । (www.webmd.com/anxiety-panic/guide/post-traumatic-stress-disorder )

अभिघात भए नभएको थाहा पाउनको लागि मनोचिकित्सक तथा मनोविज्ञले व्यक्तिको असामान्यजन्य क्रियाकलाप, चिन्ता, छटपटी र त्यसको कारण, स्वरूप र स्तरको मूल्याङ्कन गर्ने आधार तयार गरेको पाइन्छ । अभिघातित व्यक्तिमा देखा परेको सक्रियपूर्ण एवम् निष्क्रियपूर्ण क्रियाकलाप तथा लक्षणको आधारमा र अभिघात भएमा पनि पहिलो, दोस्रो वा तेस्रो कुन स्तरको अभिघात भएको हो भनी अभिघातको निर्धारण तथा पहिचान गर्न सकिन्छ । यदि व्यक्तिमा अभिघातका लक्षणहरू एक महिनादेखि देखिएको वा भएको सिकायत गरेमा त्यो व्यक्ति उत्तरअभिघातजन्य तनावको शिकार भएको भनेर अभिघातित व्यक्तिकै रूपमा निदान गर्न सकिन्छ ।

उत्तरअभिघातजन्य तनावका लक्षणहरूलाई सामान्यतया तीन प्रकारका स्तरमा विभाजित गर्न सकिन्छ । गम्भीररुपमा अनुभव गर्न पुगेको आघातजन्य घटना हुँदाको क्षण मनमा आइरहनुलाई उत्तरअभिघातजन्य तनावका लक्षणको पहिलो स्तर मानिन्छ । वेदनापूर्ण अर्थात् तीब्र आघात वा घाउ भोगेको व्यक्तिले भविष्यमा तीब्र आघात वा घाउ भोग्न पुगेको पहिलेको घटनासँग मिल्दोजुल्दो अन्य कुनै कटु वा वेदनाजनक घटना वा स्थिति आफ्नो सामुन्ने आउँदा उसको घाउ पुनः ताजा हुन्छ । त्यस्तो घटनासँग सम्बन्धित पूर्ववेदना उसमा पुनः एक्कासि प्रकट हुन्छ र ऊ तुरुन्त भयभीत भएर आफूलाई असहाय रूपमा लिन थाल्दछ । उदाहरणको लागि पूर्वनिहित आघातको अनुभवका कारणले एउटा सैनिकले बम विस्फोटको आवाजको आघातबाट पीडित भएपछि साधारण बन्दुकको गोलीको आवाजबाट पनि पूरै भयभीत हुनु, यसरी नै कहिलेकाहीँ भयानक हवाईजहाजको दुर्घटनाबाट बँचेका व्यक्तिमा पनि हवाईजहाज शब्दको नाम मात्रले पनि तीब्र भयको संवेग देखा परी एक्कासि उत्तेजित हुन पुग्नुबाट उक्त व्यक्तिमा गम्भीर रूपमा अनुभव गर्न पुगेको आघातजन्य घटना हुँदाको क्षण पुनः पुनःस्मरण भइरहेको छ भन्ने बुझिन्छ । मनोस्नायु विकृति भनेर पनि बुझ्न सकिने अभिघातलाई मनोवैज्ञानिक असन्तुलनको अवस्थाको रूपमा लिन सकिन्छ । यसरी उत्तरअभिघातजन्य तनाव भोगेको व्यक्तिले आफूलाई अभिघात गराएको घटना हुँदाको अवस्था, क्षणको सम्झना मनमा बसिरहन्छ । यस्तो अवस्थामा अभिघातित व्यक्तिमा घटनाको पूर्वदिप्ती, भ्रमात्मक दृश्य र भ्रमपूर्ण श्रवणात्मकका साथै नराम्रो सपना देखेको अनुभव व्यक्त गर्दछ । कुनै सानो कुरा, वस्तु, घटनाको माध्यमबाट पनि उसले भोगेको त्यो घटना र त्यसको दुःखद अवस्थालाई ताजा गराउने हुँदा उसले विगतका उक्त घटनालाई सम्झाइदिने खालको विगत सम्बद्धकुनै कुरा, वस्तु, क्षणलाई पीडाको रूपमा लिन पुग्दछ । आफ्नो विगतलाई सम्झाउने खालको घटना, विचार आदिलाई पहिलाको घटना सम्झाउन बाध्य बनाउने पीडादायी अवस्था अनुभूत गर्न पुग्दछ । त्यसैले विगतलाई सम्झाउने त्यस्तो कुनै पनि सन्दर्भलाई भोक्ताले आफूलाई पुनः पीडित, वेदनापूर्ण, चिन्तित बनाउँदै मानसिक पीडा उत्पन्न गराउने घटनाको रूपमा लिन्छ । उक्त घटना घटेको समय, मितिलाई पनि भोक्ताले दुःखदपूर्ण घटना घटेको वर्षगाँठको रूपमा सम्झी दुखित हुन्छ । आघातजन्य घटनाबाट टाढा रहने वा बँच्ने प्रयासलाई उत्तरअभिघातजन्य तनावका लक्षणको दोस्रो स्तर मानिन्छ । अभिघातित व्यक्तिले आफूलाई अभिघातजन्य तनावमा पुऱ्याउन जिम्मेदार रहेको त्यस्ता व्यक्ति, स्थान, विचार र परिस्थितिलाई सम्झन र तीसँग नजिक हुन पनि चाहन्न । अभिघातजन्य तनाव सिर्जना गर्ने उक्त व्यक्ति, स्थान, सोँच, परिस्थितिसँग टाढा रहेर बस्न नसक्ने अवस्था पनि हुन्छ । यसले गर्दा एक्लो स्वभावको हुँदै जाने र उसको सामान्य क्रियाकलाप र मनोरञ्जनपूर्ण क्रियाकलापमा पनि कमी आउँदै जान्छ । लक्षण तथा उत्तेजना वृद्धि हुँदै जानुलाई उत्तरअभिघातजन्य तनावका लक्षणको तेस्रो स्तर मानिन्छ । माथि भनिएको पहिलो र दोस्रो स्तरको लक्षण तथा प्रतिक्रियाका साथसाथै अरू प्रकारका समस्याहरू पनि अभिघातित व्यक्तिमा देखिन सक्छ । व्यक्तिमा बृद्धि भएको भावनात्मक उत्तेजनाका कारण कठीनाइ महसूस गर्ने, चिडचिडाहट उत्पन्न हुने, क्रोधित हुने, आक्रामक स्वभाव देखाउने, निद्रा नलाग्ने, ध्यान केन्द्रितमा

कठीनाइ हुने, अचानक घबराहट उत्पन्न हुने जस्ता लक्षण समस्याका रूपमा देखिन्छ । अभिघातित व्यक्ति विगत सम्झाउने कुनै कुरा, सङ्केत, आवाजबाट झस्किने, तर्सिने पनि गर्दछ । त्यस्तो व्यक्ति शारीरिक रूपबाट पनि अस्वस्थ्य हुन पुग्दछ । रक्तचाप बढ्ने, मुटुको ढुकढुकीको दर बढ्ने, स्वासप्रस्वास तीब्र हुने, मांशपेशीहरू दुख्ने, पखाला लाग्नेजस्ता चिन्ह तथा लक्षणहरूको सिकायत पनि गर्दछ । बढ्दो उमेरका केटकेटीहरूमा शारीरिक, मानसिक बृद्धिमा ढिलाइ, शौचालय तालिमसम्बन्धी विर्सजनमा कमजोरी, भाषिक सीपमा कमजोरी देखिन्छ । (स्किरल्डि, २००२ : १-१२)

उपर्युक्त प्रकारका विभिन्न घटना भोगेका, देखेका व्यक्तिहरू मानसिक रूपले असन्तुलित हुनेदेखि विस्मृतिको सिकारसम्म बन्ने र मृत्युको मुखसम्म पुग्न सक्छन । कुनै पनि मानिस मानसिक आघातमा पुग्ने कुरा घटनाबाट निर्धारित हुँदैन बरू उक्त घटनालाई मानिसले कसरी हेरेको छ, त्यसले मानिसमा के कस्तो र कत्तिको प्रभाव पारेको छ भन्ने कुरामा भर पर्दछ । त्यो घटनाको भोक्ता वा द्रष्टाले आफूले भोगेको देखेको र गरेको घटनाप्रति कसरी, कहिले र कुन मात्रामा प्रतिक्रिया जनाउँछ भन्ने कुरामा भविष्यवाणी या अनुमान गर्न पनि सकिन्न । कुनै मानिस त्यस्ता घटनालाई सहने बानी परेको वा त्यसबाट आफूलाई नियन्त्रण गर्न सिकीसकेको छ भने उसको लागि त्यस्ता घटनाबाट कुनै मानिसलाई मानसिक आघात पुग्न गएको कुरा सुन्दा पनि ऊ आश्चर्यजनक हुन्छ । कुनै घटनाले एउटा व्यक्तिलाई आघात पुऱ्याउँदा त्यही घटना देखेको, भोगेको, गरेको अर्को व्यक्तिलाई आघात नपुग्ने पनि हुन्छ । घटनाको गहिराइ र व्यापकता, घटना देख्ने, भोग्ने, गर्ने व्यक्तिको निजी इतिहास, उक्त घटनाले प्रतिनिधित्व गर्ने मूल्य, अर्थ, विश्वास, घटनाको अनुसरणबाट व्यक्तिमा परेको प्रभाव, परिवार साथीबाट प्राप्त प्रतिक्रियाले पनि त्यस घटनाले आघात पुग्ने नपुग्ने कुरामा प्रभाव पार्दछ । कुनै पनि घटनाको भोक्ता वा द्रष्टामा परेको उक्त घटनाको प्रभाव र त्यसबाट उब्जिएको प्रतिक्रियाको परिमाणबाट अभिघातजन्य सङ्कट थाहा पाउनु पर्दछ । अभिघात आफूबाट नियन्त्रित हुन नसक्ने अवस्था भएकोले यस्तो अवस्थामा मानिस निकै तनावमा हुन्छ । तनावले मानिसको स्नायु प्रणालीको कार्य र प्रक्रियालाई  एक छोटो अवधिको लागि असन्तुलन गराउँछ । केही दिनको अवधिदेखि एक हप्ता भित्रमा असन्तुलित अवस्थामा रहेको स्नायु प्रणालीको कार्य र प्रक्रिया शान्त र सन्तुलनको अवस्थामा फर्कन्छ । यदि मानिसमा तनाव छ भने एक हप्ताभित्रमा स्नायुप्रणाली सन्तुलनमा आउँछ तर मनोवैज्ञानिक आघात परेको छ भने उसको स्नायुप्रणाली केही दिनदेखि एक हप्ताभित्र सन्तुलनमा आउन सक्दैन । यसै बाट नै तनाव र भावनात्मक अभिघातको बीचमा फरक थाहा पाउनु पर्दछ । अभिघातजन्य सङ्कट र तनावको बीचमा फरक थाहा पाउन नियमित तनावको पहिचान गरेर मात्र थाहा पाउन सकिन्छ । तनावग्रस्त मानिस कत्तिको छिटो छिटो चिन्तित हुन शुरू भैरहन्छ ? ऊ कत्तिको बारम्बार चिन्तित भइरहन्छ ? उसको चिन्ताले कस्तो खालको परिणाम र चुनौति दिएको छ ? ऊ कत्तिको लामो समयसम्म चिन्तित रहन्छ ? ऊ कति अवधिको लागि मात्र शान्त रहन्छ ? आदि जस्ता आधारहरू तनाव र अभिघातको बीचमा फरक थाहा पाउने केही आधारका उदाहरणहरू हुन् । यदि व्यक्तिको आफ्नो चिन्ता, दुःख, छटपटी आफ्नै रेखदेख गर्नेसँग सम्बन्धित देखिन्छ र चिन्तालाई हटाएर सन्तुलनमा आउँछ भने त्यसलाई तनाव मात्र भनिन्छ । व्यक्ति पूर्वघटित विशिष्ट प्राकृतिक अथवा मानव घटनासँग सम्बद्ध संवेगात्मक तथा मनोवैज्ञानिक समस्याबाट धेरै पीडित भएपछि उसको समायोजन क्षमता नै कमजोर भएको हुन्छ, जसले गर्दा व्यक्ति मानसिक रूपमा अभिघातित भएको रहेछ भनेर चिन्न सकिन्छ । व्यक्ति अभिघातित हुनुमा उसका विगतका मुख्य मुख्य अप्रिय घटनाहरू जिम्मेवार देखिएका हुन्छन् । तिनै घटनाहरू नै व्यक्तिको मानसिक अभिघातजन्य सङ्कट उत्पत्तिको कारणहरू बन्दछ ।

चेतन स्तरमा निरन्तर आघातीय घटनाको स्मरणले व्यक्ति जब अति पीडादायी बनेको हुन्छ तब त्यो अचेतनमा दमित हुन्छ । व्यक्ति आफ्नो आन्तरिक आघातलाई आफ्नो विश्वासभित्र सम्बद्ध गर्ने क्रममा आन्तरिक द्वन्द्वको शिकार बन्दछ । व्यक्ति कुनै आघातीय बस्तु या परिस्थितिप्रति नकारात्मक प्रतिक्रिया गर्न अनुकूलित भएको हुन्छ । यस अनुकूलन स्वभावले मिल्दो जुल्दो अन्य वस्तु वा परिस्थितिप्रति पनि उही नकारात्मक प्रतिक्रिया गर्न लाग्दछ । जस्तै कुनै परिस्थितिमा महिला एक्लै हुँदा अपहरण भएको छ भने एक्लै हुँदाको अर्को समयको परिस्थितिमा पनि एक्लो हुँदा अपहरण या अन्य घटनाको डर लागिरहन्छ जब कि अर्को

अर्थात् दोस्रो पटकको समयमा रहँदाको एक्लोपनमा उसलाई कुनै प्रकारको दुर्व्यवहार भएको हुँदैन वा दुर्व्यवहार हुने सम्भावना पनि देखिँदैन तर पनि उसलाई जहाँ जुनसुकै अवस्थामा एक्लो भयो कि डर लागिहाल्छ । यस्तो परम्परागत अनुकूलनमा आधारित भएको कारण व्यक्ति त्यस्तो परिस्थितिदेखि टाढै रहने व्यवहार देखाउँछ । आघातीय घटनाबाट नरऐड्रीनरजिक तन्त्र क्षतिग्रस्त हुन्छ । जसबाट नरइपाइनफ्राइनको स्तर बढ्छ, यसको परिणाम स्वरूप व्यक्ति झस्किन्छ अनि भावविहल र संवेगी बन्दछ । सामान्य व्यक्तिको तुलनामा संवेगी व्यक्तिको अभिव्यक्ति सहज र शीघ्ररुपमा हुन थाल्दछ । व्यक्ति अभिघातित हुनमा अभिघातित व्यक्ति र सामाजिक कारकको पनि महत्वपूर्ण हात रहन्छ । व्यक्तिगत कारणमा पहिलेदेखि नै विद्यमान विकृति, विकृतिको पारिवारिक पूर्ववृत्त, आमा बाबुसँगको प्रारम्भिक वियोजन, तनावलाई सामना गर्ने विशिष्ट ढङ्ग आदि पर्दछ । सामाजिक साहराको कमी, दृढ सामाजिक एवम् नैतिक नियन्त्रण आदि सामाजिक कारण पनि अभिघातजन्य सङ्कट ल्याउनमा सहायक हुन्छन् । यसरी अभिघातलाई उपर्युक्त विभिन्न कारणहरूको संयुक्त प्रतिफल मानिन्छ । माथि उल्लेख गरिएका मनोवैज्ञानिक आघात पुऱ्याउने खालका घटना जब घट्छ त्यही बेला नै अर्थात् उत्तिखेरै कुनै खास लक्षणहरू देखिँदैन । मानिस त्यतिबेला सामान्य अवस्थामा नै रहन्छ तर केही दिनदेखि महिनौं, बर्षौं पछि पनि यसको लक्षण देखिन थाल्छ । अभिघातलाई एक चिन्ताजन्य विकृति मानिन्छ । जसको प्रमुख लक्षणमा कुनै प्रारम्भिक आघातित घटनासँग सम्बद्ध पूर्व अनुभूतिलाई मानिन्छ । जुनसुकै उमेर, तह, वर्ग, लिङ्गको व्यक्ति मनोवैज्ञानिक अभिघातको शिकार बन्न सक्छ । अभिघातकै उपचार गर्ने डाक्टरदेखि लिएर अभिघात परेका व्यक्तिसँग बस्ने र उसलाई स्याहार सुसार रेखदेख गर्ने व्यक्तिमा पनि मनोवैज्ञानिक आघात पर्न सक्दछ । यसरी विभिन्न दर्दनाक घटनामध्ये कुनै पनि प्रकारको दर्दनाक घटनाको परिणामस्वरूप हुन जाने आत्म, मन र दिमागको एकप्रकारको क्षतिलाई अभिघातले बुझाउँछ । यसरी अभिघातले मानिसको मानसिकतालाई विकृत अवस्थामा लैजान्छ । ( webmd.com/anxiety-panic/guide/post-traumatic-stress-disorder )

अभिघातलाई एक मानसिक रोग नै मानिन्छ । मनोवैज्ञानिक तहमा अभिघातजन्य सङ्कट देखापरेका व्यक्तिहरूमा विभिन्न प्रकारका साझा लक्षणहरू पान्छन् । अभिघात भएका मानिसमा मानसिक आघात उत्पन्न गर्नेखालको घटनाहरू बारम्बार स्मरण भैरहेको हुन्छ । त्यस घटनाको बारेमा प्रायः कुस्वप्न (नाइटड्रिम) आइरहन्छ । आफूलाई आघात पुऱ्याएको घटनासँग मिल्दो जुल्दो घटना वा त्यस घटनाले पुऱ्याएको उत्तेजनाको बारेमा व्यक्तिले सोँच्न पनि चाहँदैन । त्यस्तो अनुभूति र घटनाबाट बँच्न अभिघातित व्यक्तिले प्रयास गरिरहेको हुन्छ । वास्तवमा त्यस घटनाप्रति व्यक्तिमा स्मृतिलोप विकसित भएको हुन्छ । एक अर्थमा शुन्य हुनुका लक्षणहरू विकसित हुन्छन् । विरक्ति भाव पैदा तथा सकारात्मक चिन्तनको अयोग्यता विकसित हुँदै जान्छ । अभिघातित व्यक्तिमा केन्द्रीकरणमा कठिनाइ, सुत्नमा कठिनाइ, अतिसर्तकता, अतिरञ्जित र भयप्रद प्रतिक्रिया देखिन्छ । कुनै कुनै अभिघातित व्यक्तिले आफ्नो चिन्ता वा व्याथा कम गर्नको लागि औषधिको पनि उपयोग गर्न थाल्दछ । व्यक्तिमा आत्मदोषको भाव पैदा हुन्छ । निरन्तर क्रोध, वैवाहिक समस्या तथा व्यावसायिक क्षति, कमर दुख्नु, टाउको दुख्नु, पेट गडबडीको समस्याजस्ता सिकायत पनि गर्दछ । (मुहम्मद तथा मुहम्मद, २००४ : २५७ - २५९)

अमेरिकी साइक्याट्रिक एसोसिएसनले सरकारी तवरबाटै अभिघातजन्य तनावलाई चिन्न र प्रमाणित गर्न सफल भएपछि अमेरिकन साइक्याट्रिक एसोसिएसन(ए.पि.ए.) सन् २००० का अनुसार व्यक्तिले प्रत्यक्ष रूपमा भोक्ता वा दष्टा भएर अनुभव गरेको घटना, दुर्घटना, दुःख, कष्ट, चोटपटक, शारीरिक अङ्गभङ्गका कारण उक्त भोक्ता वा द्रष्टामा पर्न गएको पीडदायी अनुभूति र त्यस अनुभूतिले मानसिक रूपमा जन्माएको त्रास, एक्लो भावना आदिजस्ता विभिन्न असामान्य र उत्तेजित व्यवहार देखा पर्नु लाई नै मानसिक अभिघात मानिएको छ ( ब्रियर तथा स्कट, २००६ : ३ ) । यसरी अभिघातलाई मानसिक घाउ पार्ने अतीव पीडादायी अनुभूतिको रूपमा लिइने हुँदा अभिघात मानव मनोविकारसँग सम्बिन्धित रहेको पाइन्छ ।

## २.३ अभिघातको कारण

कुनै पनि व्यक्तिमा अभिघात उत्पन्न हुनुमा एक वा एकभन्दा बढी कारणहरू जिम्मेदार रहेका हुन्छन् । ती कारणहरूलाई नै अभिघात उत्पन्नका कारणहरूका रूपमा विभाजन गर्न सकिन्छ । त्यसैले कुनै एउटा खास कारणबाट मात्र अभिघात उत्पन्न हुन्छ भन्न मिल्दैन । अभिघात उत्पन्न हुनुमा निम्नलिखित विभिन्न कारणहरू जिम्मेदार रहेका हुन्छन् ।

### २.३.१. प्राकृतिक आपतविपत

प्राकृतिक आपतविपत भन्नाले व्यापक मात्रामा आएको प्राकृतिक विपत्ति, जुन विपत्ति आउनाको सीधा र प्रत्यक्ष कारणको रूपमा मानिसलाई मान्न सकिँदैन । यस्तो प्रकोप र विपत्ति एक प्रकारको भौतिक घटना र बाधा हो ; जस्तै- बाढी, पहिरो, खडेरी, आँधीबेहरी, भूकम्प, सुनामी, ज्वालामुखी विष्फोट, आदि प्रकोप । यस्तो प्रकोपको घटनाले धनजनको क्षति गराउँछ र यसले गर्दा व्यक्तिमा निराश र कुण्ठा उत्पन्न हुन जान्छ । फलस्वरूप मानिस अभिघातजन्य सङ्कटमा पर्दछ । ( ब्रियर तथा स्कट, २००६ : ५)

### २.३.२. सामूहिक व्यक्तिहरू बीचको पारस्परिक हिंसा

सामूहिक व्यक्तिहरू बीचको पारस्परिक हिंसा भन्नाले कसैलाई हत्याहिंसा गर्ने मनशायले कसैले कसैप्रति गरिएको आक्रमण बुझिन्छ । जुन आक्रमणका कारण पीडित व्यक्तिमा अभिघातजन्य सङ्कट देखा पर्दछ । जसलाई शारीरिक तथा मानसिक हिंसा पनि भन्न सकिन्छ । जस्तै -अनाचार, छेडछाड र घोँचपेच, पिटाइ आदि । ( ब्रियर तथा स्कट, २००६ : ६)

### २.३.३. आगलागी

आग लागी भन्नाले चुरोट सल्काउँदा, आगो बाल्दा लागेको आगो, विद्युत सर्किटमा गडबडी भई, ग्याँस विस्फोट, स्टोभ, हिटरमा गडबडी उत्पन्न हुँदा घरमा सानो ठूलो आगो लाग्न पुग्दछ । कुनै उद्योग, कलकारखानामा भएको विष्फोटबाट भएको आगलागी जस्ता घटनाबाट मानिसको धनको क्षतिमात्र होइन शारीरिक जलन र अङ्गभङ्गका कारण शल्यचिकित्सा पनि गर्नु पर्ने हुन्छ । दुःखाइ, आङ्गिक विकृति र पोलेको दागहरू पछिसम्म पनि रहिरहन्छ । यसबाट मानिस शारीरिक रूपमा मात्र होइन मानसिक रूपमा पनि अस्वस्थ्य बन्न पुगी अभिघातजन्य सङ्कटमा पुग्दछ । ( ब्रियर तथा स्कट, २००६ : ६)

### २.३.४ मोटरकार लगायत भयावह बाहन दुर्घटना

हवाइजहाज दुर्घटना, रेलदुर्घटना, पानीजहाज दुर्घटनाजस्ता भयानक र्दुघटना भयावह बाहन दुर्घटनाभित्र पर्दछ । यस्तो गम्भीर खालको दुर्घटनाबाट बाँचेको मानिस पनि अभिघातजन्य सङ्कटमा पुग्दछ । कार, बश, मोटरसाइकल, साइकल, रिक्सा आदि यातायातका साधनको दुर्घटनाबाट हुने शारीरिक चोटपटक मोटरकारबाट भएको दुर्घटनाअन्तर्गत पर्दछ । यस्ता दुर्घटनाबाट आफन्त गुमाएका र नगुमाएका भोक्ता र द्रष्टा पनि मोटरकारलगायत भयावह बाहन दुर्घटनाको कारण अभिघातमा पुग्दछन् । ( ब्रियर तथा स्कट, २००६ : ६-७ )

### २.३.५ आफ्नै आत्मीय साथीबीचको आक्रमण तथा मनमुटाव

आफ्नै आत्मीय साथीबीचको आक्रमण तथा मनमुटाव भन्नाले लोग्ने- स्वास्नी, प्रेमी- प्रेमीका या आफूले नजिक ठानेको आत्मीय व्यक्तिबाट हुन गएको शारीरिक वा यौनजन्य अपमान तथा हिंसा भन्ने बुझ्नु पर्दछ । यस्तो कारणबाट पुग्न गएको भावनात्मक चोटको कारण पनि मानिसमा अभिघात उपन्न हुन पुग्दछ । ( ब्रियर तथा स्कट, २००६ : ८)

### २.३.६ महिलामाथि हुने बलात्कार र यौन उत्पीडन

कानुनी दृष्टिकोणले बलत्कार भन्नाले धम्की तथा हिंसाको प्रयोगबाट पीडित व्यक्तिको सहमति विना सम्भोग या यौन गतिविधिमा बाध्यकारी बनाइएको एक आपराधिक कार्य बुझिन्छ । बलत्कारको घटनाले पीडित व्यक्तिमा शारीरिक तथा मनोवैज्ञानिक प्रभाव पर्दछ । शारीरिक रूपमा चोट, दर्द, घाउ, भय, पीडा, चिन्ता, प्रतिष्ठा एवं आत्मसम्मानमा चोट पुग्नुको साथै यौन रोगले ग्रसित पनि हुने अवस्था सिर्जना हुन्छ । यसले गर्दा पीडितले आफूलाई शारीरिक तथा मानसिक रूपमा असुरक्षित महसुस गरी उसमा हिनताबोध पैदा भई यसले पनि अभिघात सिर्जना गर्दछ । ( ब्रियर तथा स्कट, २००६ : ८-९)

### २.३.७ द्वन्द्व तथा युद्ध

द्वन्द्व भनेको विरोधी वा शत्रुतापूर्ण स्थितिलाई बुझिन्छ भने युद्ध भन्नाले दुई दल वा पक्षका बीच बल र शक्तिद्वारा एकले अर्कालाई परास्त गर्नका निमित्त अर्थात् विवाद तथा शत्रुलाई परास्त गरिने प्रयत्नः लडाइँः सङ्ग्रामः भन्ने बुझिन्छ । भेदभाव, अपहेलना, तिरस्कार वा बहिष्कृतमा परेका भनी वा आफूमाथि दमन, शोषण वा अत्याचार अन्याय भयो भनी उत्पन्न हुने विचारले प्रतिरोधको रूप लिँदा द्वन्द्व तथा युद्ध उत्पन्न हुन जान्छ । यसको मूल कारण सबै किसिमका विभेद, अपमान र असमानता जस्ता कुरा नै हुन् । युद्ध मानव संघर्षको सबभन्दा ठूलो हिंसात्मक रूप हो । मानिसहरूको सर्वाधिक प्राचीन समस्याहरू मध्येको एक समस्या युद्ध हो । युद्धको मूल कारण साधन र शक्ति प्राप्त गर्ने इच्छामा निहित रहेको पाइन्छ । युद्ध एउटा यस्तो स्थिति हो, जसमा युद्धमा लागेका दुवै समूह या राष्ट्र एक अर्कालाई आफ्नो दुश्मन सोँच्न थाल्दछन् । युद्ध एक सामाजिक समूहद्वारा अर्को सामाजिक समूहमाथि गरिने एक संगठित आक्रमण हो, जसमा आक्रामक समूह, आक्रन्त समूहको हीतको विपरितमा गएर उनीहरूको धनजनको बर्वाद गरी आफ्नो हितको बारेमा सोँच्दछन् । विविध वैज्ञानिक आविष्कारको कारण आजको न्यूक्लियर युगमा युद्धको दुष्परिणाम भयङ्कर हुँदै जाने सम्भावना बढ्दो क्रममा छ । (मार्टज्, २०१० : १-२)

जुनसुकै कारणले भएको युद्ध भए पनि युद्धले राष्ट्रको धन, जन, सामाजिक आर्थिक व्यवस्था तथा पारिवारिक जीवनमा ठूलो धक्का पुग्दछ । युद्ध सामाजिक विघटनको एक विकराल रूप मानिन्छ । जनसंख्याको स्थान परिवर्तन, सामाजिक गतिशीलता, नयाँ नयाँ उद्योगको विकास, श्रम शक्तिमा असाधारण वृद्धि, मूल्य वृद्धि, विछोड, त्याग तथा सम्बन्धविच्छेद भएका परिवारको वृद्धि, मृत्युमा वृद्धि, पारिवारिक तनाव, महिला दुर्व्यवहार तथा बाल दुर्व्यवहार, अपराध तथा दुरुपयोग, वेश्यावृत्तिमा वृद्धि, धर्मको प्रभुता आदि जस्ता परिवर्तन सामाजिक विघटनको कारणले उत्पन्न हुन्छ । आर्थिक, राजनीतिक, धार्मिक आदि जुनसुकै पक्षसँग सम्बन्धित कारण तथा स्वार्थबाट युद्ध सिर्जना भए पनि युद्धमा हिंसात्मक साधन प्रयोग भने गरिएकै हुन्छ । यसरी युद्धको ध्वंसात्मक प्रवृत्तिबाट युद्धमा सम्मिलत भएको त्यस देश तथा समाजका नागरिक, पुरुष, महिला, बृद्धा, बालबालिक, धनी, गरीब, किसान, डाक्टर, शिक्षक आदि पेशासम्बद्ध व्यक्ति लगायत विभिन्न समिति, संस्था सबै प्रत्यक्षरूपबाट प्रभावित हुन्छन् भने युद्धप्रति तटस्थ रहेको देश तथा समाजका मानिसहरू पनि अपत्यक्ष रूपमा प्रभावित रहन्छन् । युद्धले पारिवारिक जीवनमा पनि उथल-पुथल ल्याइदिन्छ । युद्धले बच्चालाई बाबु आमाबाट, पत्नीलाई पतिबाट अलग गरिदिन्छ । उनीहरूको भौतिक सम्पत्तिको पनि नोक्सान हुन पुग्छ । युद्धसँग सम्बन्धित काममा गएका युवा, युवतीहरूका परिवारमा पीर, चिन्ता भइरहन्छ भने प्रायः जसो घरको लोग्ने, छोरो युद्धमा लाग्दा महिलामाथि घर गृहस्थीको कार्यबोझ बढ्ने तथा बृद्ध, बद्धा असहाय हुने अवस्थाले परिवारमा अनेक असन्तुलन पैदा भई पारिवारिक जीवन विघटित हुन पुग्दछ । बाबु, दाइ युद्ध क्षेत्रमा गएको र आमा नोकरीमा जानु पर्ने अवस्थाले ससाना छोराछोरीको राम्रो हेरचाह नहुँदा यसले बाल अपराध, यौन अपराधमा वृद्धि गराउँछ । युद्धबाट कति परिवारले आफन्त गुमाउँछन् भने कतिले युद्धमा आफ्नो शरीरका अङ्ग गुमाएर अपाङ्गको जीवन विताउनु पर्दछ । युद्धको कारण आफ्नो गाउँघरबाट विस्थापित हुनु पर्ने वाध्यताले गर्दा एउटै स्थानमा दीर्घकालसम्म सुख पुर्वक जीवन विताएको परिवार आफ्नो वासस्थान छोडेर नयाँ वस्ती, नयाँ मान्छे, नयाँ परिस्थितिसँग अनुकूलन भएर बस्नु पर्ने बाध्यता उत्पन्न हुन्छ । अस्थायी समयावधिको लागि भएपनि परिवारसँग भिन्न भएर बस्नु पर्ने कारणले पारिवारिक तनाव पनि बढ्दै जान्छ । यस्तो अवस्थामा

परिवारमा दुवैतिरको जीवन चिन्ता र अनिश्चिततामा व्यतित हुन पुग्दछ । पति र पत्नीबीच एक आपसमा अनुकूलन भएर बस्ने वातावरणबाट टाढा रहने हुँदा छुटिएर बस्नुपर्दाका अवधि उनीहरू बीचको एक गम्भीर समस्या  बन्न पुग्दछ । युद्धमा अनेक व्यक्तिहरूले आफ्नो शरीरको विभिन्न अङ्गहरू गुमाउनु पर्ने कारण अङ्गहानिका कारण व्यक्तिमा हीन भावना पैदा हुन्छ । त्यस्ता व्यक्तिहरू सामाजिक क्रियाकलापमा सक्रियता पूर्वक भाग लिन सक्दैनन् फलस्वरूप उनीहरूको व्यक्तित्वको विघटन हुन जान्छ । अङ्गहानिका कारण नै कतिपय पति पत्नीबीच अनुकूलन हुन पाउँदैन जसका कारण विवाह सम्बन्ध विच्छेद हुन पुग्दछ । अङ्गहानिको कारण उपार्जनको क्षमता घट्न पुग्दछ र व्यक्ति निर्धनताको शिकार हुनु पर्दछ । जुन परिवारमा पिता, छोरा, छोरी मारिएका हुन्छन् त्यस परिवारमा आमा, बाबु, पत्नी लगायत घरका सदस्यको मानसिक सन्तुलन गुमाउन पनि पुग्दछन् । युद्धको विभिषिका या युद्धको फलस्वरूप हुन जाने हृिदयविदारक मानवीय तथा भौतिक क्षति देखेर पनि कतिपय व्यक्तिहरूले मानसिक सन्तुलन गुमाउन पुग्दछन् । युद्धको समयमा आवश्यक मात्रामा र स्वस्थ्य र सुरक्षित स्तरको खाद्यवस्तु खान नपाउनु, खाद्यवस्तुमा अनेक मिलावट, कालाबजारी, कृत्रिम अभावजस्ता आर्थिक अपराधका कारण मानिसहरूको स्वास्थ्यस्तर खस्कँदै जाँदा विभिन्न रोगको शिकार पनि हुन पुग्दछन् । यसले गर्दा सानाबच्चाहरूको स्वास्थ्यमा पनि नराम्रो असर गर्दछ र बच्चाको सन्तुलित बिकास हुन सक्दैन । आर्थिक अपराधका कारण समाजमा अनैतिक, बाल अपराध, वेश्यावृत्ति, मादक पदार्थ सेवनको कुप्रवृत्ति बढ्दै जान्छ । युद्धको समयमा कि मर्ने कि त मार्ने हो भन्ने भावना मानिसहरूमा उत्पन्न हुन्छ । बालबालिका तथा युवा समूहमा हिंसा तथा निर्दयताको प्रवृत्ति फस्टाउँदै जान्छ जसले समाजमा नराम्रो प्रभाव पार्दछ । युद्धकालमा बमवर्षाबाट जुन गाउँ, बस्ती, सहरमा ठूलो क्षति पुग्दछ, त्यहाका मानिसहरूलाई शरणार्थीको रूपमा अन्य ठाउँमा लगेर राख्दा बच्चा तथा बूढाबूढीको अवस्था दयनीय हुन पुग्दछ । उनीहरूले आफूलाई अत्यन्त असुरक्षित, एक्लो, र दुःखी अनुभव गर्न थाल्दछन् । यसले गर्दा उनीहरूमा भावनात्मक असन्तुलन उत्पन्न हुन जान्छ । युद्धमा पुरुषहरूको संलग्नता बढी हुने र ती पनि धेरैजसो विवाहित हुने हुँदा र ती पुरुषहरू युद्धमा मारिएपछि महिलाहरू विधवा हुनु पर्ने र त्यसपछि ती विधवाको व्यक्तित्त्व विकासमा केही न केही बाधा उत्पन्न हुन जाने हुनाले ती महिलाहरू पनि भावनात्मक रूपमा असन्तुलनको शिकार हुन पुग्दछन् । जुन स्थानमा युद्ध चर्किन्छ, त्यहाँको शैक्षिक संस्था, धार्मिक संस्था, आर्थिक संस्था, सरकार आदि कुनै पनि चीज सामान्य, स्वाभाविक र सुचारु ढङ्गमा चल्न सक्दैन । यसरी युद्धको प्रभाव व्यक्तिदेखि समाजसम्म पर्न जान्छ । (मार्टज्, २०१० : ३-८)

यसरी युद्धको प्रभावबाट असर नपर्ने समाजको कुनै पनि अङ्ग हुँदैन । समाजको सम्पूर्ण अङ्गमा युद्धको असरले संकटपूर्ण परिस्थिति उत्पन्न गरिदिन्छ । समाजको प्रगति, कलात्मक तथा मानवीय भावनालाई धमिल्याइदिन्छ । यसरी युद्ध स्वस्थ्य एवम् संगठित जीवनको प्रतिकूल मानिन्छ । युद्ध बाँच र बाँच्न देऊ भन्ने भावनाको विपरित रहेको हुन्छ । युद्ध सम्पूर्ण सामाजिक संरचना, संस्था, व्यक्ति तथा समूहलाई असन्तुलित गरिदिने एक अभिशापको रूपमा बुझ्न सकिन्छ । स्वतन्त्रता र अधिकारको रक्षाको लागि कहिले कहिले युद्ध गर्नु आवश्यक मानिए तापनि युद्ध मानव जातिको कल्याण एवं समृद्धिको प्रबल बाधक मानिन्छ । युद्धबाट मृत्यु, दुःख एवम् सामाजिक विघटनमा बृद्धि हुन्छ । यसबाट मानिसहरूले तनाव भोग्न पुग्दछन् भने हिंसात्मक कार्यबाट जनहानि पनि हुन पुग्दछ । यी सबै कारणले दोषपूर्ण व्यक्तित्त्वको विकास हुन पुग्दछ । यसैले गर्दा जब युद्ध चर्कन्छ त्यस भीषण युद्धमा भएको नरसंहारबाट प्राप्त चोटको भोक्ता, कर्ता, द्रष्टामा शारीरिक तथा मानसिक पीडाका कारण नैराश्यता, बेचैनी उत्पन्न हुने र मूल्य, मान्यता, अधिकार र विश्वासमा चोट पुगेको अनुभव हुन गई व्यक्ति मानसिक तनावमा गुज्रिन्छ । उसको काम गर्ने शैली तथा क्षमतामा ह्रास आउनुको साथै व्यक्तिमा वितृष्णा तथा हीन भावना पैदा भई ऊ विस्तारै अभिघातको स्थितिमा पुग्दछ । (मार्टज्, २०१० : ८-१० )

## २.३.८ बाल दुरुपयोग तथा दुर्व्यवहार

शारीरिक शोषण तथा दुर्व्यवहार, यौन शोषण तथा दुर्व्यवहार, मनोवैज्ञानिक या भावनात्मक दुरुपयोग, घरेलु हिंसा, बलात्कार, अनाचार, घरेलु दुरुपयोग, पिटाइ आदि बाल दुराचारका विभिन्न रूपहरू

हुन् । यसका साथै बालक र बालकको रेखदेख गर्ने व्यक्तिको बीच अपर्याप्त सम्बन्ध हुनु, आफ्नो रेखदेख गर्ने व्यक्तिसँग सानैमा विछोड हुनु, बच्चाको शारीरिक, मानसिक समस्या, विरामी, दुःख, चिन्ता आदि अवस्थामा बच्चालाई उपयुक्त तरिकाले सम्झाउने, सहमतिमा ल्याउने, रेखदेख गर्ने सिपालु र आत्मीय वातावरण बच्चाले नपाउँदा पनि उसमा अभिघात सिर्जना हुन पुग्दछ । जब बालकले आफूलाई एक्लो, खण्डित, असुरक्षित महसुस गरी भय, क्रोध, उदासी, अपमानबोध गर्छ । त्यसबेला बालकले पीडादायी अनुभव गर्न थाल्छ फलस्वरूप बालक विस्तारै अभिघातित बन्न पुगदछ । ( ब्रियर, १९९२ : ३-१५)

## २.३.९ एक्कासी भएको घातकपूर्ण शारीरिक आक्रमण तथा हमला

अचानक हिंसाजन्य घटना भोग्दा र आफन्तको अचानक मृत्युबारे सुन्दा पनि व्यक्ति अभिघातित बन्न पुग्दछ । इर्ष्या, रिसवी आदी कारणबाट आपराधिक व्यक्ति तथा समूहले एक्कासी गरेको घातकपूर्ण शारीरिक आक्रमण तथा हमलाका साथै अरू पनि विभिन्न तरिकाबाट व्यक्तिलाई शारीरिक तथा मानसिक रूपले कष्ट पुऱ्याउँदा सताउँदा या यातना दिँदा उसको लक्ष्य, चाहना, प्रगतिमा बाधा पुग्ने हुँदा परिस्थिति प्रतिकूल बन्दै जान्छ । जसले गर्दा नैराश्य र कुण्ठा विकसित हुँदै मानिस आभिघातको शिकार बन्न पुग्दछ । (primal-page.com/panicat.ht)

## २.३.१० खेल्दा वा लड्दा लागेको चोटपटकका कारणबाट गम्भीररूपमा भएको शारीरिक क्षति तथा कुनै महामारी

गम्भीर रूपमा भएको शारीरिक क्षति, लड्दा वा खेल्दा लागेको चोटपटक, आकस्मिक शल्यक्रिया, गम्भीर खालको विरामी, महामारी, जन्मदै अपाङ्ग हुनु जस्ता आदि कारणहरू पनि अभिघात उत्पन्नका कारणहरू मानिन्छन् । यस्ता कारणहरूले पनि व्यक्तिमा नैराश्य र कुण्ठा विकसित गराई अभिघातको तहमा पुऱ्याउन सक्दछ । ( ब्रियर तथा स्कट, २००६ : ४-९)

## २.३.११ अन्य कारणहरू

पलायन र विस्थापन, व्यक्तिगत, पारिवारिक, सामाजिक र सार्वजनिक घृणा र हिंसा, पारिवारिक जीवनमा आर्थिक स्थिति बिग्रिनु, माता, पिता र श्रद्धेयजन तथा आत्मीय व्यक्तिसँगबाट पाएको धोखा, त्यसै गरी जानाजानी गरिएका गल्ती तथा अपराधबाट पीडित व्यक्ति आँफैले आफूलाई क्षमा गर्न नसकेको स्थिति, लागुपदार्थको कुलत, श्रमविनिमय, शरणार्थी, अस्तित्त्वको सङ्घर्ष, महत्वकाङ्क्षा आदिको अपूरण स्थिति पनि अभिघातका कारण हुन् । त्यसै गरी बहुगामी, बलात्कार, यौन क्षमताको ह्रास, भूमिहीन, राज्यहीन, परिचयहीन, आप्रवासन, सीमान्तीकृत, रेस, कुससङ्केतक र पहिचानलाई पनि अभिघातको कारण मानिन्छ ।

यी सम्पूर्ण अभिघातसम्बद्ध घटना तथा कारणहरूले घटनाका भोक्ता तथा द्रष्टाको जीवनमा आघात पार्ने काम गरेका हुन्छन् । त्यस्ता घटना घटेको क्षण र घटना घट्दाको त्यस क्षणको समयसीमा भन्दा पूर्वको अवस्था र घटना घट्दाको त्यस क्षणको समयसीमा भन्दा पछिको अवस्थाको बीचको स्थिति अभिघातको कारण बनेर उपस्थित भएको हुन्छ । पूर्वअभिघात अवस्था तथा उत्तरअभिघातको अवस्था बीचको मध्यविन्दुको घटना नै अभिघातको कारण हो । घटनाका भोक्ता तथा द्रष्टा अर्थात् पीडित व्यक्तिको मनमा आघात, चोट पुग्नुभन्दा अघिको अवस्था पूर्वअभिघातको अवस्था हो भने पीडित व्यक्तिको मनमा आघात, चोट पुऱ्याउने अभिघातसम्बद्ध घटना घटेको क्षण पश्चातको अवस्था उत्तरअभिघात अवस्था हो । व्यक्तिको विचलित अवस्था आरम्भ हुनु पूर्वको अवस्थालाईचाहिँ पूर्वअभिघात तनावअवस्था भनिन्छ । उत्तरअभिघातको अवस्थामा पुगेको पात्रको व्यवहारमा असामान्य परिवर्तन र व्यवहारहरू देखा पर्न थाल्छ । यस्तो परिवर्तन पात्रको व्यवहार, सोचाइ, जीवनचर्याका रूपमा देखिन थाल्छ । मानिस अभिघातबाट मुक्त हुन राखेको चाहना, प्रयास पनि कतिपय अवस्थामा अभिघातको कारण बनेर देखा परेको हुन्छ । (सुवेदी र गौतम, २०६८ : १४२-१४४)

## २.४ अभिघातको प्रकार

अभिघातको कारण स्वरूप माथि उल्लेख गरिएका विभिन्न प्रकारका अभिघातजन्य हिंसाका कारण र प्रकृतिअनुसार अभिघातको वर्गीकरण गर्न सकिन्छ । अभिघात सिर्जना गर्ने कटु अनुभव, चोट, घटनाको प्रकार र प्रकृति जति प्रकारको हुन्छ, त्यत्ति नै प्रकारको अभिघात हुन्छ । यसरी अभिघात सिर्जना गराउनमा जति प्रकारको कारक तत्त्व र जुन प्रकृतिको हिंसाजन्य घटना जिम्मेवार रहेको हुन्छ, त्यसैका आधारमा अभिघातको प्रकार छुट्याउन सकिन्छ । तसर्थ अभिघातको प्रकार निश्चित रूपमा यत्ति नै हुन्छ भनेर तोक्न सकिने अवस्था नरहेको पाइन्छ । हिंसाजन्य घटनाको प्रकृति र अभिघात सिर्जना हुने कारकका आधारमा भने यहाँ अभिघातका निम्नलिखित केही प्रकार उल्लेख गरिएको छ ।

### २.४.१ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभिघात

सम्पूर्ण देशवासीमा भएको सङ्कटपूर्ण तथा दुखदपूर्ण अनुभवलाई राष्ट्रिय अभिघात भनिन्छ । यस्तो अनुभवले राष्ट्र तथा जातीयताको भावनालाई प्रभावित गर्दछ र कहिलेकाहीँ यसले भावी पीढि लगायत अन्तर्राष्ट्रियस्तर सम्मलाई पनि प्रभावित गर्दछ । गम्भीरखालको आपतविपत् जस्तै युद्ध, नरसंहारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभिघात बनाउँछ भने समृद्ध, स्थिर र शान्त देशमा पनि कुनै विशेष घटना जस्तै देशको प्रमुख नेता तथा राजाको मृत्यु, ठूलो यातायात दुर्घटनासम्बन्धी विपत्तिले राष्ट्रिय अभिघात सिर्जना गर्दछ । यसरी ठूलाठूला युद्ध, द्वन्द्व, लडाइँ र हिंसाका दुर्घटनासँग राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभिघात जोडिएको हुन्छ । (अलेक्जेन्डर,२०१२ : ६-३० )

### २.४.२ वैयक्तिक अभिघात

व्यक्तिगत जीवनमा आइ पर्ने साङ्घातिक दुर्घटनाहरूबाट वैयक्तिक अभिघात सिर्जना हुन पुग्दछ । त्यस्ता साङ्घातिक दुर्घटनाहरूमा यौनशोषण, बलात्कार, घरेलु आग लागी, मोटरसाइकल, साइकल, रिक्सा आदि यातायातका साधनको दुर्घटनाहरू वैयक्तिक अभिघातका कारण बन्दछन् । ती दुर्घटनाबाट पुग्न गएको शारीरिक चोटपटकका साथै लोग्ने स्वास्नी, प्रेमी प्रेमीका या आफूले नजिक ठानेको आत्मीय व्यक्तिबाट हुन गएको शारीरिक हिंसा तथा यौनजन्य अपमान, घरेलु हिंसा, बाल दुर्व्यवहारका विभिन्न रूपहरू पनि वैयक्तिक अभिघातजन्य घटना मानिन्छ । कुनै दुर्घटनामा परेर हुन गएको आफन्त जनको अचानक मृत्यु, आफन्तले गरेको आत्महत्या, आमा वा बाबुसँग विछोड, लड्दा वा खेल्दा लागेको चोटपटक, आकस्मिक शल्यक्रिया, गम्भीर खालको विरामीजस्ता घटनाहरू पनि वैयक्तिक अभिघात सिर्जनाका कारणहरू हुन् । यी विभिन्न घटनाको सिकार भएका व्यक्तिमा शारीरिक पीडाको असह्य स्थिति उत्पन्न हुनुको साथै मानसिक रूपमा पनि सधैँ सन्त्रस्त, असन्तुलित, विचलित र विक्षिप्त अवस्था उत्पन्न पुग्दछन् । यसरी व्यक्तिमा व्यक्तिगत रूपमा हुन गएको शारीरिक मानसिक पीडाको अनुभूतिले बनाएको असन्तुलित, विचलित र विक्षिप्त अवस्थालाई वैयक्तिक अभिघात भनिन्छ । ( community-s-response-to-an-individual-s-trauma )

### २.४.३ सामाजिक अभिघात

अभिघातजन्य गम्भीर घटनाहरू जस्तै युद्ध, हत्याहिंसा, महामारी, सुनामी, भयानक तुफान, अतिवृष्टि तथा अनावृष्टि, बाढीपहिरो, भुइँचालो, अनिकाल तथा भोकमरी, भीषण आगलागी, नरसंहार, मोटर, हवाईजहाज दुर्घटना, अपहरणजस्ता आदि अरू पनि घटनाको असर तथा मनोवैज्ञानिक क्षति समग्र समाजमा पर्दछ भने त्यसलाई सामाजिक अभिघात भनिन्छ । अभिघातजन्य घटनाले परिवार वा समाजमा पुऱ्याएको क्षति अत्यन्त भयावह हुन्छ । सामाजिक अभिघातले सामाजिक सम्बन्ध टुट्न पुग्दछ । समाजमा कसैको कसैमाथि विश्वास रहँदैन र अविश्वासले गहिरोसँग जरा गाडेको छ । समाजमा एक अर्कालाई खालि शङ्काको दृष्टिबाट मात्र हेरिन्छ । सामाजिक अभिघातले कतिपय अवस्थामा नकारात्मक प्रभाव पर्न जान्छ भने अर्कोतिर यसले नयाँ चेतना र व्यक्तिमा रहेको स्वार्थलाई गौण बनाएर सामूहिक स्वार्थ, उत्सर्गता र त्यागतर्फसमेत उन्मुख गराउँछ । सामाजिक अभिघातले समाजमा रहने परम्परागत सोचमा परिवर्तन हुने हुँदा सामाजिक

अभिघात समाज परिवर्तनका लागि महत्वपूर्ण पनि मानिन्छ । लगातार लडाइँ, झगडा र संघर्ष भइरहने समाजमा व्यक्तिको व्यक्तित्वको विघटन हुँदा नकारत्मक कुण्ठा र सकारात्मक उत्साह दुवै देखा पर्दछ । यसैले सामाजिक अभिघातले कहिलेकाहिँ एकै वर्ग र समुदायको बीचमा एकताको विस्तार हुन पुग्दछ र सामूहिक प्रयासबाट व्यक्तिहरूको साँघुरो र दुखपूर्ण जीवनशैली सोच र प्रवृत्तिमा परिवर्तन समेत ल्याउँदछ ।सामाजिक रूपमा मनोवैज्ञानिक विचलन देखिएपछि भने मानिसहरू एकअर्काप्रति बढी सशङ्कित, आक्रामक र निराशावादी बनी मानसिक रूपमा विक्षिप्त बन्न पुग्दछन् । पुस्तौंसम्म मनोवैज्ञानिक त्रासदीका कारण उत्तरअभिघातजन्य तनावका लक्षणहरू स्थिररूपमै लामो समयसम्म समाजमा कायम रहन्छ । (www.noanxiety.com/psychology-psychotherapy-glossary/terms-…)

### २.४.४ प्राथमिक अभिघात

जीवनमा मानिसले विभिन्न प्रकारका प्राकृतिक तथा मानवबाट हुने हिंसाजन्य घटनाहरू देख्न तथा भोग्न पुग्दछन् । जस्तै- हत्याहिंसा, विश्वयुद्ध, महामारी, सुनामी, भयानक तुफान, अतिवृष्टि तथा अनावृष्टि, बाढीपहिरो, भुइँचालो, अनिकाल तथा भोकमरी, भीषण आगलागी, नरसंहार, बाहन दुर्घटना, यौन दुर्व्यव्यवहार, बाल दुर्व्यव्यवहार तथा दुरुपयोग, लोग्नेस्वास्नी बीचको दुर्व्यव्यवहार आदि जस्ता घटनाहरू प्रकृतिक तथा मानवबाट हुने भौतिक तथा मानसिक आघातजन्य घटनाको उदाहरणहरू हुन् । जीवनमा प्रत्यक्ष रूपमा देख्न तथा भोग्न पुगेका यस्ता शारीरिक तथा मानसिक आघातजन्य घटनाबाट बालबालिका, युवा, वृद्धवृद्धा, महिलापुरुष र समग्र सिङ्गो समाजमा विभिन्न प्रकार र मात्रामा शारीरिक तथा मनोवैज्ञानिक असर परिरहेको हुन्छ । क्रूरपूर्ण हत्याहिंसा, जताततै मृत शरीर, रक्तपातपूर्ण दृश्य प्रत्यक्ष रूपमा देख्दा तथा भोग्दा घटनाका प्रत्यक्ष द्रष्टा तथा भोक्तामा शारीरिक तथा मानसिक दुवै रूपबाट पीडाबोध हुन पुग्दछ । आफ्नै आँखाको अगाडि परिवारका सदस्य मारिदा, बलात्कृत हुँदा, घरसम्पत्ति ध्वस्त हुँदा, यातना भोग्दा या यातना दिइँदा र अङ्गभङ्ग पार्दाको हृदयविदारक घटनालाई प्रत्यक्ष देख्दा र भोग्दाको अवस्थामा व्यक्ति तथा समाजलाई नै शारीरिक तथा मानसिक दुवै रूपबाट पुग्न गएको क्षति भयावह हुन्छ । असह्य पीडाबोधबाट जब मानिस प्रभावित हुन पुग्दछ, तब त्यो घटना उसको अचेतन मनमा सञ्चित भैरहन्छ । प्रत्यक्ष रूपमा आफैले देखेको तथा भोगेको त्यस्ता प्राकृतिक तथा मानवबाट भएको हिंसाजन्य वास्तविक घटनाको कारणबाट भएको भयावह शारीरिक तथा मनोवैज्ञानिक असरलाई प्राथमिक अभिघात अर्थात् घटनाको प्रत्यक्ष अनुभवबाट भएको अभिघात भनिन्छ । (combatstress.org.uk/pages/ what_is_ptsd.html)

### २.४.५ द्वितीयक अभिघात

अभिघात कुनै न कुनै माध्यमबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा वा एउटा पीढिबाट अर्को पीढिमा सर्न सक्छ । यदि अभिघातजन्य दुख, दर्द भोगेका, देखेका व्यक्तिको घरपरिवारमा हुर्किएको बच्चा छ भने माता पिता र बच्चा बीच आफूले भोगेको दुःख दर्दको अनुभव बाँड्ने, सहानुभूति राख्ने, सुन्ने प्रवृत्ति एक स्वाभाविक मानवीय प्रवृत्ति हो । घर, परिवार, मातापिता, आफन्त, छिमेकी, समाजले भोगेको, देखेको र सुनेको डरलाग्दो, भयानक र अभिघातजन्य घटनाको बारेमा घर, परिवार, मातापिता, आफन्त, छिमेकी, समाज र कुनै पनि सञ्चार माध्यमबाट सुन्दा र देख्दा उक्त घटनाको असर व्यक्तिको मानसिक स्तरमा पर्न जान्छ र त्यो अचेतन स्तरमा रहिरहन्छ । यसबाट उसमा दुस्वप्न देखा पर्दछ र मनोवैज्ञानिक असरले उत्तरअभिघातजन्य तनावमा पुग्दछ । अभिघातजन्य घटना र लक्षणबाट पीडित घर, परिवार, मातापिता, आफन्त, छिमेकी र समाजले अरू व्यक्तिमा पनि अभिघातजन्य लक्षणहरू सारेका हुन्छन् । यसैलाई द्वितीयक अभिघात भनिन्छ । यसरी समाज र आनुवांशिक आधारबाट पनि अभिघातजन्य वातावरण उत्पन्न हुन पुग्दछ । भियतनाम युद्ध, पहिलो तथा दोस्रो विश्वयुद्ध, इराकी युद्ध, अफगानिस्तान युद्धका योद्धाहरू प्रत्यक्ष अभिघातका भोक्ताको उदाहरण मान्न सकिन्छ । यी भोक्तहरूलाई अभिघातजन्य लक्षणहरू सार्ने आनुवांशिक आधारको उदाहरणको रूपमा पनि लिन सकिन्छ । यस्तो खालको अभिघातले रक्तनली, मष्तिस्कको कार्य, कलेस्टोरेल स्तरमा र शारीरिक गडबडी उत्पन्न गर्दछ । (astralgia.com/webportfolio/omnimoment/archives/continuum/trauma.html)

### २.४.६ द्वन्द्व अभिघात

एक-अर्काका इच्छा वा स्वार्थ भिन्न भएको महसुस गरी ती आकाङ्क्षाहरू एकैसाथ हासिल हुन सक्दैनन् भन्ने विश्वास दुवै वा कुनै एक पक्षलाई भएमा त्यसलाई द्वन्द्व भनिन्छ ( शिवाकोटी,२०६८: ३६) दुई विपरित वा नमिल्दा वस्तु, गुण, अवस्था, विचार, लक्ष्य, भावना बीच एक-अर्काको हस्तक्षेप, अन्तरविरोध हुँदा पारस्पारिक झगडा, लडाइँ र युद्ध समेत हुने गर्दछ । आफ्नै मनबीच उत्पन्न द्विविधाका कारण पनि आफै बीच द्वन्द्व उत्पन्न हुन्छ । जसको प्रभाव विभिन्न समुदाय वा व्यक्तिहरूमा विभिन्न प्रकार र मात्रामा परिरहेको हुन्छ । यसरी द्वन्द्वको कारणबाट उत्पन्न तनाव लाई द्वन्द्व अभिघात भनिन्छ । ( gomentor.com/articles/war-trauma.aspx)

### २.४.७ युद्ध अभिघात

रण वा युद्धको भय, विभीषिका एवं भीषण युद्ध तथा रणभूमिको विनाश लीला र प्राणघातक स्थिति लाई देखेका, भोगेका व्यक्तिहरूमा देखा परेको युद्धजन्य मानसिक पीडा र सन्त्रासको चरम स्थितिलाई युद्ध अभिघात भनिन्छ । युद्ध कालको भयङ्कर गोलाबारी, बमबारी एवम् घमासान मारकाटका कारण युद्धमा लागेका व्यक्तिहरूले आफ्नो शारीरिक अङ्ग गुमाउन पुग्दछन् भने आफ्ना साथीहरूको आफ्नै आँखाको सामुन्ने भयावह रूपले मरण भएको देख्न पुग्दछन् । त्यसै गरी युद्धकै कारण आफ्नो नजिकको व्यक्ति, आफन्त तथा परिवारको सदस्य गुमाउनु पर्दा घटनाका भोक्ता, द्रष्टामा मानसिक तनाव उत्पन्न भई उसको काम गर्ने शैली तथा क्षमतामा ह्रास आउनुको साथै नैराश्यता, बेचैनी उत्पन्न हुने र आफ्नो मूल्य, मान्यता, अधिकार र विश्वासमा चोट पुगेको अनुभव हुन गई व्यक्तिमा वितृष्णा तथा हीन भावना पैदा भई ऊ विस्तारै अभिघातको स्थितिमा पुग्दछ । ( gomentor.com/articles/war-trauma.aspx)

### २.४.८ शस्त्र अभिघात

काटमारका साथै चोट पुऱ्याउनका लागि प्रयोग गरिने खुकुरी, तरबार, लट्ठीजस्ता घरेलु हतियार लगायत विभिन्न प्रकारका विष्फोटक साधनको प्रयोगबाट मान्छेमा लाग्ने तथा पुग्ने भौतिक चोटलाई शस्त्र अभिघात भनिन्छ । विष्फोटक साधनको प्रयोग जस्तै- परमाणु हतियार प्रयोगबाट, रासायनिक अस्त्रहरूको प्रयोगबाट, विषालु ग्याँसको प्रयोगबाट यान्त्रिक मेसिनको प्रयोगबाट कुनै एक ठाउँमा बसेर मेसिन वा कम्प्युटरको बटम थिचेर विश्वको अर्को भागमा गरिएको मानवीय क्षति पनि शस्त्र अभिघात हो । त्यसै गरी प्लेग, ब्याक्टेरिया आदि जीवाणुहरूको प्रयोगबाट मानिसलाई आधार बनाएर गरिने क्षति अनि गुरिल्ला अर्थात् छापामारको आक्रमणबाट मान्छेमा लाग्ने भौतिक चोटलाई पनि शस्त्र अभिघात भनिन्छ । ( loc.gov/rr/frd/Military_Law/pdf/RC-Weapons.pdf)

### २.४.९ सांस्कृतिक अभिघात

संस्कृतिले नै मानिसको व्यक्तित्वको दिशा निर्धारित गर्ने हुँदा मानिसको आत्मपहिचान निर्माणमा समाज, संस्कार-संस्कृतिको भूमिका रहन्छ । त्यसैले संस्कृति मानिसको जीवनको परिशुद्ध गर्ने या व्यक्तित्त्वलाई परिष्कृत गर्ने एक साधन मानिन्छ । संस्कृति त्यो जटिल समग्रता हो, जसमा ज्ञान, विश्वास, कला, आचार, कानुन, प्रथा लगायत अरू पनि थुप्रै यस्ता क्षमता, बानी, विचार, स्वभाव आदि समावेश भएको हुन्छ, जुन समाजको सदस्य भएको नाताले मानिसले व्यक्तित्त्वको रूपमा समाजबाट उपहारको रूपमा प्राप्त गर्दछ । संस्कृति अन्तर्गत भौतिक तथा मानसिक दुवै संस्कृति पर्दछ जसको माध्यमबाट मानिसले आफ्नो व्यक्तित्त्वको विकासको लागि आवश्यक पर्ने साधन प्राप्त गर्दछ र आफ्नो आवश्यकता पूरा गर्दछ भने पर्यावरणमा अनुकूलन हुनमा पनि सफल बन्दछ । त्यसैले संस्कृतिलाई प्रकृतिको देन नमानी मानिस स्वयंलाई यसको निर्माता मानिन्छ । संस्कृति पूर्णतया सामाजिक आविष्कारको परिणाम हो भने मानव आवश्यकताको पूरा गर्नु पर्ने कारण नै आविष्कार गर्नुको उद्देश्य हो । मूल्य, मान्यता, अनुभव, अनुष्ठान, धर्म, दर्शन, विज्ञान, वाणिज्य, प्रविधि, परम्परा, कला, सङ्गीत, साहित्य, उपभोग, आमोदप्रमोद, सङ्घर्ष, समन्वय आदिमा संस्कृति रुपायित हुन्छ । राजनीतिक संस्कृति, आर्थिक संस्कृति, वाणिज्य संस्कृति, सञ्चार तथा सूचना प्रविधिको संस्कृति,

व्यावहारिक संस्कृति, उच्च तथा निम्न संस्कृति, स्थापन संस्कृति, मूल संस्कृति, उपसंस्कृति, लोकसंस्कृति, बालयुवावृद्धा संस्कृति, मृत तथा जीवित संस्कृति, नारीसंस्कृति, समलिङ्गी र बिलङ्गी संस्कृति, किनारीकृत संस्कृति, दलित संस्कृति, अपाङ्ग संस्कृति, ऐन्द्रिय वा लौकिक संस्कृति, अतीन्द्रीय वा पारमार्थिक संस्कृति, आदिवासी संस्कृति, जनजातीय संस्कृति, डायस्पोर संस्कृति, राष्ट्रिय स्थानीय तथा भूमण्डलीय संस्कृति, शिष्ट संस्कृति आदि संस्कृतिका आयामहरू हुन् । अनेक परम्परा, प्रथा, धर्म, रीतिरिवाज, व्यवहार, आदर्श, मूल्य, मनोवृत्ति आदिको विकसित गर्नमा सहायक हुने संस्कृतिमा व्यक्तिवादी, भौतिकवादी, भोगी, शक्तिको प्रदर्शन, आत्मसुखवादी आदि गुणको दर्शन देख्न सकिन्छ । त्यसैले मानिस मात्रको व्यक्तित्व यही मानव निर्मित संस्कृतिद्वारा नियन्त्रित हुन्छ । अगाडि उल्लेख गरिएका संस्कृतिका विविध आयामहरू सम्बद्ध सांस्कृतिक मूल्यमान्यताले अर्थ बनाएको हुन्छ । बनेको समाज-सस्कृतिले बनाएको अर्थले शक्तिशाली वर्गको मात्र हित गर्दछ । जसलाई हित गर्न नसकेको वर्ग हुन्छ र त्यस वर्गलाई अभिघात हुन्छ । ( मुकर्जी, २००० : २६५-२६६ )

## २.४.१० ऐतिहासिक अभिघात

प्राकृतिक तथा मानव निर्मित दुर्घटनाका कारण उत्पन्न आतङ्क, भय र नरसंहार जनक द्रष्टा तथा भोक्ता जो हुन् उनीहरूमा त्यस दुर्घटनाका द्रष्टा तथा भोक्ता भएका कारण जीवनभर सञ्चित रहने भावनात्मक एवम् मनोवैज्ञानिक चोटलाई ऐतिहासिक अभिघात भनिन्छ । ऐतिहासिक घटनाबाट उत्पन्न हुने ऐतिहासिक अभिघात समाजमा सबैले अनुभव गर्ने हुँदा  ऐतिहासिक अभिघात पीढि दर पीढिसम्म सर्दै जान्छ किनकि यस्ता आतङ्क र भयका दिनहरू इतिहासको पानामा भन्दा हृिदयको गहिराइमा कहिल्यै नमेटिने गरी लेखिएका हुन्छन् । उदाहरणको लागि एउटा सानो उमेरको बच्चाको आमाले त्यो बच्चालाई गरेको परित्यागको असर तीन पीढिसम्म देख्न सकिन्छ । समाधान हुन नसकेको दुःखदपूर्ण घटना तथा समस्याप्रति दुख अभिव्यक्त गर्न नसक्ने, त्यो घटनालाई स्वीकार गर्न पनि नसक्ने र समाधान गर्न पनि नसक्ने खालको परिस्थितिबाट भएको जुन आघात हो, त्यस आघातले पीढि दरपीढिसम्मलाई पनि अभिघात बनाउँछ । त्यो घटना घट्न पुगेपछि उत्पन्न पीडा कुनै पनि प्रकारको क्षतिपूर्ति पाएर कम नहुने अर्थात् त्यो घटनाबाट मनमा भएको दुःख तथा चोटमा कमी हुन नसक्ने अवस्थालाई ऐतिहासिक अभिघातले जनाउँछ । ( class.uidaho.edu/engl48 ty4jj/Historical_Trauma.htm)

## २.४.११  आर्थिक अभिघात

असमान आर्थिक अवस्था पनि द्वन्द्व तथा युद्धको प्रमुख कारणहरू मध्येका एक कारण मानिन्छ । गास, वास, कपाससँग सम्बन्धित आर्थिक वस्तु तथा सुखसयल, आर्थिक वस्तु आवश्यकता अनुसार वा आवश्यकताभन्दा बढी प्राप्त गर्ने चाहना तथा लोभको कारणबाटै मानव समाजमा युद्ध हुने गर्दछ । कुनै पनि कारणबाट भएको द्वन्द्व तथा युद्धबाट प्राप्ति मात्र हुँदैन क्षति पनि हुन्छ । आर्थिक रूपमा सम्पन्न व्यक्ति, संस्थाहरू वा राष्ट्रहरूले निहित आर्थिक उद्देश्यबाट प्रेरित भई देशका प्रशासनिक र कानुनी संरचना, राजनैतिक शक्ति र राज्यको स्रोत आफ्नो पक्षमा अत्यधिक प्रयोग गर्दा त्यसबाट समाजको ठूलो हिस्सामा नकारात्मक प्रभाव पर्न जान्छ । राज्यको स्रोत, साधन र सुविधाहरू सीमित शक्तिशाली वर्गले कब्जा गर्दा समाजका विपन्न वर्गको लागि अत्यावश्यक सेवाको पहुँचमा कठिनाई पर्ने मात्र नभई उनीहरूमा अन्यायको महसुस समेत हुन पुग्दछ । रोजगार पाउने, आफ्ना पेशा तथा व्यावसायिक हक र हितको संरक्षण, प्रयाप्त खाद्यान्न, लत्ताकपडा तथा आवासको व्यवस्था सम्बन्धी अधिकारको प्रत्याभूति गर्न नसक्दा विशेषतः गरिबहरू अर्थात् विपन्न वर्गमा नैराश्यता बढ्दै जान्छ । यसले गर्दा उनीहरूमा अल्पकालीन र दीघकालीन मनोवैज्ञानिक अभिघात उत्पन्न हुन पुग्दछ । धनी तथा शासक वर्गले अनेक बाहनामा शोषण, दमन र उत्पीडनको जाँतोमा पिस्ने, जनतालाई यातना र मृत्युदण्ड दिने जस्ता व्यवहारले विपन्न वर्गले मानसिक अभिघात खेप्न पुग्दछन् भने आर्थिक तथा वर्गीय कारण स्वरूप भएको द्वन्द्व तथा युद्धबाट शासक वर्गमा पनि आफ्नो धन, सम्पत्ति, सुखसयल खोसिने त्रासले अभिघातित बन्दछन् । यस्तो कारणबाट भएको अभिघातलाई आर्थिक अभिघातको रूपमा बुझ्न सकिन्छ । आधुनिक युगमा अस्त्रशस्त्र, गोलाबारुद तथा युद्धमा काम लाग्ने खालको वस्तुको

उत्पादन कार्य जब धन लाभका लोभ तथा आशाले गरिन्छ, यस्तो कार्यले पनि द्वन्द्व तथा युद्धलाई चर्काई मानसिक तथा भौतिक समस्या पैदा गर्दछ । त्यसै गरी औद्योगिक उन्नतीका कारण जब ठूलो मात्रामा उत्पादन कार्य गरिन्छ, यसबाट राष्ट्रिय तथा अन्तार्राष्ट्रिय बजार बीच प्रतिस्पर्धाको भावना बढ्दै गएर यसको अन्तिम परिणाम स्वरुप युद्ध चर्की अन्ततः मानसिक तथा भौतिक समस्या नै पैदा गर्दछ र यसैको कारण कतिपय मानिसहरूमा अभिघात हुन पुग्दछ । ( iis-db.stanford.edu/pubs/22387/No_93_SharkhStanding_Work_satisfaction_Sri_Lanka.pdf)

### २.४.१२ शारीरिक अभिघात

शारीरिक अभिघात शारीरिक चोटपटकसँग सम्बन्धित रहन्छ । कुनै हिंसा तथा दुर्घटनाको कारणबाट शरीरको अङ्गहरु टुटफुट हुनु या शरीरका भागहरू दबिएर, थिचिएर शरीरमा पुग्न गएको घाउ, चोटपटकलाई शारीरिक अभिघात भनिन्छ । शारीरिक अभिघातलाई पनि टाउको, छाती, पेट, अनुहार, मेरुदण्ड, जननेन्द्रिय, नरम तन्तु, पेल्भिक, सिरासम्बन्धी अभिघात भनेर शारीरिक अभिघातलाई वर्गीकरण गरिएको पाइन्छ । (answers.com/topic/trauma-medicine)

### २.४.१३ मनोवैज्ञानिक अभिघात

मनोवैज्ञानिक अभिघात अभिघातजन्य घटनाका कारण हुन जाने एक प्रकारको मानसिक चोट तथा क्षति हो । त्यस्तो चोट तथा क्षतिले मानिसलाई उत्तरअभिघातजन्य तनावमा पुऱ्याउँछ । यस्तो अभिघातजन्य तनावले मानिसको शरीरभित्र हरमोनको मात्रामा घटबढ भइरहने अवस्था, मष्तिस्कभित्रको रसायन तत्वमा परिवर्तन हुने अवस्था सिर्जना गर्दछ । यसले गर्दा व्यक्ति विस्तारै तनावको अवस्थामा पुग्दछ । जब व्यक्तिले शारीरिक अभिघात भोग्दछ शारीरिक अभिघातसँगै मनोवैज्ञानिक अभिघात पनि हुन पुग्दछ भने शारीरिक अभिघात नभएको अवस्थामा पनि मनोवैज्ञानिक अभिघात हुन पुग्दछ । यौन दुर्व्यवहार, घरेलुहिंसा, घरपरिवार लगायत अफन्त बीचको नाता सम्बन्धमा मनमुटाव आउनु, कुनै ठूलो र निको नहुनेखालको रोग लाग्नु र जसबाट अब मरिन्छ भन्ने भावना पैदा हुनु मनोवैज्ञानिक अभिघात हुनुको ठोस तथा खतरापूर्ण कारणहरू मानिन्छ । त्यसै गरी कुनै खास दृष्टिकोणबाट मतारोपण गर्ने, आपराधिक कार्य, मातापिताले मादकपदार्थ सेवन गरी बच्चाबच्चीलाई डर र धम्की दिने, बालबालिकाहरूले हिंसा तथा दुःखजन्य व्यवहारबाट पीडित हुनु लगायत युद्ध, भुकम्प, ज्वालामुखी विष्फोट, ठूलो समूहमा हिंसा पुऱ्याउने खालको दुर्घटनालाई पनि मनोवैज्ञानिक अभिघातको कारण मानिन्छ भने लामो अवधिसम्मको चरम गरिबी तथा मौखिक दुर्व्यवहारले पनि मानिसलाई मनोवैज्ञानिक अभिघातित बनाउँछ । कुनै पनि मानिस मनोवैज्ञानिक आघातमा पुग्ने कुरा घटनाबाट निर्धारित हुँदैन बरु उक्त घटनालाई मानिसले कसरी हेरेको छ त्यसले मानिसमा के कस्तो र कत्तिको प्रभाव पारेको छ भन्ने कुरामा भर पर्दछ । घटनाको गहिराइ र व्यापकता, घटना देख्ने, भोग्ने व्यक्तिको निजी इतिहास, उक्त घटनाले प्रतिनिधित्त्व गर्ने मूल्य, अर्थ, विश्वास, घटनाको अनुसरणबाट व्यक्तिमा परेको प्रभाव, परिवार साथीबाट प्राप्त प्रतिक्रियाले पनि त्यस घटनाले आघात पुग्ने नपुग्ने कुरामा प्रभाव पार्दछ । यसरी उक्त घटनाका सबै द्रष्टा एवम् भोक्तालाई मनोवैज्ञानिक अभिघात हुँदैन । कुनै पनि घटनाको भोक्ता वा द्रष्टामा परेको उक्त घटनाको प्रभाव र त्यसबाट उब्जिएको अभिघातजन्य प्रतिक्रिया र अभिघातजन्य प्रतिक्रियाको परिमाणबाट वास्तविक रूपमा मनोवैज्ञानिक अभिघात भएका कोको हुन् भनेर चिन्न सकिन्छ । अभिघात आफूबाट नियन्त्रित हुन नसक्ने अवस्था भएकोले यस्तो अवस्थामा मानिस निकै तनावमा हुन्छ । तनावले मानिसको स्नायु प्रणालीको कार्य र प्रक्रियालाई एक छोटो अवधिको लागि असन्तुलन गराउँछ । (भ्यानडर कल्क,१९८७ : ६३-६५)

### २.४.१४ आन्तरिक अभिघात

आफ्नै घरपरिवार तथा आफन्तबाट दिइएको चरम सङ्कटका भोक्ता तथा द्रष्टामा उत्पन्न हुने अभिघातलाई आन्तरिक अभिघात भनिन्छ । ( शर्मा, २०६६ : ६२)

### २.४.१५ बाह्य अभिघात

प्राकृतिक तथा मानव निर्मित घटनाहरू जस्तै कुनै पनि युद्ध, महा विनाश, नृशंश कृत्य, महा विनाशकारी भूकम्प, सुनामी लहर, भयानक तुफान, अति वृष्टि एवं बाढी, पहिरो आदि घटना तथा विपत्तिद्वारा प्रत्यक्ष रूपमा प्रभावित व्यक्तिहरूमा हुने अभिघातलाई बाह्य अभिघात भनिन्छ । ( शर्मा, २०६६ : ६२)

### २.४.१६ प्राकृतिक अभिघात

प्राकृतिक दुर्घटना तथा विपत्तिका कारणबाट मानिसमा शारीरिक तथा मानसिक रूपमा पुग्न गएको चोट प्राकृतिक अभिघात अर्न्तगत पर्दछ । प्राकृतिक विपत्तिले सुनामी, भयानक तुफान, अतिवृष्टि तथा अनावृष्टि, बाढीपहिरो, भुइँचालोजस्ता दुर्घटनालाई जनाउँछ । यस्ता दुर्घटनाका कारणबाट मानिसमा शारीरिक तथा मानसिक रूपमा पुग्न गएको चोटलाई प्राकृतिक अभिघात भनिन्छ ।( sidran.org/sub.cfm?contentID= 88&sectionid=4 )

### २.४.१७ मानव निर्मित अभिघात

मानवबाट भएको विभिन्न प्रकारको हत्य, िहिंसाको कारण पुग्न गएको मानसिक तथा शारीरिक चोटलाई मानव निर्मित अभिघात भनिन्छ । द्वन्द्व तथा युद्ध, हिंसा, दुर्व्यवहार, कार, रेल, मोटरकार, विमान दुर्घटना आदि मानव निर्मित दुर्घटनाहरू यस अभिघातको कारण मानिन्छ । सामूहिक व्यक्तिहरू बीचको पारस्परिक हिंसा, आगलागी, मोटरकार लगायत भयावह बाहन दुर्घटना, आफ्नै आत्मीय साथी बीचको आक्रमण तथा मनमुटाव, महिलामाथि हुने बलात्कार र यौन उत्पीडन, बाल दुरुपयोग तथा दुर्व्यवहार, एक्कासी भएको घातकपूर्ण शारीरिक आक्रमण तथा हमला, खेल्दा वा लड्दा लागेको चोटपटकका कारणबाट गम्भीर रूपमा भएको शारीरिक क्षतिलाई पनि मानव निर्मित अभिघातका रूपमा लिइन्छ । त्यसै गरी पलायन र विस्थापन, व्यक्तिगत, पारिवारिक, सामाजिक र सार्वजनिक घृणा र हिंसा, पारिवारिक जीवनमा आर्थिक स्थिति बिग्रिनु, माता, पिता र श्रद्धेयजन तथा आत्मीय व्यक्तिबाट पाएको धोखा, त्यसै गरी जानाजानी गरिएका गल्ती तथा अपराधबाट पीडित व्यक्ति आँफैले आफूलाई क्षमा गर्न नसकेको स्थिति, लागुपदार्थको कुलत, श्रमविनिमय, शरणार्थी, अस्तित्त्वको सङ्घर्ष, महत्त्वाकाङ्क्षा आदिको अपूरण स्थिति पनि अभिघातका मानव निर्मित कारण हुन् । त्यसै गरी बहुगामी, बलात्कार, यौन क्षमताको ह्रास, भूमिहीन, राज्यहीन, परिचयहीन, आप्रवासन, सीमान्तीकृत, रेस, कुससङ्केतक र पहिचानलाई पनि अभिघातको मानव निर्मित कारण मानिन्छ । यिनै विभिन्न कारणबाट हुन गएको अभिघातलाई मानवनिर्मित अभिघात भनिन्छ । ( sidran.org/sub.cfm?contentID=88&sectionid=4 )

### २.४.१८ यौन अभिघात

मान्छेले झुक्याएर वा बल पूर्वक अनि व्यक्तिको अनिच्छा पूर्वक गरिएको यौन क्रियाकलापबाट भएको अभिघात यौन अभिघात हो । शारीरिक बल प्रयोग गरेर, हिंसा तथा डर देखाएर, कुनै लागुपदार्थ, मादकपदार्थ सेवन गराएर गरिएको दुर्व्यवहारपूर्ण यौन क्रियाकलापबाट पीडित व्यक्तिमा शारीरिक रूपमा चोट, घाउ र यौन रोग समेत उत्पन्न हुन पुग्दछ । यस घटनाबाट पीडित व्यक्तिमा मानसिक रूपमा पनि भय, पीडा, चिन्ता, प्रतिष्ठा एवम् आत्म सम्मानमा चोट पुग्नुको साथै पीडित व्यक्तिले आफूलाई असुरक्षित महसुस गर्दछ भने उसमा हिनताबोध पनि पैदा हुन्छ । जसले गर्दा पीडितमा अभिघात सिर्जना हुन पुग्दछ । यसरी झुक्याएर वा बलपूर्वक गरिएको यौन क्रियाकलापले पीडित व्यक्तिमा पर्न गएको शारीरिक तथा मनोवैज्ञानिक आघातलाई यौन अभिघात भनिन्छ । (teenstarproject.com/ effects.php)

### २.४.१९ जातीय अभिघात

भेदभाव एवं उत्पीडनका कारण व्यक्तिमा हुने शारीरिक र भावनात्मक क्षतिलाई जातीय अभिघात भनिन्छ । जातीय भेदभाव एवम् उत्पीडन भएको देखिने, बुझिने, अनुभूत हुनेखालको व्यवहारले व्यक्तिमा अभिघात उत्पन्न हुन पुग्दछ । जातीय विभेद भन्नाले जातपातको आधारमा मित्रता, कुराकानी या कुनै पनि प्रकारको व्यवहार गर्नबाट टाढा रहनु अर्थात् घृणित व्यवहार गर्नु भन्ने बुझिन्छ भने प्रभूत्वशाली शक्तिले दबाइएका, नियन्त्रणमा राखिएका जातीप्रति प्रभुत्व जमाउनुलाई जातीय उत्पीडन भनेर बुझिन्छ । यसले गर्दा ती दुई शासक र शासित बीच शत्रुता उत्पन्न हुन्छ । जातीय उत्पीडनले भोक्ता तथा द्रष्टामा नकारात्मक तथा अचानक रूपमा अनियन्त्रितढङ्गको दुखपूर्ण अनुभव हुन पुग्दछ, जसले गर्दा भोक्ता तथा द्रष्टामा शारीरिक तथा मनोवैज्ञानिक चुनौति खडा हुन पुग्दछ । यसैबाट भोक्ता तथा द्रष्टामा भय, चिन्ता, अवसाद, असाहय, निरीहको भावना उत्पन्न हुन पुग्दछ । यसले गर्दा उसमा उत्तरअभिघातजन्य तनावका लक्षणहरू देखा पर्ने संभावना धेरै हुन्छ । जातीय विभेद तथा उत्पीडनसँग सम्बन्धित चुनौति तथा तनाव ती जातीसँग सार्थक सम्बन्ध राख्ने सङ्केत कोडित भाषा या प्रतीकको माध्यमबाट सूचित हुन सक्छ । ( roberttcarterassociates.com/pres2.html )

### २.४.२० लैङ्गिक अभिघात

महिलाहरूमाथि हुन गएको बलात्कार लगायत लिङ्गमा आधारित विभिन्न प्रकारका हिंसाजन्य क्रियाकलापका कारण हुने अभिघात लैङ्गिक अभिघात हो । लिङ्गमा आधारित विभिन्न प्रकारका हिंसाले शारीरिक तथा मनोवैज्ञानिकरूपमा क्षति पुग्न जान्छ । यसबाट शारीरि करूपमा चोट, घाउ तथा दर्दबाट पीडित हुनुको साथै मानसिक रूपमा पनि भय, पीडा, चिन्ता, प्रतिष्ठा एवम् आत्मसम्मानमा चोट पुगेको अनुभव हुन पुग्दछ । यसरी मानसिक तथा शारीरिक रूपमा भएको नारी पीडानुभूतिलाई लैङ्गिक अभिघात भनिन्छ । (wiki.medpedia.com/Clinical:Case_Study:_Gender_Trauma_Recognition_and_Intervention)

### २.४.२१ शैक्षिक अभिघात

शैक्षिक प्रणाली तथा शैक्षिक संस्थाद्वारा विद्यार्थीको विरुद्धमा नदेखिने, नबुझिने वा अनजानजस्तो ढङ्गबाट गरिएको अपराध तथा हिंसाका कारण हुन पुगेको विद्यार्थीको पीडित अवस्थालाई शैक्षिक अभिघात भनिन्छ । शैक्षिक अभिघातको शिकार सबै उमेर समूहका विद्यार्थीका साथै बच्चा, किशोर, वयस्क लगायत शैक्षिक संस्था तथा प्रणलीसँग सम्बद्ध जो सुकैलाई पनि हुन सक्छ । यस प्रकारको अभिघातित घटनाप्रतिको वेवास्ता, असहयोगी भावना र शसक्तिकारणको कमीका कारण शैक्षिक अभिघातले समुदायसम्म नै प्रभावित गर्दछ । (psychology.wikia.com/wiki/Educational_Trauma)

### २.४.२२ धार्मिक अभिघात

धार्मिक अभिघात मानवहरूद्वारा अनुभव गरिएको त्यो अवस्था हो, जहाँ मानिसहरू आधिकारिक रूपमा स्थापित धर्मबीच, आफूले विश्वास गरेको धर्मसँग सघर्ष गरिरहेका हुन्छन् । ती स्थापित धर्मबिरुद्ध कुनै कार्य गर्दा अभिघात उत्पन्न हुन्छ । उत्तरआधुनिकता धर्ममा विश्वास गर्दैन र धर्मका हरेक कुरामा शङ्का गर्दछ किनकि धर्म एकातिर बुद्धिवादको र अर्कोतिर श्रद्धावादको साहरा लिएर बोल्छ । उत्तरआधुनिकता अनुसार धर्म कहिले यता र कहिले उता ढल्कँदै मौकावाद र सुविधावादको उपयोग भएको पाइन्छ । कतिपय धर्मले कठोर नैतिकता र सदाचारको आग्रह राख्ने र एकलजीवी हुनेतर्फ प्रेरित गर्दै सत्यको खोजको लागि मानिसलाई कष्टकारी, दुःखदायकअवस्था सँग सङ्घर्ष गर्न प्रोत्साहित गर्दछ । विभिन्न धर्ममा प्रायश्चितका लागि गरिने व्रतविशेष पनि कष्टकारी, दुःखदायक नै छन् । यसरी धर्मले रीतिरिवाज र चालचलनलाई अन्धविश्वासमा धकेलेपछि धर्ममा रुढिवाद भ्याङ्गिँदै गएको पाइन्छ । संस्थाविना धर्म जीवित रहन नसक्ने हुँदा

धर्मका संस्थाहरू एउटा धर्मदेखि अर्को धर्मलाई अलग्याउन ठूलो भूमिका खेल्दछन् । एक धर्ममा विश्वास राख्ने जातिले अर्को धर्ममा विश्वास राख्ने जाति वा समुदायलाई हाँच्याउने, दबाउने, लान्छना लगाउने पनि गर्दछन् । संस्थाको कारण नै धर्महरू साम्प्रदायिक हुँदै जान्छन् र विभिन्न धर्मानुयायीका बीच दूरी उत्पन्न हुन जान्छ । करोडौं मान्छे जन्मेदेखि मृत्युसम्मका अनेक धर्म-संस्कारमा भाग लिन्छन् भने करोडौं मान्छे धर्ममा विश्वास गर्दछन्, धर्मका लागि लड्छन् र धर्मको उत्थानमा ज्यान दिन्छन् । विश्वकै सन्दर्भमा मानव शास्त्र, आचार शास्त्र, धर्म शास्त्र, समाज शास्त्रमा विश्वासका, धर्मका, अनुष्ठानका क्रियाकलापहरू खाज्ने हो भने हरेक धर्ममा कुनै न कुनै कलङ्क पनि रहेको पाइन्छ । जस्तै- हिन्दू धर्ममा छुवाछुतको कलङ्क छ । हिन्दू धर्मले नारीलाई प्रमुखता दिन्छ तर त्यसको साथमा पुरुषहैकम भने संलग्न रहेकै हुन्छ । उदाहरणको लागि नेपाली महिलाहरूले मनाउने धार्मिक पर्व तीजलाई लिन सकिन्छ । यसै गरी इस्लाम धर्मले चाहिँ बहुविवाहलाई मान्यता दिन्छ ( गौतम,२०६७ : ३५८-३७८) । यसरी विभिन्न धर्ममा रहने कुनै न कुनै कलङ्क पक्षले व्यक्तिको व्यक्तिगत जीवनमा अर्थ तथा महत्त्व राखी त्यस धर्मद्वारा नियन्त्रित व्यक्ति, समाज तथा जीवनशैलीमा अभिघात उत्पन्न हुन पुग्दछ । (thethinkingatheist.com/forum/Thread-Religious-Trauma-Syndrome-RTS )

## २.४.२३ एकल झट्का अभिघात

लामो समयको अवधिमा तर अचानक रूपमा हुन गएको घटनाबाट हुने अभिघातालाई एकल झट्का अभिघात भनिन्छ । घटना कतिबेला, कहिले हुन्छ भनेर भविष्यवाणी नै गर्न नसकिने गरी कुनैपनि बेला अचानक झट्काको रूपमा हुन सक्ने घटना जस्तै- भूकम्प, ज्वालामुखी विष्फोट, आधीबेहरी, विमान दुर्घटना, विष्फोट आदि विभिन्न खालका त्यस्ता अचानक हुने घटनाको कारण उक्त घटनाको भोक्ता तथा द्रष्टामा पर्ने गहिरो नकारात्मक शारीरिक तथा मानसिक चोटलाई एकल झट्का अभिघात भनिन्छ । (sidran.org/sub.cfm?contentID=88&sectionid=4)

## २.४.२४ पुनरावृत्त अभिघात

उही र उस्तैखालका हिंसाजन्य घटना पटकपटक भइरहँदा अर्थात् दोहोरिँदा त्यो घटना भोग्ने तथा देख्ने मानिसमा त्यस घटनाले अभिघातजन्य तनावलाई जगाइरहन्छ । यस्तो कारणबाट हुन गएको अभिघातलाई पुनरावृत्त अभिघात भनिन्छ । बारम्बार भइरहने शारीरिक तथा यौन दुर्व्यवहार, पटक पटक लडाइ झगडा भइरहने घर, परिवार र समाजको हिंसाजन्य वातावरणमा सधैंभरि बस्नु पर्ने बाध्यकारी अवस्था आदि पुनरावृत्त अभिघातको कारण मानिन्छ । (aacap.org/cs/root/publication_store/your_child_childhood_trauma_and_its_effects)

## २.४.२५ अदृश्य, गुप्त तथा तिरोहित अभिघात

कुनै दुर्घटना तथा कार्यले मानिसलाई नराम्रो असर गरिरहेको हुन्छ तर उनीहरूलाई त्यसको असर बारेमा थाहा हुँदैन । अभिघात धेरै प्रकारको परिस्थितिमा अदृश्य हुन सक्छ । अभिघात जब दमित हुन पुग्दछ तब त्यो अदृश्य हुन्छ । विभिन्न खालका घटना, सङ्कटहरूबाट भएको अभिघात पनि दमित हुन्छ । वातावरण खतरा र असुरक्षित नहुँदा पनि कहिलेकाहीँ मानिस घरकै सुरक्षित स्थानमा बस्दा पनि आफूलाई असुरक्षित महसुस गर्दछ । मानिसमाथि थाहै नपाउने गरी भएको अनाचार, दुर्व्यवहार बारम्बार भैरहन्छ भने पनि मानिसले असुरक्षित महसुस गर्न पुग्दछ । यस्तो अनाचार, दुर्व्यवहारको डरमा बाँच्दा पनि मानिसले त्यो डरलाई चिन्न सक्दैन । विभिन्न प्रकारका अनुभव र भावनालाई लिएर मस्तिष्कको नर्भले कार्य गरिरहेको हुन्छ तर मानिसलाई थाहा हुँदैन । त्यसै गरी अभिघातजन्य घटनाको बारेमा सुन्न, भन्न, देख्न नचाहेर वा अभिघातजन्य घटनाबाट हुने नकारात्मक प्रभावलाई वेवास्ता गरी अभिघातजन्य घटनालाई महत्त्व नदिँदा पनि अभिघात अदृश्य अवस्थामा रहन्छ । अभिघातजन्य घटनाको अनुभवलाई विर्सन आग्रह गर्दा वा अभिघातजन्य घटनाको अनुभवको बारेमा भन्दा चोट पुग्न सक्छ भन्ने ठानेर मानिसले त्यस घटनालाई बिर्सिएर अगाडि बढ्न खोज्छ तर पनि उक्त घटना र त्यसबाट हुन गएको अनुभव अचेतन मनमा भने बसिरहने हुन्छ । यसले

व्यक्तिमा विस्तारै तर गहिरो किसिमबाट हानि गरिरहेको हुन्छ । इज्जत जाने वा अपमानित हुने डरले कतिपय घटनाहरूका बारेमा त्यस घटनाका भोक्ता तथा द्रष्टाले आफ्नो घर, परिवार, समाजसामु व्यक्त गर्न सक्दैन तर उक्त घटना भने भोक्ताको अचेतन मनमा बसिरहन्छ । त्यसै गरी कुनै घटनाबाट झण्डै मरेर बाँचेपछिको अवस्थामा भएको शल्यक्रिया र त्यसपछिको अपाङ्गता लगायत विभिन्न प्रकारको शारीरिक असक्षमताका कारण निष्क्रिय भएको अवस्थामा पनि उक्त पीडा भोक्ताको अचेतन मनमा बसिरहन्छ । त्यसै गरी आफ्नो दुःख तथा चोटभन्दा अरूको दुःख, चोट ठूलो ठान्न पुगी आफ्नो पीडालाई लुकाएर राखेको अवस्थामा पनि अभिघात अदृश्य रूपमा रहन्छ । (कर्ल, २००७ : ६-७)

## २.५ अभिघातका लक्षण

अभिघातजन्य मानसिक सङ्कटमा परेका व्यक्तिहरूमा देखिने अभिलक्षणहरूको प्रकारलाई वर्गीकरण गरी बुँदागत रूपमा निम्नलिखित ढङ्गले अभिघातको लक्षण उल्लेख गर्न सकिन्छ ।

### २.५.१ भौतिक तथा शारीरिक लक्षण

अभिघातित व्यक्तिमा भोजन तथा निन्द्रामा गडबडी शुरू हुन थाल्छ भने यौनरोगको समस्या देखा पर्नुका साथै तागत कम भएको र अस्पष्टीकृत खालको दुखाइको शिकायत पनि अभिघातित व्यक्तिले गर्न सक्छ । यिनै अभिलक्षणहरू अभिघातित व्यक्तिमा देखा पर्ने भौतिक तथा शारीरिक लक्षणहरू हुन् । (71.6.131.182/mental/emotional_psychological_trauma.htm)

### २.५.२ भावनात्मक लक्षण

अभिघात भएका व्यक्तिमा भावनात्मक लक्षण अन्तर्गत चिन्ता, निराश, छटपटी, चिड्चिडाहट, आक्रोस, रिसजस्ता असामान्य स्वभावहरू देखा पर्दछ । रोइरहने, डरले आतङ्कित हुने, कसैबाट कुनै पनि बेला कुनै पनि प्रकारको आक्रमणको डर मानिरहने हुन्छन् भने बाध्यकारी व्यवहार देखाउनुका साथै भावनाहरू नियन्त्रणभन्दा बाहिर गई सुख, दुःखसँग कुनै प्रतिक्रिया नै नजनाउने पनि हुन्छन् । यस्ता व्यक्तिहरू सामान्यव्यवहार र दिनचर्याबाट पनि टाढा रहने हुन्छन् । अभिघातित व्यक्तिमा देखिने यी विभिन्न प्रकारका स्वभावलाई भावनात्क लक्षण अन्तर्गत राखिन्छ ।(71.6.131.182/mental/emotional_psychological_trauma.htm)

### २.५.३ संज्ञानात्मक विवेक विचारसम्बन्धी लक्षण

अभिघातित व्यक्तिले आफ्नो स्मृति गुमाउन पुग्दछ अर्थात् आफूलाई कसरी केले अघात भएको छ भन्ने कुरा पनि उसलाई थाहा हुँदैन । त्यसै गरी तिनीहरूमा कुनै पनि काम, कुराप्रतिको निर्णय क्षमतामा कठिनाइ उत्पन्न हुनुका साथै ध्यान केन्द्रित गर्ने क्षमतामा पनि कमी आउने हुँदा मनोभावना र ध्यान पनि विचलित भैरहन्छ । यस्ता लक्षणहरू अभिघातित व्यक्तिमा देखा पर्ने संज्ञानात्मक विवेक विचार सम्बन्धी लक्षणहरू हुन् । (HealingResources.info, Emotional and Psychological Trauma: Causes and Effects, Symptoms and Treatment )

### २.५.४ अभिघातको पुनः अनुभवसम्बन्धी लक्षण

व्यक्ति जुन घटनाबाट प्रताडित भएर अभिघातित बनेको छ, आफू प्रताडित बनेको र आफूलाई दर्द पुऱ्याएको त्यही घटनासँग सम्बन्धित छाया अर्थात् भावना उसको मनमा आइरहन्छ । सुतेको समयमा पनि त्यही, त्यस्तै डर लाग्दा घटना सपनामा देखेको कुरा बताउँछ । अझ पनि अनेक नराम्रा घटनाहरू भोग्नु पर्ने भयबाट पीडित बनिरहन्छ र मनमा अनेक अनावश्यक विचारहरू आउन थाल्छ । अभिघातित व्यक्तिमा देखापर्ने यस्ता लक्षणलाई अभिघातको पुनः अनुभव सम्बन्धी लक्षणका रूपमा लिइन्छ । (HealingResources.info, Emotional and Psychological Trauma: Causes and Effects,

Symptoms and Treatment )

### २.५.५ भावनात्मक स्तब्धता र बचाउसम्बन्धी लक्षण

अभिघातित व्यक्तिले आफूमा पीडा दिएको घटनासँग सम्बन्धित स्थिति र अवस्थासँग टाढा रहनको लागि अर्थात् त्यस्ता घटना फेरि भोग्न नपरोस् भनि निकै डराउने हुनाले अत्यधिक मात्रामा सचेत भैरहेको हुन्छ । अभिघातित व्यक्ति कुनै पनि व्यक्ति, परिवार, समाजसँग छुट्टिएर टुक्रिएर, विभाजन भएर बस्न मन पराउँछ । यस्ता व्यक्तिहरू सधै चिन्ता, तनावमा रहन्छन् भने अचानक, अकारण रिसाउने हुन्छन् र उनीहरूमा दोषी भावना आउने, मर्न मन लाग्ने, बिर्सने, ननिदाउने र जतिबेला पनि दुःखजनक प्रतिक्रिया व्यक्त गरिरहने हुन्छन् । अभिघातित व्यक्तिमा देखा पर्ने यस्ता स्वभावलाई भावनात्मक स्तब्ध र बचाउ सम्बन्धी लक्षणका रूपमा लिइन्छ । (HealingResources.info, Emotional and Psychological Trauma: Causes and Effects, Symptoms and Treatment)

### २.५.६ असामान्य प्रकारको व्यक्तिगत स्वभाव र बानीसम्बन्धी लक्षण

अभिघातित व्यक्तिमा असामान्य ढङ्गको स्वभाव तथा बानीहरूको विकास हुन थाल्छ । जस्तै- मादक पदार्थको सेवन गर्नु, बाध्यकारी व्यवहार देखाउनु, आत्म विनाशकारी र आवेगी व्यवहार देखाउनु, नियन्त्रित प्रतिक्रियात्मक दृष्टिकोण हुनु, स्वस्थ पेशा र जीवनशैली विकल्प बनाउन असक्षम हुनु, अप्रभावकारी भावना आउनु, लाज र आत्मबल कमी हुनु, निराश हुनु, महसूस गर्ने कार्य तथा क्षमता स्थायी रूपमा नष्ट हुनु, पहिला गरिआएको निरन्तर विश्वासमा अविश्वास गर्नु र बाधा खडा गर्नुजस्ता स्वभाव तथा बानीहरू असामान्यप्रकारको व्यक्तिगत स्वभाव र बानीसम्बन्धी लक्षणहरू हुन् । (HealingResources.info, Emotional and Psychological Trauma: Causes and Effects, Symptoms and Treatment )

### २.५.७ एक आपसमा असामान्य व्यवाहारसम्बन्धी लक्षण

घनिष्ठ, आत्मीय मित्रता कायम गर्न र उपयुक्त साथीको चयन गर्न असक्षम हुनु, यौन समस्या उत्पन्न हुनु, दुश्मनी हुने खालको व्यवहार तथा भाव उत्पन्न गर्नु, पारिवारिक सदस्य बीच झगडा गर्नु, सामाजिक तहबाट बाहेक हुने खालको बोलीव्यवहार गर्नु, आफूभित्र उत्पन्न भएको प्रतिकूल भावनाका कारण विनाकारण डर र धम्कीको अनुभव गर्नुजस्ता स्वभावलाई परस्परको सन्दर्भमा असामान्य व्यवाहार सम्बन्धी लक्षण अन्तर्गत पर्ने लक्षणका रूपमा मानिन्छ । (HealingResources.info, Emotional and Psychological Trauma: Causes and Effects, Symptoms and Treatment).

उपर्युक्त विभिन्न लक्षणहरू एक आपसमा पूर्ण पृथक नभएर कुनै अभिघातित व्यक्तिमा सम्पूर्ण र कुनै व्यक्तिमा भने एक वा दुई र त्यो भन्दा पनि बढी प्रकारका लक्षणहरू देखिने हुन्छन् । एउटै व्यक्तिमा यी सबै लक्षणहरू देखा पर्छ भन्ने हुँदैन । एउटै प्रधान लक्षण भएका विभिन्न अभिघातित व्यक्तिमा पनि अन्तर पाइन्छ । ती लक्षणहरू समय अनुसार परिवर्तन भइरहन्छन् ( HealingResources.info, Emotional and Psychological Trauma: Causes and Effects, Symptoms and Treatment) । यसरी उपर्युक्त विभिन्न प्रकारका अभिघातजन्य सङ्कटका साझा लक्षणहरू मनोवैज्ञानिक तहमा उत्पन्न हुने हुँदा अभिघातलाई एक मानसिक रोगको रूपमा मान्न सकिन्छ ।

## २.६ सिद्धान्तका रूपमा अभिघातको स्थापना र विकास

प्राकृतिक तथा मान वनिर्मित उपर्युक्त विविध अभिघातसम्बद्ध घटनाको प्रभावबाट अभिघातको अवस्थामा पुगेको मानिसको व्यवहारमा असामान्य परिवर्तन र व्यवहारहरू देखा पर्न थालेपछि यस्ता परिवर्तनका कारणहरू चिकित्सा विज्ञानका सन्दर्भमा मनोवैज्ञानिक उपचारका निम्ति उपयोग गर्न थालिएको

पाइन्छ । यही मनोवैज्ञानिक उपचारका सन्दर्भमा मनोविज्ञानको स्थिति पहिल्याउने क्रममा तयार गरिएको कामलाई अभिघात समालोचनाको आरम्भ मानियो र अभिघात समालोचनाको यात्रा यहीँबाट थालनी हुन पुग्यो । विश्वयुद्धका कारण भएको विनाश, आत्महत्या र त्यसबाट बाँच्न सफल भएका पात्रले गरेको बयान अनि तिनमा आधारित आख्यान तथा पाश्चात्य जगत्बाट अभिघात सिद्धान्तको जन्म भएको पाइन्छ । प्रारम्भमा चिकित्सा क्षेत्रमा मात्र प्रयोग हुँदै आएको यो पद्धतिका बारेमा छुट्टै ढङ्गले अध्ययन गरिने परम्परा सन् १९७५ पछिका वर्षदेखि आरम्भ हुन थालेपछि मात्र अभिघात साहित्यको सैद्धान्तिक पहिचानका निम्ति 'अभिघात' समालोचना सिद्धान्तका नामबाट स्थापित बनेको हो (सुवेदी र गौतम, २०६८ : १४२-१४४) । मनोवैज्ञानिक उपचारका सन्दर्भमा मनोविज्ञानको स्थिति पहिल्याउने क्रममा तयार गरिएको कामलाई अभिघात समालोचनाको आरम्भ मानियो र अभिघात समालोचनाको यात्रा यहीँबाट थालनी हुन पुग्यो ।

## २.७ साहित्यमा अभिघात सिद्धान्तको प्रयोग

सन् १९९० को शुरूबाट शैक्षिक क्षेत्रमा प्रवेश गरको अभिघात सिद्धान्त साहित्य विश्लेषणको क्षेत्रमा पनि प्रवेश गरी अभिघात सिद्धान्तका नामले स्थापित हुन गएको पाइन्छ । साहित्यमा अभिव्यक्त विषयवस्तु, पात्रहरू र संरचनालाई गहिरिएर अध्ययन गर्दा कुनै न कुनै समय, कहि न कहि ठाउँका पात्रहरू, कथावस्तु अभिघातसम्बद्ध रहेको पाइन्छ र तिनै पात्र तथा कथावस्तुको अभिव्यक्ति नै साहित्य बन्न पुग्दछ । तसर्थ कुनै पनि अभिघातसम्बद्ध विषयवस्तु साहित्यको स्रोत तथा विषय बन्दछ भने त्यही अभिघातसम्बद्ध विषयवस्तुको अभिव्याक्ति नै साहित्य हो । यिनै कारणहरूले गर्दा अभिघात साहित्यको अध्ययन तथा विश्लेषणमा अभिघात सिद्धान्तको प्रयोग गतिमय र सान्दर्भिक हुन पुगेको हो । अभिघातसम्बद्ध घटनाहरूबाट उत्पन्न आघातपूर्ण स्थितिहरूलाई साहित्य सिर्जनाका सन्दर्भमा धेरै अगाडिदेखि उपयोग गर्न थालिएको पाइए तापनि विभिन्न अभिघातसम्बद्ध घटनाबाट विनाश र प्रताडनका सिकार बनेका मान्छेका मानसिक आघातका बारेमा साहित्य समालोचना गरिने चिन्तन भने सन् १९९० पछि प्रारम्भ भएको पाइन्छ । त्यसैले अभिघातलाई सैद्धान्तिक आधार मानी व्याख्यामा ल्याउने र यसको उपयोगका आधारमा साहित्यको विवेचना गर्ने परम्पराको आरम्भ भइसकेको पाइन्छ । अभिघात विश्वसाहित्यका पछिल्ला चरणका साहित्य सिद्धान्तहरूमा देखा परेका चिन्तनमध्येको एक नयाँ चिन्तन हो । अभिघात चिन्तन समालोचनाका क्षेत्रमा अभिघात सिद्धान्तका नामबाट परिचित बनेको छ । मनोवैज्ञानिक समालोचनाका चिन्तनका सन्दर्भमा अभिघात सिद्धान्त फ्रायडबाट प्रारम्भ भएको हो । फ्रायडले मानसिक प्रभावका कारणहरूलाई साहित्यसँग जोडेर अध्ययन गर्ने परम्परा आरम्भ गरेका हुन् । मनोविश्लेषण सम्प्रदायका संस्थापकका रूपमा प्रसिद्धि कमाएका भियना निवासी सिग्मन्ड फ्रायडको समयदेखि नै अभिघात चेतनाबारे अध्ययन तथा विश्लेषण हुँदै आएको र उनको विभिन्न महत्त्वपूर्ण कृतिहरूमध्ये 'मोसेस एन्ड मोनोथेइज्म' नामक कृति अभिघात सिद्धान्तको नजिक रहेको पाइए तापनि अभिघातको गहन अध्ययन भने फ्रायडपछिका मनोविश्लेषकहरूबाट भएको पाइन्छ । साहित्य विश्लेषणको सन्दर्भमा अभिघात सिद्धान्तले कुनै पनि साहित्यिक कृतिलाई उक्त कृतिसँग सम्बन्धित कृतिकारको व्यक्तित्व र कृतिकारको मानसिक अवस्थाको अभिव्यक्ति मानेर उक्त कृतिको विश्लेषण गर्दछ भने कृति र कृतिकारको सम्बन्धलाई पनि केलाउने काम गर्दछ । त्यसै गरी कृतिमा प्रयुक्त पात्र, भाषा तथा बिम्बको विश्लेषण गर्नुका साथै उक्त कृतिबाट पाठकमा पर्ने प्रभावको समेत अध्ययन गर्दछ ।

## २.८ अभिघात सिद्धान्तको स्वरूप

अभिघात सिद्धान्तले अभिघातको कारण र त्यसको असरलाई विश्लेषण तथा समालोचना गर्दछ । सन् १९९० को शुरूबाट साहित्य समालोचनाको प्रयोगमा आएको अभिघात सिद्धान्तले साहित्यमा व्यक्त अभिघात पक्षको समालोचना गर्दछ । प्राकृतिक तथा आदि मानव निर्मित दुर्घटनाहरूका कारणबाट शारीरिक तथा मानसिक रूपमा भएको क्षतिका प्रभावबाट जन्मिएका अभिघातको खोजी तथा विश्लेषण गर्ने समालोचना पद्धति अभिघात सिद्धान्त हो । घाउ तथा पीडा र साहित्यको बीचको सम्बन्धको समालोचनालाई अभिघात अध्ययनले आफ्नो प्रमुख विषय बनाएको हुन्छ । अभिघात सिद्धान्त मानिसमा परेका पीर, दुःख अर्थात् अभिघातक मानसिकताका कारण र लक्षणहरू पत्तालागाउने विषयसँग सम्बन्धित छ । त्यसै गरी यो

व्यक्तिको व्यक्तित्त्व विकार, संवेगात्मक विकार र उसको विकृत व्यवहारको प्रमुख कारण, लक्षणको खोजी गरी मानसिक स्वास्थ्यको मनोवैज्ञानिक तरिकाले पुनः प्राप्त गर्नेसँग पनि सम्बन्धित छ । यस सिद्धान्तको आधारमा सांस्कृतिक, नैतिक, सामाजिक, राजनीतिक, आर्थिक आदि क्षेत्रबारेको विकृतिका कारणहरू पहिल्याएर तिनका प्रभावबाट जन्मेका आघातको निरूपण गर्न प्रयत्न गरिन्छ । मानिसलाई मानसिक रोगबाट रोक्नुका साथै उसको समस्या, व्यवहारमा देखिएको विकृतिको बारेमा चेतना जगाई मनोवैज्ञानिक रूपमा आघातित व्यक्तिको व्यवहारमा परिवर्तन र परिमार्जन ल्याउने कुरासँग पनि अभिघात सिद्धान्त सम्बन्धित रहेको देखिन्छ । त्यसैले अभिघात सिद्धान्तलाई मानिसका मन तथा व्यक्तित्वको सैद्धान्तिक अध्ययन गर्ने एक मनोविश्लेषणात्मक सिद्धान्तको रूपमा लिइन्छ (अलेक्जेन्डर, २०१२ : १-५ ) । अभिघातको वास्तविक घटना र त्यस घटनाले जीवनपर्यन्त व्यक्ति र व्यक्तिमाथि पारेको प्रभाव, ऊ बाँचेको समाज, परम्परा र मूल्य र मान्यताहरूको सन्दर्भमा मानिस आत्मपहिचानको खोजीमा अग्रसर भएको देखिन्छ । वास्तवमा अभिघात सिद्धान्तले आत्मपहिचानको खोजीलाई सामाजिक-सांस्कृतिक र मनोवैज्ञानिक आयाममा राखेर हेर्दछ । आत्म पहिचान, यसको निर्माण र साहित्यले त्यसलाई प्रस्तुत गरेको मोडको आधार नै अभिघात अध्ययनको खोजी हो । उत्तरआधुनिकताको साहित्य चिन्तनमा विकसित बनेको अभिघात सिद्धान्त समालोचना सिद्धान्तको एक नौलो धार हो । यो सिद्धान्त उत्तरआधुनिकताभित्र पर्ने विभिन्न सिद्धान्तमध्येको एक सिद्धान्त हो । उत्तरआधुनिकताको उपयोग आज हरेक क्षेत्रमा फैलिएको पाइन्छ । उत्तरआधुनिकता व्यापक साहित्यिक सिद्धान्त हो । त्यसैले उत्तरआधुनिकतालाई छाता सिद्धान्तका रूपमा लिइन्छ भने यही छातासिद्धान्तको एउटा शाखाको रूपमा अभिघात सिद्धान्तलाई चिन्न सकिन्छ । साहित्य समालोचना सिद्धान्तको एउटा धारको रूपमा रहेको अभिघात सिद्धान्तले समालोचनाका क्रममा वाङ्मयका विभिन्न शाखा र अनुशासनमा प्रयोग हुने सिद्धान्त र पद्धतिको पनि सहयोग लिन्छ र आफ्नो आवश्यकता र उद्देश्य अनुरूप तिनको प्रयोग गर्दछ । त्यस सन्दर्भमा विशेषतः उत्तरआधुनिक युगमा विकसित बनेका मनोवैज्ञानिक, सांस्कृतिक आदि सिद्धान्तलाई उपयोग गर्ने हुँदा अभिघात सिद्धान्त अरू सिद्धान्तसँग पनि सम्बद्ध हुने भएकोले यो सिद्धान्त एक अन्तरअनुशासनवाद अर्थात् अन्तर्विषयकता पनि हो । अभिघात सिद्धान्तबारे बुझ्नमा सहयोग र प्रासङ्गिक हुने भएकोले मनोवैज्ञानिक तथा सांस्कृतिक पक्षसम्बद्ध केही सिद्धान्त तथा विचारहरूलाई छोटकरीमा तल उल्लेख गरिएको छ ।

## २.८.१ अभिघात सिद्धान्तको मनोवैज्ञानिक पक्ष

**विषयप्रवेश**

साहित्य समालोचना सिद्धान्तको एउटा धारको रूपमा रहेको अभिघात सिद्धान्तका सम्बन्धमा विभिन्न मनोविश्लेषकहरूद्वारा विभिन्न मान्यता प्रतिपादित भएको पाइन्छ । तीमध्ये सिग्मन्ड फ्रायड, लकाँ, कार्लगुस्ताभ युङ, जेफ्री हार्टमानजस्ता मनोवैज्ञानिकका अभिघात सिद्धान्तसम्बन्धी मान्यता तथा विचारहरूलाई मात्र छोटकरीमा तल उल्लेख गरिएको छ ।

### २.८.१.१ सिग्मन्ड फ्रायडको सिद्धान्त

मनोवैज्ञानिक समालोचनाका चिन्तनका सन्दर्भमा अभिघात सिद्धान्त फ्रायडबाट प्रारम्भ भएको हो । फ्रायडले मानसिक प्रभावका कारणहरूलाई साहित्यसँग जोडेर अध्ययन गर्ने परम्परा आरम्भ गरेका हुन् । मनोविश्लेषण सम्प्रदायका संस्थापकका रूपमा प्रसिद्धि कमाएका भियना निवासी सिग्मन्ड फ्रायडको समयदेखि नै अभिघात चेतनाबारे अध्ययन तथा विश्लेषण हुँदै आएको पाइन्छ । फ्रायडले मनको प्रकारात्मक वर्गीकरण गरी मनलाई अचेतन, अर्द्धचेतन र चेतन गरी तीन भेद गर्दै मनलाई हिमशैलसँग तुलना गरेका छन् । हिमशैलको धेरै भाग पानीभित्र रहेजस्तै अचेतन मनको भाग सबैभन्दा बढी हुने बताएका छन् । हिमशैलको पानीभित्रको भाग नदेखिने र भित्र रहेझैँ अचेतन मन पनि भित्री तहमा अवस्थित हुन्छ र यसलाई चाहना गरेर बाहिर निकाल्न सकिँदैन भन्ने फ्रायडको मत पाइन्छ । अचेतन मन भित्र वा गहिराइमा अवस्थित हुने हुँदा अचेतनभित्र मूलतः चेतनामा नआउने कुराहरू रहेको हुन्छ । यो अनैतिक अन्तःप्रेरणा, भय, स्वार्थ, दमित

विचार, मूर्ख व्यवहार, स्मृति, अनुभव, शिक्षा, यौनेच्छा, मनोद्वन्द्व आदिको भण्डार मानिन्छ । मानिसले वर्तमानमा सम्झन नसकेका र वर्तमानमा बिर्सिन पुगेका विगतका कुराहरू पनि अचेतनको भण्डारमा जम्मा हुन पुग्दछन् । जीवनलाई सञ्चालन गर्ने प्रचालक वा मूल प्रवृत्तिजस्ता कुराहरू पनि अचेतनमा रहन्छ भने मानिसले सहनै नसक्ने विभिन्न प्रकारका संवेगात्मक झट्का, चोट तथा स्मृति र आवेगहरू पनि उसको अचेतनमै रहेका हुन्छन् । अचेतन मन चेतन मनका विपरीत अतार्किक र अरैखिक हुनुको साथै यसको अस्तित्व अनुमानित हुन्छ । यो सामान्यतः अर्थहीन अनैच्छिक रूपमा प्रकट हुन्छ । फ्रायडले मनको दश भागमा नौ भाग मन अचेतन मनले ओगट्ने र दश भागको एक भाग मन मात्र चेतन मनले ओगट्ने बताउँदै चेतन मन बुझिने, स्पष्ट र सामाजिक संस्कारबाट प्रेरित तथा निर्देशित हुन्छ भनेका छन् । हामीलाई जति पनि कुराहरू अवगत हुन्छ, अवगत भएका ती सम्पूर्ण कुराहरूसँग चेतन मन सम्बन्धित रहन्छ । मानिसले सोच्ने, बोल्नेदेखि लिएर मानिसभित्रका विविध सम्झनाहरू पनि चेतन मनको प्रतिफल हो भने अचेतन मनचाहिँ मानिसभित्र अनभिज्ञ भएका भावनाहरू, विचारहरू, इच्छाहरू र सम्झनाहरूको भण्डार हो । अचेतन मनको तत्व असामाजिक र संस्कारहरू अपाच्य हुने गर्दछ । अचेतन मनले धरैभन्दा धेरै मानिसको पहिचान र पहिचानको निर्माणमा भूमिका खेलेको हुन्छ । चेतन मन सम्पूर्ण व्यक्तित्त्वको पन्ध्र प्रतिशत मात्र हुन्छ भने बाँकी रहेको भाग अचेतन मनको भण्डार हो । मनको दश भागमा नौ भाग मन अचेतन मनले ओगट्ने हुँदा फ्रायडका अनुसार सम्पूर्ण मानिसलाई अचेतन मनले डोऱ्याएको हुन्छ । अधिकांश चेतनप्रक्रियाको अवधि अत्यन्त छोटो हुने र यो समयसापेक्ष अनि आदर्शको खोजीमा लाग्ने हुँदा अचेतनमा भएका अप्रिय, अमर्यादित र अनैतिक मानिने भावहरूलाई चेतन मनले बाहिर निस्कन रोक लगाइरहेको हुन्छ भने अचेतन मनचाहिँ चेतनलाई झुक्याएर बाहिर प्रकट हुन खोज्दछ । यसरी फ्रायडका अनुसार चेतन र अचेतनको द्वन्द्व भइरहन्छ । अतः आफूलाई गर्न मन लागेको कुरा र गर्न नपाएको कुरा बीच द्वन्द्व भई आफूले चाहेको कुरा पूर्ण नभएको अभावको स्थितिले अभिघातको सिर्जना गर्दछ । आफ्ना चाहनाहरूलाई सन्तुष्ट पार्न नसकेको खण्डमा अचेतन मनले कल्पना, दिवास्वप्न, मनस्तरङ्ग, स्वैरकल्पना आदिबाट सन्तुष्टि प्राप्त गर्ने चेष्टा गर्दछ । (बराल क, २०६८ : १२-११७ )

उन्नाइसौँ शताब्दीको अन्त तथा बीसौँ शताब्दीको पूर्वार्द्धमा मनोवैश्लेषिक समालोचनाको जगलाई संस्थागत रूप दिने सिग्मन्ड फ्रायडले मनको गत्यात्मक पक्षलाई इद, अहम् र पराअहम् गरी तीन भागमा बाँडेका छन् । फ्रायडका अनुसार सम्पूर्ण इच्छाहरूको जन्म इदबाटै हुन्छ । यो कामशक्ति वा कामवासनासँग सम्बद्ध भई त्यसको तत्काल तुष्टिको चाहना राख्दछ । इद रमाइलो, आनन्द तथा सुखको सिद्धान्तबाट परिचालित छ । यसले कष्ट, तनाव बेहोर्न नसक्ने र यो सधैँ आग्रहशील, संवेगशील, अबौद्धिक, अतार्किक, असामाजिक, स्वार्थी, सुखापेक्षी, उच्छृङखल र अनैतिक हुन्छ । मूलप्रवृत्तिको सन्तुष्टिका लागि इदले सामाजिक मर्यादा, आचारसंहिता र नैतिक अवरोधको वास्ता नगर्ने हुँदा यसको स्वरूप अचेतन प्रकारको हुन्छ । मन वा चेतन बुद्धिलाई फ्रायडले अहम् मानेका छन् । बाह्य वातावरणसँग सम्पर्क स्थापित गर्न सक्ने अहम्ले मानिसका मूलप्रवृत्ति र सामाजिक एवम् भौतिक यथार्थमा सामञ्जस्य स्थापित गरेर बढीभन्दा बढी सन्तुष्टि प्राप्त गर्न चाहन्छ । अहम्ले इदको छाडा इच्छाहरूलाई सन्तुष्ट पार्ने प्रयास गर्दछ । अहम् वास्तविकताको नियमद्वारा निर्देशित हुन्छ । अहम् आंशिक रूपमा चेतन र अचेतन दुवै हुन्छ भने यसले इद र पराअहम्का बीच सन्तुलन राख्ने काम गर्दछ । अहम्ले अनुकूल पर्दा इदका इच्छाहरूको तुष्टि गर्ने र प्रतिकूल पर्दा दमन गर्ने काम गर्दछ । फ्रायडका अनुसार पराअहम्चाहिँ सामाजिकता, नैतिकता र आदर्शको प्रतिनिधित्त्व गर्ने शक्ति हो । पराअहम्को सम्बन्ध चेतनसँग हुन्छ, त्यसैले चेतनामा सञ्चित भएका सामाजिक आदर्श तथा सांस्कृति प्रभाव नै पराअहम्का रूपमा विकसित भएको हुन्छ । पराअहम्ले इदका असामाजिक, अनैतिक तथा अस्वीकार्य मूलप्रवृत्तिहरूलाई चेतनामा आउन रोक्छ र अचेतनतिर फर्काउँछ । पराअहम् भनेको चेतन मन हो र यो सामाजिक आचारविचार तथा नियम अनुरूप परिचालित हुन्छ । यस आधारमा इदलाई जैविक पक्ष, अहम्लाई मानसिक पक्ष तथा पराअहम्लाई सामाजिक पक्षसँग सम्बद्ध मानिन्छ । यसरी फ्रायडको मनका आकारात्मक र गत्यात्मक पक्षको आधारमा हेर्दा मानिसको आत्मपहिचान इद र पराअहम्को दबाबमा बनेको हुन्छ । प्रत्येक मानिसको आत्मपहिचान इद, इगो र सुपरइगोको सम्मिश्रणले बन्ने गर्दछ । इद जीवनका रमाइला पक्षहरू र सन्तुष्टिका पक्षहरू खास गरेर कामवासना र त्यसको इच्छाहरूबाट निर्देशित हुन्छ । इगो

भनेको मानिसको वास्तविक पहिचान हो । इगोको निर्माण सामाजिक र सांस्कृतिक तत्त्वहरूले र ती तत्त्वले बनाएको अर्थहरूबाट निर्देशित हुने गर्दछ । त्यसै गरी सुपर इगो भनेको समाज र संस्कृति, मूल्य र मान्यताहरूले मानवसँग गरेको आशाको प्रतिफल हो । इद र इगोको सम्बन्ध द्वन्द्वात्मक हुन्छ जसले गर्दा मानव सभ्यताले अभिघातको अनुभव गर्न पुग्दछ । फ्रायडका अनुसार अहम् नै आत्मपहिचान हो । इदबाट निर्देशित मानिसका इच्छाहरू तथा कामबासनाका तृष्णासँग सम्बन्धित इच्छा अनि समाज र संस्कारले व्यक्तिबाट गरेको आशाद्वारा मानिसको आत्मपहिचान निर्माण हुन्छ । अर्को शब्दमा द्वन्द्वको सिर्जनाबाट आत्मपहिचान निर्माण भएको हुन्छ र त्यस आत्मपहिचानले अभिघातको अनुभवको सिर्जना गराउँछ (फ्रायड, १९९० : ५४) ।  आफूलाई गर्न मन लागेको कुरा र गर्न नपाएको कुराले द्वन्द्व उत्पन्न हुन्छ भने त्यही द्वन्द्वको उपज आत्मपहिचान हो । यसरी फ्रायडका अनुसार द्वन्द्वले बनेको आत्मपहिचान अभिघात हो अर्थात् आत्मपहिचानले नै अभिघातको सिर्जना गर्दछ ।

### २.८.१.२ लकाँको सिद्धान्त

फ्रायडका चेला लँकाले मनोविज्ञानलाई भाषिक विज्ञानसँग जोडेर हेरे । लकाँका अनुसार सबै मानिसले भाषाको माध्यमबाट उपस्थिति र सन्तुष्टि खोजिरहेका हुन्छन् तर भाषाको संसार अनुपस्थितिको संसार भएकोले सन्तुष्टि र पूर्णताको अनुभूति लगातार स्थगित र विलम्बित भइरहन्छ । किनभने मानव अनुभूतिको पूर्णतालाई छिनालेर विच्छेद गर्ने काम भाषा वा पद्धतिले नै गर्दछ । प्रारम्भिक अवस्थामा शिशुले आफ्नो अहम् वा 'म' भन्ने कुरोलाई ठम्याउन सक्दैन । यस अवस्थामा शिशुले आफ्नो र आफ्नो आमाको शरीर एकै हो भन्ने ठान्दछ । 'ऐना प्रकरण' को अवधिमा मात्र शिशुमा अहम्को प्रार्दुभाव अथवा 'म' हुँ भन्ने भावनाको उत्पत्तिको पहिलो लक्षण देखा पर्दछ । ऐना प्रकरणमा शिशुले उसको प्रतिरूप ऐनामा देख्छ र त्यो प्रतिरूप भनेको 'म हुँ ' भनी अनुभूति गर्दै रमाउँछ । ऐनामा देखिएको आत्म-प्रतिबिम्बसँगको साक्षात्कारसँगै शिशुको व्यक्तिगत अहम्को बीजारोपण हुन पुग्दछ । शिशुले ऐनामा देखेको आफ्नो प्रतिबिम्बलाई देखेर 'त्यो मै हुँ' भन्दै रमाएको हुन्छ भने अर्कोतिर त्यस प्रतिबिम्ब र शिशुको आफ्नो शरीर बीचको दूरी वा बेमेलको भान पाउँछ । जैवीक शरीरको अनियन्त्रित अनुभूति र ऐनाको प्रस्ट प्रतिबिम्बबीचको बेमेलको कारणले गर्दा बालकले पीडायुक्त पृथकताको अनुभूति गदर्छ । शिशुको जीवनमा छ महिनादेखि अठार महिनासम्मको समयावधिमा ऐना प्रकरण घटित हुने भए तापनि यसै ऐना प्रकरणको अवधिभित्रमा नै घटित हुने परिकल्पना पद्धति भने मानिसको जीवनभरि नै रहने कुरा लकाँले बताएका छन् । जसरी शिशुले ऐनाको प्रतिबिम्बलाई हेरेर 'त्यो म हुँ' भनी अनुभव गर्दछ, त्यसै गरी पछि गएर उसले नयाँनयाँ व्यक्ति, वस्तु वा समूहहरूसँग एकत्व स्थापित गर्दै परिचयका नयाँनयाँ आयामहरू जोड्दै लैजान्छ । उदाहरणका लागि जीवनका ती प्रारम्भिक दिनहरूमा शिशुले आफ्नो शरीरलाई आमाको शरीरभन्दा पृथक छ भनेर सोँच्दैन र आमा र आफूबीचको एकात्मकताको आनन्दमय अनुभूति गरेको हुन्छ । यस अवस्थामा बालकलाई आमा भएर नै म छु भन्ने आत्मपहिचान हुन्छ । त्यसैले उसले म नै आमा हूँ, आमा नै म हूँ भन्ने आत्मपहिचान गर्छ । यो तह प्रारम्भिक तह हो । विस्तारै पाँच-छ महिनाको उमेरमा पुगेपछि शिशुको आमाबाहेक बुवा, फुपू, दाजु, भाइ, दिदी, बहिनी आदि परिवारका सदस्यसँग र वयस्क भएपछि परिवारलगायत गाउँ, स्कूल, हुँदै पछि गएर राष्ट्रसँग समेत परिचयात्मक सम्बन्ध जोड्दछ । उदाहरणको लागि म यो स्कूलको हुँ, म यो समुदायको हुँ, म यो राष्ट्रको हुँ भनेर सोँच्दै आफ्नो अहम् वा परिचयका नयाँनयाँ तहहरू थप्दै जान्छ । अब उसले आफ्नो स्व प्रतिबिम्ब वा आमा, बाबु, फुपू, दाजु, भाइ, दिदी, बहिनी आदि परिवारका सदस्यमात्र देख्दैन । अब उसले समुदाय, राष्ट्र, जातीय समुदाय देख्न थाल्छ । म को हुँ भन्ने प्रश्नको उत्तरमा आफूलाई फलानो देशको नागरिक, गोरो, कालो, बाहुन, नेवार, लिम्बु आदि हुँ भन्ने उत्तर लगायत आदि सन्दर्भमा परिचयात्मक सम्बन्ध बनाउन खोज्दछ । यसरी उसको आत्मपहिचान बाँडिन्छ र आत्म-प्रतिबिम्बसँगको साक्षात्कार र परिकल्पना पद्धतिको प्रक्रियासँगै उसको आत्मपहिचान टुक्रिन्छ । आत्मपहिचान टुक्रिनु भनेको एक्लो हुनु हो । प्रतिबिम्बित र परिकल्पनाको यो अवस्था बालकले भाषा सिक्नु भन्दा पहिलाको अवस्था हो । लकाँका अनुसार भाषाको संसारभित्र प्रवेश गर्नुअघि शिशुले आफ्नो र आफ्नी आमाको शरीर एउटै हुन् भनेर सोच्दै पूर्णता र सन्तुष्टिको अनुभव गर्दछ ।  व्यक्तिको भाषा र भाषिक आयामभित्रको प्रवेश नै उसको आत्मपहिचानको शुरूवात हो

भन्ने तर्क लकाँको रहेको छ । बालक भाषाको संसारमा प्रवेश गर्नेबित्तिकै भने उसका पूर्णताका अनुभूतिहरू अन्तहीन अभाव र अपूर्णतामा गएर टुङ्गिन्छन् भन्दै लकाँले भाषामा भएको अभाव र अनुपस्थितिलाई आत्मपहिचान टुक्रिनुको कारण मानेका छन् । भाषाको संसारमा प्रवेश गर्ना साथै शिशुको पूर्णता र सन्तुष्टिको संसार हराउँछ । त्यसपछि उसको संसार सधैंका निम्ति अपूर्णता र अनुपस्थितिको संसार बन्न पुग्दछ । त्यसपछि ऊ जीवनभर पूर्णता र सन्तुष्टिको खोजीमा एउटा सङ्केतबाट अर्को सङ्केततिर चिप्लिरहन्छ भन्ने धारणा  लकाँको रहेको छ । लकाँका अनुसार सबै भाषा आलङ्कारिक हुने भएकाले प्रतिबिम्ब र प्रतिकल्पनाका दुवै पद्धतिहरूभन्दा बाहिर यथार्थ सङ्केतित रहन्छ (उप्रेती, २०६८ : ५३-५५) ।

यसरी भाषा प्रस्तुत गर्नु अगाडिको अवस्था र भाषा प्राप्त गरेपछिको अवस्थाद्वारा आत्मपहिचानको निर्माण भएको पाइन्छ । यसलाई लकाँनले प्रतिविम्बको अवस्था भनेका छन् । आत्मपहिचान व्यक्तिको प्रतिविम्बबाट शुरु हुन्छ । प्रतिविम्बको अवस्थामा आएर मात्र व्यक्तिलाई उसको काल्पनिक अवस्था र आत्मपहिचान, वास्तविक अवस्था र आत्मपहिचानको अनुभव हुन पुग्दछ । लकानको तर्कअनुसार प्रतिविम्बको अवस्था आत्मपहिचानको अवस्था हो तर त्यस अवस्थाको आत्मपहिचानका लागि व्यक्तिले काल्पनिक अवस्थाबाट विच्छेद गरेको हुनु पर्दछ । यसरी काल्पनिक अवस्थाबाट प्रतिविम्बको अवस्थामा आइपुग्दा व्यक्तिको आत्मपहिचान बनेको देखिन्छ । यस पहिचानको निर्माणसँगसँगै अभिघातको पनि शुरूवात हुन पुग्दछ । भाषा र भाषिक आयामभित्रको प्रवेश व्यक्ति र उसको आत्मपहिचानको विच्छेद हो । यस किसिमको सम्बन्ध र त्यस सम्बन्धले बनाएको आत्मपहिचान पछि गएर अभिघातमा परिणत हुन पुग्दछ । साङ्केतिक अवस्थामा आत्मपहिचान भनेको भाषा सिकेपछिको अवस्थाको परिणाम हो र पहिलाको अवस्थाबाट टुक्रिनु हो । कहिल्यै पूरा नहुने इच्छाले मानिसलाई जीवनभरि आकार दिन्छ । आत्मपहिचानले तृष्णा, अभावलाई जन्म दिन्छ र त्यही तृष्णा, अभावले जिन्दगीभरि मानिसलाई डोऱ्याउँछ । अभावले डोऱ्याएर बनेको पहिचान अभिघात हो । प्रतिबिम्ब र परिकल्पना, यी दुई अवस्थामा मानिसलाई समस्या हुन्न तर तेस्रो तह भाषा सङ्केतको तह हो । जब, मानिसले आफ्नो आत्मपहिचान, समाज, भाषा, मूल्यमान्यतासँग रहेछ भनेर बुझ्दछ तब मानिसमा अभिघात शुरू हुन्छ । अतः यसरी लकाँले मनोविज्ञानलाई अभिघातसँग जोडेर हेरे । लँकाका अनुसार भाषा सिकेपछि शुरू भएको पहिचानबाट अभिघातको सिर्जना हुन पुग्दछ । (रिचर्ड, २००२ : १०२)

### २.८.१.३ कार्ल गुस्ताभ युङको सिद्धान्त

मानव मनलाई नै सम्पूर्ण व्यक्तित्वको जग मान्ने कार्ल गुस्ताभ युङका अनुसार मनले सम्पूर्णताको प्रतिनिधित्त्व गर्दछ । व्यक्तित्वको बनावट अन्तर्गत मनलाई  चेतनाको तह, व्यक्तिगत अचेतनको तह र सामूहिक अचेतनको तह गरी तीन तहमा विभाजन गरेका छन् । युङले अचेतनलाई वैयक्तिक अचेतन र सामूहिक अचेतन भन्ने दुई स्तरमा बाँडेका छन् । वैयक्तिक अचेतन भनेको आदिम मूल प्रवृत्तिहरू र व्यक्तित्त्वका अविकसित प्रवृत्तिहरूको पुञ्ज मानिन्छ । त्यस्तै सामूहिक अचेतन भनेको संस्कृति, आदिम विश्वास, ऐतिहासिक र परम्परागत संस्कार एवं व्यावहारिक प्रतिक्रियाहरूको पुञ्ज हो  र यो व्यक्तिले पुराना पुस्ताबाट उत्तराधिकार स्वरूप प्राप्त गर्दछ । युङले वैयक्तिक अचेतनलाई सतही मानेका छन् भने सामूहिक अचेतनको स्थिति त्यसको अन्तर्तहमा रहने बताएका छन् र यसलाई उनले आद्यरूप मानेका छन् । युङले चेतन मनलाई वास्तविक नमानी अचेतन मनलाई वास्तविक मानेका छन् । युङले चेतनलाई अचेतनको छद्मरूप भन्दछन् । त्यसैल अचेतन कहिल्यै पनि प्रत्यक्ष रूपमा प्रकट हुँदैन र त्यो अप्रत्यक्ष सङ्केतहरूका माध्यमबाट द्योतित हुन्छ । चेतन मनमा व्यक्तिका स्वसम्बन्धी धारणा, स्मृति, अनुभव आदि सङ्कलित रूपमा रहेका हुन्छन् भने व्यक्तिगत अचेतन मनमा व्यक्ति विशेषका इच्छा, संवेग, क्षीण स्मृति, दमित, कुण्ठित अनुभव आदि रहेका हुन्छन् । चेतन मन र व्यक्तिगत अचेतन मनको दूरी त्यति टाढा हुँदैन । सामूहिक अचेतन मनको ज्ञान भने व्यक्तिलाई हुँदैन । मनको यस तहमा विगत पिँढी तथा आदिकालीन पूर्वजहरूको सञ्चित अनुभव तथा अनुभूतिहरू रहेका हुन्छन् । यसको संरचना व्यक्तिनिरपेक्ष र सार्वभौम किसिमको हुन्छ । युङका मतमा सामूहिक अचेतन मनमा अनन्त समयदेखि सञ्चित अनुभव एवं संस्कार व्यक्तिका अन्तर्मुखी र बर्हिमुखी वृत्तिका बीच सामञ्जस्य भएपछि विभिन्न बिम्ब, प्रतीक, मिथक आदिका माध्यमद्वारा अभिव्यक्त हुन्छ

। (बराल क, २०६८ :६७-७७ )

कार्लगुस्ताभ युङ र उनको सामूहिक अचेतन मनको सिदान्त अभिघातसँग सम्बन्धित रहेको पाइन्छ। सामूहिक अचेतनको सिद्धान्त युङको चेतन तथा व्यक्तिगत अचेतनको तुलनामा बढी मौलिक देखिन्छ। युङका विचारमा सामूहिक अचेतन मन निदाएको अवस्थाजस्तै हुन्छ र यो जीवन भोगाइको समय तथा स्थानभन्दा परको अनुभव हो। युङका अनुसार अचेतन र चेतन मनको सम्बन्ध द्वन्द्वात्मक हुन्छ, जुन न त फ्रायडले भनेजस्तो कामबासनाद्वारा निर्देशित हुन्छ न त लकाँले भनेजस्तो भाषा तथा भाषिक आयामले बनेको व्यक्तिको आत्मपहिचान जस्तो हुन्छ। अचेतन मन भनेको वास्तवमा आफ्नो मूल्यमान्यता र संस्कारहरूको आद्यबिम्बसँग सम्बन्धित हुन्छ। आत्मपहिचान आद्यबिम्ब र आद्यबिम्बद्वारा निर्देशित भएका तत्वले बन्दछ। कुनै पनि काम, कुरा गर्नु, बोल्नु वा सोँच्नु भनेको कर्ताले आफ्नो आद्यबिम्बसम्म आफ्नो पहुँच पुर्‍याउन खोज्नु हो तर प्रत्येक मानिस आफ्नो आत्मपहिचान र आफ्नो आद्यबिम्बको सम्बन्धबाट बञ्चित भएको हुन्छ। यसको कारणले गर्दा व्यक्तिको आत्मपहिचान अभिघातद्वारा बनेको भन्ने बुझिन्छ। आत्मपहिचान र आद्यबिम्बबीचको दूरी नै अभिघातको दूरी हो। यस किसिमको दूरी मेटाउन खोज्नु व्यक्तिको आफ्नो आद्यबिम्बसम्म जान खोज्नुको प्रयास हो तर यो प्रयास संभव भने हुँदैन, जसको कारणले गर्दा मानिस जीवनभरि अभिघात भएर बाँच्नु पर्दछ (युङ्ग, १९७० : ८९)।

### २.८.१.४ जेफ्री हार्टमानको सिद्धान्त

अमेरिकी उत्तरआधुनिकतावादी जेफ्री हार्टमानका अनुसार अभिघात मनोवैज्ञानिक शङ्कावादमा आधारित छ। सम्पूर्ण कला र साहित्य एउटा मनोवैज्ञानिक शङ्कावाद हो र मनोवैज्ञानिक शङ्काले अभिघात हुन्छ। हर्टम्यानका अनुसार सम्पूर्ण विचार, साहित्य, दर्शन, कला अभिघातको मनोवैज्ञानिक दायरामा शङ्कास्पद रूपमा रहेको हुन्छ। ऐतिहासिक आख्यानले अतीतको यथार्थ प्रकृतिलाई गम्भीरताका साथ अभिव्यक्ति दिन सक्दैन किनकी साहित्य कल्पना, भावना र बुद्धिद्वारा सिर्जित हुन्छ। यो हुनु भनेको वस्तुनिष्ठता दुर्लभ हुनु हो। अभिघात मनोवैज्ञानिक शङ्कावादमा आधारित छ। साहित्यको भाषा आलङ्कारिक हुन्छ। अर्को अर्थमा हर्टम्यानले शब्द र अभिघातको सम्बन्धबारे कुरा गरे। शब्द अभिघातको बाहक हो। मानिसको भाषामा घाउ अर्थात् अभिघात लुकेको हुन्छ। साहित्यको भाषामा त्यही घाउको अध्ययन हुन्छ। भाषाको धन भनेको वाग्मिता, अलङ्कार एवम् बक्रोक्तिहरू हुन् र भाषामो प्रयोग हुने अलङ्कार बक्रोक्तिहरूले घाउ लुकाएको हुन्छ। त्यसैले अभिघातको अध्ययन नै शब्द र महिला, दलित, उपनिवेशित आदि सिमान्तीकरणहरूको घाउको सम्बन्ध हो। साहित्यमा अभिव्यक्त प्रत्येक शब्दमा चिच्याहाट लुकेको हुन्छ तर त्यो चिच्याहाटलाई अलङ्कारले छोपेको हुन्छ किनकि शब्द र त्यो शब्दले व्यक्त गर्न खोजेको भाव अलग हुन्छ। भन्न खोजेको कुरा र शब्दले दिएको अर्थमा जुन रिक्तता हुन्छ त्यो अभिघात हो। भाषाले गरेको प्रस्तुतिकरण र त्यो भाषाले दिएको अर्थ बीच फरक हुन्छ। भाषा शङ्काको दायरामा आउनु भनेको भाषाको सत्य नरहनु हो। त्यसैले साहित्य शङ्का हो भनिन्छ।

हार्टमानका अनुसार कुनै पनि घटना र त्यस घटना घटेको क्षणको स्मृति गरी अभिघात दुई कुराले बन्छ। उनका अनुसार अभिघातको वास्तविक घटना घटेपछि होइन, जन्मेदेखि नै मानिसको अचेतन मनदेखि यस्ता अभिघातजन्य घटना सिर्जना हुन पुग्दछ। कुनै पनि व्यक्ति जन्मैदेखि शारीरिक, मानसिक, सामाजिक, आर्थिक वा अन्य कुनै न कुनै रूपमा असक्षम, विषम वा अपूर्ण भएका अनुभवसम्बद्ध विषयहरू अचेतन मनमा सञ्चित हुने भएकाले यसैको प्रतिफल स्वरूप उसको अहम्मा आघात पुग्न जान्छ। यसरी आघात र प्रताडित हुन पुगेको अहम्ले हीनत्व भावलाई जन्म दिन्छ। व्यक्तिले आफूमा सिर्जित यही हीनत्व भावको क्षतिपूर्ति स्वरूप श्रेष्ठत्व प्राप्ति वा अहम् स्थापनाका लागि विभिन्न क्रियाकलाप एवम् व्यवहार गर्न पुग्दछ भने साहित्यकारले सृजना गरेको साहित्य कृतिलाई पनि यसै सन्दर्भमा हेर्न सकिन्छ। त्यसैले मानिसको सिकाइ, क्रियाकलाप एवम् व्यवहार अभिघातबाट निर्देशित हुन्छ र अभिघातको घटना अनुभव, बुझाइ, सिकाइले मानिसको क्रियाकलाप एवं व्यवहारलाई अर्कै आकार दिएको हुन्छ।

हर्टमानका अनुसार कोशीय अर्थ अर्थात् वाच्यार्थ र ध्वन्यात्मक अर्थ गरी भाषाका यी दुई अर्थबाट अभिघात बुझिन्छ । भाषा भनेको कोशीय अर्थका दृष्टिले एक हुन्छ र साहित्यिक अर्थात् ध्वन्यात्मक दृष्टिकोणले अनेक हुन्छ । यसले वास्तविक रूप र देखिएको रूपमा फरक ल्याउँछ । साहित्य नैसर्गिक रूपमा नै द्वयर्थकताले भरिपूर्ण भएकोले एकै रूपका अनेक अर्थयुग्मकहरू कार्यान्वित हुन सक्छन् । त्यसैले अभिघात भनेको शाब्दिक र साहित्यिक भाषाको सम्बन्ध हो । साहित्यमा भाषाद्वारा घाउलाई जहिले पनि छेक्न खोजिन्छ । आफ्नो कृतिमा साहित्यकारले साहित्य र घाउको सम्बन्धको कुरा गर्दछन् । साहित्य अभिघातको बाहक हुन्छ । साहित्य भाषा र घाउको सम्बन्ध हो अनि शब्द र शब्दको प्रस्तुतिकरणको सम्बन्ध हेर्नु अभिघात हो । वास्तविक घटेको अभिघातको घटना र त्यो घटनाको सम्झनाबाट अभिघात बन्दछ र त्यसको चित्रण साहित्यमा हुन्छ । मानिसको परिचय भनेको विभिन्न अभिघातले बनेको हुन्छ र अभिघात भनेको वास्तविक घटना र त्यो घटनाको सम्झाइको सम्बन्ध हो । अभिघातमा घटना र त्यो घटनाको सम्झनाको सम्बन्ध हुन्छ । (हार्टमान तथा डिनायल २००४ :२७३-२७५ )

## २.८.२ अभिघात सिद्धान्तको सामाजिक-सांस्कृतिक पक्ष

### विषयप्रवेश

अभिघात सिद्धान्त उत्तरआधुनिकताभित्र पर्ने विभिन्न सिद्धान्तमध्येको एक सिद्धान्त हो । उत्तरआधुनिकता व्यापक साहित्यिक सिद्धान्त भएको हुँदा उत्तरआधुनिकतालाई छाता सिद्धान्तका रूपमा लिइन्छ भने यही छातासिद्धान्तको एउटा शाखाको रूपमा अभिघात सिद्धान्तलाई चिनिन्छ । अभिघात सिद्धान्तले समालोचनाका क्रममा वाङ्मयका विभिन्न शाखा र अनुशासनमा प्रयोग हुने सिद्धान्त र पद्धतिको पनि सहयोग लिन्छ र आफ्नो आवश्यकता र उद्देश्य अनुरूप तिनको प्रयोग गर्दछ । त्यस सन्दर्भमा विशेषत: उत्तरआधुनिक युगमा विकसित विभिन्न सैद्धान्तिक चिन्तन तथा सैद्धान्तिक चिन्तकहरू मध्ये उत्तर मार्क्सवाद, नारीवाद, सिमान्तीकरण, उत्तर आधुनिक युगको पूर्ववर्ती चिन्तनको रूममा चिनिने उत्तर मार्क्सवादसम्बद्ध सैद्धान्तिक चिन्तन र पल डि. म्यान, डोमिनिक ला काप्रा, क्याथीक्यारुथ, जेम्सबर्गरका सैद्धान्तिक चिन्तकहरूको अभिघातसम्बन्धी विचारलाई मात्र अभिघात सिद्धान्तको सामाजिक-सांस्कृतिक पक्ष शीर्षकअन्तर्गत छोटकरीमा उल्लेख गरिएको छ । उत्तरमार्क्सवादसम्बद्ध सैद्धान्तिक विचारधारा, नारीवादसम्बद्ध सैद्धान्तिक चिन्तनमा भर्जिनिया उल्फ, कोराकाप्लान र सिमोन द विभियरको विचारधारालाई अनि सिमान्तीकरणसम्बद्ध सैद्धान्तिक चिन्तनमा गायत्री चक्रवर्ती स्पिभकको विचारधारालाई मात्र आधार मानिएको छ । यी विभिन्न सैद्धान्तिक चिन्तन तथा सैद्धान्तिक चिन्तकहरूको विचारधारालाई क्रमश: उत्तर मार्क्सवाद र अभिघात, नारीवाद र अभिघात, सीमान्तीकरण र अभिघात, पल डी म्यानको सिद्धान्त, डोमिनिक ला काप्राको सिद्धान्त, क्याथी क्यारुथको सिद्धान्त र जेम्स बर्गरको सिद्धान्त शीर्षकअन्तर्गत तल उल्लेख गरिएको छ ।

## २.८.२.१ उत्तर मार्क्सवाद र अभिघात

साम्यवादका संस्थापक तथा सर्वहारा वर्गका पथप्रदर्शक एवं मार्क्सवादका प्रवर्तक कार्ल मार्क्स कट्टर भौतिकवादी दार्शनिक हुन् । उनी सबै कुराको केन्द्रबिन्दु पदार्थलाई मान्दछन् । मार्क्सवादका अनुसार भौतिक पदार्थ नै यस संसारको आधार हो । मार्क्सवादका अनुसार चैतन्य वस्तुहरू गौण हुन्छन् भने पदार्थहरू प्रमुख हुन्छन् । मार्क्सवाद भनेको वर्ग सङ्घर्ष हो । विभिन्न दर्शनमध्ये मार्क्सवाद पनि एउटा दर्शन हो । मार्क्सवादका अनुसार मान्छेको चेतना समाज र संस्कार-संस्कृतिले निर्धारण गर्दछ । मानिसको चेतना र आत्मपहिचान सामाजिक र सांस्कृतिक तत्त्वले निर्माण गर्ने भएकोले मार्क्सवादको अनुसार मान्छेको चेतनाले उसको अस्तित्व र आत्मपहिचान बन्ने होइन बरू मानिस सामाजिक प्राणी भएकैले गर्दा सामाजिक र सांस्कृतिक तत्त्वहरूले उसको चेतना र आत्मपहिचान निर्माण हुने गर्दछ किनकि समाजमा चली आएका मान्यतालाई अर्थात् बुर्जुवा तथा पुँजिपति वर्गले निर्धारण गरेको सामाजिक मान्यतालाई सर्वहारा तथा शक्तिहीन वर्गले सत्य भनेर स्वीकार गरी त्यही मान्यतालाई मानिरहेको हुँदा त्यो सत्य तथा मान्यता पीडितको अवचेतनमा जरा गाडेर बसेको हुन्छ । समाजमा चली आएका त्यो समाजिक मान्यताले सर्वहारा वर्गको दैनिक जीवनको सोँच तथा

व्यवहारमा प्रभाव पारिरहेको हुन्छ । समाजमा चली आएका त्यस्ता मान्यताको वास्तविक असरहरू हुन्छन् । ती वास्तविक असरहरूले मानिसको दैनिक जीवनको सोँच तथा व्यवहारलाई प्रभावित गर्दछन् । मानिसका वास्तविक जीवनका थुप्रै मान्यताहरू विभिन्न किसिमका सामाजिक मान्यताहरूको सञ्चालनमा चलायमान हुन्छ । त्यसैले पुँजिपति अर्थात् शक्तिशाली वर्गले निर्धारण गरेको विभिन्न किसिमका समाजिक मान्यतासँग श्रमिक वर्गले अन्तरीकरण गर्दै दुःखद अनुभवसम्बद्ध वास्तविक परिप्रेक्ष्यसँग काल्पनिक सम्बन्ध स्थापित गरेका हुन्छन् । उदाहरणको लागि जीवनका दुःखहरू अघिको जीवनका कुकृत्यका परिणाम भएको ठानी ती दुःखलाई स्वाभाविक सम्झनु, यस जीवनमा दुःख पाए पनि धैर्य गरेमा अर्को जीवनमा ईश्वरको अनुकम्पाद्वारा धनी र सुखी बन्न सकिन्छ भन्ने विश्वास गर्नु, दुःख, सुख सधैँ आइरहन्छन्, गइरहन्छन् यो त सबै पूर्वजन्मको फल हो भन्ने कुरामा विश्वास गर्नु, गरिब भए पनि इमानदार बनी आफ्नो काममा लागिरहने  मिहिनेती मानिसको कल्याण हुन्छ भन्ने विश्वास गर्नु, राष्ट्रको राम्रो नागरिक तथा राष्ट्रवादी हुनु पर्दछ, निरन्तर कोसिस गरे पक्कै आर्थिक उपलब्धि हासिल हुनेछ भन्ने आदि मान्यता तथा विश्वासले गर्दा श्रमिक शासित भइरहने स्वीकारोक्ति प्राप्त गर्दै जान्छ । यस्ता सामाजिक मान्यता तथा विश्वासहरू प्रत्यक्ष रूपमा मात्र नभई अवचेतनको तहमा समेत लगातार चलायमान हुन्छन् भन्ने नवमार्क्सवादी एल्थ्युसरको मनोवैश्लेषिक अवधारणा पाइन्छ (उप्रेती, २०६८ :१७५) ।

जाति, धर्म, राष्ट्रियता, आचरण आदि जनाउने प्रभुत्वशाली सामाजिक र सांस्कृतिक सङ्कथन मार्फत ती सामाजिक मान्यता तथा विश्वासहरू व्यक्तिभित्र प्रवेश गर्दछ र ती सामाजिक मान्यता तथा विश्वासले पुँजिपति वर्ग र श्रमिकबीचको दूरीको अन्तराललाई अझै बढाइदिन्छ । यसले गर्दा श्रमिक आफ्नो श्रम बाट बञ्चित हुन्छ । यसरी विभिन्न प्रकारका समाजिक मान्यताका चेतन तथा अवचेतन योगका कारण श्रमिकले शासकको शक्ति तथा दक्षताको अगाडि आफ्नै निर्बलताप्रति समभ्फदारी कायम गर्दछ । यसबाट सामन्ती वर्ग र श्रमिक वर्गबीच झन् दूरी कायम हुन पुग्दछ । श्रमिक र उसको श्रमबीचको सम्बन्ध सङ्क्रमणमा पर्न जान्छ र यसले श्रमिक र उसको श्रमबीच दूरी निर्माण हुन गई त्यस दूरी एक अभिघातको रूपमा विकास हुन पुग्दछ । (सेल्डन र  विडोसन, १९९३ : ७०-७२)

### २.८.२.२ नारीवाद र अभिघात

नारीवाद सन् १९६० को दशकमा विकसित भएको बौद्धिक तथा व्यावहारिक आन्दोलन हो । जसले सामाजिक, सांस्कृतिक, साहित्यिक आदि अनेक क्षेत्रमा नारी जातिको पक्षबाट बोल्दछ । नारीको हकहितसँग सम्बन्धित रहेको नारीवादले नारीको हकहितलाई सामाजिक र सांस्कृतिक तहमा नै सम्मान गरिनु पर्छ भन्ने विचार राख्दछ । नारीको हितको विकासमा सघाउ पुऱ्याउनको लागि नारी जातिको स्तन्त्रताको निम्ति उठेका सबैथरी विचारहरूलाई यसले ओगट्दछ । नारीवाद नारीसम्बन्धी त्यस्तो सिद्धान्त हो जसले नारीलाई मुक्ति दिन, उठाउन, आत्मनिर्भर बन्न बल दिन्छ ( गौतम,२०५९:३४४) । उत्पादन प्रणालीमा जब प्रगति हुन थाल्यो अनि पुरुषहरूले उत्पादन शक्तिमा प्रमुख भूमिका निर्वाह गर्न थालेको पाइन्छ । श्रम विभाजनका कारणले समाज शोषक र शोषित दुई वर्गमा बाँडिन पुगेपछि जग्गा, औजार, पशु, कामदारमाथि पुरुषले अधिकार जमाउँदै गएपछि महिलाको स्थान गौण हुन पुगेको देखिन्छ । यसरी माहिला र पुरुषका बीचमा विद्यमान रहेको जैविक विविधताबाहेक औद्योगिकीकरणले पुरुषवादको सीमारेखा कोरिदिएको पाइन्छ । समाज र संस्कारले लिङ्गको पहिचान र स्वरूप निर्धारण गरेको पाइन्छ । यसरी समाजले आफैं विकसित गर्दै लगेको लैङ्गिकताको अवधारणाले सिङ्गो मानव जातिलाई विभाजित मात्र गरेन, उनीहरूप्रति गरिने व्यवहार, दर्शाइने दृष्टिकोण, दिइने जिम्मेवारी र उपलब्ध गराइने अवसरहरू नै विभेदकारी हुने गरी निर्धारित समेत गरिएको देखिन्छ । तसर्थ यसलाई समाज र संस्कारद्वारा नै परिवर्तन गर्न सकिन्छ भन्ने मान्यता पाइन्छ । अर्को शब्दमा भन्दा नारीवादले समाज र संस्कारले बनाएको मूल्य र मान्यताद्वारा वार्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक, क्षेत्रीय आदि विषयमा नारीलाई भेदभाव गरिएको पाइन्छ । समाज र संस्कारले बनाएको मूल्य र मान्यताद्वारा नै नारीको पहिचान बन्ने गरेको र त्यस पहिचानले नारीको परिचय सीमान्तीकृत गरेको हुन्छ । यसले गर्दा नारी अवहेलित भएर बस्नुका साथै सम्पूर्ण कुरामा पुरुषमाथि निर्भर

भएर बस्न बाध्य हुनुपर्दछ । यसले गर्दा पितृसत्तात्मक समाज र संस्कारले बनाएको मूल्य र मान्यताद्वारा पीडित महिलाले बारम्बार विभिन्न प्रकारका कठोर मानसिक तथा शारीरिक चोट, हिंसा, दुर्व्यवहार भोग्नु परेको हुन्छ । महिलाले पुरुष स्वजन वा घरपरिवार, पितृसत्तात्मक समाज तथा संस्कृतिबाट लामो समयदेखि भावनात्मक र शारीरिक यातना निरन्तर पाएका हुन्छन् । यस्तो अभिघातजन्य दुर्व्यवहारबाट महिलाको शारीरिक, मानसिक मनोदशा यति कमजोर हुन पुग्दछ कि महिलाले पीडकले आफूलाई दिएको पीडाप्रति प्रतिरोध गर्न र त्यसबाट उम्कन नसक्ने अवस्था हुन जान्छ । यसको साथै पीडित महिलाले आफ्नो सन्तानको हेरचाह तथा दैनिक घरेलु काम गर्न पनि असमर्थ भएको पाइन्छ । पीडित महिलामा विस्तारै मानसिक अस्वस्थ्यता, मानसिक द्वन्द्व, मानसिक द्वन्द्वबाट विभिन्न प्रकारका शारीरिक तथा मानसिक कमजोरी उत्पन्न हुन जानु, उदासिनता हुनु, आत्मविश्वास र आत्मसम्मान गुमाउनु आदिजस्ता लक्षणहरू भेट्न सकिन्छ । यस्ता लक्षणहरूलाई प्रताडित महिलाको मानसिक अभिघातको अवस्थाको रूपमा लिइन्छ । मनोवैज्ञानिकहरूको कथनअनुसार हिंसाबाट प्रताडित महिलाहरूको अवस्था हिंसा सहन गर्दागर्दै यस्तो अवस्था बन्न पुग्दछ कि तिनीहरू घटनाको दोषी स्वयंलाई नै मान्दछन् । महिलामा यतिसम्म क्षमताको ह्रास हुन पुग्दछ कि तिनीहरूले हिंसाको जिम्मेवारी आफूबाहेक अन्यत्र रहेको मान्दैनन् । महिलाहरू आफ्नो बाँच्ने अधिकारका साथै सन्तानको जीवनका बारेमा गम्भीर र चिन्तित हुन्छन् । उनीहरू हिंसाको घटना र पीडकले दिएको आघातको विरोध र प्रतिकार गर्न चाहँदैनन् । सहँदासहँदा अति भएपछि भने अन्ततः आक्रामक शैलीमा विद्रोह र प्रतिकार गर्न पुग्दछन् त्यसलाई पनि अभिघातजन्य मानसिक मनोदशाको रूपमा हेर्न सकिन्छ । ( कार्की, २०६८ : २३७-२३८)

यसरी पितृसत्तात्मक समाजका संरचना तथा विचारमान्यता द्वारा सृजना  र विकास गरिएको समाज र संस्कारको कारण महिलामा अभिघातको जन्म हुन पुग्दछ । नारी पुरुष नभएको र त्यसले गर्दा विविध क्षेत्रसम्बद्ध शक्ति र सत्ताको पहुँचदेखि बञ्चित हुनु परेको अवस्था र यसको कमीले बनाएको अभिघातको प्रतिफल स्वरूप महिलाको आत्मपहिचान बन्दछ । यस सन्दर्भमा प्रथम चरणकी आन्दोलनकारी महिलावादी लेखिका भर्जिनिया उल्फद्वारा लिखित (अठारौँ शताब्दी) निबन्ध ‘अ रुम अफ वन वन्स’ मा नारीको आत्मपहिचान र पहुँच एउटा बन्द कोठामा सीमान्तकृत गरिएको तथ्य उल्लेख गरेकी छन् । नारीको आत्मपहिचान एउटा कोठामा सीमान्तीकृत गर्नु भनेको अर्को तवरले बुझ्दा कमीको महसुस हुनु हो । त्यस कमीले आफू विविध अवसरदेखि बन्चित हुनु परेको अवस्था र त्यस अवस्थाले सृजना गरेको अभिघातको अवस्थामाथि ‘अ रुम अफ वन वन्स’ निबन्धले प्रकाश पारेको छ (ट्रानज्यू, १९८६ : २८५-२८६) । त्यसै गरी १९ औँ शताब्दीमा नारीवादको प्रर्वतक कोराकाप्लानले तर्क गरेअनुसार के पाइन्छ भने जहिले पनि समाज र संस्कारले नारीको आत्मपहिचान र सम्मानलाई चुप लाग्नु अर्थात् सहनशीलतासँग जोडेर हेरेको पाइन्छ । किनकि महिलाले आफूलाई मन नपरेको व्यवहार, आफूमाथि भएको शोषण, अन्याय लगायतका आफ्ना अनेक समस्या र पीडाहरू घर, परिवार, समाजमा पोख्न वा व्यक्त गरी भने या असन्तुष्टि र विरोध जनाई भने पितृसत्तात्मक सामाजिक संरचनाअनुसार ऊ कलङ्किनी, जिद्धी, र मर्यादाहीन ठहरिन्छे । ऊ अनुशासित, सोझी र आज्ञाकारी नारीमा पर्दिन, उल्टै उसलाई घमण्डीमा गनिन्छ । यसरी आफूले पाएको दुःख, समस्याका विरुद्ध अभिव्यक्त गरेर, बोलेर, झगडा गरेर आफ्नो अधिकार र अस्त्विप्रति सक्रियता नदेखाई बरू सहनशील भई चुपचापसँग आफ्नौं पीडा मुटुभित्रै गाँठो पारेर बसेको सन्दर्भलाई आदर्श नारीसँग जोडेर हेर्ने गरिन्छ । यसरी आदर्श नारी भनेको मौनताको पर्यायवाची हो । कोरा काप्लानको यस तर्कले के पुष्टि गर्दछ भने नारी र मौनताको सम्बन्ध त्यतिमै नटुङ्गिएर अभिघातमा गएर त्यसको अन्त्य हुन गएको पाइन्छ । मौनताले सृजना गरेको मनोवैज्ञानिक असरको फल स्वरूप अकस्मात बेहोस हुनु, डिप्रेसन, पागलपन आदि लक्षण लगायत आत्महत्यासम्ममा गएर टुङ्गिएको पाइन्छ । समाज र संस्कारले नारी मौन र सहनशील रहनुपर्छ, मौनता र सहनशीलता नै नारीको ठूलो गुण हो भन्नेजस्ता तर्कहरूले नारीको सम्मान र आत्मपहिचानलाई एउटा घाउ अर्थात् अभिघातको स्वरूप दिएको पाइन्छ । (काप्लान, २००७ :१७०)

सन् १९५३ मा सिमोन द विभियरले लेखेको पुस्तक ‘द सेकेन्ड सेक्स’लाई नारीवादी आन्दोलनमा महिला शोषणबारे उल्लेख गरिएको पुस्तकका रूपमा लिइन्छ । महिलाहरूको दोस्रो चरणको आन्दोलनमा

आफैँ सहभागी बन्न सफल भएकी नारीवादी लेखिका सिमोन द विभियरको पुस्तक 'द सेकेन्ड सेक्स' अर्थात् 'दोस्रो लिङ्ग'ले महिला हरूको दोस्रो चरणको आन्दोलनमा ठूलो उर्जा दिएको पाइन्छ। बीसौं शताब्दीकी फ्रेन्च नारीवाद प्रवर्तक सिमोन द विभियरको नारीवादको अस्तित्ववादसँगको पहिचानले कसरी नारी र अस्तित्व सामाजिक सांस्कृतिक संरचना मात्र हो भन्ने कुरा उनको विश्वप्रसिद्ध निबन्ध 'द सेकेन्ड सेक्स' मा उल्लेख गरिएको पाइन्छ । भाषा, विचार, धर्म, पारिवारिक बनोट अनि सामाजिक संरचना सबै कुरा पुरुषकै पक्षमा रहेको पाइन्छ अर्थात् संसार भनेको नै पुरुषको हो भनी यही एउटै कुरामा इङ्गित गरेको पाइन्छ । समाजमा गरिने सबै थोकको परिभाषा नै पुरुषको नियन्त्रणमा छ । हाम्रो समाजमा सामाजिक संरचना र समाज निर्माण जस्ता कुराबाट महिलालाई बाहिर राखिएको छ। यसरी महिलालाई एक प्रकारले मानव श्रेणीभन्दा बाहिर 'अर्को' ठानिन्छ। पुरुष समाजले नै महिला र पुरुषको जीवन पद्धति बीच भिन्नता बनाएको छ । सिमोनका अनुसार महिलाहरू आफ्नो शारीरिक बनावट, आमा बन्ने विशेषता र सन्तानको लालनपालनजस्ता कुराले भन्दा पनि सामाजिक ढाँचा र संरचनाको कारण प्रभावित भएका हुन्छन्। जब पुरुष जन्मन्छ अनि मान्छे जन्मिन्छ तर महिला जन्मिँदा भने मान्छे होइन बरू 'महिला' जन्मन्छे। यसरी बालकको तुलनामा बालिकाको स्याहार-सम्भार र हुर्कने कुरामा पनि पुरुष सन्तानभन्दा भिन्न व्यवहार महिला सन्तानमा परिवार र समाजले गर्ने गरेको हुन्छ। परम्पराले गर्दा महिलाहरू पुरुषभन्दा भिन्न भएका छन् । महिलाको सामाजिक भूमिका पनि अनन्तकालदेखि एउटै किसिमको छ । महिलाको भूमिका हेर्दा पुरुषलाई यौन सन्तुष्टि दिलाउने, गर्भधारण गर्ने, सन्तान जन्माउने, तिनको लालनपालन, स्याहारसम्भार गर्ने, स्तनपान गराउने, घरधन्दा गर्नेजस्ता कार्य युगौंदेखि चल्दै आएको छ । यसरी महिलाहरू सार्वजनिक जीवनभन्दा बाहिर व्यक्तिगत जीवन क्षेत्रमा मात्रै सीमित रहन्छन् । सिमोनको भनाइ अनुसार हाम्रो समाजलाई पितृसत्तात्मक संस्कृतिको नजरबाट हेरिन्छ भने महिलाको पहिचान पनि शक्तिशाली पुरुषको आडमा हुने गर्दछ। सिमोनको अर्को तर्कअनुसार वास्तवमा नारी वा नारीत्व अस्तित्वको मूल भाव होइन । मानिस जन्मँदा महिला वा पुरुष भएर जन्मिन्छ तर पछि गएर समाजले नारी र पुरुषको संज्ञा दिएर मूल्यमान्यता बनाएको पाइन्छ। यो सृष्टिको आधार भनेको नर र नारी हुन्। यसलाई अर्को अर्थमा बुझ्दा नर न पुरुष हो, नारी न महिला हो । पुरुष र महिला त पछि गएर बनिएका आयामहरू हुन् । सिमोन द विभियरको यस किसिमको तर्कले समाज र संस्कारले महिला वा नारी सृजना गरेको हुन्छ र त्यस सृजनाको सम्बन्ध अभिघातसँग जोडिएको हुन्छ भन्ने कुरा दर्शाएको छ । तसर्थ नारीवादले नारीको आत्मपहिचान, आत्मपहिचान निर्माणको प्रक्रिया र त्यस आत्मपहिचान निर्माणको प्रक्रियामा समाज, संस्कार-संस्कृति, मूल्य र मान्यताहरूको भूमिकाको अध्ययनसँग सम्बन्धित छ । त्यसैगरी आत्मपहिचान निर्माणको प्रक्रियामा समाज, संस्कार-संस्कृति, मूल्य र मान्यताहरूको भूमिकाले नारीमा पर्न गएको घात वा घाउको असर र त्यसको मुक्तिको बाटोहरूको खोजी र अनुसरण गर्ने कुरासँग पनि सम्बन्धित छ। (सिमोन, १९४९ : ३२५)

हिन्दू धर्मावलम्बीहरूको दार्शनिक ग्रन्थ मनुस्मृतिमा मानिसहरूको जन्मदेखि मृत्युसम्मको रीतिरिवाज, चलन, नियम, प्रथा, परम्परालाई सामाजिक नियम बनाएको पाइन्छ। मनुस्मृतिमा उल्लेख गरिएका नारीका विभिन्न सन्दर्भहरूले लिङ्गभेद, बढ्न गई महिला शोषित, पीडित हुन पुग्दा अभिघातको सिकार बनेको पाइन्छ । मनुस्मृतिमा उल्लेख गरेअनुसार नारी कहिल्यै स्वतन्त्र बन्न सकेको पाइँदैन । समाज र संस्कारले नारीलाई परनिर्भर बनाएको विभिन्न दृष्टान्त पाइन्छ जस्तै-बालअवस्थामा पिता, युवा अवस्थामा पति र वृद्ध अवस्थामा पुत्र नारीका रक्षक हुन्छन्। यसै गरी स्त्रीहरूको बुद्धि नहुने, पतिसेवा र घरको काम काज नै नित्य हवनपूजा मान्नुपर्ने, स्त्रीलाई मन्त्रले दीक्षा दिन नहुने, स्त्रीहरू पुरुषलाई दुषित पार्ने र कुमार्गमा लैजान स्वभावका हुने, स्त्रीले घरको कुनै काम पनि स्वतन्त्रतापूर्वक गर्न नहुने, स्त्रीलाई सम्पत्तिको अधिकार दिन नहुने, पुरुषले स्त्रीलाई नियन्त्रणमा राख्नै पर्ने आदि विभिन्न सामाजिक नियम बनाएको पाइन्छ। यसरी मनुस्मृतिमा पाइएका यी सामाजिक नियमबाट नारी भनेको सर्वव्यापी अर्थले कमजोर अस्तित्त्व हो, जसको कारणले स्त्रीका लागि पुरुष अपरिहार्य बन्दछ भन्ने अर्थ लाग्दछ । यही कमजोरको आधारले र मान्यताले नारी परनिर्भर भएर अभिघातित बन्नु परेको सत्य प्रकाशित भएको पाइन्छ।

### २.८.२.३ सीमान्तीकरण र अभिघात

सिमान्तीकरण भन्नाले सदियौँदेखि शासित, आवाज विहीन तथा इतिहास विहीन वर्गलाई बुझिन्छ । सदिऔँदेखि शासकीय प्रभुत्वमा अधीनस्थ सिमान्तकृत वर्ग समाजको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक हरेक क्षेत्रमा सधैँ सक्रिय रहे पनि आवाज विहीन र इतिहास विहीन बन्न पुग्दछन् । यसरी दमनकारी शाक्तिको प्रयोगबाट सिमान्तकृत वर्ग शाक्तिको स्रोत भएर पनि शक्ति विहीन बनिरहन्छन् । यसरी गरिब, किसान, मजदुर, भूमिहीन सुकुम्बासी, दलित तथा सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक हरेक हिसाबबाट शोषित उत्पीडित तथा पाखा पारिएका व्यक्ति, समूह वा समुदायलाई सिमान्तकृत शब्दले जनाउँछ । समाजिक-सांस्कृतिक, राजनीतिक, आर्थिक आदि क्षेत्रमा भएको विभेद, सांस्कृतिक वर्चश्वको शासकीय दृष्टिकोण र आकांक्षाले गर्दा शक्तिशाली वर्गले शाक्तिहीन वर्गलाई पाखा पार्दै उत्पीडनको सिकार बनाउँदै र सीमान्तकृत पार्दै लग्दछन् । सीमान्तकृत सिद्धान्त एक्काइसौँ शताब्दीका अन्त्यतिर विकसित भएको विचारधारा हो । जातजाति, वर्ग, धर्म, संस्कृति, लिङ्ग, पेसा, क्षेत्र आदि हरेक दृष्किोणले दमित, शोषित, उत्पीडित वर्गको साथै अधीनस्थताका आधारमा आम समाज, जनता वा कुनै राष्ट्रसमेत शक्तिशाली अर्को पक्षबाट सीमान्तकृतीय अवस्थामा बाँच्न बाध्य पारिएको अवस्थाको अध्ययनसँग यो सिद्धान्त सम्बन्धित छ । ( श्रेष्ठ,२०६८ : १४)

सीमान्तकृत भनेको शक्तिको स्थान तथा स्रोत हो भन्ने कुरालाई यस सिद्धान्तको दर्शन मानिन्छ । त्यसैले सीमान्तकृत वर्ग शक्तिको वर्ग हो भने सीमान्तकृत अवस्था भनेको शक्तिको अवस्था हो । शक्तिशाली वर्गका कारण सबै प्रकारका उत्पीडनको सिकार हुन पुगेका र पाखा पारिँदै गएका व्यक्ति, समुदायहरूमा उत्पन्न हुन गएको घाउ अभिघातको स्थिति हो । यस्तो अभिघातको स्थिति सामाजिक-सांस्कृतिक वर्चश्वको शासकीय दृष्टिकोणबाट उत्पन्न हुन पुग्दछ । किनकि सामाजिक-सांस्कृतिक वर्चश्वको शासकीय दृष्टिकोण बमोजिम भाषाको पनि निर्माण हुन पुग्दछ । भाषाको माध्यमले संयोजित भएका सत्य, विश्वास, मूल्यमान्यता, विचार आदिका आधारमा सत्य लुकाइन्छ । भाषाको माध्यमले संयोजित भएका यस्ता सत्यहरू वस्तुगत नभएर समाजमा चली आएका शाक्तिसँग बाँधिने हुँदा त्यस्ता सत्यका माध्यमबाट जब दमन गरिन्छ, तब त्यसले अभिघातको विकास गराउँछ । औपनिवेशवादका सन्दर्भमा उत्तरऔपनिवेशवादमा चर्चित भारतीय नारी लेखिका गायत्री चक्रवर्ती स्पिभकको ‘क्यान द सबाल्टर्न स्पिक’ अर्थात् ‘के सबाल्टर्न बोल्न सक्छ ?’ नामको कृतिमा सीमान्तकृत, शक्तिहीन तथा उपनिवेशित वर्गलाई जहिले पनि शक्तिशाली वर्ग र उपनिवेशकको खाँचो पारियो । सीमान्तकृत र उपनिवेशितको आवाज कि दबाइयो, कि भने शक्तिसम्पन्न  उपनिवेशकद्वारा सुनाइयो भन्ने तर्क स्पिभकको रहेको पाइन्छ । स्पिभकको यो तर्कअनुसार शक्तिसम्पन्न र उपनिवेशक वर्ग कहिल्यै पनि सीमान्तकृत वा उपनिवेशित वर्गको प्रतिनिधित्व गर्न सक्दैन र फलस्वरूप उनीहरूको आवाज सुनिँदैन । त्यसले गर्दा शोषित, उत्पीडित अवस्था कायमै रहन्छ । शोषित वर्गको आवाज सुन्न एउटा शक्तिशालीवर्ग लाई माध्यमको रूपमा लिन अवश्यक मानिएको कारण सीमान्तकृत वा उपनिवेशित वर्गको आवाजको कहिल्यै सुनुवाइ हुँदैन जसको फलस्वरूप अभिघात उत्पन्न हुन पुग्दछ । त्यसैले जबसम्म माध्यमलाई हटाइँदैन तबसम्म सत्यतामा पुग्न सकिँदैन भन्ने मत स्पिभकको रहेको छ  । अभिघातको नकारात्मक पक्षमात्र हुँदैन सकारात्मक पक्ष पनि हुन्छ । दमित भएर बस्नु, बहुलाउनु, रुनु, कराउनु, निरास हुनु, आत्महत्या गर्नु आदि अभिघातको नकारात्मक पक्ष हो भने कुनै पनि  शारीरिक तथा मानसिक चोटजन्य घटनाको अनुभवबाट उत्पन्न आवेग, संवेग र संवेदनाको प्रतिक्रियास्वरूप पीडितले अब त अति भयो भन्दै सहन नसक्ने स्थितिमा विवशतावश विद्रोही चेतनाको वरण गरेको स्थिति अभिघातको सकारात्मक पक्ष हो । त्यसैले सीमान्तकृत हुनु भनेको शक्तिहीनता होइन, शक्तिको अवस्था हो । शक्तिहीनतामा अभिघातले नकारात्मक असर पार्दछ भने शक्तिको अवस्थामा सकारात्मक असर पार्दछ । अभिघातको सकारात्मक असर मृत्युलाई पनि जितेर अमर रहनेखालको हुन्छ । (स्पिभक, १९८८ : ६२-६३)

### २.८.२.४ पल डी म्यानको सिद्धान्त

धेरै वर्षसम्म संयुक्त राज्य अमेरिकाको येल विश्वविद्यालयसँग आबद्ध रही विनिर्माणवादलाई अमेरिकी साहित्य सिद्धान्तको क्षेत्रमा लोकप्रिय बनाउने भूमिका खेलेका समालोचक पौल डि. म्यान पनि अभिघात सिद्धान्तको गति र विकासमा प्रभाव थप्ने उल्लेख्य व्यक्तित्व मानिन्छन् । उनका अनुसार भाषाका सबै रूप आलङ्कारिक हुन्छ । त्यस आलङ्कारिक भाषाले यथार्थ र वास्तविक अर्थको अङ्कन गर्न सक्दैन र त्यस भाषिक अलङ्कारभित्र अरू धेरै कुराहरू दबिएका हुन्छन् । आलङ्कारिक भाषा लाक्षणिक, व्यञ्जनात्मक र अनिश्चयार्थक हुने भएकोले पारदर्शी हुन सक्दैन । आलङ्कारिक भाषामा शक्तिको अभिव्यक्ति भेट्न सकिन्छ । बोलचालकै भाषामा दृष्टिपात गर्ने हो भने पनि भाषा आलङ्कारिक हुन्छ भन्ने दृष्टान्त भेटिन्छ । उदाहरणको लागि सहनशीलता नै नारीको गुण हो, महिलाको शृङ्गार पति मात्र हो जस्ता कथन र नारीलाई फूलसँग, चन्द्रमासँग, गहनासँग तुलना गरिनु पनि पुरुष प्रभुत्वका रूपकीय अभिव्यक्ति मानिन्छ । जसरी बोलचालमा आलङ्कारिकता हुन्छ त्यसैगरी लेखनमा पनि त्यसको प्रभाव रहन्छ । भाषा भनेको वास्तविक वस्तु र त्यसवस्तुलाई प्रतिनिधित्व गर्ने वस्तु हो तर पनि भाषाले वास्तविक प्रकृतिलाई प्रतिनिधित्व गर्दैन किनकि आलङ्कारिक भाषा साधन मात्र हो, साध्य होइन । यो त समाज संस्कार, मूल्य, मान्यताले बनाएको अर्थ हो । त्यसैले भाषा त अर्थ, मूल्य, मान्यता, विचार, भाषा, संस्कृति, महिला, पुरुष आदिको प्रतिनिधित्व गर्ने बस्तु हो । पौल डि. म्यानकाअनुसार भाषा साधन हो, साध्य होइन । भाषा महिला हो, भाषा पुरुष हो र भाषा नारी हो । भाषाले वास्तविक महिलापनलाई कहिल्यै प्रतिनिधित्व गर्न सक्दैन । किनकि भाषा अलङ्कार हो, सत्यता होइन । यसरी मानिसले बोलेको भाषा र मानिसले भन्न खोजेको अर्थबीच दूरी हुन्छ र त्यस दूरीले अभिघात सिर्जना गर्दछ । यसरी मानिसले बोलेका भाषा र त्यो भाषाले भन्न खोजेका कुराबीचको दूरी अभिघात हो । ( ला काप्रा, १९९४ : १११)

### २.८.२.५ डोमिनिक ला काप्राको सिद्धान्त

अभिघातका विश्लेषणका प्रयत्नहरू डोमिनिक ला काप्राबाट पनि भएको छ । डोमिनिक ला काप्रा अभिघात सिद्धान्तकी आधुनिक महिला सिद्धान्तकार हुन् । डोमिनिक ला काप्राद्वारा अभिघात र आख्यानको सम्बन्ध कस्तो छ भन्नेबारेमा कुरा गरिएको पाइन्छ । ला काप्राका अनुसार प्रत्येक आख्यानमा भाषा हुन्छ र आख्यानमा अभिव्यक्त भाषा अभिघातको बयान हो । आख्यानकारलाई सधैं समाजबारे बक्तव्य दिने मान्छे भनिन्छ । भाषाका सन्दर्भमा उत्तरआधुनिकतावादले भाषालाई स्वयंमा आलङ्कारिक वस्तु ठानी भाषाको ठोस र अन्तिम अर्थ यही नै हो भन्ने हँदैन भन्ने कुरालाई मान्दछ । अलङ्कारको निश्चित अर्थ हुँदैन अर्थात् भाषाको निश्चित अर्थ हुन्छ भन्ने कुरालाई उत्तरआधुनिकतावादले मान्दैन । उत्तरआधुनिकतावादको भाषा सम्बन्धी यो मान्यतालाई स्वीकार्दै ला काप्राले कुनै पनि आख्यानको भाषा अर्थात् साहित्यको भाषा आलङ्कारिक हुन्छ भनेकी छन् । यस्तो आलङ्कारिक भाषाले अभिघातजन्य पीडालाई लुकाएको हुन्छ भन्ने मत ला काप्राको रहेको छ । ला काप्राका अनुसार भाषा अर्थात् साहित्यले इतिहासलाई पनि लुकाएको हुन्छ । प्रत्येक ऐतिहासिक आख्यानहरू विगतको प्रतिस्थापन हुन्छ । आख्यानले सत्य निर्माण तथा स्थापित गर्न खोज्छ तर कलात्मक ढङ्गले भाषिक सौन्दर्यका माध्यमबाट अभिव्यक्त गरिएको त्यो सत्य पूर्वाग्रही हुन्छ । त्यसैले आख्यानले निर्माण तथा स्थापित गर्न खोजेको त्यो सत्य त एउटा कला हो । यस्तो कलाले आख्यानमा सत्य निर्माण गरेजस्तो मात्र देखिन्छ तर भाषाको माध्यमले संयोजित भएका त्यस्ता सत्यहरू वस्तुगत नभएर समाजमा चलिआएका शक्तिका सङ्घर्षहरूसँग अविभाज्यरूपले बाँधिएका हुन्छन् । यस्तो शक्तिका अभ्यासहरू राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक लगायत समाजका सबै क्षेत्रमा फैलिँदै विश्वव्यापी संसार, राष्ट्र र समाजदेखि लिएर परिवार र व्यक्तिका अन्तर्मनसम्म चलिरहेको हुन्छ । त्यसैले आख्यानकृतको अर्थ र कल्पनाकृतको अर्थबीच नजिकको सम्बन्ध रहेको छ, जुनचाहिँ सत्यबाट मोडिएको हुन्छ । आख्यान कल्पना हो र त्यो आख्यान कल्पनाकारले आफ्नै भोगाइ, अनुभूति र भावनाका आधारमा सोँचेको हुन्छ अनि त्यो सोँचाइ विगतमा देखेका, भोगेका, गरेका कुराहरूसँग सापेक्षित हुन्छ । विगतमा देखेका, भोगेका, गरेका ती सबै कुराहरू समस्याको रूपमा अभिघात बनेर व्यक्त हुन्छ । आफूले भोगेको सुख-दुःख,तीतो-मीठो क्षणसँग आफ्नो कथाको सापेक्षित सम्बन्ध हुन्छ । ऐतिहासिक सत्यता भन्नु त मानिसको आफ्नो सोँच हो, जुन मानिसले भोगेको, बाँचेको विगतसँग सापेक्षित हुन्छ । आख्यान बनाउनु भनेको सत्यताबाट मोड्नु हो । ऐतिहासिक

सत्यता भनेको साँच हो भन्ने मत व्यक्त गर्ने ला काप्राका अनुसार ऐतिहासिक सत्यताहरू सापेक्षितरूपमा समस्याग्रत हुन्छन् । ला काप्राका अनुसार एक्टीङ् आउट र वर्किङ् थ्रु अर्थात् कामको माध्यमबाट र बाह्य अभिनय गरी अभिघातबारे सम्झने दुई प्रक्रिया हुन् । प्रत्येक व्यक्तिको आफ्नो प्रत्येक व्यहार, परिचय, सोँचविचारको संरचना कामको माध्यमबाट निर्माण हुन्छ र अभिघात पनि कामको माध्यमबाट निर्माण हुन्छ । यो अभिघातलाई सम्झने एउटा रूप हो । जसलाई ला काप्राले **'वर्किङ थ्रु'** नाम दिएकी छन् । मानिस विगतमा विभिन्न भूमिकाबाट गुज्रिएर आएको हुन्छ । मानिसको परिचय समयसँगै र उसले निभाएको विभिन्न भूमिका अनुसार फरक हुन्छ र मानिसको परिचय समयको प्रक्रिया हो । यही प्रक्रियाबाट मानिसमा अभिघात हुन पुग्दछ । समयको प्रक्रियासँगै मानिस अभिघातको सीमामा पुग्नु अभिघातबाट निर्देशित हुनु हो । समयको प्रक्रियासँगै प्रारम्भ हुँदै जाने अभिघात नकारात्मक प्रकृतिको मात्र होइन, सकारात्मक प्रकृतिको पनि हुन्छ । एक्टिङआउट अर्थात् बाह्य काम वा अभिनयलाई ला काप्राले अभिघातबारे सम्झने अर्को रूप मानेकी छन् । ला काप्राका अनुसार मानिसको प्रत्येक प्रतिक्रिया अभिव्यक्ति हो । मानिसमा भोगाइ र अनुभवको मात्रा जति धेरै भयो, त्यसले उति जानेको हुन्छ । प्रत्येक भोगाइको अभिव्यक्ति अचेतन मनले गरेको हुन्छ । (ला काप्रा, १९९४ : २०५)

अभिघातले समवेदनाको प्रभावसँग व्यक्तिको पहिचानको र उसको प्रतिविम्वको विच्छेद गर्दछ । प्रत्येक व्यक्तिले आफू जे हो, त्यो सत्यतासँग प्रतिबिम्बित हुन सक्दैन र अर्कोतिर आफूले के महसुस गर्छ त्यसको वास्तविक अनुभव पनि गर्न सक्दैन । अभिघात भएको मान्छेमा पहिचानको समस्या अर्थात् पहिचानको सङ्क्रमण हुन्छ । मानिस आफूले जे महसुस गरेको छ त्यो पाउन सक्दैन । भन्ने बुझ्ने प्रयास गरेको, भोगेको कुरा र भाषाको प्रयोगको लय छैन । आफ्नो संवेदना र जीवन अनुभवलाई भाषाले गलत रूपले अथवा बङ्ग्याएर प्रस्तुत गर्ने हुँदा ला काप्राको भनाइअनुसार आख्यानले अभिघातलाई लुकाउँछ । शब्द र भाषाको माध्यमबाट लेखिने आख्यानचाहिँ आधिकारिक इतिहासबाट बाहिर रहने सम्भावना धेरै रहन्छ । शब्द र भाषाको माध्यमबाट लेखिने साहित्यिक कृतिमा अर्थको निरन्तर स्थगन भइरहन्छ किनकि भाषाले अर्थको अनर्थ अर्थात् बेअर्थ बनाइदिन्छ । आख्यानको भाषा आलङ्कारिक हुन्छ जसमा सत्य आउँदैन । आख्यानको भाषा आलङ्कारिक हुने भएकोले आख्यानमा वास्तविक अभिघातका मुद्दा लुकाइएका हुन्छन् । त्यसैले अभिघात र आख्यानको सम्बन्ध द्वन्द्वात्मक हुन्छ भन्ने ला काप्राको मत रहेको छ (ला काप्रा, २००१ : १४१-१४३) ।

### २.८.२.६ क्याथी क्यारुथको सिद्धान्त

सन् १९९६ मा प्रकाशित क्याथी क्यारुथको कृति 'अनक्लेम्ड इक्सपिरियन्स : ट्रौमा, न्यारेटिभ एन्ड हिस्ट्री' अभिघातसम्बद्ध प्रभावकारी कृति हो । यस कृतिमा फ्रायडको मानसिक अभिघात सिद्धान्तलाई साहित्यिक विषयसँग जोडेर अध्ययन गरिएको छ । क्यारुथका अनुसार अभिघातले आघातपूर्ण, विपत्तिपूर्ण, डरलाग्दो घटना तथा अनुभवजन्य प्रतिक्रियालाई जनाउँछ । अभिघातसम्बद्ध घटनाका भोक्ता तथा द्रष्टामा त्यो घटनाको दृश्य तथा स्मरण अचेतनमा रही रहन्छ जसले गर्दा अभिघातजन्य प्रतिक्रिया ढिलोमात्रामा, अनियन्त्रित मात्रामा, समयसमयको अन्तरालमा देखिन्छ । क्यारुथका अनुसार अभिघात प्रत्येक रात दोहोरिने दुःस्वप्न र ऐठन हो, जुन तनाव अवस्थाका मानिसमा देखिने विचलित मानसिक स्थिति र जटिल शारीरिक प्रतिक्रियाका रूपमा लिइन्छ (ला काप्रा, २००१ : १८१ ) ।

### २.८.२.७ जेम्स बर्गरको सिद्धान्त

सांस्कृतिक तथा साहित्यिक सिद्धान्तकारहरूका बीचमा पनि अभिघात सिद्धान्तले अभिघातसम्बद्ध चेतना र रुचीतर्फ आकर्षित कसरी गऱ्यो भन्ने सन्दर्भमा जेम्स बर्गरको आफ्नो दृष्टिकोण छ । सरकारी नीति, सत्ता परिवर्तन, सामाजिक विकृति, वायुमण्डलको प्रदुषण, ज्वालमुखी विष्फोट, युद्धमा छटपटाइरहेका घाइतेहरू, भोकमरीबाट बालबालिकाको मृत्यु, मानवीय सङ्घर्षहरू, सामाजिक दबाब, लोकप्रिय संस्कृति अर्थात् सीमान्तकृत शक्तिका आवाजहरू जनसम्पर्कको माध्यमबाट सूचना, शिक्षा, अभिप्रेरणा र मनोरञ्जनका

रूपमा आउन थालेपछि यिनै विषयहरूको अध्ययनको क्रममा सांस्कृतिक तथा साहित्यिक सिद्धान्तकारहरू अभिघात सिद्धान्ततर्फ आकर्षित भएको बुझिन्छ । समाजमा सद्भावना र समझदारी आर्जन गरी राखेमा आपत्विपत् पर्दा सहयोग र सहानुभूति जुटाउन सकिन्छ भन्ने अवधारणा एक सकारात्मक अवधारणा हो । यसै अवधारणा अनुसार युद्ध, विद्रोह, षडयन्त्र, राजनीतिक परिवर्तन, सामाजिक-सांस्कृतिक मानक, जनताको जीवन स्तर, चेतना स्तर, शोषण-दमन-अत्याचार, जीवन सङ्घर्ष, मर्म, प्रेम, विछोड, मृत्यु जस्ता अनुभव र अनुभूतिसम्बद्ध विषयलाई कार्टुन साहित्य, हास्य व्यङ्ग्य, नारा, पम्पलेट, उखान, टुक्का, विशेष पर्वमा देखाइने नाटक, जात्रा, प्रदर्शनजस्ता जनताका कलात्मक क्रियाकलापहरूका माध्यमबाट अभिव्यक्त गरेको पाइन्छ । यसरी अनुभव र अनुभूतिसम्बद्ध ती कलात्मक क्रियाकलापहरू आम- सञ्चारमा आउन थालेको पाइन्छ । जेम्स बर्गरका अनुसार तिनै विभिन्न सांस्कृतिक तथा कलात्मक क्रियाकलापहरूबाट प्रभावित भएका संस्कृतिक तथा साहित्यिक सिद्धान्तकारहरूले ती विषयले मानव समाजमा केकस्तो र कसरी असर तथा प्रभाव पारेको छ भनी अध्ययन गर्ने क्रममा उनीहरू अभिघात सिद्धान्त तर्फ आकर्षित भएको कुरा बुझिन्छ (बर्गर, १९९७ : ५७१) ।

## २.९ कथा विश्लेषणको अभिघात सिद्धान्तपरक ढाँचा

**छापामारको छोरो** कथा सङ्ग्रहमा सङ्गृहीत कथाहरूको अभिघात सिद्धान्तपरक विश्लेषणका लागि तयार गरिएको ढाँचालाई बुँदागत रूपमा तल प्रस्तुत गरिएको छ । यही ढाँचालाई नै **छापामारको छोरो** कथा सङ्ग्रहमा अभिघात विश्लेषणको आधार मानी अभिघातको विश्लेषण गरिन्छ । अभिघात विश्लेषणको निम्नलिखित आधारहरू सम्बद्ध सामग्रीको विश्लेषण गर्ने आधार अभिघात सिद्धान्त नै हो । प्रस्तुत शोधकार्यमा यसै परिच्छेद दुई अन्तर्गत अभिघातको सैद्धान्तिक स्वरूप मुख्य शीर्षक राखी र त्यो मुख्य शीर्षक अन्तर्गत पनि विभिन्न उपशीर्षक दिई कथा विश्लेषणको अभिघात सिद्धान्तपरक ढाँचासम्बद्ध सिद्धान्त तथा विचारलाई प्रस्ट पारिसकिएको भए तापनि कथा विश्लेषणको अभिघात सिद्धान्तपरक ढाँचाको रूपमा निर्धारण गरिएको निम्नलिखित शीर्षकमा पनि संक्षेपमा तल उल्लेख गरिन्छ ।

### २.९.१ शारीरिक र मनोवैज्ञानिक अभिघात

कुनै हिंसा तथा दुर्घटनाको कारणबाट शरीरको अङ्गहरु टुटफुट हुनु या शरीरका भागहरू दबिएर, थिचिएर शरीरमा पुग्न गएको ठूला-साना घाउ तथा चोटपटकका कारण हुन गएको शारीरिक पीडालाई शारीरिक अभिघात भनिन्छ भने अभिघातजन्य घटनाका कारण हुन जाने एक प्रकारको मानसिक चोट तथा क्षतिलाई मनोवैज्ञानिक अभिघात भनिन्छ । यौन दुर्व्यवहार, घरेलुहिंसा, घरपरिवार लगायत अफन्तबीचको नाता सम्बन्धमा मनमुटाव आउनु, कुनै ठूलो र निको नहुने खालको रोग लाग्नु र जसबाट अब मरिन्छ भन्ने भावना पैदा हुनु मनोवैज्ञानिक अभिघात हुनुको ठोस तथा खतरापूर्ण कारणहरू मानिन्छ । त्यसै गरी कुनै खास दृष्टिकोणबाट मतारोपण गर्ने, आपराधिक कार्य, मातापिताले मादकपदार्थ सेवन गरी बच्चाबच्चीलाई डर र धम्की दिने, बालबालिका हरूले हिंसा तथा दुःखजन्य व्यवहारबाट पीडित हुनु लगायत युद्ध, भुकम्प, ज्वालामुखी विष्फोट, ठूलो समूहमा हिंसा पुऱ्याउने खालको दुर्घटनालाई पनि मनोवैज्ञानिक अभिघातको कारण मानिन्छ भने लामो अवधिसम्मको चरम गरिबी तथा मौखिक दुर्व्यवहारले पनि मानिसलाई मनोवैज्ञानिक अभिघातित बनाउँछ । कुनै पनि मानिस मनोवैज्ञानिक आघातमा पुग्ने कुरा घटनाबाट निर्धारित हुँदैन बरू उक्त घटनालाई मानिसले कसरी हेरेको छ त्यसले मानिसमा के कस्तो र कत्तिको मानसिक प्रभाव पारेको छ भन्ने कुरामा भर पर्दछ । घटनाको गहिराइ र व्यापकता, घटना देख्ने, भोग्ने व्यक्तिको निजी इतिहास, उक्त घटनाले प्रतिनिधित्व गर्ने मूल्य, अर्थ, विश्वास, घटनाको अनुसरणबाट व्यक्तिमा परेको प्रभाव, परिवार साथीबाट प्राप्त प्रतिक्रियाले पनि त्यस घटनाले आघात पुग्ने नपुग्ने कुरामा प्रभाव पार्दछ । यसरी अभिघातजन्य घटनाका सबै द्रष्टा एवम् भोक्ताले मनोवैज्ञानिक अभिघात खेप्न पुग्दछन् भन्नेचाहिँ हुँदैन ।

### २.९.२ द्वन्द्व, युद्ध र शस्त्र अभिघात

दुई विपरित लक्ष्यहरू, गुण, अवस्था, विचार, भावना, आफैभित्रको मानसिक द्विविधाका कारण लक्ष्य प्राप्तिमा बाधा, हस्तक्षेप, अन्तरविरोध, पारस्परिक झगडा, लडाइँ र युद्धको नकारात्मक प्रभावका कारण उत्पन्न अभिघातलाई द्वन्द्व अभिघात भनिन्छ भने रण वा युद्धको भय, विभीषिका एवं भीषण युद्ध तथा रणभूमिको विनाश लीला र प्राणघातक स्थिति लाई देखेका, भोगेका व्यक्तिहरूमा देखा परेको युद्धजन्य मानसिक पीडा र सन्त्रासको चरम स्थितिलाई युद्ध अभिघात भनिन्छ । त्यसै गरी काटमारका लागि प्रयोग गरिने खुकुरी, तरबार, लठ्ठीजस्ता घरेलु हतियार लगायत विभिन्न प्रकारका विष्फोटक साधनको प्रयोगबाट, परमाणु हतियार प्रयोगबाट, रासायनिक अस्त्रहरूको प्रयोगबाट, विषालु ग्याँसको प्रयोगबाट, प्लेग, ब्याक्टेरिया आदि जीवाणुहरूको प्रयोगबाट, यान्त्रिक मेसिनको प्रयोगबाट अनि गुरिल्ला अर्थात् छापामारको आक्रमणबाट मान्छेमा लाग्ने भौतिक चोटलाईचाहिँ शस्त्र अभिघात भनिन्छ ।

### २.९.३ बाह्य र आन्तरिक अभिघात

कुनै पनि मानव निर्मित घटना जस्तै-युद्ध, महाविनाश, नृशंश कृत्य, महाविनाशकारी भूकम्प, सुनामी लहर, भयानक तुफान, अति वृष्टि एवम् बाढीपहिरो आदि प्राकृतिक विपत्तिद्वारा प्रत्यक्ष रूपमा प्रभावित व्यक्तिहरूमा हुने अभिघातलाई बाह्य अभिघात भनिन्छ भने आफ्नै घरपरिवार र आफन्तजनबाट दिइने भौतिक तथा मानसिक चरम सङ्कटका कारण व्यक्तिमा उत्पन्न हुने अभिघातलाई आन्तरिक अभिघात भनिन्छ ।

### २.९.४ प्राथमिक र द्वितीयक अभिघात

जीवनमा प्रत्यक्ष रूपमा आफैँले देखेको तथा भोगेको हत्याहिंसा, विश्वयुद्ध, महामारी, सुनामी, भयानक तुफान, अतिवृष्टि तथा अनावृष्टि, बाढीपहिरो, भुइँचालो, अनिकाल तथा भोकमरी, भीषण आगलागी, नरसंहार, मोटर, हवाईजहाज आदि विभिन्न प्रकारका दुर्घटनाहरूका प्रत्यक्ष द्रष्टा तथा भोक्तामा उत्पन्न शारीरिक तथा मानसिक दुवै रूपको पीडालाई प्राथमिक अभिघात भनिन्छ भने घर, परिवार, अग्रज, मातापिता, साथीभाइ, समाज, विविध सञ्चारका माध्यमबाट सुनेको, थाहा पाएको कुनै डरलाग्दो, भयानक दुर्घटनाको बारेमा सुन्दा यसबाट उक्त घटनाको असर अर्को व्यक्ति तथा पीढिमा पनि सर्न जान्छ र उसमा पनि उत्पन्न हुन गएको मानसिक पीडालाई द्वितीयक अभिघात भनिन्छ । यदि अभिघातजन्य दुख, पीडा भोगेका, देखेका व्यक्तिको घरपरिवारमा हुर्किएको बच्चा छ भने माता पिता र बच्चाबीच आफूले भोगेको दुःख दर्दको अनुभव बाँड्ने, सहानुभूति राख्ने, सुन्ने प्रवृत्ति एक स्वाभाविक मानवीय प्रवृत्ति हो र यसले द्वितीयक अभिघातलाई उत्पन्न गर्न पुग्दछ ।

### २.९.१० अभिघातको असर

प्राकृतिक तथा मानव निर्मित कुनै पनि प्रकारका घटनाका श्रोता, भोक्ता तथा द्रष्टामा उक्त घटना भोग्दा, सुन्दा र देख्दा त्यस घटनाको प्रभाव शारीरिक तथा मानसिक रूमा पर्न गएपछि निरास हुनु, रुनु, कराउनु, बहुलाउनु, आत्महत्या गर्नु आदि अभिघातको नकारात्मक पक्ष हो भने कुनै पनि मानसिक चोटजन्य घटनाको अनुभवबाट उत्पन्न आवेग, संवेग र संवेदनाको प्रतिक्रिया स्वरूप पीडितले सहँदासहँदा अति भएपछि भने अन्ततः आक्रामक शैलीमा विद्रोह र प्रतिकार गर्न पुग्दछन् । यसरी अब त अति भयो भन्दै सहन नसक्ने स्थितिमा विवशतावश विद्रोही चेतनाको वरण गरेको स्थिति अभिघातको सकारात्मक पक्ष हो । अभिघात र मौनताको सम्बन्धले शक्ति हीनतालाई जन्माउन पुग्दा शक्ति हीनतामा अभिघातले नकारात्मक असर पार्दछ भने शक्तिको अवस्थामा सकारात्मक असर पार्दछ । मौनताले सृजना गरेको मनोवैज्ञानिक असरको फल स्वरूप अकस्मात बेहोस हुनु, डिप्रेसन, पागलपन आदि लक्षण लगायत आत्महत्यासम्म गएर टुङ्गिएको पाइन्छ । यो अभिघातको नकारात्मक असर हो । अभिघातको सकारात्मक असर मृत्युलाई पनि जितेर अमर रहनेखालको हुन्छ । अभिघातले कतिपय अवस्थामा नकारात्मक प्रभाव पर्न जान्छ भने अर्कोतिर यसले

नयाँ चेतना र व्यक्तिमा रहेको स्वार्थलाई गौण बनाएर सामूहिक स्वार्थ उत्सर्गता र त्यागतर्फ पनि उन्मुख गराउँछ । उदाहरणको लागि लगातार लडाइँ, झगडा र संघर्ष भइरहने समाजमा व्यक्तिको व्यक्तित्त्वको विघटन हुँदा नकारत्मक कुण्ठा र सकारात्मक उत्साह दुवै देखा पर्दछ । अभिघातले कहिलेकाहिँ एकै वर्ग र समुदायको बीचमा एकताको विस्तार हुन पुग्दछ भने सामूहिक प्रयासबाट व्यक्तिहरूको साँघुरो र दुखपूर्ण जीवनशैली सोच र प्रवृत्तिमा परिवर्तन पनि ल्याउँछ । मौनता र सामाजिक अभिघातले समाजमा रहने परम्परागत सोचमा परिवर्तन हुने हुँदा सामाजिक अभिघात समाज परिवर्तनका लागि महत्वपूर्ण पनि मानिन्छ ।

# परिच्छेद तीन

# छापामारको छोरो कथा सङ्ग्रहका कथागत अभिघातको उत्प्रेरणा स्रोत

## ३.१ विषयप्रवेश

प्रस्तुत शोधमा **छापामारको छोरो** कथा सङ्ग्रहमा चित्रित अभिघातलाई मुख्य विषय बनाइएको हुँदा प्रथमतः यस सङ्ग्रहका कथागत अभिघातको उत्प्रेरणा स्रोतबारे अध्ययन गर्नु आवश्यक ठानिएको छ ।

विभिन्न द्वन्द्व तथा युद्धसम्बद्ध घटनाक्रमहरूले कला साहित्यको सिर्जनामा प्रत्यक्ष अप्रत्यक्ष रूपले गहिरो प्रभाव पारिरहेका हुन्छन् । त्यसैले साहित्यकारको साहित्यिक अभिप्रेरक परिवेशको निर्माणमा युगीन पृष्ठभूमिगत परिवेशको प्रभाव कुनै न कुनै रूपमा परेको देखिन्छ भने लेखकको पेशागत, शैक्षिक, लेखकीय आदि पृष्ठभूमिले अभिप्रेरणाको भूमिका खेलेको हुन्छ । छापामारको छोरो कथा सङ्ग्रहमा निहित अभिघातको पनि निश्चित पृष्ठभूमिगत उत्प्रेरण स्रोत छ । वि.सं. २०५२ देखि नेपालमा प्रारम्भ भएको र २०६३ सालका शुरूतिर विश्रान्त बनेको सशस्त्र द्वन्द्वलाई नजिकबाट हेर्न र भोग्न पुगेका महेशविक्रम शाहले रचेको **छापामारको छोरो** कथा सङ्ग्रहको कथागत अभिघातको निश्चित उत्प्रेरणा स्रोत हुनु स्वाभाविकै कुरा पनि हो । प्रस्तुत सङ्ग्रहको कथागत अभिघात केकस्तो युगीन पृष्ठभूमिमा, के कस्तो लेखकीय सृजनागत पृष्ठभूमिमा र लेखकीय पेशागत पृष्ठभूमिमा अभिव्यक्त हुन पुग्यो भन्ने विषयमा प्रकाश पार्नु जरुरी देखिन्छ । त्यसैले प्रस्तुत परिच्छेदमा युगीन पृष्ठभूमिगत उत्प्रेरणा स्रोत, लेखकीय सृजनागत पृष्ठभूमि र लेखकीय पेशागत पृष्ठभूमिका परिप्रेक्ष्यमा महेशविक्रम शाहद्वारा रचित **छापामारको छोरो** कथा सङ्ग्रहमा रहेको अभिघातको उत्प्रेरणा स्रोत केलाइएको छ ।

## ३.२ युगीन पृष्ठभूमिगत उत्प्रेरणा स्रोत

युद्ध साहित्यको उत्पत्तिमा राष्ट्रिय स्तरको युद्धले साहित्यकारका लागि उत्प्रेरक तत्त्वको भूमिका निर्वाह गर्दछ । युद्धबाट साहित्य के कसरी प्रभावित हुन्छ अर्थात् राष्ट्रिय स्तरमा विभिन्न कालखण्डमा हुने युद्धको यथार्थसँग साहित्य तथा कुनै पनि साहित्यकार कसरी जोडिन पुग्दछ भन्नेबारे पनि स्पष्ट भएर कथागत अभिघातको उत्प्रेरणा स्रोत थाहा पाउन सहयोग पुग्दछ । त्यसैले यहाँ 'युगीन पृष्ठभूमिगत उत्प्रेरणा स्रोत' शीर्षक अन्तर्गत युद्धबाट साहित्य तथा साहित्यकार के कसरी प्रभावित हुन्छ भन्नेबारे छोटकरीमा उल्लेख गरिन्छ । यसैको आधारमा **छापामारको छोरो** कथा सङ्ग्रहका कथागत अभिघातको उत्प्रेरणाको स्रोत ठम्याउनमा सहयोग र प्रासङ्गिक हुने देखिन्छ ।

वि.सं. २०४६ सालको जनआन्दोलनले पञ्चायतलाई पराजित गरेपछि पञ्चायतविरुद्धको द्वन्द्व समाप्त भई राजनीतिक स्वतन्त्रता प्राप्त भयो तर राजनीतिक स्वतन्त्रता प्राप्त गरे पनि अन्य खालका माग तथा समस्याको सम्बोधन हुन नसकेका कारण अर्थात् युगौं पुराना विभिन्न खालका समस्याहरू जस्तै- शताब्दीयौँदेखि कायम रहेको गरिबी, जातीय, लैङ्गिक र भाषिक भेदभाव, क्षेत्रीय असन्तुलन, सामाजिक अन्याय-अत्याचार, कुशासन, भ्रष्टाचार आदि समस्यालाई सम्बोधन गर्न नसक्दा पुनः माओवादी सशस्त्र विद्रोहका रूपमा द्वन्द्व प्रारम्भ हुन पुग्दछ । बहुदलीय व्यवस्थापछि देखिएका विकृति र विसङ्गतिकै कारण र राजनैतिक दलहरूको असक्षमता, अतिनिहित स्वार्थ अर्थात् बहुदलीय शासन प्रणालीमा देखिएका विभिन्न कमीकमजोरीका कारणबाट उत्पन्न हुन पुगेको विद्रोह २०५२ साल फागुन १ गतेदेखि शुरू हुन पुगी त्यस विद्रोह तथा द्वन्द्वले जनयुद्धको रूप ग्रहण गर्न पुग्दछ । रक्तपातपूर्ण रूपमा परिणत भएको सशस्त्र द्वन्द्व (२०५२-२०६२) तथा युद्धले प्रभावित पारेको मानवीय पक्षलाई सबैभन्दा संवेदनशील पक्षको रूपमा लिइन्छ । मानव अधिकारको हननसँग जोडिएर हेर्न सकिने यो मानवीय पक्ष मनोवैज्ञानिक दृष्टिकोणबाट अत्यन्त संवेदनशील, जटिल र दूरगामी प्रभाव राख्ने खालको पाइन्छ । उपर्युक्त विभिन्न कारणबाट भएको सशस्त्र द्वन्द्वका कारण हजारौं मानिसहरूले ज्यान गुमाउन पुगे भने हजारौं हजार मानिस अङ्गभङ्ग भए । त्यसै गरी हजारौं बालबालिका टुहुरा र हजारौं महिलाहरू विधवा भए भने थप हजारौं मानिस आन्तरिक विस्थापन,

सांस्कृतिक र परम्परागत सद्भावनाको विनाश भोग्न पुगे भने आर्थिक संरचनाको विनाश, युद्ध मानसिकताको विकास, नैराश्य र विदेश पलायन हुने अवस्था पनि यसै सशस्त्र द्वन्द्वले सिर्जना गरेको पाइन्छ । यसले गर्दा शारीरिक वा भौतिक क्षति,  मनोवैज्ञानिक क्षति, डर, त्रास, पीडा, बदलाको भावना, सैन्य मानसिकताको विकास, माया-ममताबाट वञ्चित, सामाजिक क्षति, टुहुरा, विधवा, परिवारबाट बिछोड, शरणार्थी, खाना, स्वास्थ्य, शिक्षा र सुरक्षाको अभाव आदि अवस्थाको सिर्जना हुन गएको पाइन्छ । नेपालको सशस्त्र युद्ध (२०५२-२०६२) को सन्दर्भमा युद्धबाट प्रत्यक्ष पीडित भएका, परिवारका सदस्यहरू मारिएका, अगङ्गभङ्ग भएका, विभिन्न प्रकारका दुर्व्यवहारहरू भोगेका र घरबाट विस्थापित हुन पुगेका ती मानवसमूह जसले युद्धका कारण भोगेको क्षति कहिल्यै पूरा हुन नसक्ने देखिन्छ । आफ्नै आँखाअगाडि छोराछोरी पिटिएपछि, मारिएपछि, आफूलाई पाल्नु पर्ने बेलामा टुहुरा नातिनातिनाहरू पाल्नुपर्ने बाध्यता परेपछि, माया, सम्मान र बाँच्न चाहिने स्रोत उपलब्ध नभएपछि, आफ्नै घर-आँगनमै असुरक्षित भएर त्रासमा बाँच्नु पर्ने अवस्था आएपछि, यस्ता घटनाका द्रष्टा र भोक्ताले शारीरिक तथा मनोवैज्ञानिक आघात भोग्न पुगेको देखिन्छ । घरमुली पुरुषहरू घर छोडी बाहिरिँदा, वा मारिँदा र युद्धमा संलग्न हुन जाँदा महिलाहरूले घरमुली पुरुषहरूको कामसमेत गर्नुपरेको, घर धान्ने, बालबच्चा र वृद्धाहरूको रेखदेख गर्नुपर्ने अवस्था सिर्जना हुन पुगेको देखिन्छ । त्यसै गरी तिनै महिलाहरूलाई सुरक्षा निकाय र विद्रोहीहरूले बेला बेलामा दिने दबाब, त्रास अनि तिनै महिलाहरूका पति मारिएपछि उनीहरू एकल महिलाका रूपमा परिवार धान्न बाध्य भएको पाइन्छ । द्वन्द्वको समयमा युद्धरत पक्षले धम्काउने, तर्साउने, दबाब दिने हत्या-हिंसा गर्ने, गाउँ निकाला गर्ने, विद्यालयलाई युद्धभूमि बनाउने, देशमा बारम्बार हड्ताल र बन्द गर्ने, शैक्षिक संस्थामा तालाबन्दी गर्ने, शिक्षक र विद्यार्थीहरूलाई विद्यालयबाट अपहरण र पक्राउ गर्नेजस्ता सशस्त्र युद्धको समयमा भएको अमानवीय क्रियाकलापले बाल, युवा, वृद्ध अर्थात् सबै वर्ग, तह र उमेरअवस्थाका मानिसमा आघात परेको देखिन्छ । समाजका सम्वेदनशील नागरिकहरूका रूपमा लिइने महिला, बालबालिका र वृद्धवृद्धालाई यस सशस्त्र युद्धले सबभन्दा बढी प्रभाव पारेको पाइन्छ भने किसान-मजदुर र ग्रामीण समुदाय, युवा जनशक्ति, विकास निर्माण, समग्र अर्थतन्त्र, उद्योग-व्यवसाय, होटल व्यवसाय, धनी, भूमिपति, उत्पादनमूलक श्रम, विद्युत उत्पादन केन्द्र, टेलिफोन टावर, पुल, गाविस भवन, वन रेन्जपोष्ट, खानेपानीको संरचनाहरू, शिक्षा, स्वास्थ्य, खाने पानी, घरजग्गा, पर्यटन क्षेत्र, ठूला लगानीकर्ताहरू, ठूला उद्योगहरू, यातायत, सञ्चार, कृषि, उद्योग,, जलस्रोत र प्राकृतिक स्रोत र जैविक विविधता आदि सबै क्षेत्रमा युद्धको प्रभाव परेको देखिन्छ । वातावरणीय प्रदूषण, पानीको प्रदूषण, युद्धको समयमा प्रयोग भएको गोलाबारी, आगजनी, तिनीहरूबाट निस्कने रेडियोधर्मी विकीरण, रासायनिक र ध्वनिले वातावरणमा पारेको नकारात्मक असरले गर्दा त्यहाँका बासिन्दाको स्वास्थ्यमा देखिएको श्वासप्रश्वास सम्बन्धी रोग, यौन दुर्बलता, अल्पायुजस्ता समस्या पनि युद्धजन्य समस्या मान्न सकिन्छ । यति मात्र होइन, नेपालमा सशस्त्र माओवादी विद्रोह शुरू भएपछि नेपालको वातावरण, जैविक विविधता, वनजङ्गल, वन्यजन्तु र जल तथा जमिनमा समेत ठूलो प्रभाव पर्न गएको छ । नेपालमा २००७ सालदेखि हालसम्म जम्मा पाँचपटक सशस्त्र युद्ध भइसकेको पाइन्छ । तीमध्ये सबैभन्दा लामो, भयावह, त्रासद र विनाशक युद्ध भने २०५२ सालदेखि २०६२ साल सम्मको समयावधिको युद्ध नै मानिन्छ ।

यसरी विभिन्न कारणबाट शुरू हुन पुगेको सशस्त्र द्वन्द्व तथा युद्ध (२०५२-२०६२) बाट भएको संहार र ध्वंसहरूको शृङ्खलाले नेपाली मानवजीवनका समग्र पक्षलाई नै कुनै न कुनै रूपले प्रभावित बनाएको देखिन्छ । मानिसकै सुखदु:खको अनुभूतिबाट अभिप्रेरित भएर मानव जीवनको शाश्वत पक्षलाई कलात्मक रूपमा अभिव्यक्त गर्ने साहित्य पनि संसारमा भएका विभिन्न प्रकारका युद्धहरूको अनेक संहार र ध्वंसहरूको शृङ्खला बाट प्रभावित भएको हुन्छ किनकि साहित्यको विषयवस्तु जीवनका घटना-परिघटनाभन्दा बाहिर कहिल्यै हुन सक्दैन । साहित्यका स्रष्टा अर्थात् लेखक तथा साहित्यकार पनि एक सामाजिक प्राणी भएको र लेखक तथा साहित्यकार पनि त्यही समाजभित्रकै सदस्य भएकोले समाज, राष्ट्र तथा अन्तर्राष्ट्रिय जुनसुकै स्तरको युद्धजन्य घटना तथा युद्धको पृष्ठभूमिबाट साहित्यकार पनि प्रभावित भएको हुन्छ । साहित्यकार समाजकै सदस्य भएकोले सामाजिक जीवनका घटना-परिघटना सामाजिक आचरण, संस्कार, मूल्य, मान्यताहरू आदि सामाजिक पृष्ठभूमिबाट साहित्यकार पनि प्रभावित रहन्छ । विभिन्नखालका सामाजिक घटनाचक्रले मानवीय संवेदनासँग साक्षात्कार गरेपछि त्यसको प्रतिक्रिया स्वरूपको अभिव्यक्ति सचेत लेखकले

साहित्य सिर्जनाका माध्यमबाट व्यक्त गर्दछ किनकि सामाजिक प्रभाव र भोगाइका कारणले लेखकमा नवीन शक्ति, ज्ञान र चेतनाको उदय हुन्छ । त्यही ज्ञान, चेतना, भोगाइ आदिलाई साहित्यिक कृतिमा साहित्यकारले व्यक्त गरेको हुन्छ (अखिल नेपाल लेखक सङ्घ, २०६७ : ३-१९) । साहित्यको सिर्जना केवल अन्तःप्रेरणाले मात्र सम्भव हुन नसक्ने मानिन्छ । बाह्य उत्प्रेरक तत्त्वको पनि अनिवार्यता ठानिन्छ । "कलासाहित्य शुन्यमा सिर्जित हुँदैन; साथै कलासाहित्य केवल व्यत्ति कलाकारकै आत्मगत निजी अभिव्यक्ति मात्र होइन" ( त्रिपाठी,२०६५ : १४३-१४४ ) भन्ने साहित्यसम्बन्धी मान्यताबाट पनि समाजभित्रै रहँदाको आफ्नो भोगाइ, दृष्टिकोणबाट स्रष्टाको लेखकीय चेतना निर्मित हुन्छ भन्ने कुरा बुझिन्छ । धेरै धेरै प्रयोगहरू, अभ्यासहरू, साधना र लगावहरूको प्रतिफलको रूपमा मानिने साहित्य मान्छेको आफ्नो समग्र जीवन यथार्थ, भोगाइ, गराइ, हेराइ, बुझाइबाट सिर्जित हुन्छ । त्यसैले समाजका सामाजिक, सांस्कृतिक प्रक्रिया, विकासक्रम, परिवर्तन, इतिहास, ज्ञान, व्यक्ति, राज्य, नियम, कानुन, अधिकार, अन्याय, अत्याचार, द्वन्द्व, युद्ध, अपराध, माया, प्रेम, राष्ट्र, समुदाय, समाज, टोल, धर्म, सामाजिक उतारचढाव, विग्रह तथा विघटन आदि बारेको प्रभाव वा परिणामलाई साहित्य भित्र कलात्मक ढङ्गले भाषिक सौन्दर्यका माध्यमबाट साहित्यकारले अभिव्यक्ति गर्दछ । केही रूचीपूर्ण र कलात्मक बनाउन साहित्यकारले केहीमात्रामा आफ्नो कल्पनाको पनि मिश्रण गरे तापनि यस्तो अभिव्यक्तिमा साहित्यकारले आफूले देखेको, भोगेको, बाँचेको युग, आफ्नो परिवार, शिक्षादीक्षा, सांस्कृतिक, आर्थिक अवस्था, पेशा तथा रोजगार, वातावरणका कुरासँग सम्बद्ध अनुभूतिलाई पनि आफ्नो कृतिमा व्यक्त गरेको हुन्छ । समाजको सुखदुख, मायाप्रेम, खुसी, करूणा, सहानुभूति, मानवता, असमानता, घात, प्रतिघात, इर्ष्या, क्रोध, अपराध, परिवर्तन, विकास, अवनति, संस्कार, संस्कृति, भाषा, जातजाति, धर्म, वेशभुषा, चाडपर्व, सम्पन्नता, विपन्नता, नियमकानुन, विवाह, परिवार, प्राकृतिक, भौतिक वातावरण आदि समाजसँग सम्बन्धित विषयहरूलाई रचना सामग्रीका रूपमा ग्रहण गरी साहित्यकारले साहित्य सिर्जना गर्दछ । अत : विभिन्न कारणबाट नेपालमा शुरू हुन पुगेको सशस्त्र द्वन्द्व तथा युद्ध (२०५२-२०६२) का कारण कथाकार महेशविक्रम शाहमा युद्धसम्बद्ध विषयले प्रभावित पार्न पुग्दछ । सशस्त्र द्वन्द्व तथा युद्ध (२०५२-२०६२) जन्य घटना तथा युद्धको पृष्ठभूमिबाट प्रभावित शाहले ती युद्धको समयमा मानवले भोगेका र अनुभव गरेका त्रासदी, भय र असुरक्षासँग सम्बन्धित शारीरिक तथा मानसिक पीडालाई कथा विधाका माध्यमबाट साहित्यमा अभिव्यक्त गर्न पुगेको देखिन्छ । वास्तवमा युद्धकालमा मानिसभित्रको संवेदना पक्ष विशेष उत्कर्षमा रहने हुँदा र साहित्यसर्जक समाजको सर्वाधिक सजग, संवेदनशील र सचेष्ट पहरेदारको रूपमा रहने हुँदा साहित्यकारमा रहने आफ्नो दार्शनिक दृष्टिकोण, सामाजिक सचेतता र संवेदनशीलताले साहित्यकारलाई सामाजिक दायित्वप्रति आकर्षित गर्छ र युद्धको प्रतिबिम्ब विभिन्न विधाका माध्यमबाट साहित्यमा देखिन पुग्दछ । त्यसैले समाजकै सदस्य भई समाजमै रहने साहित्यकारले युद्धकै समयमा र युद्ध सकिएपछि पनि ह्रिदयविदारक वास्तविक युद्धको घाउलाई वस्तुगत ढङ्गले बुझेर युद्धजन्य अभिघातका कथालाई रूचीपूर्ण र कलात्मक ढङ्गबाट यथार्थपरक युद्धसाहित्य लेख्न पुग्दछन् । विद्रोही र राज्यपक्ष बीचको सशस्त्र द्वन्द्वबाट पीडित बनेका सिपाही, विद्रोही छापामार र आमनागरिकहरूप्रति सहानुभूति राख्दै सशस्त्र द्वन्द्वले दिएको आघातपूर्ण यथार्थलाई कथाका माध्यमबाट अभिव्यक्त गर्ने कथाकार महेशविक्रम शाह पनि संवेदनशील कथाकार हुन् । युग र समाजको आवश्यकतासँग सम्बन्धित भएर रचना गर्न सक्ने कथाकार शाह तत्कालीन राष्ट्रिय युगीन यर्थाथ र संवेदनशील पक्षहरूप्रति संवेदनशील तथा सचेत रहेको देखिन्छ । एक दशकसम्म सशस्त्र द्वन्द्वमा पिल्सिरहेका नेपाल र नेपालीहरूले सशस्त्र द्वन्द्वले पुऱ्याएको भौतिक, मानसिक पीडा र क्षति सम्बन्धी प्रभावपूर्ण रचनाहरू आउन नसकेको अवस्थामा युद्धको एक पीडित वर्गको प्रतिनिधिका रूपमा **छापामारको छोरो** कथासङ्ग्रहभित्र सङ्कलित विविध कथाहरूलाई कथाकार शाहले सिर्जना गर्न पुगेको थाहा हुन्छ (शाह, २०६६ : ञ ) । कथाकार शाहद्वारा लिखित **छापामारको छोरो** कथा सङ्ग्रह कथाकार शाहद्वारा मात्र लिखित कथाहरू समावेश भएको युद्ध कथाहरूको सङ्ग्रह हो । साहित्यकार सधैं समसामयिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय युगीन यथार्थप्रति संवेदनशील बन्दछन् । त्यसो भएकोले आफैले नजिकबाट हेर्न र भोग्न पुगेको सशस्त्र द्वन्द्व तथा युद्धको यथार्थलाई कथा विधाको माध्यमबाट **छापामारको छोरो** कथा सङ्ग्रहमा उतारेको कुरा शाहको यस कथनबाट थाहा पाइन्छ । "....यस सङ्ग्रहको प्रकाशनले यस कमीलाई धेरै हदसम्म पूर्ति गर्नेछ भन्ने मैले विश्वास लिएको छु । नेपाली धर्तीलाई रक्तरञ्जित पार्ने सशस्त्र द्वन्द्वका सम्पूर्ण पाटाहरूलाई

यस सङ्ग्रहले स्पर्श गर्न नसके तापनि यस देशका नागरिकहरूलाई सशस्त्र द्वन्द्वले दिएको पीडा र पुऱ्याएको क्षतिको साङ्गपाङ्ग स्वरूपलाई अठार कथाहरू मार्फत यस सङ्ग्रहमा समेट्ने प्रयास गरिएको छ ( शाह, २०६६ : ञ ) । "

यसरी **छापामारको छोरो** कथा सङ्ग्रहभित्रका अठार वटै कथाहरूमा आम नागरिकहरूले एक दशकसम्म भोगेका दुःख, कष्ट र क्षतिको अनुभूत गरिरहेका यथार्थलाई अभिव्यञ्जित गरेको अर्थात् यस सङ्ग्रहका सबै कथाहरूको भावभूमि सशस्त्र द्वन्द्व तथा युद्धजन्य पीडासँग जोडिएको पाइन्छ । तत्कालीन दशबर्से सशस्त्र द्वन्द्व तथा युद्धले शाहको सर्जक क्षमतालाई अझ उर्वर, बलियो बनाउँदै शाहलाई युद्धवादी कथाको धरातलमा **छापामारको छोरो** कथा सङ्ग्रहले प्रवेश गराएको बुझिन्छ । कुनै पनि साहित्यकार आफ्नो युगका युगीन यथार्थबाट विमुख भएर रहन नसके झैँ सशस्त्र द्वन्द्व तथा युद्धका भोक्ता तथा द्रष्टाका रूपमा रहेका कथाकार शाह पनि युद्धबाट प्रभावित हुन पुगेको पाइन्छ । त्यही युद्धजन्य त्रासदी एवम् पीडादायी अनुभव, भय र असुरक्षित अनुभूतिले उनको संवेदना पक्ष विशेष उत्कर्षमा पुगेको थाहा हुन्छ । यसरी सशस्त्र द्वन्द्व तथा युद्ध( २०५२-२०६२) जन्य जीवन्त प्रभाव, भोगाइ र अनुभूतिका कारण कथाकार शाहमा विकास हुन पुगेको युद्धसम्बद्ध थप नवीन शक्ति, ज्ञान र चेतना, भोगाइ आदिलाई **छापामारको छोरो** कथा सङ्ग्रहका कथागत अभिघातको उत्प्रेरणात्मक पक्ष बनेको देखिन्छ ।

## ३.३ लेखकीय सृजनागत पृष्ठभूमि

युद्ध अभिघात सम्बन्धी अनेक प्रकारका कथ्य वा विषयलाई आधार बनाएर विभिन्न कथाकारद्वारा धेरै कथाहरू लेखिएका छन् । युद्ध अभिघात सम्बन्धी कथा लेख्ने कथाकारहरू मध्येमा महेशविक्रम शाह पनि सफल कथाकार मानिन्छन् । वि.सं. २०३६ सालमा 'आमा ' नामक कथा प्रकाशन गरेर नेपाली कथामा प्रवेश गरेका शाहले वि.सं. २०४६ सालमा 'अनुराग' पत्रिकाको पहिलो अङ्कमा छापिएको 'सटाहा' कथामार्फत कथा यात्रालाई अगाडि बढाएको पाइन्छ । वि.सं. २०२२ साल भदौ १५ गते शुक्रबार सेती अञ्चलको अछाम जिल्लाको वैद्यनाथ गा.वि.स.को कालिमाटीमा जन्मेका शाह सानै उमेरदेखि जिज्ञासु स्वभावको रहेको थाहा हुन्छ । सिर्जनात्मक सोच भएका र साहित्यकारका रूपमा चिनिएर बाँच्ने इच्छा बोकेका महेशविक्रम शाह सानै उमेरदेखि साहित्यमा रुचि राख्ने स्वाभावको भएको पाइन्छ । उनको प्रथम प्रकाशित साहित्यिक रचना वि.सं. २०३५ सालमा सुनसरीबाट पूर्णप्रकाश नेपाल 'यात्री' को सम्पादकत्त्वमा प्रकाशित हुने 'हिमाली सौगात' पत्रिकामा प्रकाशित भएको 'साहित्यका फूल सापकोटा' शीर्षकको कविता हो । उनको पहिलो प्रकाशित कथा 'आमा' मानिन्छ जुन वि.सं.२०३७ सालमा महेन्द्रनगरबाट प्रकाशित हुने 'वार्ता' साप्ताहिकमा प्रकाशित भएको पाइन्छ । शाहको वास्तविक कथायात्राको थालनी भने वि.सं. २०४६ सालमा 'अनुराग' पत्रिकाको पहिलो अङ्कमा छापिएको 'सटाहा' कथामार्फत भएको थाहा हुन्छ । उनको प्रथम साहित्यिक कृति वि.सं. २०५३ सालमा प्रकाशित 'सटाहा' कथा सङ्ग्रहलाई मानिन्छ । साहित्यका प्रायः सबै विधामा सामान्य कलम चलाए तापनि आफूलाई मूलतः कथाकार व्यक्तित्वका रूपमा स्थापित गरेका शाहको हालसम्म पाँचवटा कथा सङ्ग्रहहरू प्रकाशित छन् । ती कथा सङ्ग्रहहरू **सटाहा**(२०५३), **सिपाहीकी स्वास्नी**(२०५९), **अफ्रिकन अमिगो** (२०६०), **छापामारको छोरो** (२०६३) र **काठमाडौँमा कामरेड**(२०६५) हुन् । यी विभिन्न कथा सङ्ग्रहहरू मध्ये **छापामारको छोरो** (२०६३) कथा सङ्ग्रहलाई युद्धको प्रत्यक्षतालाई अभिव्यक्त गरेर महेशविक्रम शाहद्वाराबाट मात्रै लेखिएको युद्ध कथाहरूको मात्र सङ्ग्रह भएकोले व्यक्तिगत स्रष्टाको प्रथम युद्ध कथा सङ्ग्रह मानिन्छ । विद्यालयमा पढ्दाको विद्यार्थी जीवनदेखि नै साहित्यमा अभिरुचि राख्ने शाह विद्यालयमा प्रत्येक शुक्रबार र विशेष अवसरमा आयोजना हुने साहित्यिक कार्यक्रमहरूमा भाग लिइरहने गरेकोबाट उनको साहित्यिक सिर्जनाको पृष्ठभूमि तयार भएको कुरा साहित्यिक सिर्जनाको पृष्ठभूमिसँग सम्बद्ध कथाकारकै यो अभिव्यक्तिबाट थाहा हुन्छ :

> साहित्यकार बन्ने मेरो धोको स्कुलमा प्रत्येक शुक्रबार आयोजना गरिने सांस्कृतिक तथा साहित्यिक कार्यक्रममार्फत अङ्कुराएको थियो । म कविताका फूलहरू चुम्थेँ, गीतका परागहरू चाट्थेँ, निबन्धका पोखरीहरूमा डुबुल्की मार्थेँ, एकाङ्कीको मादल बजाएर नाँच्थेँ

र आफ्नो चारैतिरको संसार नै साहित्यमय देख्थेँ । परीक्षामा गणित विषयमा कम अङ्क आए पनि म नेपालीमा शतप्रतिशत अङ्क ल्याउँथेँ । नेपालीका गुरु श्री धनञ्जय तिमिल्सिना भन्नुहन्थ्यो -" महेश, तिमी एक दिन सफल साहित्यकार बन्नेछौ । " तर यसको ठीक विपरीत मेरी गणितकी गुरुआमा श्रीमती मेरी बर्गिज भन्नुहन्थ्यो - " यस्तै हो भने तिम्रो भविष्य उज्जवल छैन महेश ।" तर मेरो यस कञ्चन भावनालाई टीकापुर स्कुलको परिवेशले झन् टेवा दिएको थियो । त्यति बेला हामी चार-पाँच जना साथी यस्ता थियौँ जसबीच सधैं साहित्यिक प्रतिस्पर्धा चलिरहन्थ्यो र हाम्रो साहित्यिक जागरणको फलस्वरूप स्कुलको सम्पूर्ण वातावरण नै साहित्यिक झरीले रुझ्ने गर्दथ्यो । हामी साहित्य रच्थ्यौँ, साहित्य कथ्थ्यौँ, साहित्य गुनगुनाउँथ्यौँ, साहित्य हाँस्थ्यौँ र साहित्य बाँच्थ्यौँ । मलाई अहिले लाग्छ, मान्छेको जीवनमा स्कुलको परिवेशले महत्वपूर्ण स्थान राख्दो रहेछ । त्यस बेलाको मेरो स्कुलको त्यो स्वर्गमय वातावरणले मैले हालसम्म कहीँ -कतै पाउन सकेको छैन । त्यो समय मेरो जीवनको स्वर्णिम समय थियो भन्ने म ठान्दछु । (शाह, २०६८ : स्वकथन) ।

यसरी टीकापुर कैलाली स्कूलका नेपाली विषयका गुरु धनञ्जय तिमिल्सिनासँगको सम्पर्क र सामीप्यताको कारण साहित्यप्रति आकर्षित हुन पुगेका शाहले अछाम जिल्लाको कालिमाटीमा अवस्थित सूर्यचन्द्र माध्यमिक विद्यालयबाट प्रारम्भिक स्तरको शिक्षा र टीकापुर आवासीय मा.वि. टीकापुर, कैलालीबाट वि.सं.२०३८ सालमा प्रथम श्रेणीमा प्रवेशिका परीक्षा उर्त्तीण गरेको थाहा हुन्छ । प्रवेशिका परीक्षा उर्त्तीण गरेपछि उच्च शिक्षाका सिलसिलामा काठमाडौं आएपछि कवि तथा गजलकारका रूपमा परिचित ललिजन रावल नाम गरेका साथी बाट पनि शाहले साहित्यिक प्रेरणा ग्रहण गरेको बुझिन्छ ।

त्रि.वि.वि.अन्तर्गतको अमृत साइन्स क्याम्पसबाट सन् १९८९ मा बी. एस्सी, जनप्रशासन क्याम्पस त्रिपुरेश्वरबाट सन् १९९४ मा एम.पी.ए.र ल क्याम्पस भृकुटीमण्डपबाट सन् २००३ मा बी.एल. उर्त्तीर्ण गरेका र त्रिचन्द्र क्याम्पसबाट मानव शास्त्रमा एम.ए. पनि गरेका शाहले औपचारिक शिक्षाबाहेक ज्ञान-विज्ञान, साहित्य सम्बन्धीको स्वाध्ययनबाट र पेशासँग सम्बन्धित विभिन्न अध्ययन तथा अनुभवबाट पनि आफ्नो ज्ञान क्षेत्रलाई बढाउँदै लगेको थाहा हुन्छ । "कथा भन्नु नै मानव जीवनले भोगेका सुख, दुःख, पीडा, मर्म, बाध्यता, विवशता, विषमता, विसङ्गति, विकृति र परिवर्तित मानसिकताको उपज हो" ( शाह, २०६८ : स्वकथन) भन्ने मान्यता राख्ने शाह आफ्नो जीवनमा भोगेका र देखेका विभिन्न खालका सुखदुःख, पीडा, मर्म, बाध्यता, विवशता, विषमता, विसङ्गति, विकृतिजस्ता कुरूप पक्षबाट भावुक र संवेदनशील हुन जाने स्वभावको भएको पाइन्छ । आफू हुर्केको, बढेको, पढेको गाउँकै सरल, स्वच्छ, सुन्दर तर मानवीय रूपमा हृदयविदारक वातावरणले शाहलाई गहिरो प्रभाव पारेको बुझिन्छ भने आफू बाँचेको, भोगेको, देखेको परिवेश, आफ्नै गाउँ, ठाउँ, समय, संस्कार, संस्कृतिसम्बद्ध अनुभव र अनुभूतिले पनि आफ्नो साहित्य सिर्जनामा उत्प्रेरकको काम गरेको कुरालाई कथाकार शाहले यसरी व्यक्त गरेका छन् :

म बाँचेको परिवेशले पनि मेरो साहित्यसिर्जनामा उत्प्रेरकको काम गरेको छ । म गाउँमा जन्मेँ, गाउँमा हुर्के र गाउँमै मैले जीवनका अनुभव र अनुभूतिहरू सँगालेँ । गाउँको प्राकृतिक रूपमा सरल, स्वच्छ र सुन्दर तर मानवीय रूपमा हृदयविदारक वातावरणले मेरो मनमष्तिस्कमा सधैंका लागि अमिट छाप छोडेको छ । थारु बस्तीका खरले छाएका झुपडीहरू, धुलाम्मे र हिलाम्मे गोरेटाहरू, गोरेटामा हिँड्ने गोठालाहरू, गोठालाका अघिअघि हिँड्ने गाईवस्तुहरू, बाह्रैमास अन्नबालीद्वारा सुशोभित खेतका गराहरू, खेतका गरामा रातदिन पसिना चुहाइरहने श्रमिकहरू, थारु समाजका परम्परित प्रथाहरू, दुःखमा पनि मुस्कुराइरहन सक्ने सरलअनुहारहरू, निर्मल भावनाले ओतप्रोत आत्माहरू र राज्यको दृष्टिबाट टाढा रहेका अनागरिक नागरिकहरू; यी सम्पूर्ण दृश्यचित्र र भावचित्रहरूले मेरो मनमष्तिस्क सम्मोहित छ । मलाई लाग्छ, यिनै अनुभव र अनुभूतिका सञ्जीवनीले नै मलाई २०३७ देखि २०४५ सालसम्मको साहित्यिक निद्राबाट बिउँझाएर नयाँ जीवन प्रदान गरेका

हुन् । ( शाह, २०६८ : स्वकथन)

यसरी समाजका मानिसले भोगेको दुर्घटना, अमानवीय कार्य, जनसामान्यका चीत्कार, क्रन्दन, पीडा, दु:ख, वेदना आदि पीडादायीसम्बद्ध विषयसँग कथाकार शाह सर्वाधिक सजग, संवेदनशील बने बुझिन्छ । तिनै संवेदनशीलसम्बद्ध भावनालाई विविध कथा सङ्ग्रहभित्रका कथामा अभिव्यक्त गरे तापनि द्वन्द्व र युद्धजन्य अभिघात, अवसाद, वेदना, दु:ख आदि युद्धसम्बद्ध र सन्दर्भका घटना, परिघटनाहरूलाई विषय बनाएर कथाकार शाहले **छापामारको छोरो** कथा सङ्ग्रहमा प्राथमिकताका साथ प्रस्तुत गरेको पाइन्छ । त्यसै गरी एक दशकसम्म जारी रहेको सशस्त्र द्वन्द्व र युद्धबाट आफ्नो जीवन गुमाउनेहरू, घाइते हुनेहरू, आफन्तलाई गुमाउनेहरू, आफ्नो घरबार, गाउँ, बस्ती उजाडिएको हेर्न बाध्य बनाइएकाहरू र आफ्नो देश छोडेर विदेसिनुपर्नेहरूका दु:ख, पीडाप्रति संवेदनशील बनेको थाहा हुन्छ । "एक दशक लामो सशस्त्र द्वन्द्वले देशलाई आक्रान्त पारेपछि मेरो कलमबाट द्वन्द्वकथाहरू जन्मे जुन सिपहीकी स्वास्नी र छापामारको छोरोमा सङ्गृहीत भए" (शाह, २०६५ : भूमिका ) भन्ने शाहको आफ्नै अभिव्यक्ति अनुसार सम्पूर्ण रूपमा सशस्त्र द्वन्द्व र युद्धको चित्रणमा केन्द्रित भएको कथा सङ्ग्रहको रूपमा छापामारको छोरोलाई लिन सकिन्छ । यसरी समाजकै एक सदस्यका रूपमा रहेका कथाकार शाहको **छापामारको छोरो** कथा सङ्ग्रहका कथागत अभिघातको अभिप्रेरक तत्व अर्थात् युद्धकथा लेखनको उत्प्रेरणात्मक पक्षका रूपमा साहित्यकार स्वयं र समाजका मानिसले भोगेका, देखेका युद्धजन्य पीडादायी जीवन्त अनुभूति र प्रभाव नै भएको बुझिन्छ ।

## ३.४ लेखकीय पेशागत पृष्ठभूमि

युद्धकथा सङ्ग्रहको रूपमा रहेको **छापामारको छोरो** कथा सङ्ग्रहका सर्जक महेशविक्रम शाह सशस्त्र युद्धमा सक्रिय सहभागी भएका एक सर्जक हुन् । एकभन्दा बढी विषयमा स्नातकोत्तर तहको अध्ययन गरेका शाह पेशागत रूपमा प्रहरी अधिकृतको रूपमा चिनिन्छन् । बी. एस्सी उर्त्तीर्ण गरेपछि प्रहरी निरिक्षक पदमा भर्ना भएका शाहले एक दर्जनभन्दा बढी युद्धकथा लेखेर आफ्नो योगदानको सशक्त उपस्थिति जनाएका छन् । उनको त्यो उपस्थिति **सिपाहीकी स्वास्नी** र **छापामारको छोरो** कथा सङ्ग्रहभित्र देख्न सकिन्छ । दसबर्से सशस्त्र युद्धले गरेको क्षति र विनाशको चित्रलाई यी दुई कथा सङ्ग्रहभित्रका विभिन्न शीर्षकका कथामा छर्लङ्ग देखाइएको छ । मृत्यु र हत्या, लडाइँका योजना, अनेक प्रकारका अनिच्छाहरूमा जबरजस्ती, उजाडिएका गाउँबस्ती, बेहाल भएका मानवजाति, अनिकाल, भोकमरी, लुटपाट, हिंसा, हत्या सशस्त्र युद्धको यथार्थ हो र जुन यथार्थ **सिपाहीकी स्वास्नी** कथा सङ्ग्रहभित्रका केही कथाहरूमा र **छापामारको छोरो** कथा सङ्ग्रहभित्रका अधिकांश कथाहरूमा पाइन्छ । महेशविक्रम शाहको पेशागत जीवनीको अध्ययनबाट प्राप्त जानकारी अनुसार नेपाल प्रहरीमा अधिकृत स्तरको पदमा कार्यरत कथाकार शाहले दशबर्से सशस्त्र द्वन्द्वलाई नजिकैबाट हेरेका, बुझेका र अनुभूति गरेका थिए भन्ने कुरा थाहा हुन्छ । जुन कुरालाई कथाकार शाहले **छापामारको छोरो** कथा सङ्ग्रहको 'सशस्त्र द्वन्द्व र युद्धको पीडाले जेलिएका मेरा कथाहरू' शीर्षकको भूमिकामा यसरी व्यक्त गरेका छन् :

> यस पुस्तक प्रकाशनको सन्दर्भमा आफ्नो बारेमा केही लेख्न बस्दा मलाई अनुभूत भइरहेको छ कि म अझै पनि रोल्पाको लिवाङमा छु, वरिपरि हातहतियारले सुसज्जित सिपाहीहरूले लिवाङ्लाई पहरा दिइरहेका छन्, डाँडाडाँडामा आगोका झिल्काहरू उठिरहेका छन्, परपर गाउँबाट दमाहाको एकसुरो ढङ-ढङ -ढङ आवाज आइरहेको छ, चकमन्न रातलाई झन् भयावह बनाउँदै कुकुरहरू जोडजोडले भुकिरहेका छन्, नजिकै धाङ्सी खोलाको उराठलाग्दो चिच्च्याहटले सबैका मनमा पहिरो गइरहेको छ र एक्कासि मेरो अगाडि नै अँध्यारोमा चारैतिर बन्दुकहरू गर्जिन थाल्छन्...। यो मैले भोगेको यथार्थ हो । म पनि सशस्त्र द्वन्द्वको एक पात्र ! मैले सशस्त्र द्वन्द्वलाई फरकफरक समय र परिवेशमा आफ्नै आँखाअगाडि जसरी अनुभव र अनुभूत गर्ने अवसर पाएँ, एक लेखकको हैसियतले त्यो अवसर पाउने म एक भाग्यमानी लेखक हुँ । मैले सशस्त्र द्वन्द्वको पीडालाई आफ्ना कथाहरूमा उतार्ने प्रयास गरेको छु । (शाह, २०६६ : झ )

युद्धको प्रभावबाट सिर्जित परिवेश शाहको युद्धकथा लेखनको पृष्ठभूमि बन्न गएको देखिन्छ । सशस्त्र युद्धको समयमा जागिरको सिलसिलामा आफू देशको पश्चिम भाग रुकुम, रोल्पामा रहँदा त्यहाँ प्रत्यक्ष देखेका, भोगेका, सुनेका घटनाहरूलाई नै **छापामारको छोरो** कथा सङ्ग्रहमा समेटिएको कुरा कथाकार आफैले लेखेको पुस्तकको भूमिकाबाट थाहा हुन्छ । यसरी पेशागत कर्तव्य निर्वाह गर्ने सन्दर्भमा र सशस्त्र युद्धमा निरन्तर योगदान दिएको नाताले मानवको पीडादायी जीवनलाई पढ्न सकेका शाहले युद्धबाट जे जति ज्ञान, चेतना हासिल गरे त्यो ज्ञान, चेतना नै शाहभित्रको स्रष्टालाई अझै जगाउन पर्याप्त भएको र उनी युद्धकथा सिर्जनातिर लागेको बुझिन्छ । त्यसैले गर्दा उनको **छापामारको छोरो** कथा सङ्ग्रहभित्रका सबै नै कथा युद्धसँग सम्बन्धित देखिन्छ । दशवर्षे द्वन्द्वजन्य घटनाहरूको भोक्ता र द्रष्टा दुवै रूपमा संलग्न भएका कथाकारले त्यही द्वन्द्वजन्य समस्या र मार्मिक पीडालाई आफ्ना द्वन्द्वकथाहरूमा अभिव्यक्त गरेका छन् । उनले आफ्नै देश नेपाल, यहाँको समाज, परिवार, घर-आँगनलाई तहसनहस बनाएको अप्रिय दृश्य र यही देशकै मानिसहरूका भोगाइहरूलाई आफ्ना कथामा समेटेका छन् । दाजुभाइ, दिदीबहिनी, बाबुआमा, बालबालिका, वृद्धवृद्धा सबैले द्वन्द्वको कारण भोग्नु परेको शारीरिक तथा मानसिक पीडालाई आधार बनाएर कथाको रचना गरेका छन् । द्वन्द्व पीडित मानिसले भोगेको यातना, क्षति, हत्या, हिंसा, चन्दा, अपहरण, बेपत्ता, बन्दहड्ताल, चक्काजाम, बासस्थान कब्जा लगायत विभिन्न प्रकारका घटनाहरूको चित्रण उनको **छापामारको छोरो** कथा सङ्ग्रहभित्रका अधिकांश कथामा पाउन सकिन्छ । आफ्नो कथा लेखनबारे कथाकारले **छापामारको छोरो**को भूमिकामा भन्छन्-

> लेखकका रूपमा मलाई विद्रोही र राज्यपक्षबीचको सशस्त्र द्वन्द्वबाट पीडित बनेका सिपाही, विद्रोही छापामार र आमनागरिकहरू सबैको पीडाले संवेदनशील बनाएको र कुनै पक्षप्रति पूर्वाग्रह नराखी मैले आफूले अनुभव गरेका युद्धका पीडाहरूलाई कथामा संश्लेषण गर्ने प्रयास गरेको छु । समग्रमा यस सङ्ग्रहभित्र सङ्गृहीत मेरा कथाहरू देशले भोगेको दसवर्षे सशस्त्र द्वन्द्व र युद्धका जिउँदाजाग्दा तस्विरहरू हुन् भन्दा अतिशयोक्ति नहोला "(शाह, २०६६ : झ ) ।

दुःखलाई नजिकबाट सूक्ष्म चेतनाले हेर्ने सक्ने र त्यही जीवन्ततालाई कथाका माध्यमबाट अभिव्यक्त गर्न सक्ने शाहको **छापामारको छोरो** कथा सङ्ग्रहभित्रका सबै कथामा सशस्त्र युद्धको यथार्थ अङ्कन गरिएको पाइन्छ । द्वन्द्वको समयमा युद्धरत पक्षले धम्काउने, तर्साउने, दबाब दिने हत्या-हिंसा गर्ने, गाउँ निकाला गर्ने, विद्यालयलाई युद्धभूमि बनाउने, देशमा बारम्बार हड्ताल र बन्द गर्ने, शैक्षिक संस्थामा तालाबन्दी गर्ने, शिक्षक र विद्यार्थीहरूलाई विद्यालयबाट अपहरण र पक्राउ गर्नेजस्ता सशस्त्र युद्धको समयमा भएको अमानवीय क्रियाकलापका भोक्ता तथा द्रष्टामा पीडाबोध हुन गएको अवस्था वास्तविक यथार्थ हो । सशस्त्र युद्धको समयमा सशस्त्र द्वन्द्वका भोक्ता तथा द्रष्टा सबैमा अनुभूत हुन पुगेको यिनै युद्धजन्य पीडाका कारण शारीरिक तथा मानसिक अभिघात उत्पन्न भएको यथार्थलाई शाहले **छापामारको छोरो** कथा सङ्ग्रहभित्रका कथाहरूमा अभिव्यक्त गरेको पाइन्छ । युद्धजन्य पीडाले पुऱ्याएको मनोवैज्ञानिक असन्तुलन वा विचलनहरूलाई कथामा अभिव्यक्त गरिएको छ । हत्या, अगङ्गभङ्ग, बलात्कार, अपहरणजस्ता शारीरिक वा भौतिक क्षति अनि डर, त्रास, पीडा, बदलाको भावना, सैन्य मानसिकताको विकास, माया-ममताबाट वञ्चितजस्ता मनोवैज्ञानिक क्षति र टुहुरा, विधवा, परिवारबाट बिछोड, शरणार्थी, खाना, स्वास्थ्य, शिक्षा र सुरक्षाको अभाव आदिजस्ता सामाजिक क्षति नै **छापामारको छोरो** कथा सङ्ग्रहमा सङ्गृहीत कथाका भावभूमि हुन् । आफैले नजिकबाट अनुभूत गर्न पाएको अर्थात् हेर्न र भोग्न पुगेको दस बर्से सशस्त्र द्वन्द्व तथा युद्धको यथार्थलाई छापामारको छोरोमा अभिव्यक्त गरेको बाट शाहले आफूले अनुभूत गर्न पाएको अवसरको सार्थक प्रयोग गरेका छन् भन्न सकिन्छ किनकि सशस्त्र युद्धकाल साहित्य सिर्जना, चेतना, विकास र विचार उत्पत्तिका हिसाबले शाहको लागि उर्वर रहन गएको कुरालाई **छापामारको छारो** कथा सङ्ग्रहमा गोविन्दराज भट्टराईले भूमिकामा लेखेको यी कुराहरूबाट पुष्टि गर्न सकिन्छ ।

> महेशविक्रम उत्कृष्ट युद्धसाहित्यका सफल सर्जक हुन् । उनले कतिपय कथामा प्रहरी, सेना र प्रशासनसंयन्त्रको मानसिकता उतारेका छन् । कतिमा माओवादी, सैनिक-प्रहरीअभ्यासका,

> छापामारका युद्धकला, हतियारका र अन्य क्रियाकलापको अदृश्य जगत्लाई साहित्यमा ल्याएका छन् । उनको यो युद्धसाहित्यभित्र युद्धकलाका अनेक प्रसङ्ग र चरित्र छन् । ती यस विषयमा ज्ञान नभएको लेखकका लागि असम्भव हुन्थे । आफ्नो सेवाको क्षेत्रबाट उनले सूक्ष्म चेतना र ज्ञान लिएर त्यो कलालाई युद्धमैदानमा उत्रेको परिस्थितिको जीवन्त चित्र उतारेका छन् (शाह, २०६६ : च ) ।

यसरी शाहले सशस्त्र युद्धसँग सम्बद्ध रही देश, जनता र नेपाली साहित्यमा पनि  योगदान गरेको बुझिन्छ । यस कुरालाई सशस्त्र युद्ध शुरू हुँदाको कुनै एउटा समयको परिवेशलाई शाह आफैले पनि **छापामारको छोरो**को भूमिकामा दिएको उपर्युक्त अभिव्यक्तिबाट पुष्टि गर्न सकिन्छ ।  २०५२ देखि सुरु भएको सशस्त्र युद्धमा सक्रिय भएर योगदान पुऱ्याएका शाह साहित्यतर्फ पनि उत्तिकै सक्रिय रहेको र रहनुपर्दछ भन्ने मान्यता बोकेको कुरालाई शाहले अभिव्यक्त गरेको जीवनप्रतिको आफ्नै दृष्टिकोणबाट बुझ्न सकिन्छ ।  हाल नायव प्रहरी उपरीक्षक पदमा कार्यरत शाह नोकरीमा बहाल छँदासम्म शक्ति, सम्पत्ति र प्रतिष्ठा हुने तर नोकरीबाट अवकाश भएपछि शक्ति, सम्पत्ति र प्रतिष्ठाहरूबाट व्यक्ति अलगिन पुग्छ भन्ने विचार तथा मान्यता राख्दछन् । त्यसै गरी मानिसले समाजमा आफ्नो पहिचान बनाउन र आत्मसन्तुष्टि प्राप्त गर्नमा नोकरी भन्दा साहित्यको नै श्रेष्ठ भूमिका रहेको हुन्छ भन्ने मान्यता पनि शाहमा रहेको पाइन्छ । (पौडेल, २०६२ : २२) । यसरी जीवनको उत्तरार्द्धमा मानिसले समाजमा आफ्नो पहिचान खोज्ने र त्यही पहिचानले नै आत्मसन्तुष्टि प्रदान गर्ने हुँदा कथाकार शाहले नोकरीभन्दा साहित्यलाई नै सर्वश्रेष्ठ ठानेको कुरा बुझिन्छ । नोकरीभन्दा साहित्यलाई नै सर्वश्रेष्ठ भएको मान्यता राख्ने र २०५२ देखि शुरू भएको सशस्त्र युद्धमा सक्रिय भएर योगदान पुऱ्याएका शाह पेशासम्बद्ध कर्तव्य निर्वाह गर्नुको साथै साहित्यतर्फ पनि उत्तिकै सक्रिय रहन सकेको पाइन्छ भने उनको **छापामारको छोरो** कथा सङ्ग्रहभित्रको सम्पूर्ण कथाको पृष्ठभूमि २०५२ देखि २०६२ सम्म भएको सशस्त्र युद्धको प्रत्यक्षतामा आधारित भएको पाइन्छ । यसरी दसबर्से सशस्त्र युद्धको आरम्भपछि शाहको कथा लेखनको मूल प्रवाह युद्धको अनुभव, प्रभाव र गतिसँगै हुर्किएको देखिन्छ । पेशासम्बद्ध कर्तव्य निर्वाह गर्ने क्रममा सशस्त्र द्वन्द्व तथा युद्धको प्रत्यक्ष अनुभव सँगालेका शाहलाई युद्ध र युद्धसम्बद्ध अनुभूति कथा सिर्जनाको लागि अभिप्रेरक तत्त्व बन्न पुगेको बुझिन्छ । त्यसकारण **छापामारको छोरो** कथा सङ्ग्रहभित्रको सम्पूर्ण कथा लेखनको उत्प्रेरणात्मक स्रोत अर्थात् पृष्ठभूमि र सन्दर्भ सशस्त्र द्वन्द्व तथा युद्ध र युद्धसम्बद्ध पीडादायी अनुभूत नै रहेको बुझिन्छ ।

## ३.५ निष्कर्ष

सशस्त्र द्वन्द्व र युद्धलाई विषय बनाएर कथाकार महेशविक्रम शाहद्वारा लेखिएको **छापामारको छोरो** कथा सङ्ग्रहभित्रका कथाहरू २०५२ देखि २०६२ सम्मको समयावधिको युद्धजन्य पीडाको भावभूमिमा रहेर नै लेखिएको पाइन्छ । वि.सं. २०५२ देखि २०६२ सम्मको द्वन्द्व तथा युद्धको दशकमा द्वन्द्वरत दुवै पक्षबाट नेपाली जनतामाथि अनेक प्रकारको अमानवीय पीडा पुऱ्याएको देखिन्छ । अपहरण गर्नु, पकड्नु, बेपत्ता पार्नु, हत्या गर्नु, कुटपिट गर्नु, नाकाबन्दी गर्नु, स्थानीय तथा राष्ट्रिय तहमा बन्द गर्नु, गृहनिकाला गर्नु, भौतिक पूर्वाधारको विनाश, मानव अधिकारको उल्लङ्घन, धरापस्थापना, विष्फोट, आगजनी, लुटपाट, लासको दुर्गन्ध, टुहुरोपन, वैधव्य, सन्तानहीनता, स्वदेशमै शरणार्थी हुनु, विदेश पलायन आदि अमानवीय कार्यहरू भएको पाइन्छ । द्वन्द्व र युद्धजन्य यिनै पीडा, दुःख, वेदना, अभिघात, आक्रोश र विडम्बनालाई **छापामारको छोरो** कथा सङ्ग्रहमा प्रमुखताका साथ अभिव्यक्त गरिएको छ । साहित्यकार बन्न सक्ने क्षमता र जन्मजात गुण भएका महेशविक्रम शाहको आफ्नै जीवनदृष्टि, व्यवहार, स्वभाव, रुचि, शिक्षा, विद्यालयको वातावरण र विद्यालयका गुरु, साथीसँगी, प्राकृतिक वातावरण, कल्पनाशीलता, जन्मजात साहित्य रचना गर्न सक्ने क्षमता र गुणलाई शाहको साहित्य सिर्जनाको पृष्ठभूमि तथा उत्प्रेरणात्मक स्रोत मान्न सकिन्छ । **छापामारको छोरो** कथा सङ्ग्रहको सन्दर्भमा भने युद्धजन्य उपर्युक्त पीडालाई अभिव्यक्ति गर्नुमा मानिसले भोगेको दुर्घटना, अमानवीय कार्य, जनसामान्यका चीत्कार, क्रन्दन, पीडा, दुःख, वेदना आदिसँग सर्वाधिक सजग, संवेदनशील बन्ने कथाकारको आफ्नै उपर्युक्त स्वभाव तथा गुणहरूले नै उत्प्रेरकको भूमिका खेलेको देखिन्छ । नेपाल प्रहरीमा नायव

उपरीक्षक स्तरको पदमा कार्यरत कथाकार शाहले पेशागत कर्तव्य निर्वाह गर्ने सन्दर्भमा र सशस्त्र युद्धमा निरन्तर योगदान दिएको नाताले मानवको युद्धजन्य पीडादायी जीवनलाई पढ्न पाएको देखिन्छ । मानवको युद्धजन्य पीडादायी जीवनलाई पढ्दा हुन गएको ज्ञान, चेतना र संवेदनशीलता पनि शाहभित्रको स्रष्टालाई अझै जगाउन पर्याप्त भएको बुझिन्छ । दु:खलाई नजिकबाट सूक्ष्म चेतनाले हर्ने सक्ने र त्यही जीवन्ततालाई कथाका माध्यमबाट अभिव्यक्त गर्न सक्ने खुबीलाई पनि शाहभित्रको स्रष्टालाई अझै जगाउने अभिप्रेरक तत्वको रूपमा लिन सकिन्छ । जीवनको उत्तरार्द्धमा मानिसले समाजमा आफ्नो पहिचान बनाउन साहित्य सिर्जना गर्नु पर्ने र साहित्य सिर्जनाबाट बनाएको पहिचानले नै आत्मसन्तुष्टि प्रदान गर्न सक्ने कुरामा विश्वास गर्ने कथाकार शाहले नोकरीभन्दा साहित्यलाई नै सर्वश्रेष्ठ ठानेको पाइन्छ । साहित्य सिर्जनाप्रतिको उनको यही दृष्टिकोण अर्थात् सिर्जनात्मक सोच र साहित्यकारका रूपमा चिनिएर बाँच्ने इच्छाशक्ति पनि शाहभित्रको स्रष्टालाई जगाउने उत्प्रेरणाको स्रोत बनेको देखिन्छ । **छापामारको छोरो** कथा सङ्ग्रहको कथागत अभिघातको उत्प्रेरणा स्रोतको रूपमा माथि उल्लेख गरिएका युद्धसम्बद्ध युगीन, राष्ट्रिय तथा अन्तार्राष्ट्रिय पृष्ठभूमि, लेखकीय सृजनागत पृष्ठभूमि, लेखकीय पेशागत पृष्ठभूमि, साहित्यकार बन्न सक्ने शाहको आफ्नै जन्मजात गुण, क्षमता, कथाकारको आफ्नै जीवनदृष्टि, व्यवहार, स्वभाव, रुचि, शिक्षा, विद्यालयको वातावरण र विद्यालयका गुरु, साथीसँगी, प्राकृतिक वातावरण, कल्पनाशीलतालाई लिन सकिन्छ । यसका साथै सशस्त्र द्वन्द्व तथा युद्ध(२०५२-२०६२) जन्य जीवन्त प्रभाव, भोगाइ र अनुभूतिका कारण कथाकार शाहमा विकास हुन पुगेको युद्धसम्बद्ध थप नवीन शक्ति, ज्ञान र चेतना, भोगाइ आदिलाई **छापामारको छोरो** कथा सङ्ग्रहका कथागत अभिघातको प्रमुख उत्प्रेरणात्मक पक्ष मान्न सकिन्छ । यसरी यस कथा सङ्ग्रहका कथागत अभिघातको केन्द्रीय तथा प्रमुख उत्प्रेरणात्मक स्रोतका रूपमा भने सशस्त्र द्वन्द्व तथा युद्ध (२०५२-२०६२) नै रहेको देखिन्छ ।

# परिच्छेद चार

# छापामारको छोरो कथा सङ्ग्रहमा चित्रित अभिघातको विश्लेषण

## ४.१ विषयप्रवेश

कथाकार महेशविक्रम शाहद्वारा लिखित **छापामारको छोरो** (२०६३) कथा सङ्ग्रह अठार वटा कथाहरूको सङ्ग्रह हो । ती अठार वटा कथाहरू २०५२/०५३ यताको सशस्त्र द्वन्द्व र तज्जन्य परिवेशमा केन्द्रित छ । दशबर्से जनयुद्ध हुँदाको समयावधिमा देशका मानिसहरूले भोगेका दर्दनाक घटनाहरूलाई ती कथाहरूको विषयवस्तु बनाएको पाइन्छ । त्यसैले **छापामारको छोरो** कथा सङ्ग्रहभित्रका कथाहरूमा एक कालअवधि विशेषमा हाम्रै नेपाली समाजमा व्याप्त सशस्त्र द्वन्द्वजन्य प्रवाभले उत्पन्न गराएको अनेक पीर, समस्या, दुःख, पीडा भोगेर विभिन्न प्रकारका अभिखात खेपेका तिनै मानिसहरूको यथार्थ जीवनको चित्रण छ । युद्धजन्य अनेक रूपका अभिघातहरूबाट पीडित भएका मानिसहरू शारीरिक तथा मनोवैज्ञानिक रूपमा असन्तुलित र अभिघातित हुन पुगेको सन्दर्भहरू कथामा अभिव्यक्त भएको हुँदा ती कथाहरूको केन्द्रीय विषयवस्तु अभिघात नै रहेको बुझिन्छ । तसर्थ शाहका यस कथा सङ्ग्रहभित्रका कथाहरूलाई अभिघात सिद्धान्तको आधार लिई अध्ययन, व्याख्या, विश्लेषण गरिएको छ । अभिघात सिर्जना गर्ने कटु अनुभव, चोट, घटनाको प्रकार र प्रकृति जस्तो र जति प्रकारको देखिएको छ त्यसैको आधारमा **छापामारको छोरो** कथा सङ्ग्रहभित्रका कथाहरूमा अभिव्यक्त अभिघातको प्रकार पनि छुट्याइएको छ । प्रस्तुत शोधकार्यमा **छापामारको छोरो** कथा सङ्ग्रहभित्रका कथाहरूमा अभिघात सिर्जना गराउनमा जिम्मेवार रहेको कारक तत्त्व र हिंसाको प्रकृतिलाई हेरेर यस कथा सङ्ग्रहभित्रका कथाहरूमा अभिव्यक्त अभिघातको वर्गीकरण पनि गरिएको छ । हिंसाजन्य घटनाको प्रकृति र अभिघात सिर्जना हुने कारकलाई आधार मानेर यस कथा सङ्ग्रहभित्रका विभिन्न कथाहरूलाई शारीरिक र मनोवैज्ञानिक अभिघात, द्वन्द्व, युद्ध र शस्त्र अभिघात, बाह्य र आन्तरिक अभिघात, प्राथमिक र द्वितीयक अभिघात शीर्षकमा अभिघातपरक वर्गीकरण गरी ती विभिन्न प्रकारका अभिघातसम्बद्ध मान्यता र कथाभित्र अभिव्यक्त सन्दर्भलाई आधार मानी **छापामारको छोरो** कथा सङ्ग्रहभित्रका कथाहरूको विश्लेषण गरिएको छ ।

## ४.२ छापामारको छोरो कथा सङ्ग्रहमा शारीरिक र मनोवैज्ञानिक अभिघात

### ४.२.१ शारीरिक अभिघात

'वधशालामाा बुद्ध' कथामा शारीरिक चोटपटक तथा शारीरिक हिंसासँग सम्बन्धित अमानवीय चरित्रसम्बद्ध घटना पनि अभिघातको कारण बनेको पाइन्छ । यस कथाको 'ऊ' पात्रले वधशालाको कुशल वधिक बनेर तरबारको धारबाट मान्छेलाई ताछेको, काटेको र मारेको सन्दर्भ शारीरिक अभिघातसम्बद्ध क्रियाकलापहरू हुन् । भगौटे वधिकका रूपमा चिनिएको 'ऊ' पात्रलाई पाता फर्काउँदै पुनः वधशालामा ल्याइनु, 'ऊ' पात्रले पाइन चढाएको धारिलो तरबारले युवकको गर्धनमा जोडले प्रहार गर्नु, फलामे साङ्लामा हातखुट्टाहरू बाँधेर वधशालाको रगताम्मे भुइँमा 'ऊ' पात्रलाई लडाएर राख्नु, 'ऊ' पात्रको शरीर रातभरको शारीरिक यातनाले थिलोथिलो बन्नु, वधशालामा मान्छेहरूलाई हातबाँधेर राख्नु, 'ऊ' पात्रलाई वधशालाको बीचोबीच रहेको मौलोमा बाध्नु र वधशालाको रक्तरञ्जित दृश्य पनि शारीरिक अभिघातसम्बद्ध क्रियाकलापहरू हुन् । त्यसै गरी वधशालामा मान्छेको आलो मासु पोलिएको गन्ध आउनु, वधशालाका नायक, महानायकमध्ये कोहीले हातखुट्टाको नलीहाड फुकिरहनु, केहीले करङका हड्डीहरू रेटिरहनु त केहीले हातले खप्परमा ठटाइरहनु पनि शारीरिक अभिघातसम्बद्ध क्रियाकलापहरू हुन् । यस्ता क्रियाकलापहरू वधशालाको सिद्धान्त, नियम र वधिक पेसाको विपरित जाने वधशालाका कैदीहरू, बालवधिकहरू, युवा वधिकहरूलाई वधशालाका महानायक, नायकहरूले मृत्युदण्ड दिने क्रममा गरिएको पाइन्छ । शारीरिक चोटसम्बद्ध यस्ता क्रियाकलापहरू कथामा भेटिएको हुँदा 'वधशालामा बुद्ध' कथाका पात्रमा शारीरिक अभिघात पाइन्छ ।

'युद्धविराम जिन्दावाद' कथामा विद्रोहीहरूका विरुद्ध युद्धको मोर्चा सँभाल्दै गरेको सिपाही वीरबहादुर

खटिएको पोस्टको अगाडि अचानक ठूलो विस्फोट हुन पुग्दछ । सुरक्षाफौज र विद्रोही बीच घमासान लडाइँ शुरू भैरहेको वखत विद्रोही छापामारको राइफलको नालबाट निस्केको गोलीले वीरबहादुरको शरीरबाट तातो रगतको फोहरा छुटेको र वीरबहादुरले हानेको गोलीबाट पनि विद्रोही छापामार भुइँमा ढलेको र उसको छातीबाट पनि ह्वाल्ल रगत बगिरहेको सन्दर्भले वीरबहादुर र विद्रोही छापामारले शारीरिक अभिघात भोगेको कुरा सहजै बुझिन्छ ।

'म र मुर्दाहरू' कथामा आफ्नो कार्यालयको काम सकेर गाडिमा सपिङ कम्प्लेक्सतिर जाने क्रममा अचानक 'म' पात्रको अगाडि ठुलो बम विस्फोट हुन पुग्दछ । बम विस्फोटको कारण 'म' पात्रको गाडिको शीशा चर्किए तापनि उसको शरीरमा भने कत्ति पनि चोटपटक लागेको पाइँदैन । 'म' पात्रको शरीरमा कत्ति पनि चोटपटक नलागे तापनि सपिङ कम्प्लेक्समा किनमेल गर्न आएका मानिसहरूले भने शारीरिक अभिघात भोगेको पाइन्छ । सडकको किनारमा रहेको सपिङ कम्प्लेक्समा बम विस्फोट भएपछि सपिङ कम्प्लेक्समा रहेका मानिसका शरीरका अङ्गप्रत्यङ्गहरू बम विस्फोटका कारण टुक्राटुक्रा बनेर आकाशमा उड्नु, ऐया, ऐया..... पानी, पानी भन्दै आर्तनाद गर्नु, सडकमा पनि रगतले लतपतिएको घाइते मान्छेको क्रन्दन सुनिनु अभिघात सम्बद्ध घटना सन्दर्भ हुन् । त्यसै गरी बम विस्फोट भएको स्थानको वरिपरि हिँड्ने बटुवाको शरीरबाट बमले मासु र हड्डीका चोक्टाहरू लुछेर शरीरलाई एकै डल्लो बनाउनु, बमको चोटले अनुहार र शरीर विकृत बन्नु, विस्फोटनमा परेका मान्छेका चित्कार सुनिनु जस्ता सन्दर्भलाई कथामा 'म' पात्रले देखेको दृश्यको अभिव्यक्तिको रूपमा प्रकट गरिएको । यी घटनासन्दर्भलाई पनि शारीरिक अभिघात सम्बद्ध घटनासन्दर्भ मानिन्छ । यसरी शारीरिक चोटपटकसँग सम्बन्धित पीडालाई पनि अभिव्यक्त गरिएको यस कथामा शारीरिक अभिघातको अवस्थालाई पनि प्रस्तुत गरिएको पाइन्छ ।

'छापामारको छोरो' कथामा कुनै हिंसा तथा ठूलो दुर्घटनाको कारणबाट हुन गएको शारीरिक चोटपटकको सन्दर्भ नभेटिए तापनि साइकलको पाङ्ग्राले कुल्चिएर छापामारको छोरोको हातमा घाउ बनेको सन्दर्भले शारीरिक अभिघातसम्बद्ध लक्षणलाई पुष्टि गर्दछ । 'म' पात्रको सानो छोरोको साइकल भएतिर छापामारको छोरो अचानक हानिन पुग्दछ । ऊ आफ्नो हात फैलाएर 'म' पात्रको सानो छोरोको साइकल समात्ने प्रयास गरिरहेको हुन्छ, तर साइकलको गतिसँग तालमेल नहुँदा उसको हातबाट साइकल छुट्छ र ऊ अर्थात् छापामारको छोरो लछारिँदै जमिनमा उत्तानो पर्दछ । साइकल समात्ने क्रममा उसको हातमा साइकलको पाङ्ग्राले कुल्चिएर घाउ हुन पुग्दछ । घाउको पीडाले रन्थनिएर कोकोहोलो गर्दै छापामारको छोरो रुन र चिच्याउन थालेको सन्दर्भले उसमा शारीरिक पीडा भएको बुझिन्छ । यसरी छापामारको छोरोले भोगेको शारीरिक पीडाको सन्दर्भलाई आधार मानेर हेर्दा यस कथामा पनि शारीरिक अभिघातको अवस्थालाई प्रस्तुत गरिएको पाइन्छ ।

'मिसन इन नेपाल' कथामा काठमाडौँको एउटा रेस्टुरेन्टमा 'म' पात्र र उसको मोजाम्बिकन साथी लिनो बसेको रेस्टुरेन्टमा अचानक ठूलो विस्फोट हुन पुग्दछ । त्यस विस्फोटबाट 'म' पात्र र लिनोको शरीर भकुन्डोझैँ हावामा उफ्रिएपछि 'म' पात्र जोडले चिच्याएको घटनाले शारीरिक पीडालाई प्रस्तुत गरेको बुझिने हुँदा यस कथामा पनि शारीरिक अभिघातलाई अभिव्यक्त गरिएको देखिन्छ ।

'पशुअवतार' कथामा जङ्गलका हिंस्रक जनावरहरूको रूप धारण गरेको जङ्गली र हिंस्रक स्वभावका मान्छेले मानवपुरमा धावा बोली मान्छेको मौलिकताबाट मान्छेलाई नै बञ्चित गर्न खोजेको बुझिन्छ । आफ्ना विचारका विरुद्धमा रहेकामाथि विवेक हीन हिंसा गरेको उत्पीडनका घटनाहरू यस कथामा अभिव्यक्त भएको पाइन्छ । जनावरको रूप धारण गरेका हतियारधारी मानिसहरूले एउटा सर्वाङ्ग नाङ्गो मान्छेलाई खम्बामा बाधी उसैलाई घेरेर बसेको घटना कथामा प्रस्तुत छ । ती हतियारधारी मान्छेहरूका हातमा विभिन्न आकारप्रकारका हातहतियारहरू भएको र तिनीहरूले पालैपालो गरी आफ्नोआफ्नो हतियारले खम्बामा बाँधिएको मान्छेको शरीरमा घात गरिरहेका घटनाले खम्बामा बाँधिएको मान्छेको शारीरिक पीडालाई व्यक्त गर्दछ । हत्याहिंसाको विरुद्धमा रहेको हतियार विहीन बन्धक मान्छेको शरीरबाट रगतको फोहरा छुटिरहेको र करुण क्रन्दन गरिरहेको सन्दर्भ शारीरिक अभिघातसम्बद्ध सन्दर्भ हुन् । बन्धक मान्छेको शरीरमा हतियारले घोपेको, खम्बामा

बाँधिएको मान्छे असहनीय पीडाले छटपटाउँदै करुण चित्कार गरेको घटना सन्दर्भले पनि शारीरिक पीडालाई अभिव्यक्त गरेको हुँदा यस कथामा पनि शारीरिक अभिघात प्रस्तुत भएको छ ।

'एउटा अर्को खाडल' कथामा छापामार मिलिसियाहरूको सामरिक परिवेशको चित्रण गरिएको छ । लडाइँ लड्दालड्दै मृत्युवरण गरेका सयौँ छापामारहरूका रक्तमुछेल लासहरूलाई खाडलमा गाड्न डोकामा बोकेर ल्याइएको सन्दर्भले छापामार मिलिसियाहरूको सामरिक परिवेशको चित्रणलाई पुष्टि गरेको छ । लडाइँमा धेरै छापामारहरूले गोली खाई मृत्यु वरण गरेको सन्दर्भले यस कथामा पनि शारीरिक पीडाको भोगाइ प्रस्तुत भएको कुरा पुष्टि हुन्छ । अतः शारीरिक पीडाको भोगाइ अभिव्यक्त भएको यस कथामा शारीरिक अभिघात व्यक्त भएको पाइन्छ ।

'भत्केको ढोका र सपनाहरू' शीर्षकको कथामा सशस्त्र द्वन्द्वको परिवेशमा सरकारी पक्षबाट हुने गरेका अनाचार, दुराचार, हिंसाजन्य कष्टकर अनुभूति र भोगाइलाई अभिव्यक्त गरिएको छ । यस कथाको पात्र जसमायाको छोरो रने माओवादी बनेर जङ्गल पसेपछि जङ्गल पसेको रनेको निहुँमा सिपाहीहरूले रनेको बाबुलाई हलोमा नारिएको गोरुलाईझैँ चुट्नु र उसले रगत बान्ता गर्नुजस्ता शारीरिक अभिघातलाई यस कथामा देखाइएको छ । त्यसैगरी लोग्नेका बारेमा सोधपुछ गर्ने निहुँमा घरभित्र पसी सिपाहीहरूले रनेकी स्वास्नीको संवेदनशील अङ्गमा घात गरेको, माओवादीलाई खाना खुवाएको आरोपमा जसमायालाई सिपाहीहरूले लछारपछार गरेकोजस्ता सैनिक ज्यादतीका विद्रुपतालाई अभिव्यक्त गरेको यस कथाका पात्रहरू जसमाया, रनेको बाबु र रनेकी स्वास्नीले शारीरिक अभिघात भोगेको देखिन्छ । त्यसैले यस कथामा पनि शारीरिक अभिघात व्यक्त भएको पाइन्छ ।

'सिपाही र सालिक' कथामा सालिकको रक्षाका लागि सिपाहीले प्रहार गरेको गोलीबाट कैयौँ नागरिक घाइते भएको सन्दर्भले द्वन्द्वबाट सिर्जित नकारात्मक भोगाइ र परिणामबाट नागरिकहरू आक्रान्त बनेको कुरालाई पुष्टि गर्दछ । कर्फ्यु लाग्ने बेला भएपछि सिटी फुक्दै कसैलाई पनि चोकमा बस्न नदिँदा पनि कर्फ्यु लागेका बेला सडकको चारैतिरबाट जुलुस निस्केपछि जुलुसमाथि सिपाहीहरूको लठ्ठीको निर्मम प्रहारले गर्दा जुलुसमा भागदौड मच्चिनुले ती मानिसहरूले शारीरिक पीडा भोगेको कुरा बुझिन्छ । सिपाहीहरूले एकै पटक जुलुसमा सयौँ राउन्ड अश्रुग्याँस र गोली बर्साएको अनि अश्रुग्याँस र गोलीबको प्रहारले जुलुसमा भागदौड मच्चिनुको साथै कोही गोली लागेर भुइँमा ढलेको, कोही छटपटाएको त कोही करुण चीत्कार गर्दै रोइरहेको कारण त्यहाँको वातावरण बीभत्स र मर्माहत भएको सन्दर्भले शारीरिक अभिघातलाई जनाउँदछ । अतः शारीरिक पीडालाई अभिव्यक्त गरेको हुँदा यस कथामा पनि शारीरिक अभिघात प्रस्तुत भएको पाइन्छ ।

### ४.२.२ मनोवैज्ञानिक अभिघात

'वधशालामा बुद्ध' कथाको 'ऊ' पात्रले वधशालाभित्र वर्षौँसम्म वधिकको रूपमा कार्य गरिरहेको र हत्या, हिंसा, यातनाजस्तो क्रूर व्यवहारमा संलग्न रहेको प्रत्यक्ष भोक्ता, द्रष्टा तथा अनुभवकर्ता भए तापनि उसमा केही समयसम्म मानववध कार्यबाट मनोवैज्ञानिक असर परेको देखिँदैन बरू हतियारले जस्तो सुकै महान् विचारलाई पनि परास्त गर्न सकिन्छ भन्ने कुरामा अज्ञानमय विश्वास रहेको थाहा हुन्छ । विभिन्न ढङ्गले हत्या गर्न सिपालु भएको कारण मनुष्य वध गर्नमा निपुणता हासिल गरी वधशालाको सर्वश्रेष्ठ वधिक कहलिएकोले चित्त प्रफुल्ल भएको सन्दर्भलाई आधार बनाउँदा 'ऊ' पात्रमा आफ्नो वधिक पेसाको कारण नकारात्मक मनोवैज्ञानिक असर परेको देखिँदैन किनकि 'ऊ' पात्र मनोवैज्ञानिक आघातमा पुग्ने कुरा घटनाबाट निर्धारित भएको छैन बरू त्यहाँका विभिन्न घटनामध्ये कुन र कस्तो घटनाले 'ऊ' पात्रमा के कस्तो र कत्तिको प्रभाव पारेको छ भनेर हेर्न सकिन्छ । वधशालामा मृत्युको पङ्क्तिमा आफ्नो पालो कुरिरहेको एउटा युवकले 'ऊ' पात्र अर्थात् वधिकसँग प्राणको भीख मागेको छैन । त्यस युवकले मृत्युलाई सामान्य ठानेर शान्त र खुसीपूर्वक मृत्युवरण गर्न खोजेको कुराले 'ऊ' पात्र संवेदनशील बन्न पुगेको देखिन्छ । वधिकको तरबारबाट मृत्युवरण गर्नुभन्दा अगाडि युवकले मृत्यु सम्बन्धी आफ्नो दृष्टिकोण व्यक्त गर्दछ । आफ्नो शरीर मारे पनि र मरेपनि मनभित्र रहेको अहिंस्रक भावना नमर्ने युवकको कुराले वधिकको मनमा गहिरो प्रभाव पर्न गएको

बुझिन्छ । यस कुरालाई पुष्टि गर्न कथाकै केही वाक्यात्मक अभिव्यक्तिहरूलाई यसको उदाहरणका रूपमा लिइएको छ :

> "तिमीले मलाई मार्न सक्छौ, तर मलाई पराजित गर्न सक्दैनौं वधिक !" त्यस युवकको शान्त र गम्भीर आवाजले ऊ तर्सेको थियो । उसले बोलेका कुराहरू वधशालाको दर्शनविरुद्ध थिए । मनुष्यको वध गरेर मानवीय हितको पक्षपोषण गरेको भ्रममा रुमलिइरहेको वधशालालाई ऊ हाकाहाकी हाँक दिइरहेको थियो । मान्छेहरूका तर्कमा भन्दा हतियारको प्रहारमा विश्वास गर्ने वधशालाको सर्वश्रेष्ठ वधिक त्यस युवकको खुला चुनौतिले पागल बनेको थियो । विक्षिप्ततामा नै उसले त्यस युवकको गर्धनमा जोडले प्रहार गरेको थियो र ऊ छिनभरमै दुई फ्याक बनेर ढलेको थियो । उसको निर्जीव अनुहारमा पनि मोहन मुस्कानका अवशेषहरू बाँकी नै थिए । ऊ मानौँ भनिरहेको थियो -'मेरो टाउको गिँडेर पनि तिमीले मलाई परास्त गर्न सकेनौँ वधिक !' त्यस युवकले आफू मर्दामर्दै वधिकलाई पनि मानसिकरूपमा अधमरो तुल्याएर गएको थियो । पाइन चढाएको धारिलो हतियारले मान्छेको गर्धन छिनाले पनि मान्छेलाई पराजित गर्न सकिँदो रहेनछ । त्यस युवकको शान्त मुद्रा, कान्तिमय अनुहार, तेजस्वी आँखाहरू र ओठमा खेलिरहको मृदु मुस्कानले उसको सुषुप्त चेतनालाई झक्झक्याएको थियो । (पृ २) ।

हत्या, हिंसा, यातनाजस्तो क्रूरपूर्ण कार्यमा प्रत्यक्ष भोक्ता, द्रष्टा तथा अनुभवकर्ताका रूपमा संलग्न हुँदा पनि कुनै असर नपरेको 'ऊ' पात्र वधिकलाई भौतिक शरीरको वध गरिए पनि विचारको वध गर्न सकिँदैन भन्ने युवकबाट अभिव्यक्त भएको भावबाट भने भावुक र संवेदनशील बनेको देखिन्छ । मृत्यु विजयी त्यस युवकको महान् वाणीले गर्दा 'ऊ' पात्रले विगतमा आफूले गरेका राक्षसी कार्य र प्रवृत्तिलाई एकएक गरी सम्झन पुग्दछ । 'ऊ' पात्रले विगतमा गरेका राक्षसी कार्य र प्रवृत्ति अनि युवकको अहिंस्रक भावनाले 'ऊ' पात्रको भावनालाई उत्तेजित बनाउन पुग्दा 'ऊ' पात्रले भावुक, निराश र दुःखी बनी पीडाबोध र पश्चातापबोध गर्न पुग्दछ । यसरी युवकको विचारको गहिराइ र व्यापकता, 'ऊ' पात्रको निजी इतिहास, युवकको विचारले प्रतिनिधित्व गर्ने मूल्य, अर्थ, विश्वासका कारण 'ऊ' पात्र मानसिक रूपमा संवेदनशील बनेको पाइन्छ । 'ऊ' पात्रले वधशालाको सिद्धान्तप्रति गरेको भ्रमपूर्ण विश्वास अनि त्यस विश्वासप्रति युवकबाट प्राप्त प्रतिक्रियाले 'ऊ' पात्र मानसिक रूपमा अभिघातित बन्न पुगेको बुझिन्छ । अहिंसाविरुद्धको महान् वाणी र उसले हाँसीहाँसी गरेको मृत्युवरणपछि 'ऊ' पात्र विक्षिप्त हुनु, युवकको शान्त र गम्भीर आवाजले 'ऊ' पात्र तर्सिनु, विक्षिप्ततामा नै 'ऊ' पात्रले युवकको गर्धनमा जोडले प्रहार गर्नु, युवकलाई वध गरेपछि 'ऊ' पात्र मानसिक रूपमा अधमरो बन्नु, वधशालाबाट भागेको 'ऊ' पात्रलाई वधशालामा पुनः फर्काई मानव वध गर्न हातमा तरबार थमाइएपछि 'ऊ' पात्र तरबार समातेर काँप्दै किंकर्तव्यविमूढ ठिङ्ग उभिनुजस्ता क्रियाकलाप 'ऊ' पात्रमा देखिएको मनोवैज्ञानिक अभिघातसम्बद्ध चरित्र हुन् । त्यसै गरी तरबारले टाउको काटेर मान्छेलाई पराजित गर्न सकिँदैन महानायक भन्दै 'ऊ' पात्र घोक्रो फुलाएर कराउनु, हातमा रहेको तरबारलाई जोडले पर हुत्याउनु, आफ्नो विगतको कार्यबाट ग्लानि महसुस गर्नु, वधशाला र त्यहाँका अनुयायीहरू सर्वथा मिथ्या हुन् भन्दै वधशालाभित्र 'ऊ' पात्र चर्को स्वरले चिच्याउनु, भगौटे वधिक भएको कारण मृत्युदण्ड पाएको 'ऊ' पात्रको गलाबाट एकहोरो बुद्धत्व प्राप्तिको आलाप गुन्जिनुजस्ता क्रियाकलाप पनि 'ऊ' पात्रमा देखिएको मनोवैज्ञानिक अभिघातसम्बद्ध चरित्र हुन् । 'ऊ' पात्रमा देखिएको उपर्युक्त क्रियाकलापहरूले उसमा मानसिक चोट पुग्न गएको कुरा बुझिन्छ । अतः मानसिक चोटलाई प्रस्तुत गरिएको यस कथामा मनोवैज्ञानिक अभिघातलाई व्यक्त गरिएको पाइन्छ ।

'गाउँमा गीतहरू गुन्जिँदैनन्' कथाको 'म' पात्र करिब पाँच-छ वर्षपछि आफ्नो गाउँमा आउँदा गाउँका मान्छेहरूमा त्रसित भावना व्याप्त भएको पाउँदछ । यस कथामा मान्छेहरू एक आपसमा बोल्न डराउनु, मानिसहरू चुपचाप यन्त्रचालित यन्त्र मानवजस्तो भएर बस्नु, दुःखमा पनि कोही रुन नसक्नु, सुखमा

पनि कोही हाँस्न नसक्नु, गाउँलेका अनुहारमा कुनै उत्सुकता, जिजीविषा र आत्म सन्तुष्टिका भावहरू नहुनुजस्ता क्रियाकलापले ती मान्छेहरूमा त्रसित भावना व्याप्त भएको कुरालाई पुष्टि गर्न सकिन्छ । अनुहारमा खस्रा दाह्री, जुँगा उमारेको र निधार समेत छोप्ने गरी टोपी लगाएकोले अपरिचित भेषमा देखिएको 'म' पात्रलाई कोही नयाँ मानिस आएको ठानी गाउँका मान्छेहरू आत्तिएको, तर्सिएको र शङ्काको दृष्टिले हेरेको तथा 'म' पात्रसँग बोल्दा पनि उनीहरूको स्वर थरथराएको अनुभव 'म' पात्रले गरेको छ । 'म' पात्र गाउँमा आउँदा गाउँका कुनै पनि घरमा चहलपहल र आवाजको खनखनाहट सुन्दैन भने, गाउँलेहरू भावी दुर्घटनाको आशङ्कामा रहेको पाउँदछ । गाउँलेहरूमा देखिएका यी  क्रियाकलाप तथा लक्षणहरू द्वन्द्व तथा युद्धको अवधिमा घटनाको भोक्ता वा द्रष्टामा परेको युद्धजन्य घटनाको कारण परेको प्रभावजन्य लक्षण हो भन्न सकिन्छ । त्यस युद्धजन्य घटनाको गहिराइ, व्यापकता र उक्त घटनाका भोक्ता तथा द्रष्टामा परेको विगतका आघातपूर्ण अनुभवका कारणले आफूलाई अभिघात गराएको घटना हुँदाको अवस्था र क्षणको सम्झना गाउँका मान्छेहरूका मनमा बसिरहेको बुझिन्छ । गाउँका ती मान्छेहरूले आफूलाई अभिघातजन्य तनावमा पुऱ्याउन जिम्मेदार रहेको त्यस्ता व्यक्ति, स्थान, विचार र परिस्थितिलाई सम्झन नखोज्नुका साथै तीसँग नजिकसम्म पनि हुन नचाहेको बुझिन्छ । तिनै घटनाहरू नै व्यक्तिको मानसिक अभिघातजन्य सङ्कट उत्पत्तिको कारणहरू बनेको पाइन्छ । अपरिचित भेषमा देखिएको 'म' पात्रसँग गाउँका मान्छेहरू आत्तिएको, तर्सिएको र उसलाई शङ्काको दृष्टिले हेरेको तथा 'म' पात्रसँग बोल्दा पनि उनीहरूको स्वर थरथराएको सन्दर्भले गाउँका ती मान्छेहरू मानसिक अभिघातजन्य सङ्कटमा भएको कुरा पुष्टि गर्दछ । विगतका मुख्य मुख्य युद्धजन्य अप्रिय घटनाहरूको प्रभावका कारण गाउँका मान्छेहरूमा उपर्युक्त मनोवैज्ञानिक अभिघातसम्बद्ध अभिलक्षणहरू कथामा प्रस्तुत भएको हुँदा यस कथामा मनोवैज्ञानिक अभिघात व्यक्त भएको पाइन्छ ।

'बाबुको काँधमा छोरो सुतिरहेको देश' कथामा शसस्त्र द्वन्द्वका कारण अप्रिय घटना भोगेको र देखेको व्यक्तिको दशा, पीडा, अवसाद, दुःख, वेदना, भयलाई अभिव्यक्त गरिएको छ ।

यस कथामा शसस्त्र द्वन्द्वका कारण छोरो गुमाएपछि कतैबाट पनि न्याय, सहानभूति नपाई निरुपाय स्थितिमा पुगेको 'ऊ' पात्र मृत छोराको टाउको सहित जमिनमा गर्लम्म ढलेर अद्धमुर्च्छित हुन पुगेको दुखद स्थितिलाई कथामा अभिव्यक्त गरिएको छ । यसबाट 'ऊ' पात्रले मानसिक अभिघात भोगेको कुरा बुझिन्छ । मानसिक आघात खेपेको 'ऊ' पात्रको अभिघातको न्यूनीकरणमा समाज र राज्य स्तरबाटै बेवास्ता गरेपछि आफूले भोगेको पीडा र आफ्नो असहाय पनलाई नियन्त्रण गर्न नसकी अर्द्धमूर्च्छित भई 'ऊ' पात्र भुइँमा पछारिन पुग्दछ । यस कथाको 'ऊ' पात्र शारीरिक चोटका कारणले नभई मानसिक चोटले अभिघातित भएको बुझिन्छ । जङ्गलको खोल्सामा आफ्नो एक मात्र छोराको धारिलो हतियारले काटिएको टाउको फेला पारेपछि 'ऊ' पात्र शोकाकुल भएको, रगतले लतपतिएको छोराको टाउको छातीमा च्यापेर 'ऊ' पात्र भक्कानो छोडेर रोएको, छोराको मृत अनुहारलाई चुम्दै धेरबेरसम्म जमिनमा घोप्टो पारेर विलाप गरिरहेको सन्दर्भले 'ऊ' पात्रको मानसिक चोटलाई पुष्टि गर्दछ । त्यसै गरी छोराको टाउको काँधमाथि राखेर अर्धबेहोसीमा गाउँजाने बाटोतिर हिँडिरहेको, उसको अनुहार पनि सन्तप्त देखिएको, उसको दिमागमा छोराको मायालु अनुहार मात्र नाचिरहेको, 'ऊ' पात्रको शरीर भोक, तीर्खा र सन्तापले थिलोथिलो बनेको, हातले आफ्नो जगल्टा लुछ्दै 'ऊ' पात्र क्वाँक्वाँ रुने गरेको र उसको शरीर निर्बलियो हुँदै गएको र अन्त्यमा भुइँमा पछारिन पुगी अर्द्धमूर्च्छित हुन पुगेको घटना सन्दर्भअनुसार 'ऊ' पात्रमा बृद्धि भएको भावनात्मक उत्तेजनाले गर्दा उसले आफूलाई नियन्त्रण गर्न नसकेको बुझिन्छ । 'ऊ' पात्र पूर्वघटित अभिघातजन्य घटनासँग सम्बन्धित संवेगात्मक तथा मनोवैज्ञानिक समस्याबाट धेरै पीडित हुन पुगेपछि उसको समायोजन क्षमता नै कमजोर भएको कुरालाई उपर्युक्त घटना सन्दर्भका आधारमा पुष्टि गर्न सकिन्छ । यसरी युद्धले निम्त्याएको उपुर्यक्त घटना 'ऊ' पात्रको मानसिक अभिघातजन्य सङ्कट उत्पत्तिको कारणहरू बनेको पाइन्छ । सशस्त्र द्वन्द्वको कारणबाट छोरो गुमाएको 'ऊ' पात्रमा छोरो गुमाएको घटनाबाट पर्न गएको नकारात्मक दूरगामी मानसिक असर र प्रभावका कारण उत्पन्न भएको पीडा, शोक, मानसिक आघातको अवस्थालाई अभिव्यक्ति गरिएको यस कथामा मनोवैज्ञानिक अभिघात प्रस्तुत भएको छ ।

'युद्धविराम जिन्दावाद' कथामा यस कथाको 'ऊ' पात्र सिपाही वीरबहादुरले देशको अनकन्टार टापुमा विद्रोहीहरूका विरुद्ध युद्धको मोर्चा सँभाल्दा अथाह मानसिक पीडा र शारीरिक कष्ट भोगेको सूचना वीरबहादुरबाटै कथामा अभिव्यक्त भएको छ । हरेक साँझ युद्धको मोर्चा सँभाल्ने क्रममा सिपाही वीरबहादुर अर्को पक्षको आक्रमणबाट मारिने कुराले डराउनु, श्रीमती गौरी र छोरो भुन्टेप्रतिको चिन्ताले वीरबहादुरका सुख्खा आँखा रासाउन थाल्नु, आफ्नै नेपाली दाजुभाइसँग युद्ध लड्नुपरेकोमा कहिलेकाहीँ उसलाई आत्मग्लानी हुनुजस्ता सन्दर्भले उसको मानसिक पीडालाई सूचित गर्दछ । अझ कति दिन, कति महिना र कति वर्षसम्म युद्धको मोर्चा सँभालेर बस्नु पर्ने हो, कहिले युद्धको अन्त्य हुने हो र कहिले यी बिराना टापुमा रहेका युद्धका मोर्चाबन्दीहरू हट्ने हुन् भन्नेखालका निराश भावहरू वीरबहादुरको मनमा आउनुलाई पनि सिपाही वीरबहादुरको मानसिक पीडासम्बद्ध लक्षण मानिन्छ । युद्धमैदानमा रहँदा वीरबहादुरलाई घरपरिवारको सम्झनाले गाँज्न थाल्नु अनि आफूलाई निरीह र असहाय अनुभूत गर्नु, अछामको मङ्गलसेन र जुम्लाको खलङ्गाको घटनामा ज्यान गुमाएका ती सिपाहीका विधवा स्वास्नी र टुहुरा छोराछोरीको अलापविलाप देखेको वीरबहादुरलाई त्यो घटना सम्झँदा डाँको छाडी रुन मन लाग्नुजस्ता घटनाले सिपाही वीरबहादुरको पीडादायी अनुभूतिलाई व्यक्त गरेको छ । त्यसै गरी आफ्ना स्वास्नी र छोराको पनि कहीँ यस्तै हविगत हुने त होइन भन्ने आशङ्काले वीरबहादुर त्रसित भएको सन्दर्भले पनि वीरबहादुरको पीडादायी अनुभूतिलाई नै पुष्टि गर्दछ । यसरी सशस्त्र युद्धले गर्दा भोग्नु परेको पीडादायी अनुभूति र त्यस अनुभूतिले सृजना गरेका नकारात्मक सोँचले वीरबहादुरमा उत्पन्न मानसिक पीडालाई अभिव्यक्त गरिएको यस कथामा पनि मनोवैज्ञानिक अभिघात प्रस्तुत भएको छ ।

'म र मुर्दाहरू' कथाको 'ऊ' पात्र शीला सुरक्षा फौजसँगको भिडन्तमा मरेका विद्रोहीहरूको लास टिभीमा देखाउँदा भावुक र चिन्तित बन्न पुगेकी छ । टिभीको पर्दामा लास देखेर स्तब्ध बन्न पुगी आर्द्र सुस्केरा हाल्ने शीलाले टिभीमा देखिएको दुखदपूर्ण समाचारको विवरण आफ्नो लोग्नेलाई सुनाउँदा वेदनाले रुझेको आवाजमा बोलेकी छ । टिभीले दखाइरहेका लासहरूलाई हेरेर शीलाले आँखाभरि आँसु पार्नु र आत्तिनुजस्ता लक्षण शीलामा बृद्धि भएको भावनात्मक उत्तेजनाका कारण देखा परेको हो । यसले शीलामा मनोवैज्ञानिक अभिघातको प्रारम्भिक अवस्थाको लक्षणलाई सङ्केत गरेको छ । सशस्त्र द्वन्द्वको बेला सशस्त्र द्वन्द्वको कारण शीलाको परिवारमा भौतिक तथा मानसिक कुनै पनि प्रकारको क्षति तथा दुर्गति भोग्न नपरेको आवस्था रहेको पाइए तापनि सशस्त्र द्वन्द्व चर्केको समयमा सुरक्षा फौजसँगको भिडन्तमा परेर मरेका विद्रोहीहरूको लास टिभीमा देखाउँदाको पीडादायी दृश्य तथा खबरले शीलामा मनोवैज्ञानिक अभिघातको सङ्केत देखिएको पाइन्छ । यसरी मृत्युको खबर र दृश्य टिभीमा देखाउँदाको पीडादायी घटनाका कारण मानसिक पीडा अनुभूति गर्न पुगेको सन्दर्भ अभिव्यक्त भएको यस कथामा पनि मनोवैज्ञानिक अभिघात प्रस्तुत भएको पाइन्छ ।

'एकादेशमा...' कथामा एकादेशमा एउटा मानव बस्ती भएको र केही दिनदेखि एकादेशको त्यो बस्तीमा सडेको लासको दुर्गन्धले त्यहाँका मानिसहरूको मनमस्तिष्क रन्थनिएको सन्दर्भले समाजमा मनोवैज्ञानिक असर सृजना गरेको अभिघातसम्बद्ध भोगाइलाई अभिव्यक्त गरेको छ । सडेको लासले दुर्गन्धित भएको एकादेशको एउटा मानव बस्तीका मानिसहरूको मनमस्तिष्क त्यस दुर्गन्धले अशान्त र अस्थिर बन्दा पनि त्यो अनुभूतिलाई उनीहरूले आफैँसँग सीमित राखेका छन् । दुर्गन्धमय परिवेशले एकादेशको मानव बस्तीका मानिसहरू लासको र्दुगन्धलाई रोक्न रुमाल र पछ्यौराले नाक छोपेको, दुर्गन्धबाट बँच्न हावाको बहावको उल्टो दिशातर्फ भाग्ने कोसिस गरेको, कोही बलगरी आफ्नो घ्राण शक्तिलाई बढाउँदै दुर्गन्धलाई सहने अथक प्रयास गरिरहेको, दुर्गन्धका कारण मानिसहरू छटपटाउन थालेको, दुर्गन्धले आकुलव्याकुल भएपछि मान्छेहरूको चीत्कार बढेको तर एकादेशका पीडित बासिन्दाहरू सडेको लासको दुर्गन्धबारे कोही कसैसँग केही पनि नबोलेको सन्दर्भले मनोवैज्ञानिक त्रासलाई सङ्केत गर्दछ । दुर्गन्धले उनीहरूको मस्तिष्क विक्षिप्त बनेको भए पनि दुर्गन्धबारे मौखिक रूपमा कसैले पनि केही प्रतिक्रया गर्न सकेको देखिँदैन केवल मनमनै आफैभित्र आफैँसँग अनेक तर्क मात्र गरिरहन्छन् । एकादेशको बस्तीमा एक जना मान्छे पनि बस्तीमा दुर्गन्ध फिँजाइरहेको त्यो सडेको लासलाई थान्को लगाउन तयार हुन नसक्नु बरु सडेको लासको दुर्गन्धलाई

सुँध्दै निसासिइरहेको अवस्थाले आफू पनि त्यसरी नै लास हुनु पर्ला भन्ने मनोवैज्ञानिक त्रासमा परेको कुरालाई सङ्केत गर्दछ । त्यसैले एकादेश र एकादेश वरिपरिको वातावरण चकमन्न र सुनसान भएको, सडेको लासको दुर्गन्धको बिरुद्ध आवाज उठाउन नसकेको, एकादेशका मान्छेहरू काँतर, लाछी, लम्पट र निरीह बनेको सन्दर्भले आफूलाई अभिघातजन्य तनावमा पुऱ्याउन जिम्मेदार रहने त्यस्ता व्यक्ति, स्थान, विचार र परिस्थितिसँग नजिक हुन नचाहेको कुरा बुझिन्छ । एकादेशका ती मानिसहरू पूर्व घटित मानव हिंसापूर्ण घटनासम्बद्ध संवेगात्मक तथा मनोवैज्ञानिक समस्याबाट पीडित भएको करा एकादेशका मान्छेहरूकै उपर्युक्त क्रियाकलापबाट पुष्टि हुन्छ । त्यसैले एकादेशका मानव बस्तीका मानिसहरू सडेको लासको दुर्गन्धले गर्दा मानसिक रूपमा पीडा भोग्न पुगेको कुरालाई अभिव्यक्त गरिएको यस कथामा मनोवैज्ञानिक अभिघात व्यक्त भएको देखिन्छ ।

'कुर्सीपर्व' कथा नेपालको राजनीतिक पारिवेशप्रति व्यङ्ग्यले भरिएको कथा हो । यस कथाले राजतन्त्र कालको खास कालखण्डलाई अभिव्यक्त गरेको छ । सत्ताको निम्ति आह्वान गर्ने प्रवृत्ति, समसामयिक युगमा हुर्कंदै गएको सत्ता प्राप्तिको हानथाप, सत्ता प्राप्ति सम्बन्धी छलफल, परामर्श, षडयन्त्र, धोकाधडी प्रवृत्तिलाई यस कथाले आफ्नो परिधि बनाएको पाइन्छ । यसमा राजनैतिक दृष्टिले महत्वपूर्ण घटनालाई विषयवस्तु बनाई लेखिएको कुरा कुर्सीपर्व शीर्षकबाटै पनि स्पष्ट हुन पुग्दछ । यहाँ कुर्सीपर्वले सत्ता प्राप्तिका दृष्टिकोणले महत्वपूर्ण अवसरलाई जनाएको छ । देशको राजनीतिलाई लक्ष्य गरेको यो कथाले सबै विकृति र विनाशको जडै कुर्सी भएको भाव व्यक्त गर्दै कुर्सीमा बस्नेको संवेदन हीनतालाई प्रस्तुत गरेको छ । कारण भित्रभित्रै पीडित भएको अवस्थामा कुर्सीको अनुपम दर्शन पाएका मान्छेका आँखाहरू अश्रुपूर्ण भएको र संवेगको रापले तिनका अनुहारहरू राता भएको अनि कहिल्यै नदेखेको झैं गरी तिनीहरू एकटक लाएर कुर्सीलाई हेरिरहेका सन्दर्भले युगौंदेखि राजनीति शासन पद्धतिको परम्परा झेल्दै र भोग्दै आएका जनताले आफूप्रति हुँदै आएको शोषण, उत्पीडन, अन्याय, थिचोमिचोलाई सम्झन पुगेको कुरालाई पुष्टि गर्दछ । किनकि परिवर्तनको नाममा बारम्बार भइरहने यस्ता राजनीतिक अवसरले ल्याएको नाम मात्रको विगतको परिवर्तनको स्मरणबाट बृद्धि भएको भावनात्मक उत्तेजनाका कारण मानिसहरूमा निराशा उत्पन्न भई मान्छेका आँखाहरू अश्रुपूर्ण भएको र संवेगको रापले तिनका अनुहारहरू राता भएको सन्दर्भलाई पुष्टि गर्न सकिन्छ । शाक्तिको भरमा चल्ने शासन पद्धतिको परम्परालाई बँचाउन कुटनीतिक ढङ्गबाट सत्ताको निम्ति आह्वान गरिएको चुनावमा कुनै पनि उमेदवार भाग लिन नआएको कारण सत्ताको निम्ति आह्वान गर्ने शाक्तिमा डर उत्पन्न भएको बुझिन्छ । कोही पनि आसनारूढ नभएको त्यो कुर्सी एकनासले काँपिरहेको सन्दर्भ कथामा उल्लेख भएको प्रसङ्गले डर उत्पन्न भएको कुरालाई पुष्टि गर्दछ । यहाँ कुर्सी शब्दले राष्ट्रको प्रमुख तथा सत्तालाई सङ्केत गरेको बुझिन्छ ।  यस कथाको कुर्सी पात्र अर्थात् राष्ट्र प्रमुखमा पनि आफूले सत्ताको निम्ति आह्वान गरेको पद खाली हुन पुगेको घटनाबाट उत्पन्न हुने परिणामको गहिराइ र व्यापकता अनि उक्त घटनाले प्रतिनिधित्व गर्ने मूल्य, अर्थको अनुमानबाट उक्त राष्ट्र प्रमुखमा मनोवैज्ञानिक अभिघात उत्पन्न हुन पुगेको कुरा बुझिन्छ । कुर्सीको असली हकदार साबित गराउन तँछाडमछाड गरेका कुर्सीपर्वका विभिन्न प्रतियोगीहरूले कुर्सी कराइरहेको तथा रोइरहेको सुन्नु र आफ्नो शरीर आगोको प्रचण्ड तापले पोल्न लागेको आभास गर्नु, आफ्नो पेटले आर्तनाद पनि गरिरहेको अनुभव गर्नु, कुर्सी तनावग्रस्त अवस्थामा रहेको देख्नु, कुर्सीमा एकछिन पनि बस्न नसक्नुजस्ता सन्दर्भले सत्ताका निम्ति अयोग्य ठहरिन पुगेको भावलाई उद्घाटन गर्दछ । कुर्सीपर्वको अवसरमा भागलिन आएका प्रतियोगीले आफूले देखेका सुनेका उपर्युक्त सबै अनुभव सुनेपछि कुर्सीपर्वको यस महान् उत्सवमा अघि खुसीले दम्केका अनुहारहरू निराश हुन थालेको सन्दर्भले पनि मनोवैज्ञानिक अभिघातलाई सङ्केत गर्दछ ।

'छापामारको छोरो' कथाको 'म' पात्र सुरक्षा फौजको कमाण्डर हो । सुरक्षा फौजको कमाण्डरका अगाडि विद्रोही छापामारको छोरोले निर्धक्क आफ्नो बाललीला प्रदर्शन गरेको क्रियाकलापलाई सुरक्षा फौजको कमाण्डरले छापामारले राइफल तेर्स्याएर आफूमाथि आक्रमण गरे बराबर ठान्न पुग्दछ । यस कुराले 'म' पात्र मानसिक रूपमा त्रसित भएको तथा उसको स्वरमा आश्चर्य मिश्रित निरीहताको भाव लुकेको पाइन्छ । यो निरीहताको भाव र त्रसित अवस्था 'म' पात्रमा उत्पन्न मनोवैज्ञानिक अभिघातको प्रारम्भिक संकेत हो । 'म'

पात्रमा मनोवैज्ञानिक आघातका प्रारम्भिक सङ्केत उत्पन्न हुनुमा प्रत्यक्ष रूपमा कुनै घटना जिम्मेवार नभए तापनि छापामारको सासानो छोरोले छापामारको जस्तै युद्धजन्य क्रियाकलाप गरी 'म' पात्रमा भय उत्पन्न गर्न सक्षम देखिन्छ । त्यसैले यहाँ 'म' पात्र मनोवैज्ञानिक रूपमा अभिघातित हुनुमा छापामारको छोरोले-भाग्ने, पल्टिने, उठ्ने, आक्रमण गर्ने, लुक्नेजस्ता छापामारले गर्ने सारा क्रियाकलाप गरेर देखाएको घटनाले प्रतिनिधित्व गर्ने मूल्य, अर्थ, विश्वासले 'म' पात्रमा प्रभाव परेको बुझिन्छ । छापामारको छोरो पनि भोलि ठूलो भयो भने आफ्नो बाबुको पदचिह्न पछ्याउँदै हाम्रा टाउकाहरू उछिट्याउनेछ भन्ने नकारात्मक सोँच बोकेकोले 'म' पात्रले छापामारको छोरोलाई आफ्नो शत्रु देख्न थाल्दछ । छापामारको छोरोको स्वाभाविक निडरता र सुरक्षाकर्मीको नियन्त्रणप्रतिको उसको बेवास्तालाई 'म' पात्रले चुनौती ठान्न थाल्दछ । आफ्नो छोरोमार्फत उसको बाबुले सायद आफूलाई हाँक दिइरहेको छ भन्ने कुरा 'म' पात्रले कल्पना गर्न थल्दछ । जसले गर्दा 'म' पात्रले झ्यालबाहिर मुन्टो निकालेर छापामारको छोरोलाई हेरिरहन्छ भने उसको आँखामा क्रूरताको भाव पनि झल्किएको सन्दर्भले पनि मनोवैज्ञानिक अभिघातलाई सङ्केत गरेको छ । 'म' पात्रको हेराइमा क्रूरताको भाव पाएपछि छापामारकी स्वास्नी कैदखानाभित्र उकुसमुकुस हुन पुग्नु र उसको अनुहार आतङ्कित बनेको देखिनु अनि उसका भयग्रस्त आँखा 'म' पात्रको शारीरिक हाउभाउमाथि स्थिर भइरहनुलाई पनि छापामारकी स्वास्नीमा उत्पन्न मनोवैज्ञानिक अभिघातलाई सङ्केत गरेको छ । छापामारकी स्वास्नीले 'म' पात्र अर्थात् सुरक्षाफौजको कमाण्डरलाई आफूमा मनोवैज्ञानिक अभिघातमा पुऱ्याउन जिम्मेदार रहेको व्यक्तिको रूपमा सम्झेको र ऊसँग त्रसित बनेको कुरा छापामारकी स्वास्नी आफ्नो सुरक्षाभन्दा पनि छोराको सुरक्षाप्रति बढी चिन्तित देखिएको सन्दर्भले पुष्टि गर्दछ । आफ्नो छापामार लोग्नेको वंश रक्षाका लागि अधैर्य र व्याकुल देखिएकी छापामारकी स्वास्नी छोरालाई काखमा च्यापेर थुनुवा कोठाभित्र यताउता चाहर्दै पटकपटक 'म' पात्रतिर हेर्दछे । 'म' पात्रबाट कहिले कुन बेला आफूविरुद्ध कस्तो सजायको आदेश जारी हुने हो र छोराको भविष्यसमेत के हुने हो भन्ने सोँच छापामारकी स्वास्नीमा उत्पन्न भएको सन्दर्भले पनि छापामारकी स्वास्नीमा उत्पन्न मनोवैज्ञानिक अभिघातलाई पुष्टि गर्दछ ।

'मिसन इन नेपाल' कथामा सशस्त्र द्वन्द्व द्रुतगतिमा बढी देशको आन्तरिक सुरक्षा भयावह स्थितिमा पुगेको बेला यू.एन्.को शान्तिसेनाको सदस्यको टोली नेपालमा आएको प्रसङ्ग उल्लेख गरिएको छ । यस कथामा यू.एन्.को शान्ति सेनाको सदस्यको टोलीको रूपमा 'म' पात्रको मोजाम्बिकन साथी लिनो नेपाल आएको छ । अफ्रिकी राष्ट्र मोजम्बिकमा शान्ति सेनाका रूपमा 'म' पात्र कार्यरत रहँदा शुरूका दिनहरूमा 'म' पात्रको दोभाषेको रूपमा सहयोगी भई हिँड्दाको बखतमा एकअर्का बीच आत्मीय सम्बन्ध पनि गाँसिएको देखिन्छ । मोजम्बिकमा छँदा युद्धले खण्डहर बनेको लिनोको गाउँ हेर्दा 'म' पात्र जसरी रोएको थियो, त्यसरी नै आफ्नो देश, गाउँ, घर परिवारको दुर्गति देख्दा 'म' पात्रलाई भक्कानो छोडी रुन मन लाग्नु 'म' पात्रको आफ्नो आत्मपहिचान आफ्नो देश, समाजसँग छ भन्ने बुझ्नु हो । रेस्टुरेन्टको झ्यालबाट सेता हिमालहरू देखेर रमाएको लिनोले "तिमीले मलाई पहिले भनेझैँ तिम्रो देश साह्रै सुन्दर रहेछ" भनेर 'म' पात्रलाई भनेको वाक्यले राष्ट्रियताको भावनाले निर्देशित हुँदै आफूलाई एउटा विशेष राष्ट्रको नागरिक भएकोमा 'म' पात्रले गौरवबोध गरेको थाहा हुन्छ । सेता हिमालहरू देखेर प्रभावित भएको लिनोले नेपाल देश साँच्चै सुन्दर रहेको कुरा 'म' पात्रलाई सुनाउँदा भने 'म' पात्रले यही भ्रमले नेपालीलाई पीडित तुल्याएको छ लिनो भन्दै मलिन अनुहार पारेको सन्दर्भले 'म' पात्रले आफूलाई नेपाल देशको नागरिक हूँ भनेर बनाएको नेपाल राष्ट्रसँगको परिचयात्मक सम्बन्धलाई सशस्त्र द्वन्द्व द्रुतगतिमा बढी देशको आन्तरिक सुरक्षा भयावह स्थितिमा पुगेको अवस्थाले खण्डित गरिदिएको अनुभव गर्न पुगेको छ । आफ्नो देश नेपालको धरतीमा शान्तिसेनाको एक सदस्यका रूपमा लिनोलाई स्वागत गर्नु पर्दा 'म' पात्रमा हीनताबोधले ग्रसित भएको सन्दर्भले यस कुरालाई पुष्टि गर्दछ । यसरी देशको युद्धमय अवस्थाले 'म' पात्रलाई भक्कानो छोडी रुन मन लाग्नु, संवेदनाको चरम आवेगले 'म' पात्र काँप्नु र लिनोको हात अँठ्याउनु, टेबुलमा राखेको कफीलाई कपमा खन्याएर पिउने जाँगर पनि 'म' पात्रमा नहुनु, नेपाल सम्बन्धी टिभीमा दिइरहेका युद्धसम्बद्ध प्रत्यक्ष प्रसारणले 'म' पात्रको मुटु चिसो हुनु, यू.एन्.को पोशाकमा रहेका विभिन्न रङ्गढङ्ग र अनुहारमा शान्ति सेनाहरूको ओइरो देखेर 'म' पात्रको मन झन कुँडिनुले 'म' पात्रको हीनता बोधलाई पुष्टि गर्दछ । 'म' पात्रले नेपाल सगरमाथाको देश, बुद्धको देश, वीर गोरखालीको देश आदि उपमाहरूका रूपमा बनाएको आफ्नो आत्मपरिचयात्मक सम्बन्धलाई नेपाल

सम्बन्धी नराम्रा खबरले टुक्रयाएको अनुभव गर्दछ । नेपालको चरम गरिबी, सामाजिक दुरवस्था, सांस्कृतिक रूढिवाद, जातिभेद, लिङ्गभेद र युद्धको प्रहारबाट क्षतविक्षत भएका भौतिक संरचनाहरूसम्बद्ध नेपाल सम्बन्धी सी.एन्.एन्.ले प्रत्यक्ष प्रसारण गरेको समाचारबाट म पात्र दुखित भएको सन्दर्भले यस कुरालाई पुष्टि गर्दछ । त्यसै गरी सडकमा हातहतियारयुक्त शान्तिसेनाका टयाङ्कहरू मार्च गरिरहेको, कम्ब्याक्ट टयाङ्कहरू देखेर आतङिकत बनेका निरीह नेपाली नागरिकहरू चिच्याउँदै यताउता भागिरहेका, लिनो र 'म' पात्र बसेको रेस्टुरेन्टमा ठूलो विस्फोट भएको, 'म' पात्र र लिनोको शरीरहरू भकुन्डोझैँ हावामा उफ्रिएको द्वन्द्व तथा युद्धजन्य लडाइँ र हिंसाका दुर्घटनाका सन्दर्भले पनि 'म' पात्रको आत्मपहिचान टुक्रिन पुगेको कुरालाई पुष्टि गर्दछ । यसरी आत्मपहिचानको विच्छेद हुन गएर म पात्रमा अभिघात उत्पन्न हुन पुगेको देखिन्छ । यसरी 'म' पात्रमा बनेको आत्मपहिचानले शान्ति सम्बद्ध तृष्णा र अभावलाई जन्म दिएको हुँदा 'म' पात्रमा उत्पन्न त्यही तृष्णा, अभावले डोऱ्याएर बनेको पहिचान 'म' पात्रको मनोवैज्ञानिक अभिघातको रूपमा देखा परेको छ । लिनोको सामुन्ने युद्धले क्षतविक्षत बनाएको देशको एक नागरिकका रूपमा आफू प्रस्तुत हुनु पर्दा 'म' पात्रको मन भित्रभित्रै रोइरहेको कुरालाई कथामा 'म' पात्र आफैँले बताएको उपर्युक्त विविध सन्दर्भले पनि पुष्टि गर्दछ । 'म' पात्रले आफ्नो आत्मपहिचान आफ्नो समाज, देशको मूल्यमान्यतासँग छ भनेर बुझ्नुले नै 'म' पात्रमा अभिघात शुरू भएको बुझिन्छ । 'म' पात्रको आत्मपहिचान, उसमा उत्पन्न तृष्णा, अभाव र यही तृष्णा, अभावले डोऱ्याएर उत्पन्न भएको मनोवैज्ञानिक अभिघात यस कथामा प्रस्तुत भएको छ ।

'पशुअवतार' शीर्षकको कथा सशस्त्र द्वन्द्वको दोहोरो मारमा परेका मानिसहरूको भोगाइको एक पाटो हो । हिंसात्मक द्वन्द्वमा संलग्न रहेकाहरूले शत्रुपक्षलाई कमजोर पारेर आफ्नो पक्षलाई संगठित पारी आफ्नो प्रभाव विस्तार गर्न र नीतिप्रतिको जनमत बढाउन खोजेको कुरा यस कथाको मानवपुरमाथि जङ्गलका हिंस्रक जनावरले मानवपुरमा धावा बोलेको सन्दर्भबाट बुझिन्छ । पशुअवतारहरूले मान्छेको त्यो सभ्य बस्तीमाथि धावा बोलेपछि मान्छेका सृजनशील र विवेकशील दिमाग, स्वप्नद्रष्टा आँखा, मुस्कानयुक्त कोमल ओँठ, शिल्पी हातहरू र कर्मशील खुट्टाहरू पशुअवतारको आक्रमणले छिनभरमै तहसनहस भएको प्रसङ्गलाई मनोवैज्ञानिक पीडा तथा त्राससँग जोडेर हेर्न सकिन्छ । मानवपुरका मानिसको मुटुको ढुकढुकी संवेदनाले भरिपूर्ण भएको कुरा तथा मानवपुरका मान्छेहरू जनावरमा परिणत भएको क्षणले उनीहरूमा पीडा उत्पन्न भएको सन्दर्भ हिंसाजन्य व्यवहार तथा क्रियाकलापको अनुसरणबाट व्यक्तिमा परेको मनोवैज्ञानिक प्रभावको उदाहरण हो । मानवपुरेहरूले हिंसाजन्य व्यवहार तथा क्रियाकलापको अनुसरण गर्दा उनीहरूको मनमा उब्जेका विचार र भावहरूप्रति आश्चर्यचकित भएका र तिनीहरूको सम्पूर्ण शरीर फेरि हलचल भएको र शरीर लगलग काँप्न थालेको, एकअर्काप्रति भयभीत भएको, पूर्ण जनावर बन्ने क्रममा रहेका मानवपुरका मान्छेहरूले आआफ्नो शरीर सुमसुम्याउँदै सुस्केरा हालेको सन्दर्भले मानवपुरेहरूमा उब्जिएको अभिघातजन्य प्रतिक्रियालाई बुझाउँछ । यस्तो अभिघातजन्य प्रतिक्रियाको परिमाणलाई हेर्दा मनोवैज्ञानिक अभिघात भएको बुझिन्छ । त्यसै गरी मानवपुर अब जङ्गल भएकोबारे सिंहको घोषणा सुनी मानवपुरका मान्छेहरूको मस्तिष्क रन्थिनिनु, सम्पुर्ण वातावरण त्रसित तथा आतङ्कित हुनु, मानवपुरेहरू चीत्कार गर्न थल्नु, आकस्मिक र अनपेक्षित मृत्युको भयले तिनका ओठमुखहरू सुक्न थाल्नु, सिंहसँग डराएर मानिसहरू थरथर काँप्नु, सिंहको हुङ्कारले मान्छेका अनुहारहरू सन्तप्त बन्नुजस्ता क्रियाकलापहरू अभिघातजन्य प्रतिक्रिया हुन् । त्यसै गरी मान्छेहरूको बस्ती रहेको मानवपुरको वातावरण जङ्गली जनावरहरूको आकस्मिक आक्रमणले सन्त्रासमय बन्नु, मानिसहरूमा चारैतिर भागाभाग र हाहाकार मच्चिनु, मान्छेहरू आफ्नो ज्यान बँचाउन सुरक्षित आश्रयको खोजीमा लाग्नु, सभ्य र समुन्नत मानव बस्ती छिन्नभिन्न हुनुले हिंसाजन्य क्रियाकलापमा संलग्न हुन बाध्य पारिएको क्रूर स्वभावको व्यक्ति, स्थान, विचार र परिस्थिति जिम्मेदार रहेको बुझिन्छ । जनावरको अंश लिएका मानवपुरका मान्छेहरूलाई खम्बामा बाँधिएको मान्छेले भोगीरहेको असहनीय शारीरिक पीडाको दृश्य शुरुमा झनझन कौतुहलपूर्ण र आह्लादकारी लागे तापनि हतियारको चोटिलो घातले पीडित बनेको मान्छेको छटपटाहट र चीत्कारले मानवपुरका मान्छेहरूको उत्तेजना क्रमशः शान्त भएको भावलाई पनि मनोवैज्ञानिक अभिघातको लक्षणको रूपमा हेर्न सकिन्छ । त्यसै गरी जनावरको अंश लिएका मानवपुरेहरू चोटिलो घातबाट पीडित मान्छेको छटपटाहटका दृश्यबाट आनन्दित भइरहेकोमा पछि गएर अवाक् हुनु, हतियार विहीन निरीह प्राणीमाथि भइरहेको हिंसात्मक प्रहार र उसको एकहोरो चीत्कारबाट आफूहरूमा दया र करुणाको भाव

नजागेकोमा ह्दयमा साँच्चै नै जनावरले प्रवेश गरिसककेको रहेछ भन्ने सोँच्दै मानवपपुरेले खिन्नता अनुभव गर्नुलाई पनि मनोवैज्ञानिक पीडासम्बद्ध सन्दर्भ कै रूपमा लिइने हुँदा यस कथामा पनि मनोवैज्ञानिक अभिघात व्यक्त भएको पाइन्छ ।

'एउटा अर्को खाडल' कथाको 'ऊ' पात्र सशस्त्र द्वन्द्वमा परेर मारिएका माओवादी छापामारहरूका लासहरूलाई गाड्नको लागि खाडल खन्ने कार्यमा संलग्न छापामार टोलीको मिलिसिया सदस्य हो । सशस्त्र द्वन्द्वमा परेर मारिएका माओवादी छापामारहरूका लासहरूलाई गाड्न सुनसान ठाउँमा राति खाडल खनिरहेको जनमिलिसिया युवक अर्थात् 'ऊ' पात्रले लड्दालड्दै मृत्युवरण गरेका छापामारहरूलाई आफैँले खाडल खनी पुर्न बाध्य हुनुपर्दाको दृश्य र छापामारको टोलीमा आफूलाई दिइएको जिम्मेवारीलाई 'ऊ' पात्रले कठोर ह्दियविदारक काम ठानेको कुराले मनोवैज्ञानिक अभिघातको लक्षण प्रारम्भ भैसकेको सङ्केत गर्दछ । 'ऊ' पात्र आफैँले खनिरहेको खाडललाई हेर्दै उसको मन भावुक भइरहेको कुराले पनि मनोवैज्ञानिक अभिघातको प्रारम्भिक लक्षणलाई पुष्टि गर्दछ । खाल्डोमा पुर्न ल्याइएका लासहरूलाई 'ऊ' पात्रले चिनेपनि नचिने पनि आफ्ना सहकर्मीहरूले वरण गरेको बीभत्स मृत्यु देखेर 'ऊ' पात्रको मनमा हुन्डरी चल्नु, जनमिलिसियाकै सदस्यको रूपमा कार्यरत 'ऊ' पात्रकी प्रेमिका पनि युद्धका क्रममा गोली लागेर मरेपछि किन, कसरी कसका लागि मरी र मरेर उसले र उसका बाबुआमाले के पाए भन्ने प्रश्न 'ऊ' पात्रको मनमा आइरहनुलाई सशस्त्र युद्धजन्य घटनाको भोक्ता वा द्रष्टाका रूपमा रहेका 'ऊ' पात्रमा परेको उक्त घटनाको प्रभाव र त्यसबाट उब्जिएको अभिघातजन्य प्रतिक्रिया मान्न सकिन्छ । दिनदिनै खाडलमा मान्छे पुर्दाको शृङ्खलाबद्ध अनुभवले उसको मन दह्रो बनेको महसुस भए तापनि हरेक पटक एउटा अर्को नयाँ खाडल खन्दा 'ऊ' पात्रको ह्दियमा पीडा भएको र नयाँ खाडलमा पुरिँदै गएका मानवआकृतिहरूको कल्पना गरेर 'ऊ' पात्र एक निमेष भएपनि बहुलाउने गरेको सन्दर्भले गम्भीर रूपमा अनुभव गर्न पुगेको आघातजन्य घटना हुँदाको क्षण 'ऊ' पात्रको मनमा आइरहेको कुराको बोध गर्न सकिन्छ । आफू पनि युद्धका क्रममा कुनै दिन यसै गरी मर्न सकिने र आफ्नो शरीरलाई पनि साथीहरूले कुनै दिन त्यसै गरी एक दिन खाल्डामा पुर्नेछन् भन्ने मृत्युको आभासले 'ऊ' पात्र झन् भावुक हुनु, मानसिक चिन्ताले तनावग्रस्त हुनु, 'ऊ' पात्रले आदर गर्नु पर्ने मानिसका अनुहारहरू क्षतविक्षत भएर खाडलमा पुर्न ल्याइएको कल्पनाल 'ऊ' पात्र लुगलुग काँप्नु, आफूले कल्पना गरेजस्तो दृश्य देख्न नपरोस् भनी ईश्वरसँग मनमनै कामना गर्नु, केही अघिसम्म जोसले हात उचालीरहेका युवायुवती एकैछिन पछि निर्जीव लासमा परिणत भएको देख्दा 'ऊ' पात्र अथाह वेदनाले ढुनमुनिँदै आँखाभरि आँसु पार्नुजस्ता सन्दर्भले आफूलाई चोट पुऱ्याएको घटना हुँदाको अवस्था र क्षणको सम्झना 'ऊ' पात्रको मनमा बसिरहेको छ भन्ने कुरा बुझिन्छ । त्यसै गरी गोली लागेपछि खाल्डोमा पुर्न ल्याइएकी रगतले लतपतिएको 'ऊ' पात्रकी प्रेमिकाको जड शरीर देखेर 'ऊ' पात्रमा अचानक पक्षघातले आक्रमण गरेकोजस्तो अनुभव हुनु, 'ऊ' पात्रले रगताम्मे भएको प्रेमिकाको अनुहारलाई आफ्नो हातले स्पर्श गर्नु, प्रेमिकाको लासलाई 'ऊ' पात्रले आफ्नै हातले खाडलमा घोप्टो पारी पुर्नु र त्यसपछि धेरै दिनसम्म 'ऊ' पात्र मानसिक रूपमा विक्षिप्त र असन्तुलित बन्नुले युद्धजन्य घटना भोगेको देखेको 'ऊ' पात्रमा त्यही घटनाका कारण मानसिक चोट पुग्न गएको बुझिन्छ । यसरी सयौँ छापामारहरूका लासहरूलाई खाडल खनेर गाड्दागाड्दा यान्त्रिक बनेको मिलिसिया 'ऊ' पात्र छापामारहरूले डोकामा बोकेर ल्याएका रक्तमुछेल लासहरू देखेर संवेदनशील हुँदै गइरहेको पाइन्छ । मरेका कैयौँ मानिसहरूलाई खाडलमा पुरेजस्तै आफ्नो बाबु र प्रेमिकालाई पनि आफैँले खनेको खाडलमा गाड्नु पर्दाको 'ऊ' पात्रको यथार्थ पीडाबोधको तीव्रतालाई यस कथामा अभिव्यक्त गरिएको छ । 'ऊ' पात्रले एकदिन आफू पनि यसरी नै मरिने र आफूलाई पनि बाँचेका साथीहरूले यसरी नै पुर्नेछन् भनी अत्यन्त भावुक बन्नु र सधैँ मान्छे पुर्ने खाडल खन्नु पर्दाको अपराधबोधले ग्रस्त हुनुजस्ता प्रसङ्ग अभिघातसम्बद्ध मनोदशाको अवस्थामा पुगेको 'ऊ' पात्रको मानवीय संवेदनाको प्रस्तुति हो । अभिघातसम्बद्ध मनोदशाको अवस्थामा पुगेका 'ऊ' पात्रको मानसिक पीडा अभिव्यक्त भएको यस कथामा मनोवैज्ञानिक अभिघात पाइन्छ ।

'बन्द ढोका र समय' शीर्षकको कथामा सशस्त्र द्वन्द्व र तज्जन्य नकारात्मक प्रभावका कारण मान्छेमा उत्पन्न हुने आशङ्का, भय, सन्त्रास, मानसिक ताडना र आतङ्कलाई भिव्यक्त गरिएको छ । मनोवैज्ञानिक वा

मानसिक आतङ्क र सन्त्रास कतिसम्म दुःखपूर्ण हुन्छ भन्ने कुरालाई यस कथाले प्रस्तुत गरेको छ । रातको समयमा 'ऊ' पात्रको घरबाहिर आँगनमा बन्दुक बोकेका मान्छेहरूको एक जत्थाले घर घेरिरहेको दृश्य तथा मानिसको आवाज 'ऊ' पात्रले ढोकाको प्वालबाट देखेपछि र सुनेपछि 'ऊ' पात्रको मन भय र आतङ्कले आक्रान्त बनेको छ । आफूलाई सामान्य राख्ने कोसिस गर्दागर्दै पनि 'ऊ' पात्रको अनुहार डरले नीलोकालो भएको छ र लुगलुग काँप्न थालेको छ । ऊ दौडँदै ओछ्यानतिर पुग्दछ भने उसकी स्वास्नी नन्दा पनि ओछ्यानमाथि टुक्रुक्क बसेर डरले स्यूस्यू गर्दै काँपिरहेकी हुन्छे । बाहिर बन्दुक बोकेका मान्छेहरूले घर घेरिरहेको कुराबारे दबेको स्वरमा 'ऊ' पात्रले आफ्नी स्वास्नी नन्दासँग साउती गर्दछ । बन्दुक बोकेका मान्छेहरू आफ्नो घरबाट गइदिए हुने भन्दै नन्दाले सुस्केरा काढ्नु, थरीथरीका राइफल बोकेका हतियारधारीहरूका थरीथरीका अनुहार देखेर नन्दाले डरले आफ्नो मुख छोप्नु, राइफल बोकेका हतियारधारीहरूका थरीथरीका अनुहार देखेर नन्दाको लोग्नेले आफ्नो मनलाई झन् भयभीत र कमजोर बनाइरहनु, नन्दाको लोग्नेले यी बन्दुकले हानेको मान्छे ऐया पनि भन्न नपाई ठहरै मर्छ होला भन्ने कल्पना गर्दै झन्झन् डराउनुजस्ता क्रियाकलापले कष्टमय र असुरक्षित जीवन बाँच्नु परेको कुरालाई व्यक्त गरेको छ । त्यसै गरी बन्दुकेहरू यस गाउँको पन्ध्र-बीस घरहरू छोडेर आफ्नै घरमा मात्र किन आएका होलान् भन्ने कल्पनाले नन्दा र उसको लोग्नेको शरीरमा भयको तीव्र लहर फैलिनु र खुइय गर्दै उनीहरूले एकअर्काको हात जोडले समात्नुले पनि सशस्त्र द्वन्द्व र आतङ्कमय परिस्थितिका कारण नेपालीहरूको जीवन कष्टमय र पलपलमा असुरक्षित जीवन बाँच्नु परेको कुरालाई कथामा व्यक्त गरिएको बुझिन्छ । अब केही छिनमै हतियारधारीहरूले ढोकामा बुटले हान्नेछन् र त्यसपछि ज्यानलाई हत्केलामा राखेर ढोका खोल्नुपर्नेछ अनि त्यसपछि बाहिरको पूरा पल्टन घरभित्र प्रवेश गर्नेछ र त्यसपछि यो परिवारको हालत के हुने होला भन्ने सोँचेर भावविह्वल हुँदै नन्दाको लोग्नेले नन्दालाई अँगालो हालेको सन्दर्भले बन्दुकेहरूप्रति नकारात्मक प्रतिक्रिया गर्न अनुकूलित भइसकेको मनोवैज्ञानिक यथार्थलाई पुष्टि गरेको छ । किनकि सशस्त्र द्वन्द्वको समयमा हत्याहिंसा भोग्दै, देख्दै र असुरक्षित जीवन बाँच्दै गरेका व्यक्ति तथा घटनाहरू नन्दाको परिवारले देखेका तथा सुनेका छन् । केही महिना पहिले यस्तै बन्दुक बोक्नेहरूको एक जमातले गाउँकै एक घरको सारा अन्न लुटेर लगेको र त्यस घरका मान्छेहरूले महिनौँसम्म दुई छाकका लागि गाउँ चाहर्दै हिँडेको कुरासम्झँदै नन्दाले छतबाट मकैका घोगा र भकारीबाट गहुँ झिकेर पोको पारी घरको कुनामा रहेको ससानो खाल्डोमा लगेर पुरेको, गहनाको सानो कुटुरोलाई छतको एउटा प्वालभित्र लुकाउँदै धुइँधुइँती अन्य सामानहरू पनि खोज्न थालेको, भित्तामा झुन्ड्याएको इन्डिया गइसकेको छोरोको तस्वीरलाई कसैले नदेख्ने गरी नन्दाले कुनामा लुकाएको सन्दर्भले पनि उपर्युक्त यथार्थलाई नै पुष्टि गरेको छ । सशस्त्र द्वन्द्वको समयमा हत्या, हिंसामाय र वेदनापूर्ण तीव्र आघात वा घाउ भोग्न, देख्न परेको कारणले होला नन्दाको लोग्नेको खुट्टा बन्दुकेहरूको त्रासले पक्षघातले समातेझैँ शिथिल भएको छ र कसैले ढोका ढकढक्याएझैँ मानेको छ । ढोका ढकढक्याएपछि अब त ढोका खोल्नै पर्छ भन्ने सोच्दै नन्दाको लोग्नेले निन्याउरो मुख लागाउनुले 'ऊ' पात्रले तीव्र आघात वा घाउ देख्न, भोग्न पुगेको पहिलेको घटनासँग मिल्दोजुल्दो वेदनाजनक घटना वा स्थिति आफ्नो सामुन्ने आउँदा उसको घाउ पुनः ताजा भएको बुझिन्छ । त्यसैले बन्दुकेहरूबाट घट्न सक्ने हिंसाहत्यामय घटनासँग सम्बन्धित पूर्ववेदना 'ऊ' पात्रको मनमा स्मरण हुन पगेकोले ऊ बन्दुकेप्रति तुरुन्त भयभीत भएर आफूलाई असहाय रूपमा लिन थालेको बुझिन्छ । सशस्त्र द्वन्द्वजन्य घटनाबाट मनोवैज्ञानिक अभिघात खेप्न पुगेकी नन्दाले ती विगत सम्झाउने अभिघातित व्यक्ति, तिनको आवाज, तिनीहरूका कारण घटेका घटना र घटना घट्न सक्ने सङ्केत तथा सम्भावनाबाट झस्किएकी र तर्सिएकी छ । सोतो धोतीमा बेरिएर डाँको छोडेर रोइरहेकी रूपसराको अनुहार नन्दाको आँखामा नाच्न थालेको, एकरात बन्दुकेहरूको समूहले रूपसराको लोग्नेलाई घरबाट जबरजस्ती निकालेर हातखुट्टा समाउँदै झ्याइँकुटी पारेर लगेको र तस्रो दिन खेतको कान्लामा उसको लासमाथि झिँगा भन्किरहेको दृश्यलाई नन्दाको आफ्नै आँखाले देखेको घटनालाई नन्दाले सम्झँदै नन्दाले आफ्नो लोग्नेलाई ढोका नखोल्ने आग्रह गरेकी छ । ढोका नखोलेकोमा घर नै बमले ध्वस्त पारेछन् भने पनि बरू दुवैजना साथै मरौँला भन्ने इच्छा व्यक्त गर्दै नन्दाले लोग्नेलाई अँगालो मार्दै ह्वाँह्वाँ रोएको सन्दर्भले सशस्त्र द्वन्द्वजन्य विगतको घटनाबाट नन्दा झस्किएको र तर्सिएको कुरालाई पुष्टि गरेको छ । आघातजन्य घटनाबाट टाढा रहने वा बँच्ने नन्दाको प्रयासलाई पनि नन्दाको उपर्युक्त

क्रियाकलापले पुष्टि गरेको छ । अभिघातित व्यक्तिले आफूलाई अभिघातजन्य तनावमा पुऱ्याउन जिम्मेदार रहने त्यस्ता व्यक्ति, स्थान, विचार र परिस्थितिलाई सम्भन र तीसँग नजिक हुन पनि चाहन्न भन्ने कुरालाई आफ्नी छोरी निनुलाई हतियारधारीका आँखाबाट कसरी लुकाउन सकिन्छ भन्ने चिन्ताले नन्दा र उसको लोग्ने व्यग्र र विचलित देखिएको सन्दर्भले प्रस्ट पारेको छ । नन्दा र उसको लोग्नेको प्रयासमा आफ्नी छोरी निनुलाई भकारीमा लुकाउनु, भकारीभित्र अँट्न नसकेपछि डालो घोप्ट्याई लुकाउने प्रयास गर्नु तर त्यसरी पनि छोरी सुरक्षित हुन नसक्ने ठानी डोकोभित्र लुकाउने प्रयास गरेको सन्दर्भ पनि अभिघातजन्य परिस्थितिसँग टाढा रहने प्रयासको रूपमा देखिन्छ । नन्दाले आफ्नो गाउँको यमबहादुरकी छोरीलाई बन्दुक सोभ्याउँदै घरभित्रै बलात्कार गरेको कुरा सम्भनु, आफ्ना आँखाअगाडि छोरीको इज्जत लुटिएको देखेर पनि मार्लान् भन्ने भयले केही गर्न नसक्ने यमबहादुर त्यस रातको मानसिक आघातले कहिल्यै पनि बोल्न नसक्ने गरी लाटो भएको अवस्था नन्दाले सम्भनुले नन्दा सशस्त्र द्वन्द्वजन्य आघातीय व्यक्ति तथा परिस्थितिप्रति नकारात्मक प्रतिक्रिया गर्न अनुकूलित भएको थाहा हुन्छ । नन्दाको यस अनुकूलन स्वभावले त्यस रात उसको घरमा आएका बन्दुकेहरूप्रति पनि उही नकारात्मक प्रतिक्रिया गर्न पुगेको कुरा पुष्टि हुन्छ । जस्तै कुनै परिस्थितिमा नन्दाले आफ्नो गाउँको यमबहादुरकी छोरीलाई बन्दुक सोभ्याउँदै घरभित्रै बलात्कार गरेको कुरा सम्भेर बन्दुकेप्रति शशङ्कित भएकी र आफ्ना आँखाअगाडि छोरीको इज्जत लुटिएको देखेर पनि मार्लान् भन्ने भयले केही गर्न नसकेको यमबहादुरको दयनीय हालत सम्भेर दुःखित भई आफूले पनि त्यस्तो ह्रिदयविदारक अवस्था भोग्न नपरोस भनेर नन्दाले निनुलाई भुइँमा लम्पसार पर्न लगाउँदै उसको शरीरमाथि लोग्ने-स्वास्नी दुवै मिलेर परालको बाक्लो तह बनाई त्यसमाथि फाटेको डसना र तन्ना ओछ्याई निनुलाई लुकाएका हुन्छन् । निनुलाई लुकाएपछि अब छोरी बाँच्ने भई भनेर नन्दाको लोग्नेस्वास्नीमा खुसीको भाव भल्कन्छ । निनु पनि शारीरिक रूपमा अशक्त र मानसिक रूपमा विक्षिप्त बन्न पुगेकी हुन्छे भने व्याधहरूको हातबाट बाँच्ने प्रयासमा ऊ पहिले नै अर्धबेहोस भइसकेकी हुन्छे, जब कि त्यस रातमा निनुलाई ती बन्दुकेहरूबाट कुनै पनि प्रकारको दुर्व्यवहार हुने सम्भावनासम्म पनि देखिएको पाइदैन तर पनि नन्दा र उसको लोग्ने बन्दुकेहरूसँग डराइरहेका हुन्छन् । सशस्त्र द्वन्द्वको सन्त्रास र आतङ्कमय परिवेशगत अनुकूलनमा बाँचेको कारण नन्दा, उसको लोग्ने र निनु त्यस्तो परिस्थितिदेखि टाढै रहने व्यवहार देखाएको बुभिन्छ । नन्दा, उसको लोग्ने र निनुबाट उपर्युक्त विभिन्न क्रियाकलाप गर्दागर्दै रात बितिसकेको हुन्छ र ढोकाको प्वालबाट सूर्यको किरण घरभित्र छिरिसकेको हुन्छ । ती दम्पतीले ढोकाको प्वालबाट बाहिर चियाएर हेर्दा घरबाहिर आँगनमा मिरमिरे उज्यालो फैलिसकेको हुन्छ भने घरबाहिर कोही पनि मान्छेहरू देखिँदैनन् । यसरी बन्द ढोकाबाहिरबाट अपरिचित आवाज आइरहेको, बुट बजारेको, मान्छेहरू गुनगनाइरहेको, पिठिउँबाट कुनै गह्रौं वस्तु ओरालेर भुइँमा राखेकोजस्तो आवाजसँगै गलाबाट थकित स्वरहरू सुनेर नन्दा र उसको लोग्नेले हत्या, हिंसा, अपहरण, बलात्कार, लुटपाटजस्ता घटना हुन सक्ने आशङ्का जागी रातभरि मानसिक भय, सन्त्रासले नसुती कुनै पनि नराम्रो घटना नहोस् भनी अँगालेको अतिसर्तकता मनोवैज्ञानिक अभिघातजन्य क्रियाकलाप हुन् ।

'मेरो कुकुर अभै भुकिरहेको थियो' शीर्षकको कथा सशस्त्र द्वन्द्वजन्य परिवेशका कारण उत्पन्न भय, आशङ्का, असुरक्षा र सन्त्रसासको प्रस्तुति हो । यस कथामा बालपात्रको रूपमा भूमिका निर्वाह गरेको 'ऊ' पात्रको बालाई बन्दुक बोकेका मान्छेहरूले समातेर लग्दा 'ऊ' पात्र र 'ऊ' पात्रकी आमा कोकोहोलो गर्दै चिच्याउन थाल्दछन् । आमाछोराको त्यो चीत्कार सुनेर के भयो होला भन्ने जिज्ञासा राखी एक जना पनि गाउँले दैलो उघारेर घरबाहिर आएको नदेखिनुमा युद्धको विभीषिका देख्न र भोग्न पुगेको विगतको घातक स्थितिका कारण ती व्यक्तिहरू पीडित र भयभीत बनेको कुरा बुभिन्छ । कतै बालाई भैंं ती बन्दुकेहरूले आमालाई पनि घिसार्दै त लगेन भन्ने शङ्का उपशङ्काको आँधीबेहरी 'ऊ' पात्रको मनभित्र चल्न पुग्दछ । आमा कतै काकाको घरमा पो गएकी छन् कि भन्ने ठानेर काकाको घरमा गई आमा हराएको कुरा बताउँदै काकासँग गएर आमाको बारेमा 'ऊ' पात्रले सोधखोज गर्न पुग्दछ । आमालाई सोधेको बेला नै 'ऊ' पात्र र उसको काकाले अचानक बम विस्फोटको ठूलो आवाज सुन्दा काकाको अनुहार डरले नीलोकालो हुन पुग्दछ भने हराएकी आमालाई भोलि खोज्ने आश्वासन दिँदै 'ऊ' पात्रलाई पनि घरमा गएर सुत्ने आदेश व्यक्त गर्दै काका लुस्स ढोकाभित्र छिरी छिटोछिटो दैलो ढप्क्याएपछि 'ऊ' पात्रको जीउ लगलगी काँप्न पुग्दछ । यी प्रसङ्गहरूले पनि युद्धको विभीषिका देख्न र भोग्न पुगेको विगतको घातक स्थितिका कारण 'ऊ' पात्र र काका

पीडित र भयभीत बनेको कुरालाई पुष्टि गर्न सकिन्छ । आमालाई खोज्न हिँडेको बालपात्रले अचानक आफ्नो घरको अगाडिपट्टिको घरको झ्यालमा मान्छेको टाउको देखेपछि सम्भवतः आमा नै हुनु पर्छ भन्ने सोँचेर "आमा, बाहिर आऊ । म एक्लै छु ।" भनी जोडले कराउँदा "यहाँ ऊ आएकी छैन । बरू अन्तै कतै गई कि ।" भन्ने उत्तर दिँदै झ्यालमा प्रकट भएको मानव छाया छिटोछिटो लुप्त भएको र आमालाई खोज्दै हिँडेको 'ऊ' बालपात्रले आफ्नी सानीआमाको घरभित्रबाट खल्याङबल्याङ आवाज सुनेपछि आमा पक्कै सानीआमाको घरभित्र नै छन् भन्ने आशाले "आमा,आमा" भन्दै जोडले चिच्याएको तर 'ऊ' बालपात्रको हाँकोडाँको सुनेर आश्चर्यजनक रूपमा घरभित्रबाट आवाज आउन झन् बन्द भएको र सानीआमाले घरभित्रबाटै पनि कुनै आवाज नदिएको सन्दर्भले सशस्त्र द्वन्द्वजन्य सङ्कटकारी स्थितिहरू देख्न र भोग्न नपरोस् भनी आफूलाई अभिघातजन्य तनावबाट टाढा राख्न गरिएको प्रयास हो । आमालाई खर्कमा भेट्टाउने आशामा खेतका गराहरूको बाटो हुँदै आमा खोज्दै हिँडेको बालपात्रले अचानक डाँडातिरबाट बन्दुक पड्केको आवाज सुनेर ऊ झन् त्रसित र भयभीत बनेको, बालाई घिसार्दै लग्ने बन्दुकधारीहरूले पड्काएको बन्दुकको आवाज र अहिले पड्केको बन्दुकको आवाज उस्तै भएको अनुभव गरेको सन्दर्भ अनुसार हतियारधारी बन्दुकेहरूका कारण 'ऊ' पात्रले भोगेको तथा देखेको विगतको दुःखद घटना घटेको अवस्थालाई सम्झाइदिएको थाहा हुन्छ । त्यसैले 'ऊ' पात्रको विगतलाई सम्झाउने खालको बन्दुकको त्यो आवाजले 'ऊ' पात्रलाई पुनः पीडित, वेदनापूर्ण, चिन्तित बनाउँदै मानसिक पीडा उत्पन्न गराएको कुरा 'ऊ' पात्र डरले थरथरी काँप्दै खेतको गरामा पछारिएको सन्दर्भले पुष्टि गरेको छ । यसरी आमाबाबु गुमाउँदाको अवस्थामा एक जना पनि गाउँले, नातेदार, आफन्तबाट सहयोग, सहानुभूति नपाएपछि वर्तमान अन्धकारमय भएको ठानेको र सुदूर भविष्य अनिश्चित र कहाली लाग्दो ठानी आफूलाई असहाय र एक्लो ठानेको बालपात्रको मानसिक पीडा, वेदनालाई अभिव्यक्त गरिएको यस कथामा पनि मनोवैज्ञानिक अभिघातलाई प्रस्तुत गरिएको पाइन्छ ।

'भत्केको ढोका र सपनाहरू' कथामा सरकारी सैनिक र ज्यादतीको पीडा भोग्न विवश यथार्थको अभिव्यक्ति पाइन्छ । यस कथाकी पात्र जसमायाको छोरो रने जङ्गल पसेपछिका धेरै वर्षसम्म जसमायाको परिवारले कहिल्यै चैनपूर्वक रहन पाएको देखिँदैन । जसमायाको छोरो रने माओवादी बनेर जङ्गल पसेपछि सधैँ रातबिरात सुरक्षा फौजका सिपाहीहरूको बुटको प्रहारले जसमायाको घरको ढोका खुल्ने गरेको र त्यसपछि घरभित्र तिनीहरूको स्वेच्छाचारी शासन चलेको कुरा कथामा अभिव्यक्त भएको छ । माओवादी बनेर जङ्गल पसेको रनेको निहुँमा सिपाहीहरू उसको बाबुलाई हलोमा नारिएको गोरुलाईझैँ चुट्ने गरेको, लोग्नेका बारेमा सोधपुछ गर्ने निहुँमा सिपाहीहरूले रनेकी स्वास्नीको संवेदनशील अङ्गमा घात गर्ने गरेको र माओवादीलाई खाना खुवाएको आरोपमा जसमायालाई सिपाहीहरूले लछारपछार गर्ने गरेको सन्दर्भले जसमाया, उसको लोग्ने र बुहारीले भोगेको सशस्त्र द्वन्द्वजन्य पीडादायी भोगाइ र अनुभूतिलाई पुष्टि गरेको छ । जसमायाको छोरो रने माओवादी बनेर जङ्गल पसेपछि सिपाहीहरू प्रायः केही दिन बिराएर रातमा जसमायाको दैलो ढकढक्याउन आइरहन्छन् । यसै क्रममा एकरात तिनीहरूले गाउँभरि खानतलासी गर्दछन् र केही गाउँलेहरूलाई पक्रेर पनि लैजान्छन् जसमध्ये जसमायाको लोग्ने पनि पक्राउमा पर्दछ । पक्राउपछि जसमायाको लोग्नेलाई कहाँ लगियो भन्ने कुरा जसमायालाई केही जानकारी हुन सक्दैन । छोरो जङ्गल पसेको पीडा कम नहुँदै लोग्नेपनि समातिएर बेपत्ता भएपछि जसमायाको मनमा गहिरो आघात पर्न जान्छ । विगतका त्रासदीपूर्ण र कहाली लाग्दा रातहरूको कटु स्मृतिले जसमायालाई शारीरिक मानसिक रूपमा काँतर बनाएको छ । माओवादी बनेर जङ्गल पसेको छोरो रने कैयौँ वर्षदेखि घरमा नआएपछि छोराकै पीरले अभिघातित बनेकी जसमामामा छोरो फर्किदेओस् भन्ने तीव्र चाहना रहेको कुरा जसमायाले छोरो आएको कल्पना गर्दै कल्पनाको लोकमा नै निकै खुसी हुन पुगेको सन्दर्भले प्रस्ट पार्दछ । छोराको अनुपस्थितिले गर्दा सारा वर्षहरू शोकमा बिताएकी जसमाया बिछ्यौनामा लम्पसार पर्दा पनि आँखामा निन्द्रा आएको छैन । आशा-निराशा, डर-भय, त्रास, बेचैनी र व्यग्रताका अनगन्ती भावहरू फैलिने र निमेषभरमै हराउने गरेको जसमायाको अनुहारमा कत्ति पनि प्रसन्नता छैन । जसमायालाई निन्द्रा नलागेको र छटपटी छुटेकोले कहिले दाहिने र कहिले देब्रे कोल्टे फेरिरहन्छे । छोरोको पीरले जसमायामा बृद्धि भएको भावनात्मक उत्तेजनाका कारण जसमायामा कठीनाइ महसूस भएको छ भने चिडचिडाहट उत्पन्न हुनु, निद्रा नलाग्नु, ध्यान केन्द्रितमा कठीनाइ हुनु अचानक घबराहट उत्पन्न हुनु जस्ता लक्षण समस्याका रुपमा देखिएको छ । जसमाया ढोकाबाहिरबाट आएको आवाजबाट झस्किने, तर्सिने

गर्नुमा त्यो आवाज जसमायाको दुःखपूर्ण विगतलाई सम्झाउने सङ्केत बनेको बुझिन्छ । बलजफ्ती निदाउन खोजिरहेकी जसमायाको ध्यान ढोकाबाट आएको घ्याक्क आवाजले खलबलिएको र उसको मन विचलित पनि भएको सन्दर्भले यसलाई पुष्टि गर्दछ । छोरो आएको कल्पनामा पटकपटक डुब्ने गरेकी जसमायाले निन्द्रा नलागी दायाँबायाँ कोल्टे फेर्दा पनि कानहरूलाई भने ढोकातर्फ नै केन्द्रित गरिरहन्छे । ढोकाबाहिरबाट आएको आवाजलाई सुन्दै जसमायाले छोरो आएको मीठो कल्पनामा आफूलाई डुबाएकी छ । छोरो आएको मीठो कल्पना गर्ने क्रममै धेरै वर्षपहिले आफ्नो घर छाडेर जङ्गल पसेको जसमायाको छोरो घरमा टुप्लुक्क आइपुगेको छ । माओवादी छापामारले लगाउने कम्ब्याक्ट पोसाक लगाएको, पिठिउँमा गह्रौं झोला बोकेको, काँधमा बन्दुक भिरेको र शिरमा अगाडि रातो तारा भएको टोपी लगाएको जसमायाको छोरो रने ढोकामा उभिएको छ । जसमायालाई सात वर्षपहिले घर छाड्ने बेलाभन्दा रने अग्लो, मोटो र बलियो जीउको भएछ भन्ने लाग्दछ । अनुहारमा जुँगा र दाह्री पनि झ्याप् झ्याप्ती भइसकेका तर रनको अनुहार निन्याउरो भएको देख्दछे । छोराको आँखामा जसमायाले सन्तोष र खुसी देख्दिन भने ऊ छोरोलाई व्यग्र र वेचैन भएको देख्दछे । रनेले एकटकले आफ्नी आमालाई हेरिरहेको जसमायाले देख्दछे । धेरै वर्षदेखि हराएको आफ्नो छोरालाई दैलोमा उभिएको देखेर जसमाया हर्षित छे र जसमायाले ढोकामा खडा भइरहेको छोरालाई एकोहोरो हेरिरहन्छे । छोरा अगाडि बढोस् र आमा भन्दै ग्वाम्म अँगालो हालोस् भन्ने तृष्णा जसमायामा जाग्दछ  तर रने भने दैलोको सँघारमै उभिइरहन्छ । मातृवात्सल्य प्रेम अभिव्यक्त गर्न आतुर  जसमायाले ढोकामा कसैले ठोकेकोजस्तो आवाज पटकपटक सुनेपछि छोरो आएको कल्पना गर्दै ढोकामा खडा भएको छोरालाई हेरिरहेकी र तीव्र आवेगमा उठेर ढोका खोल्न पुगेकी छ । ढोकाको आग्लो हटाएर ढोकालाई ह्वाङ्ङ खोल्दा बाहिरबाट अकस्मात् चिसो हावाको झोक्काको चिसो स्पर्शमात्र जसमायाले अनुभव गर्न पुगेपछि ऊ कल्पनाको लोकबाट बाहिर पछारिन्छे । किनकि ढोकाबाहिर जसमायाको छोरो रने नभई केवल गाढा रातको निश्शब्द चकमन्नतामात्रै व्याप्त भएको हुन्छ । छोरो आएको कल्पनामा पटकपटक डुब्ने गरेकी जसमायाले बेपत्ता भएको लोग्ने पनि फर्किएको कल्पनामा पटकपटक जुरुक्क उठी दैलो उघार्दै बाहिर हेर्दै गर्छे । दैलो उघारेर हेर्दा न त ढोकामा छोरो रने टुप्लुक्क आइपुगेको हुन्छ नत  लोग्ने नै झुल्केको  हुन्छ । जसमाया ढोकाको सँघारमै घोप्टो परी रुन थाल्छे । यसरी छोरो सकुशल फर्किदेओस् भन्ने जसमायाको तीव्र चाहना र पूरा हुन नसकेको जसमायाको चाहनाबीच द्वन्द्व भई जसमायाले चाहेको कुरा पूर्ण नभएको कारणबाट उत्पन्न अभावको स्थितिले जसमायामा अभिघातको सिर्जना हुन पुगेको देखिन्छ । छोरो सकुशल फर्किदेओस् भन्ने जसमायाको तीव्र चाहना पूरा नभएर जसमाया सन्तुष्ट हुनसकेको कारण जसमायाको अचेतन मनले कल्पनाबाट सन्तुष्टि प्राप्त गर्न खोजेको बुझिन्छ । आफ्नो छोरो, लोग्ने मरिसकेको आशङ्कामा जसमायाको छातीमा भक्कानो उठ्नु, निन्द्रा नलाग्नु, डर लाग्नु, छटपटिनु, छोरो र लोग्ने आएको कल्पनामा पटकपटक डुब्ने गरेकी जसमायाले बेपत्ता भएको लोग्ने र छोरो फर्किएको कल्पनामा पटकपटक जुरुक्क उठी दैलो उघार्दा बाहिर कोही नभएपछि जसमायाको आँखामा एकाएक भय र त्रासको भाव देखिएको छ । अनुहार नीलोकालो हुन पुग्दछ भने पूरा जीउमा खलखली पसिना आएको छ । जसमायाले आफूलाई बिछ्यौनामा गुटुमुटु पार्दछे भने ऊ आतङ्कित हुँदै विगतका काहली लाग्दा रातहरूलाई स्मरण गरेको सन्दर्भले आफूलाई अभिघात गराएको घटना हुँदाको अवस्था, क्षणको सम्झना जसमायाको मनमा बसिरहेको बुझिन्छ । त्यसैले जसमायामा घटनाको पूर्वदिप्ती, भ्रमात्मक दृश्य र भ्रमपूर्ण श्रवणात्मक अनुभव हुन पुगेको छ । ढोका खोल्दा केवल गाढा रातको निश्शब्द चकमन्नतामात्रै देखेपछि त्यही रातको निश्शब्द चकमन्नताले जसमायाले भोगेको विगतको घटना र त्यसबाट सिर्जित दुःखद अवस्था तथा पीडालाई ताजा गराइदिएको छ । त्यसैले जसमायाले भोगेको देखेको विगतका उक्त घटनालाई सम्झाइदिने रातको निश्शब्द चकमन्नताको क्षणलाई जसमायाले पीडाको रुपमा लिन पुगेकी छे । आफ्नो विगतलाई सम्झाउने खालको त्यो रातलाई  पहिलाको घटना सम्झाउन बाध्य बनाउने पीडादायी अवस्था अनुभूत गर्न पुगेकी छ । त्यसैले विगतलाई सम्झाउने त्यो सन्दर्भ जसमायाको विगतको पीडा, वेदनाजन्य घटना सम्झाउन जिम्मेदार रहेको देखिन्छ । त्यही सन्दर्भले जसमायाको मानसिक पीडा अझ गाढा भई भय त्रास उत्पन्न भएको कुरा जसमायाले त्रसित आँखाले ढोकातिर हेरेको सन्दर्भले पुष्टि गर्दछ । यसरी सरकारी सैनिकको ज्यादतीको कारण पीडादायी अवस्था अनुभूत गर्न पुगेको कुरा अभिव्यक्त गरिएको यस कथामा मनोवैज्ञानिक अभिघात व्यक्त भएको देखिन्छ ।

'किडी जियाले कर्नालीमा फाल हालिन्' कथामा विद्रोहीहरूको दबावपछि विस्थापित भई सिमीकोट झरेकी किडीजियाले आँसु रित्तिएर सुक्खा भएका आँखा, भक्कानो छुट्दाछुट्दा अवरुद्ध भएको गला, भय र त्रासले थिलोथिलो बनेको शरीरसँगै 'म' पात्रको काँधमा छाँद हाल्दै रोएको सन्दर्भले किडी जियाको सङ्कटावस्थालाई सङ्केत गर्दछ । द्वन्द्वले उत्पन्न गरेको दु:ख र असुरक्षाको भोगाइबाट चिन्तित भई अभिघातित बन्न पुगेकी किडीजियाले द्वन्द्वजन्य शारीरिक अभिघातको अवस्था नभोगेकी भए तापनि आफ्नै प्यारो गाउँ जाकोटमै शान्तिपूर्ण जीवन बिताइरहेको अवस्थामा सशस्त्र द्वन्द्वले आतङ्क र भय सिर्जना गरेपछि गाउँमा बस्न नसकी सिमीकोट झरेको सन्दर्भले विस्थापनको पीडादायी अवस्था र त्यसले निम्त्याएको असुरक्षित जीवनका कारण उत्पन्न मनोवैज्ञानिक अभिघातलाई सङ्केत गरेको छ । सदरमुकाम झरेर किडीजियाले 'म' पात्रलाई खोज्दै सिमीकोटका घर र गल्लीहरू चाहर्दै गरेको अवस्थामा नै 'म' पात्रले किडी जियालाई फेला पारेपछि 'म' पात्रले आफ्नो डेरामा लिएर गई साँझ फापरको ढिँडो र गुन्द्रुकको झोल खान दिँदा किडी जिया ढिँडोमा हात डुबाउँदै आफूले घरमा पालेका गाई, बाखा, कुकुरजस्ता बस्तुभाउहरू बेसहारा छाडी विस्थापित हुनु परेको दु:खलाई सहन नसकी  जिया भक्कानो छोड्दै रुन थालेको सन्दर्भ अभिघातसम्बद्ध लक्षण हुन् ।  किडी जिया रोइरहनु, चिन्तित हुन कम गर्नुको सट्टा झन घर, बस्तुभाउ सम्झिनु, निन्द्रामा पनि त्यही सम्झी बर्बराउनु, राति राम्ररी सुत्न नसक्नु जस्ता क्रियाकलापले आफूमा भएको दु:खपूर्ण अवस्थाबाट किडी जिया स्वतन्त्र हुन नसकेको देखिन्छ । यसले गर्दा उसको स्नायू प्रणाली सन्तुलनको अवस्थामा आउनुको सट्टा असन्तुलनको मात्रा बढ्दै गएको अभिलक्षणहरू देखिनुले किडी जियामा मनोवैज्ञानिक आघात उत्पन्न भएको थाहा हुन्छ । यस कथाकी किडीजिया बारम्बार रोइरहनु, उनको चिन्ता, दु:ख, छटपटी बढ्नु र समायोजन क्षमता नै कमजोर देखिनुले किडी जियामा चिन्ता र छटपटीको मात्रा र बारम्बारतामा वृद्धि भएको बुझिन्छ । जसलाई किडीजियाको मानसिक अभिघातको अभिलक्षण मान्न सकिन्छ । चेतनस्तरमा रहेको आघात जन्य घटनाको स्मरणले किडी जियाको मनलाई अति पीडादायी बनाएपछि त्यो जियाको अचेतनमा दमित भएको कुरालाई निन्द्रामा बर्बराउँदा पनि किडी जियाले गाउँ, घर, खेतको कुरा गरेको सन्दर्भले पुष्टि गर्दछ । सशस्त्र द्वन्द्व र त्यही द्वन्द्वको कारणले भोगेको विस्थापनको पीडा नै  किडी जियाको मानसिक अभिघातजन्य सङ्कट उत्पत्तिको कारण बनेको कुरा बुझिन्छ । आफू जन्मेको हुर्केको र गृहस्थी जीवनमा रमाएर बसेको आफ्नो गाउँठाउँबाट सशस्त्र द्वन्द्वको दबावले लखेटिइ सदर मुकाममा बेसहारा भई बस्नु परेको अवस्थाले संवेदनशील भई शोकमा डुबेकी जिया राति सुतेको अवस्थामा पनि एकनास काम्नु र अनुहारमा आँखादेखि चिउँडोसम्म आँसुको गाढा खाटा बस्नुलाई किडी जियाको मानसिक विक्षिप्तताको लक्षण मान्न सकिन्छ । जसलाई किडी जियाको अभिघातजन्य लक्षणको विकसित अवस्था मान्न सकिन्छ । छोरालाई च्यापेर शरीर कपाउँदै सुत्नु, कहिले बर्बराउनु, कहिले राम्ररी ननिदाउनु, आँसु झारी रहनुजस्ता लक्षणहरू विरक्ति पैदाका संकेत हुन् । यी सङ्केतहरूले किडी जियालाई सकारात्मक चिन्तन गर्न बाधा पुऱ्याई मानसिक अयोग्यतालाई झन विकसित गरेको देखिन्छ । यसलाई पनि किडी जियाको अभिघातित मानसिकताको अभिलक्षण मान्न सकिन्छ । किडी जियाले खाना खाएर विछ्यौनमा पल्टिए पछि आँखा चिम्म गरेर गाउँघर, वस्तुभाउ, खेतबारी, खेतीपातीको बारेमा वात मार्न शुरू गरेको सन्दर्भले पनि किडी जियामा अभिघात वकसित हुँदै गएको तथ्यलाई पुष्टि  गरेको छ । अभिघात भएका मानिसमा मानसिक आघात उत्पन्न गराएका विषयवस्तुको बारम्बार स्मरण भइरहन्छ । किडी जियाले पनि आफ्नो गाउँघर, वस्तुभाउबारे पटक पटक स्मरण गरि रहनुले किडी जियाको कष्टकर विस्थापित जीवन र आफ्नो गाउँघर प्रतिको किडी जियाको मायालाई उनको अभिघातको कारकतत्त्व मान्न सकिन्छ ।

सशस्त्र द्वन्द्वको समयमा विद्रोही पक्षबाट लखेटिए पछि हुम्लाको जाकोटबाट विस्थापित भई सदर मुकाम झरेकी किडी जियाले आफूपनि लखेटिनु परेको कुरा व्यक्त गर्दै 'म' पात्रको काँधमा छाँद हाल्दै बर्बरी रुँदा चौध-पन्ध्र वर्षको किडी जियाको छोरो नरमान पनि आमा रोएको देखेर आफू पनि रुँदै कमिजको बाहुलाले आँसु पुछ्न थाल्छ । आफ्नी आमा विस्थापनको पीडाले मन धमिलो भएर रुँदा नरमानको सङ्लो हृिदय पनि आमाको आँसु देख्दा धमिलो हुन गई उसले पनि आँसु झार्नु अभिघात उत्पन्नको प्रारम्भिक सङ्केत हो  । आफ्नी आमा दु:खित अवस्थामा रहेको बुझेर नरमानलाई पनि दु:खको संवेगले छुन पुग्नुमा किडी जिया नै नरमानमा अभिघात उत्पन्न गर्ने कारण बनेकी छ । आफ्नो पीडाभन्दा पनि किडी जियाको

दुःखद स्थितिबाट नरमान बढी भावुक र दुःखी हुन पुगेको अर्थात् किडी जियाको अभिघातग्रस्त मानसिकता र तज्जन्य अभिलक्षणका कारणले नरमानमा निराश उत्पन्न भएको हुन सक्ने कारण देखाउन सकिए पनि नरमानलाई रक्सीको लतमा फसाउने, अटेरी स्वभाव सिर्जना गर्ने र विदेश पलायनतर्फ उन्मुख गराउने मूल तत्व भने द्वन्द्व र यसले निम्त्याएको विस्थापनको पीडा नै हो । नरमानमा देखिएका उपर्युक्त क्रियाकलापहरू नरमानका मनोवैज्ञानिक अभिघातका लक्षण हुन् । यसरी किडी जियासँगै सदर मुकाम झरेको उसको छोरो विस्थापित हुनु परेकै पीडाले रक्सीको कुलतमा फसेको र आमाले भनेको नमान्ने भएको हुँदा छोरो बिग्रेकोमा किडी जियाले थप अर्को पीडा भोग्नु पर्दा यसले पनि किडी जियाको अभिघातित मानसिकतालाई अझ असन्तुलित स्थितिमा पुऱ्याएको छ । किडी जियाको एक्लो छोरो विदेश पलायन हुनुले किडी जियाको सङ्कटावस्था र एक्लोपनलाई विकसित गरी उसको अभिघातजन्य पीडामा झन वृद्धि गरेको छ । विद्रोहीहरूले घर बमले ध्वस्त बनाएको, वस्तुभाउहरू पनि तिनीहरूले नै काटेर खाइदिएको भौतिक क्षतिको दुःखद खबरले किडी जियाको मानसिक क्षतिमा वृद्धि गराउने थप कारण बनेको छ । एकातिर गाउँबाट विस्थापित पीडा र भौतिक क्षति, अर्कातिर आफ्नो एक्लो छोरो विदेश पलायन भएको पिरलोले किडी जिया बूढी देखिनु, उनमा काम गर्ने जाँगर हराउनु, थला पर्नु, काम गर्न नसक्नु किडी जियाको अभिघातजन्य मानसिक सङ्कटका भौतिक तथा शारीरिक अभिलक्षण हुन् । गाउँ फर्कने पुकारा गर्नको लागि विद्रोहीहरूसँग गुहार माग्न जङ्गलमा पसेकी किडा जिया विद्रोहीले सुराकीको शङ्का गरी उल्टै कडा निगरानीमा राखेको, उनीहरूबाट अपमानित भएको र घर गाउँ फर्कनमा असमर्थ भएको अनुभवले किडी जिया गहिरो विषादमा डुबेकी र आँखा शुन्यमा टोलाएर बसिरहनु पनि किडी जियामा देखिएका अभिघातका गम्भिर अभिलक्षण हुन् । गाउँबाट विस्थापित हुनु, गाउँघर बमले ध्वस्त पार्नु, छोरो मुग्लान पस्नु, सदरमुकाममा राम्ररी खान, बस्न र कामको अवसर नहुनु, घर फर्कने आशाले गरेको प्रयत्न विफल हुनु जस्ता कारणले किडी जियाको मानसिकता अझ असन्तुलनको अवस्थामा पुग्न गई जीवनमा बाँच्नुको सार्थकता नदेखी कर्नालीमा फाल हाली उसले प्राण त्याग गर्न पुग्दछे । यसरी आफ्नो जीवनप्रतिको विश्वास र आशामा चारैतिरबाट अविश्वास र बाधा भएको महसुस गरी आत्म विनाशकारी विचार आई मर्नु किडी जियाको गम्भिर अभिघातित मानसिकताले जन्माएको घातक परिणाम हो

विद्रोहीहरूको दबावपछि विस्थापित हुन पुगेको यस कथाको 'म' पात्रमा पनि मानसिक पीडा हुन पुगेको देखिन्छ । आफ्नै रमणीय गाउँठाउँमा रमाएर आनन्दपूर्वक बसेको 'म' पात्र मओवादीसँग बन्दुक बोकेर जङ्गल पस्न कर गरेपछि बूढा बाआमालाई छोडेर जङ्गल पस्नु पर्ने कुराले उसको मनमा पहिरो जानु अर्थात् मनमा ठूलो पीर र डर पैदा हुनु 'म' पात्रको अभिघातको सामान्य सङ्केत हो । विद्रोहीहरूको सेन्ट्रीको आँखा छल्दै सदर मुकाम गई बस्दा पनि मनमा उत्पन्न भएको विभिन्न प्रकारको त्रास र चिन्ताले गाउँ, घर, बाआमा र भाइ बहिनी सम्झिँदै गहभरि आँसुले भिज्नु अभिघातको समान्य लक्षण हो भने मानसिक रूपमा विक्षिप्त भैसकेकी किडी जियाको करुण अवस्थाबाट 'म' पात्रले पनि आफ्ना बाआमाको स्थितिको परिकल्पना गर्दै भक्कानिएर रुन थाल्नु, निराश उत्पन्न हुनु र चित्त अशान्त हुन गई मन बिग्रिनु मनोवैज्ञानिक अभिघातका लक्षणहरू हुन् । 'म' पात्र द्वन्द्वजन्य घटनाबाट विस्थापित भई सदर मुकाम बस्दा भोगेका दुःख र घर, परिवार, गाउँको स्मृतिले आफूमा पुऱ्याएको चोटको कारणले भन्दा पनि विस्थापित अवस्थाले दुःखी बनेकी किडी जियाको पीडाबाट प्रभावित भई 'म' पात्रमा पनि अभिघातको लक्षणहरू देखिएका छन् । कुनै घटनाले एउटा व्यक्तिलाई आघात पुऱ्याउँदा त्यही घटना देखेको भोगेको अर्को व्यक्तिले आफूलाई नियन्त्रण गर्न कोसिस गरेको हुँदा त्यस घटनाबाट उक्त व्यक्तिलाई आघात नपुग्ने पनि हुन सक्छ । यस कथाका 'म' पात्रमा पनि आफ्नो वैयक्तिक पीडा र भोगाइबाट निराश नभई किडी जियाको पीडा, उसको सुरक्षा र हेरचाहसँग सम्बन्धित सन्दर्भले 'म' पात्र दुःखी भएको बुझिन्छ । जसले गर्दा आफ्नो वैयक्तिक पीडाप्रति आफूलाई नियन्त्रण गर्न कोसिस गरेकोले 'म' पात्रमा सहने बानी परेको कुरा बुझिए पनि द्वन्द्वजन्य घटनाबाट विस्थापित हुनु पर्दा आफूले भोगेको पीडाले भन्दा विस्थापित भएकै कारण त्यसबाट प्रभावित भई दुःखी र निराश बनेकी किडी जियाको अवस्थाले भने 'म' पात्रमा अभिघातका लक्षण देखिएका छन् । उही घटनाको भोक्ता भएर पनि त्यस घटनाले किडी जियामा जत्तिको 'म' पात्रमा अभिघात सिर्जना गरेको छैन तर सशस्त्र द्वन्द्वको प्रभावका कारण अभिघातित बनेकी किडी जियाको मानसिक असन्तुलन, बेचैन र सङ्कटावस्थाले भने 'म' पात्र पनि सामान्य अभिघातको अवस्थामा पुगेको छ । यस कथाको 'म' पात्रमा विस्थापित भई बस्नु

पर्दाको आफ्नो पीडाभन्दा पनि विस्थापनको पीडाबाट अभिघातित बन्दै गएकी किडी जियाको पीडाले 'म' पात्रलाई प्रभाव पारेको देखिन्छ । कुनै घटनाका द्रष्टा वा भोक्तामा उक्त घटनाले उत्तिखेरै प्रभाव परी मानिस अभिघातको अवस्थामा पुगिहाल्छ भन्ने हुँदैन । लामो समयपछि पनि त्यसको प्रभाव र असर परी मानिस अधिघातित हुन सक्छ । यस कथामा 'म' पात्रमा पनि विस्तारै विस्तारै अभिघातका सङ्केतहरूमा वृद्धि भएको पाइन्छ । यस कथाको म पात्रमा गाउँबाट विस्थापित भई दिनहुँ सिमीकोट झर्ने गाउँलेको सङ्ख्या वृद्धि हुनुले, गाउँको बेहाल परिस्थितिका बारेमा सुन्नुले 'म' पात्रमा आफ्नो पीडा बल्झेर आएको महसुस गर्नुलाई घटनाको गहिराइ र व्यापकता अनि गाउँलेबाट प्राप्त उक्त घटना प्रतिको प्रतिक्रियाले जन्माएको अभिघातको लक्षण मान्न सकिन्छ । त्यसै गरी सदर मुकाममा बस्दा पनि मरिने हो कि भन्ने डर, त्रासले तनावग्रस्त भइरहनु पनि 'म' पात्रमा  थपिँदै गएको अभिघातकै लक्षण हो । यसरी किडी जियाको नाजुक अवस्था, उसको पीडा र अभिघातित मानसिकता देखेर किडी जियाप्रति उत्पन्न भएको चिन्ताको कारण 'म' पात्रमा अभिघातका लक्षणहरू विकसित भएको देखिन्छ । किडी जियालाई हेरेर आफ्नी आमाको अवस्थाको अनुमान गरी आँसुले तकिया भिज्नु, किडी जिया हराउँदा उसको अकाल मृत्युको भयले काम्नु, किडी जिया थला परेपछि 'म' पात्र त्यसै अवस्थाले गर्दा मर्माहत बन्नु, किडी जियाको कथा व्यथाबाट हतप्रभ, विस्मित, व्यग्र बन्नु, किडी जियाभित्र देखिएको गाउघरँप्रतिको माया र आशक्ति देख्दा म पात्र भावुक बन्नु, किडी जियाले कर्नालीमा फाल हाली भन्ने खबरले 'म' पात्रले टाउको समात्दै भुँइमा थचक्क बस्नु आदि लक्षण मनोवैज्ञानिक अभिघातका लक्षण हुन् । अभिघातित मानसिकताकी किडी जियाको कारण 'म' पात्रमा अभिघातका यस्ता सङ्केतहरू विकसित हुँदै गएका देखिन्छन् । कुनै पनि व्यक्ति अभिघातित हुनुमा अभिघातित व्यक्ति र सामाजिक कारक पनि कारणको रुपमा रहन्छ भन्ने मान्यता अनुसार किडी जियाकै अभिघातित मानसिकताको करुण अवस्थाले 'म' पात्रले आफ्नो पनि गाउँ, परिवार, बाआमा, भाइबहिनीहरूको परिकल्पना गर्दै भक्कानिएर रुनु, चिन्तामा पर्नु र विगतमा गाउँघरमा रमाएर रहँदाको विगतको सम्झनाहरू स्मृतिमा फर्किरहनुमा विक्षिप्त भैसकेकी किडी जिया नै कारणको रुपमा देखा परेकी छ । द्वन्द्वको कारण किडी जियाको मानसिकता अभिघातग्रस्त बनेको छ भने 'म' पात्रमा पनि विस्थापनको पीडा र उक्त पीडालाई समयसमयमा बल्झाइ दुःखी, निराश बनाउने कारक तत्त्व किडी जिया बनेकी हुँदा 'म' पात्रको अभिघातको मूल कारण पनि सशस्त्र द्वन्द्व नै भएको देखिन्छ । यसरी विद्रोहीहरूको दबावपछि आफ्नो गाउँघरबाट विस्थापित भई बस्दा भोगेका दुःख र घर, परिवार, गाउँको स्मृतिले मनमा पुऱ्याएको चोटलाई अभिव्यक्त गरिएको यस कथामा पनि मनोवैज्ञानिक अभिघात प्रस्तुत भएको पाइन्छ ।

'सिपाही र सालिक' कथामा काठमाडौँमा जनआन्दोलन-२ उर्लिएका बेलामा शान्ति सुरक्षाको प्रबन्धमा खटिएका सिपाहीको मनोदशा प्रतिबिम्बित भएको पाइन्छ । रातभर लागेको कर्फ्यु बिहानीपख केही समयका लागि फुकेपछि मानिसहरू घरबाहिर निस्की कोही बिहानको 'कान्तिपपुर दैनिक' पढिरहेका, कोही चिया पसलमा चिया पिइरहेका त कोही एफ.एम. रेडियो सुनिरहेका तर कोही कसैसँग नबोलेको र सबै जना आआफ्नै सोँचमा हराइरहेको प्रसङ्गले सशस्त्र द्वन्द्वजन्य मनोवैज्ञानिक सन्त्रास र मानसिक भयको परिवेशलाई देखाएको छ । सिपाहीका दस्ता चोकमा ओर्लिनेबित्तिकै त्यहाँ एक प्रकारको डर र त्रास छाउनुलाई विगतका घटनासँग सम्बन्धित पूर्ववेदना उनीहरूको मनमा पुनः एक्कासि प्रकट भएको र त्यसैले उनीहरू तुरुन्त भयभीत भएर आफूलाई असहाय रूपमा लिन थालेको बुझिन्छ, जसलाई सबैले एकै चोटि हेलमेट, डन्डा र हातहतियार बोकेका सिपाहीहरूतिर हेर्दै भयभीत बनेको सन्दर्भले पनि पुष्टि गर्दछ । नागरिकहरूको सेवाका लागि सिपाही भएको 'ऊ' पात्र तिनै नागरिकहरूलाई घरभित्र थुनेर संवेदना हीन र जडवत् सालिकको रखवारी गरिरहन पर्दा 'ऊ' पात्र अर्थात् सिपाहीलाई आफ्नो कामप्रति वितृष्णा जाग्न थालेको, सिपाहीका अनुहारहरू रुग्ण र निन्याउरा देखिएको अनि सिपाहीको रूपमा चिनिएको 'ऊ' पात्र किंकर्तव्यविमूढ बनेर शून्यमाा हेर्दै टोलाइरहेको सन्दभलाई 'ऊ' पात्रको मनोवैज्ञानिक अभिघातजन्य प्रतिक्रियाको रुपमा हेर्न सकिन्छ । माथिल्लो निकायबाट आफूलाई भएको निर्देशनको पालना गर्दै सालिक वरिपरि तैनाथ रहेको सिपाहीले बाह्य रूपमा आफूलाई कठोर बनाइरहे पनि आफूभित्र जागृत भइरहेको नयाँ सोँच र भावनाले ऊ उत्तेजित बन्न पुगेको छ  । त्यसैले मनलाई जति सम्झाउन खोजे पनि वरिपरिको चकमन्नता र कहाली लाग्दो निश्शब्दताले सिपाहीलाई उराठ लागिरहेको हुन्छ भने सुनसान सडक, झ्यालखानामा परिणत भएका मानव-आवासगृहहरू र

श्मशानघाटझैँ प्रतीत हुने सापेक्षिक शून्यता र रिक्तताले उसको मनलाई बेचैन तुल्याइरहेको सन्दर्भ मनोवैज्ञानिक अभिघातजन्य सङ्कटसँग सम्बन्धित रहेको देखिन्छ । आम हड्तालको उन्नाइसौँ दिन जुलुसमा परिणत भएको आम मान्छेहरूको उर्लँदो वेग देखेर सिपाहीहरू पनि आतङ्कित भएको, जुलुसलाई रोक्ने र अगाडि बढ्न नदिनू भन्ने कडा आदेश पाएको तर 'ऊ' पात्र हातहतियारले सुसज्जित भएर पनि हतियार विहीन जुलुसको अगाडि निर्धो र कमजोर भएको अनुभव गरी आतङ्कित बनेको छ । अभिघातजन्य तनाव सिर्जना गर्ने परिवेश, स्थान, सोँच, परिस्थितिसँग टाढा रहेर बस्न नपाएको वा नसकेको अवस्थाले सिपाही अर्थात् 'ऊ' पात्रमा भावनात्मक उत्तेजना वृद्धि हुँदै गई जुलुसलाई हेर्दै ऊ भावविभोर बनेको पाइन्छ । शान्तिकामी नागरिकहरूको भव्य जुलुसलाई हेरेपछि हतप्रभ र विस्मित बनेको सिपाही आफू सिपाही भएर पनि सुरक्षाको प्रत्याभूति दिन नसक्दा, कुनै पनि देशका नागरिकहरूको मानव अधिकारको सम्मान तथा संरक्षण गर्न नसकेको अवस्थाका कारण मानसिक दुःख अनुभव गर्न पुग्दा उसले मनोवैज्ञानिक अभिघात खेप्न पुगेको देखिन्छ । आफ्नो देश, समाज तथा परिवारभित्रका मानिसहरूले भोगेको दुःखको कल्पना गर्दै रातदिन भोक, तिर्खा र निद्रा नभनेर सालिकको पहरेदारी गरिरहेको र नागरिकहरूको सेवाका लागि सिपाही बनेको 'ऊ' पात्र हतियार विहीन र शान्तिपूर्ण आन्दोलन शक्तिशाली भएको तिनका अगाडि बन्दुकहरू झुक्न बध्य भएको सन्दर्भले सिपाहीको मनमा गहिरो प्रभाव परेको बुझिन्छ । यसरी व्यक्तिगत स्तरमा आफूले विगतमा घटेका विभिन्न घटनाबाट भोग्नु परेका पीडा, शान्तिकामी नागरिकहरूप्रति केही गर्न नसकेको तर निर्जिव सालिकको भने चौबीसै घण्ट पहरेदार भई बसेको जस्ता पश्चातापमूलक कार्य तथा सोँचका कारण मानसिक आघात भोग्न पुगेको पाइन्छ । यसरी उपुर्यक्त विभिन्न सशस्त्र द्वन्द्वजन्य घटना, शान्तीकामी जुलुसले प्रतिनिधित्व गर्ने मूल्य, त्यसको अर्थ, भोक्ता तथा द्रष्टा भई 'ऊ' पात्र आफूले भोगेको भोगाइप्रतिको विश्वास, घटनाको अनुसरणबाट 'ऊ' पात्रमा परेको प्रभावका कारण सिपाही अर्थात् 'ऊ' पात्रमा मनोवैज्ञानिक पीडा उत्पन्न भएको यस कथामा मनोवैज्ञानिक अभिघात प्रस्तुत भएको पाइन्छ ।

## ४.३ छापामारको छोरो कथा सङ्ग्रहमा द्वन्द्व, युद्ध र शस्त्र अभिघात

### ४.३.१ द्वन्द्व अभिघात

'वधशालामा बुद्ध' कथामा प्रारम्भमा हतियारको शक्ति ठूलो हुने कुरामा विश्वास गरेको यस कथाको 'ऊ' पात्रलाई वधशालाको कुशल र सर्वश्रेष्ठ वधिक बनेर मानव वध गर्दा त्यस कार्यप्रति आत्म तृप्तिको भाव पैदा भएको देखिन्छ । भौतिक शरीरको वध गरिए पनि विचारको वध गर्न सकिँदैन भनी मृत्युलाई सामान्य ठान्ने र आफ्नो अहिंस्रक विचारलाई महान् ठान्ने युवकका अभिव्यक्तिबाट भने 'ऊ' पात्र प्रभावित हुन्छ । वधशालाको सिद्धान्तका विपरित रही युवकले दिएको हाककाहाकी चुनौतिले विक्षिप्त बनेको अवस्था, विक्षिप्ततामा नै 'ऊ' पात्रले त्यस युवकको गर्धनमा जोडले प्रहार गरेको अवस्था र त्यस युवकको मृत्युपछि त्यस वधिक अर्थात् 'ऊ' पात्र पनि अधमरो भएको अवस्था अभिघातको सङ्केत हो । वधिकमा देखिएको त्यस अभिघातसम्बद्ध सङ्केत र अवस्थाचाहिँ वधिक र त्यस युवकमा देखिएको दुई विपरित विचार र भावनाबीच उत्पन्न भएको मानसिक द्विविधाको उपज हो । यसरी वधिकमा देखिएको हिंस्रक विचार र युवकमा देखिएको अहिंस्रक विचारको द्वन्द्वको कारणबाट उत्पन्न आवेग, संवेग र विक्षिप्तताको स्थिति 'ऊ' पात्रमा भेटिएकोले 'ऊ' पात्रमा देखिएको अभिघातलाई  द्वन्द्वअभिघातको रूपमा पनि लिन सकिन्छ ।

'पशुअवतार' कथामा निरङ्कुशता, निर्ममता, आतङ्क र आफ्नै बान्धवको हत्याहिंसा गर्ने हिंस्रकविचार र कार्यमा संलग्न मानिसहरूको विचारभन्दा पृथक विचार भएको एक निरीह प्राणीको रूपमा चिनिएको बन्धक पात्रमा द्वन्द्वअभिघात भेटिन्छ । किनकि कथामा बन्धक मान्छेको रूपमा प्रस्तुत भएको त्यस पात्रको आफ्नो र हिंस्रक मानिसहरूबीच देखिएका नमिल्दा विचार र व्यवहारकै कारण ऊ माथि हिंस्रक चोटहरू बज्रिरहेको कुरा बुझिन्छ । बन्धक मान्छे जङ्गली तथा हिंस्रक मान्छेको विचारका विरुद्धमा उभिएको कारण हतियारधारीहरूले बन्धक मान्छेमाथि अत्यन्त क्रूर र निर्दयी बन्दै निरन्तर हिंस्रक प्रहारहरू गरिरहन्छन् । निरन्तर हिंस्रक प्रहारहरू भोगीरहेको सम्बन्धमा मानवपुरको नाइकेले जङ्गली र हिंस्रक मान्छेसँग जिज्ञासा राखेको छ । बन्धक मान्छेलाई भेडो बनाउन खोज्दा ऊ भेडो बन्न तयार नभएको कुरा हिंस्रक मान्छेले

जिज्ञासाको उत्तरमा बताएको छ । भेडो बन्न तयार नभई हतियारको विरुद्धमा हुनेले मर्न तयार हुनुपर्दछ भन्दै हतियारधारी मध्येको एक जनाले बन्धक मान्छेको शरीरमा हतियारले घोप्दा त्यो बन्धक मान्छे चर्को स्वरमा कराएको छ र खम्बामा बाँधिएको त्यो बन्धक मान्छे असहनीय पीडाले छटपटाउँदै करुण चीत्कार गरेको घटना द्वन्द्व अभिघातसम्बद्ध घटना हुन् ।

'सडकमा गान्धीहरू' कथामा वर्तमानसँगको युद्धबाट भविष्यमा निस्कने परिणामप्रति 'ऊ' पात्र सशङ्कित रहेको छ । 'ऊ' पात्रले भित्तामा आफ्नो बाजेले टाँगेर राखेको बन्दुक देखेर भित्तामा बन्दुकलाई टाँगेर आफ्नो बाजेले गल्ती गरेको महसुस गरेको छ । भित्तामा आफ्नो बाजेले टाँगेर राखेको बन्दुकको सन्दर्भमा ऊ पात्रले अतितप्रति पश्चाताप बोध गरेको सन्दर्भ द्वन्द्व अभिघातको सङ्केत हो । बाजेले गरेको कार्यप्रति पश्चाताप बोध गर्दै बन्दुकलाई कतै नफालेर वा खाल्डो खनी नगाडेर भित्तामा सुरक्षित साथ टाँगेर राखेको सन्दर्भले गर्दा तेस्रो पुस्ताले पनि बन्दुकका बारेमा सोच्नुपर्ने अवस्था आएको सोँची ऊ पात्रले आफ्नो बाजेप्रति थुक्क कायर बूढा भन्दै आक्रोश व्यक्त गरेको छ । बाजेमा रहेको हिंसात्मक विचार र 'ऊ' पात्रमा रहेको अहिंसात्मक विचार बीच द्वन्द्व उत्पन्न हुन पुगेको कुरा 'ऊ' पात्रको आक्रोश र उसको अनुहारमा उत्तेजनाको गाढा भाव पैदा भएको सन्दर्भले पुष्टि गर्दछ । यी सन्दर्भहरूले द्वन्द्व अभिघातको सङ्केतलाई पुष्टि गर्दछ । बाजेले बन्दुकलाई कतै नफालेर वा खाल्डो खनी नगाडेर भित्तामा सुरक्षित साथ टाँगेर राख्नुको अर्थ अन्याय परेको खण्डमा यो बन्दुक समाउनु  भन्ने सन्देश दिन पो खोजेको हो कि भन्ने तर्क 'ऊ' पात्रभित्र उत्पन्न भएको छ र उसले फेरि भित्तामा बाजेले झुन्ड्याएर राखेको बन्दुकलाई हेरेको छ । मान्छेले बिनासित बन्दुकको आविष्कार गरेको होइन, बन्दुकमा मान्छेका तिरोहित सपनाहरू प्रतिबिम्बित हुन सक्छन् र बन्दुकबाट मान्छेको आक्रोश अभिव्यक्त हुन सक्छ भन्ने भाव 'ऊ' पात्रमा उत्पन्न भएको सन्दर्भले बन्दुकले 'ऊ' पात्रलाई अब भने आकर्षित गरेको बुझिन्छ ।  बन्दुकबिना आफूविरुद्ध उभिएको खोक्रो समाज र सडेको विचार बोकेर आफैँ दुर्गन्धित बनिरहेका भ्रष्ट मान्छेहरूको भीडसँग सामना गर्न नसकिने तर्क निकाल्दै 'ऊ' पात्र आफ्नो स्थानबाट उठेर कोठामा यताउति गर्न थालेको र उसको अनुहार गम्भीर भएको सन्दर्भले 'ऊ' पात्रभित्र हिंसात्मक र अहिंसात्मक दुवै विचारबीच द्विविधा र द्वन्द्व भैरहेको बुझिन्छ । यो सन्दर्भ द्वन्द्व अभिघातसँग सम्बन्धित रहेको देखिन्छ । 'ऊ' पात्रले बाजले पर्खालमा झुन्ड्याएको बन्दुकलाई हेर्न छाडेको छैन भने भ्रष्ट समाजको परिवर्तनका लागि आफूले कुनै न कुनै नयाँ कदम चाल्नैपर्ने र सबैभन्दा उत्तम कदम भनेको आफ्नो बाजेको बन्दुक फेरि आफ्नै अस्तित्वमा फर्किनु पर्ने कुरामा विश्वास गरेको छ । 'ऊ' पात्रले आफ्नो बाजेले दोस्रो विश्वयुद्धमा लडेको राइफल हातमा नचाउँदै क्रान्तिको खाका कोर्न थालेको छ । राइफलबाटै आफ्नो सपना साकार हुने ठानी हातमा राइफल उचाल्दै 'ऊ' पात्र उत्तेजित भएको सन्दर्भले पनि द्वन्द्व अभिघातलाई नै सङ्केत गरेको छ । यसरी हतियारको शक्तिसँग सम्बन्धित विचार र हतियार विहीन शक्तिसँग सम्बन्धित विचारबीच द्विविधा र द्वन्द्व  हुँदाहुँदै 'ऊ' पात्र उत्तेजित भएको सन्दर्भले द्वन्द्व अभिघातलाई सङ्केत गर्दछ । आफूले बन्दुक उचालेपछि प्राप्त हुने परिणामका थुप्रै विकल्पहरूमाथि ऊ पात्रले गहिरिएर सोँची रहेकै बेला उसले बाहिर सडकमा खलबल सुनेपछि हत्तपत्त कोठाको झ्याल खोली बाहिर हेर्दा सडकमा हजारौँ मान्छेहरूको हतियार विहीन जुलुस नाङ्गा हातहरू उचालेर जिन्दाबाद र मुर्दाबादको नारा घन्काउँदै बढिरहेको देख्दछ । हजारौँ मान्छेहरूको हतियार विहीन जुलुस सडकमा देखेपछि बन्दुकको आधारमा आफूले कोरेको सशस्त्र क्रान्तिको खाका अपूरो र असफल रहेको ठानी 'ऊ' पात्र फेरि तनाव ग्रस्त देखिएको सन्दर्भले पनि द्वन्द्व अभिघातलाई नै सङ्केत गर्दछ । सडकमा हजारौँ हतियार विहीन मान्छेहरूको जुलुस देखेर आफूभित्र 'ऊ' पात्रले अनुभव गरेको परिवर्तन  बन्दुकको आवश्यकतालाई हृदयदेखि नै आत्मसात् गर्दै बन्दुक समाती अनुभूत गरेको परिवर्तनभन्दा सर्वथा भिन्न भएको ठानेको छ । तसर्थ 'ऊ' पात्रले फरक्क फर्केर बाजेले दोस्रो विश्वयुद्धमा लडेको बन्दुकलाई हेर्नु, बाजेले लडेको विश्वयुद्धमा कसैको जित नभई सबैको हार मात्र भएको भन्दै बाजेले अनुभूत गरेको शौर्य र वीरता मात्र एक पाखण्डी भ्रम मात्र ठान्दै बाजेप्रति व्यक्त गरेको आक्रोशलाई पनि द्वन्द्व अभिघातसम्बद्ध लक्षण मान्न सकिन्छ । अझै पनि 'ऊ' पात्रभित्र विद्रोह जीवित रहेको तर उसभित्रको विद्रोह अहिंसात्मक बनिसकेको कारण अहिंसात्मक विचारका साथ बाजेको बन्दुकमाथि जोडले घन प्रहार गरी बन्दुकलाई टुक्रा पारी झ्यालबाट बाहिर हुत्याई आफू पनि सडकमा निस्केको अनि हतियार विहीन जुलुसमा प्रविष्ट भएको सन्दर्भ द्वन्द्वजन्य अभिघातको सकारात्मक पक्ष हो ।

### ४.३.२ युद्ध अभिघात

'वधशालामा बुद्ध' कथा वि.सं. ०५२/०५३ देखि ०६२ सम्मको समयावधिमा भएको शसस्त्र द्वन्द्व तथा युद्धमा केन्द्रित कथा हो । द्वन्द्व तथा युद्धको अवधिमा भएको हिंसा, हत्या र त्यसले जन्माएको सन्त्रासमय र आतङ्कमय परिवेश र परिणतिलाई यस कथामा देखाइएको छ । वधशालामा वध गर्नका लागि ल्याइएका मान्छेको सग्लो शरीरमाथि तरबारको प्रहार गर्दागर्दा वधशालाको कुशल बधिक बनेको 'ऊ' पात्रले तरबारको एकै चोटमा मान्छेको अङ्गप्रत्यङ्गलाई छुट्याउने गरेको, 'ऊ' पात्रले गरेको तरबारको प्रहार भोगेका मानिसहरूले छटपटाउँदै बीभत्स चित्कार गरेको सन्दर्भले युद्ध, हिंसा, हत्याको सन्त्रासमय तथा आतङ्कमय परिवेश र परिणतिलाई पुष्टि गर्दछ । मानववध कार्यमा संलग्न हुँदाहँदा 'ऊ' पात्र वधशालाको सर्वश्रेष्ठ वधिक बनेको छ । वधका लागि लामबद्ध मनुष्यहरूलाई पालैपालो एकएक गरी चटाचट काटिरहेको 'ऊ' पात्रको तरबारको धारबाट तपतप आलो रगत चुहेको देखिन्छ भने 'ऊ' पात्रको तरबारको प्रहारले मान्छेहरू छिनभरमै दुई फ्याक बनेर भुइँमा ढल्न पुग्दछन् । यी सन्दर्भहरूले युद्ध अभिघातलाई पुष्टि गर्दछ ।

'युद्धविराम जिन्दावाद' कथामा हिंसात्मक वा सशस्त्र द्वन्द्वको प्रसङ्गगमा सैनिक उपायहरूको प्रयोग भएको अवस्थालाई अभिव्यक्त गरिएको कुरा सिपाही वीरबहादुरले पोस्टभित्र युद्ध बन्दोबस्तीको निरिक्षण गरेको सन्दर्भले पुष्टि गर्दछ । शारीरिक, मानसिक कष्ट सहेर भएपनि नेपाल आमाको रक्षा गरिरहेका कुरामा गौरव र आत्मसन्तुष्टिको अनुभूति गर्दै आत्मबलपूर्वक विद्रोहीहरूका विरुद्ध युद्धको मोर्चा सँभाल्दै गरेको सिपाही वीरबहादुर सशस्त्र द्वन्द्व तथा युद्धसम्बद्ध घटनाका कर्ता, भोक्ता द्रष्टा हुन् । युद्धको मोर्चा सँभाल्ने क्रममा बम भरिएको बाकस र बममा आगो झोँस्ने सलाई, बिजुलीका तार यथास्थानमा भए नभएको कुरा वीरबहादुरले जाँच गरेको छ । युद्धमोर्चामा खटिएको वीर योद्धा वीरबहादुरको पोष्टको अगाडि अचानक ठूलो विस्फोट भएको देख्दछ । विस्फोटनको आवाजसँगै चारैतिरबाट ड्वाङ...ड्वाङ फायरको आवाज सुनिन्छ भने अचानक विद्रही छापामार प्रकट भई त्यस विद्रोही छापामारको राइफलको नालबाट निस्केको गोलीले वीरबहादुरको शरीरबाट तातो रगतको फोहरा छुट्न पुग्दछ भने वीरबहादुरले हानेको गोलीबाट छापामार विद्रोही पनि भुइँमा ढल्न पुगेको पुग्दछ । यी सन्दर्भहरूले युद्ध अभिघातलाई पुष्टि गरेको छ । यसरी यस कथामा युद्धसम्बद्ध घटनाका कर्ता, भोक्ता द्रष्टा सिपाही वीरबहादुर र विद्रोही छापामारले भोगेको अभिघातलाई युद्ध अभिघातमा वर्गीकरण गर्न सकिन्छ ।

'म र मुर्दाहरू' कथामा 'म' पात्रले देखेको अभिघातसम्बद्ध दृश्य जनयुद्धका क्रममा भएका हिंसापूर्ण घटनासँग सम्बन्धित देखिन्छ । ती हिंसापूर्ण घटना युद्ध अभिघातसँग सम्बन्धित छन् । सपिङ कम्प्लेक्सको बम विस्फोटनमा परेका मान्छेका ऐया, ऐया..... पानी, पानी भन्दै आर्तनाद र चित्कार गरेको सन्दर्भ अनि सुरक्षा फौजसँगको भिडन्तमा मरेका विद्रोहीहरूको लास टिभीमा देखाउँदा शीला भावुक र चिन्तित भएको सन्दर्भले ती पात्रहरूमा उत्पन्न मानसिक तथा शारीरिक पीडालाई पुष्टि गर्दछ । त्यसैले सशस्त्र द्वन्द्व तथा युद्ध नै ती पात्रहरूमा उत्पन्न अभिघातको कारण रहेको यस कथामा युद्ध अभिघात रहेको देखिन्छ ।

'मिसन इन नेपाल' कथामा सशस्त्र द्वन्द्व द्रुतगतिमा बढी देशको सुरक्षा भयावह स्थितिमा पुगेपछि त्यहाँका जनताले विभिन्न खालका अभिघात भोग्न पुगेको देखिन्छ । विभिन्न प्रकारका अभिघातको प्रमुख कारक तत्व युद्ध नै भएको देखिन्छ । सशस्त्र द्वन्द्व द्रुत गतिमा बढी देशको आन्तरिक सुरक्षा भयावह स्थितिमा पुगेको बेला यू. एन् . को शान्ति सेनाको सदस्यहरू नेपाल आएको, नेपाल युद्धग्रस्त राष्ट्रको रूपमा घोषित भएको, मोजाम्बिकमा भएको सशस्त्र द्वन्द्व र युद्ध चरम अवस्थामा पुगेको बेलाको हिंसाजन्य घटनाको द्रष्टा र भोक्ताको रूपमा रहेको मोजाम्बिकका नागरिक लिनोले युद्धले प्रत्यक्ष नोक्सान पुऱ्याएको मोजाम्बिकको भौतिक र मानसिक क्षतिको कुरा म पात्रलाई सुनाएको सन्दर्भ लगायतका आदि सन्दर्भले युद्ध अभिघात पुष्टि गर्दछ । यस कथाका सडकमा हतियारयुक्त शान्तिसेनाका कम्ब्याक्ट ट्याङ्कहरू देखेर आतङ्कित बनेका नागरिकहरू, बम विस्फोटमा परेर उछिट्टिएका मानिसहरू युद्धअभिघातका भोक्ता पात्रका रूपमा प्रस्तुत भएका छन् ।

'पशुअवतार' कथा सशस्त्र द्वन्द्वजन्य असुरक्षा, भय, दबाब, धम्की तथा सन्त्रासमय घटनाको प्रस्तुति

हो । निरङ्कुशता, निर्ममता, आतङ्क र आफ्नै बान्धवको हत्याहिंसामा लागेको देशको द्वन्द्वजन्य क्रूर परिवेशलाई चित्रण गरिएको छ । हत्या, आतङ्क, निर्ममता जस्ता अमानवीय कार्य केवल पशुअवतारमा सम्भव रहनु पर्ने हो तर मानवबाटै यस्तो कार्य हुन पुगेकोमा अभिघातित भएका मानवपुरका मानिसहरूले अन्त्यमा संवेदन हीन पशुको अवतार चाहेको र पूर्ण जनावर बन्ने क्रममा रहेका मानवपुरका मान्छेहरूले आफ्नोआफ्नो शरीर सुमसुम्याउँदै सुस्केरा हालेको र विवेकशून्य भएको प्रसङ्ग सशस्त्र द्वन्द्व तथा युद्ध र तज्जन्य नकारात्मक प्रभावको प्रतिक्रिया हो जसलाई युद्ध अभिघातसम्बद्ध सन्दर्भबाट हेर्न सकिन्छ । मानवपुरका मान्छेहरू र हिंस्रक जनावरको रूप धारण गरेका मान्छेहरू बीच एकआपसमा आकस्मिक आक्रमण, हाहाकार, भागाभाग, चीत्कार गरेको सन्दर्भले युद्ध अभिघातलाई पुष्टि गर्दछ ।

'एउटा अर्को खाडल' कथामा छापामारयुद्धका क्षणको भयावह चित्र प्रस्तुत भएको छ । यस कथाको 'ऊ' पात्र रक्तयुद्धका लासहरू हेर्दाहेर्दै र युद्धमा सहकर्मीहरूले वरण गरेको बीभत्स मृत्यु देखेर 'ऊ' पात्र छटपटिएको तथा विक्षिप्त बनेको छ । युद्धमा लड्दालड्दै मृत्युवरण गरेका छापामारहरू, युद्धमा गोली लागेर क्षतविक्षत बनेका आलो तथा दुर्गन्धित लासहरूको दृश्य ज्यादै कारुणिक र बर्बर लाग्दछ । यस सन्दर्भबाट कथामा युद्ध अभिघात प्रस्तुत भएको कुरा पुष्टि हुन्छ ।

'भत्केको ढोका र सपनाहरू' शीर्षकको कथामा परिवारलाई छाडेर रने पात्र छापामारमा लाग्दछ । यस कथाको रने पात्र सशस्त्र द्वन्द्वको समायमा माओवादी बनेर जङ्गल पसेपछि रनेको परिवारले खेप्न पुगेको अभिघातको प्रमुख कारण सशस्त्र द्वन्द्व तथा युद्ध नै रहेको देखिन्छ । रने जङ्गल पसेपछिका धेरै वर्षसम्म रनेको परिवारले कहिल्यै चैनपूर्वक रहन पाएको देखिँदैन । जसमायाको छोरो रने माओवादी बनेर जङ्गल पसेपछि सधैँ रातबिरात सुरक्षा फौजका सिपाहीहरूले रनेको घरमा निगराहनी राख्नु, माओवादी बनेर जङ्गल पसेको रनेको निहुँमा सिपाहीहरू उसको बाबुलाई हलोमा नारिएको गोरुलाई झैँ चुट्नु, लोग्नेका बारेमा सोधपुछ गर्ने निहुँमा सिपाहीहरूले रनेकी स्वास्नीको सम्वेदनशील अङ्गमा घात गर्नु, माओवादीलाई खाना खुवाएको आरोपमा जसमायालाई सिपाहीहरूले लछारपछार गर्नुजस्ता अत्याचार र हिंसात्मक घटना युद्धसम्बद्ध घटना हुन् । अत्याचार र हिंसात्मक घटना भोगेका रनेकी आमा, जसमाया, रनेको बाबु र रनेकी स्वास्नीले अभिघात खेप्न पुग्दछन् । यसरी कथाका ती पात्रहरूले भोगेको सशस्त्र द्वन्द्व तथा युद्धको प्रत्यक्ष प्रभावबाट उत्पन्न युद्ध अभिघात 'भत्केको ढोका र सपनाहरू' कथामा अभिव्यक्त भएको छ ।

'सिपाही र सालिक' कथाको 'ऊ' पात्रका रूपमा चिनिएको सिपाहीकै द्रष्टा एवम् भोक्ता अनुभूतिमा यो कथा केन्द्रित छ । बिहानै कर्फ्युको ड्युटी लिन आफ्नो कमाण्डरमा रहेको हेलमेट, डन्डा र हातहतियार बोकेका एक दस्ता सिपाहीसहित चोकमा आइपुगेको 'ऊ' पात्रले विभिन्न कालखण्डमा स्थूल सालिकको रक्षाका लागि प्रहार गरेको गोलीबाट नागरिकहरू मारिएको, कैयौँ अशक्त र घाइते भई करुण क्रन्दन तथा चीत्कार गरिरहेको सन्दर्भले यस कथामा पनि युद्ध अभिघात प्रस्तुत भएको कुरा पुष्टि हुन्छ ।

### ४.३.३ शस्त्र अभिघात

'वधशालामा बुद्ध' कथाको 'ऊ' पात्रले वधशालाको कुशल वधिक बनेर तरबारको चोटबाट मान्छेलाई ताछेको, काटेको, मारेको सन्दर्भ त्यसैगरी वधशालाको रगताम्य परिवेश, वधशालाका नायक, महानायकहरूले नलीहाड फुकिरहेका, करङका हड्डीहरू रेटिरहेका, हातले खप्परमा ठटाइरहेका दश्य पनि शस्त्र अभिघातसम्बद्ध भएको पाइन्छ । यसरी हतियारको प्रहार गरेको कारण मानव शरीरमा हुन गएको मर्मभेदी अभिघातको अनुभूतिको अभिव्यक्ति गरिएको हुँदा यस कथामा शस्त्र अभिघात प्रस्तुत भएको पाइन्छ ।

'युद्धविराम जिन्दावाद' कथामा विद्रोही छापामारको राइफलको नालबाट निस्केको गोलीले वीरबहादुर घाइते भएको र वीरबहादुरले हानेको गोलीबाट विद्रोही छापामार पनि घाइते भई भुइँमा लडेको सन्दर्भले वीरबहादुर र विद्रोही छापामारले भोगेको भौतिक चोटलाई अभिव्यक्त गरेको छ । राइफलको नालबाट निस्केको गोलीले वीरबहादुर र विद्रोही छापामारले खेप्न पुगेको अभिघात शस्त्र अभिघात हो ।

'म र मुर्दाहरू' कथाका मानिस पात्रहरूले विष्फोटक साधनको प्रयोगबाट, छापामारको आक्रमणबाट भौतिक अर्थात् शारीरिक चोट खेप्न पुगेको देखिन्छ । बम विस्फोटनमा परेका र छापामारको आक्रमणबाट मान्छेका ऐया, ऐया..... पानी, पानी भन्दै आर्तनाद र चित्कार गरेको सन्दर्भका आधारमा यस कथामा शस्त्र अभिघात अभिव्यक्त भएको पुष्टि हुन पुग्दछ ।

'मिसन इन नेपाल' कथामा 'म' पात्र र लिनो बसेको रेस्टुरेन्टमा ठूलो विस्फोट हुन पुगदछ । विस्फोटका कारण 'म' पात्र अनि लिनोको शरीर भकुन्डोझैं हावामा उफ्रिएको घटनाले शस्त्र अभिघातलाई व्यक्त गर्दछ ।

'पशुअवतार' कथामा जङ्गलका हिंस्रक जनावरहरूको रूप धारण गरेको जङ्गली र हिंस्रक स्वभावका मान्छेले हिंस्रक स्वभावमा संलग्न नभएका मानवपुरका मान्छेलाई पनि डर, त्रास, धम्कीका आधारमा अर्द्धजनावरको रूप धारण गर्न बाध्य बनाइएको देखिन्छ । जङ्गली र हिंस्रक स्वभावका मान्छेले हिंसापूर्ण कार्यमा लाग्न बाध्य बनाइएको अवस्था, विचार र कार्यप्रति विरोध जनाएको मान्छेलाई खम्बामा बाँधेको, हिंस्रक स्वभावका मान्छेले पालैपालो उसको शरीरमा घात गरिरहेको, बन्धक मान्छेको शरीरबाट रगतको फोहरा छुटिरहेको, पीडाका कारण त्यस  बन्धक मान्छेले क्रन्दन गरिरहेको घटना शस्त्र अभिघात सम्बद्ध भोगाइका घटना हुन् । हतियारधारी मान्छेहरूका हातमा विभिन्न आकारप्रकारका हातहतियारहरू भएको कुरा कथामा अभिव्यक्त हुनु, ती हतियारधारीहरूले पालैपालो गरी आफ्नोआफ्नो हतियारले खम्बामा बाँधिएको मान्छेको शरीरमा घात गरिरहेको, बन्धक मान्छेको शरीरमा हतियारले घोँचिदिएको र त्यसैको कारण बन्धक मान्छेको शरीरबाट रगतको फोहरा छुटिरहेको र करुण क्रन्दन गरिरहेको सन्दर्भले शस्त्र अभिघातसम्बद्ध पीडालाई अभिव्यक्त गर्दछ ।

'एउटा अर्को खाडल' कथामा मिलिसिया छापामारहरूले डोकामा बोकेर ल्याएका रक्तमुछेल लासहरू, गोलीले क्षतविक्षत पारेको खोलाको बगरमा फेला परेको 'ऊ' पात्रको आफ्नो बाको दुर्गन्धित लास, छापामार मिलिसिया सदस्यको रूपमा रही डोकेको जिम्मेवारी लिएकी 'ऊ' पात्रको प्रेमिकाको गोली लागी रगतले लतपतिएको लास गुरिल्ला अर्थात् छापामारको आक्रमणबाट पुग्न गएको भौतिक चोटको घातक परिणाम हो । यसरी गोली लागी मृत्युवरण गरेको सन्दर्भ शस्त्र अभिघातसँग सम्बन्धित रहेको छ ।

'भत्केको ढोका र सपनाहरू' कथामा सरकारी सैनिक ज्यादतीको पीडा भोग्न विवश यथार्थको अभिव्यक्ति पाइन्छ । सरकारी सैनिकको क्रूरता एवम् बर्बरतालाई अभिव्यञ्जित गरिएको यस कथामा माओवादी बनेर जङ्गल पसेको रनेको निहुँमा सिपाहीहरूले रनेको बाबुलाई हलोमा नारिएको गोरुलाईझैं चुट्ने गरेको, लोग्नेका बारेमा सोधपुछ गर्ने निहुँमा सिपाहीहरूले रनेकी स्वास्नीको सम्वेदनशील अङ्गमा घात गर्ने गरेको र माओवादीलाई खाना खुवाएको आरोपमा जसमायालाई सिपाहीहरूले लछारपछार गर्ने गरेको सन्दर्भ शस्त्र प्रयोगका घटनावलीसँग सम्बन्धित रहेको पाइन्छ । यसरी कथाका पात्रहरू जसमाया, जसमायाको लोग्ने र जसमायाको बुहारीमा शारीरिक आघात पुऱ्याउनमा बन्दुक, खुकुरी, तरबार, अन्य घरेलु हतियारको प्रयोग प्रसङ्ग कथामा व्यक्त नगरिएको भए तापनि सशस्त्र द्वन्द्व परिवेशका घटनावलीसँग सम्बन्धित रहेको यस कथाका ती पात्रहरूले छापामारको आक्रमणबाट नै भौतिक चोट भोग्न पुगेको देखिन्छ । तसर्थ छापामारको आक्रमणबाट ती पात्रले भोग्न पुगेको भौतिक चोटका आधारमा  यस कथामा शस्त्र अभिघात अभिव्यक्त भएको पुष्टि हुन्छ ।

'सिपाही र सालिक' कथामा सिपाहीद्वारा गरिएको लट्ठी तथा बन्दुकको प्रहारका कारण मानव शरीरमा हुन गएको मर्मभेदी अभिघातको अनुभूतिको अभिव्यक्ति भएको पाइन्छ । यस कथामा सालिकको रक्षाका लागि सिपाहीले प्रहार गरेको गोलीबाट कैयौं नागरिक घाइते भएको सन्दर्भ, जुलुसमाथि सिपाहीहरूको लठ्ठीको निर्मम प्रहारले गर्दा जुलुसमा भागदौड मच्चिएको सन्दर्भ, सिपाहीहरूले एकै पटक जुलुसमा सयौं राउन्ड अश्रुग्याँस र गोली बर्साएको सन्दर्भ अनि गोली लागेर भुइँमा ढलेको, कोही छटपटाएको त कोही करुण चीत्कार गर्दै रोइरहेको कारण त्यहाँको वातावरण बीभत्स र मर्माहत भएको घटनासन्दर्भ शस्त्र अभिघात

सम्बद्ध भोगाइका लक्षण तथा उदाहरण हुन् । यिनै लक्षण तथा उदाहरण अनुसार यस कथामा शस्त्र अभिघात अभिव्यक्त भएको थाहा हुन्छ ।

## ४.४ छापामारको छोरो कथा सङ्ग्रहमा बाह्य र आन्तरिक अभिघात

### ४.४.१ बाह्य अभिघात

'वधशालामा बुद्ध' कथामा द्वन्द्व तथा युद्धको प्रभावबाट हिंसा, हत्याकार्यमा प्रत्यक्ष अनुभवकर्ताको रूपमा संलग्न 'ऊ' पात्रमा देखिएको अभिघातको कारण घरपरिवार र आफन्तको कुनै चरम सङ्कटका नभई द्वन्द्व तथा युद्ध नै भएको हुँदा 'ऊ' पात्रमा देखिएको अभिघात बाह्य अभिघात हो ।

'गाउँमा गीतहरू गुन्जिँदैनन्' कथामा द्वन्द्व तथा युद्धको प्रभावको भोक्ता तथा द्रष्टाका रूपमा रहेका विभिन्न पात्रहरूमा देखिएको विभिन्न प्रकारको अभिघातको प्रमुख कारण घरपरिवार र आफन्तको कुनै चरम सङ्कटका नभई द्वन्द्व तथा युद्ध नै भएको हुँदा यस कथाका गाउँलमा देखिएको अभिघात बाह्य अभिघात हो ।

'बाबुको काँधमा छोरो सुतिरहेको देश' कथामा 'ऊ' पात्रको छोरोको मृत्य हुनुमा अन्य कुनै पनि कारण नभई द्वन्द्व तथा युद्ध नै प्रमुख कारण भएको पाइन्छ । यसरी सशस्त्र द्वन्द्वका कारण 'ऊ' पात्रले भोग्नु परेको पीडा र असहायपनलाई नियन्त्रण गर्न नसकी मानसिक स्थिति विक्षिप्त भएको पाइन्छ । यसरी सशस्त्र द्वन्द्वजन्य अमानवीय पीडाका कारण 'ऊ' पात्रले भोग्न पुगेको घाउ, चोट, दुःख, कष्ट र मानसिक क्षति हुनुमा अन्य कुनै कारण नभई युद्ध नै प्रमुख कारण बनेको हुँदा यस कथाको 'ऊ' पात्रमा देखिएको अभिघात बाह्य अभिघात हो ।

'युद्धविराम जिन्दावाद' कथाको वीरबहादुर र विद्रोही छापामारमा देखिएको विभिन्न प्रकारका अभिघात आफ्नै घरपरिवार र आफन्तको चरम सङ्कटबाट उत्पन्न नभई युद्धजन्य घटनाको प्रत्यक्ष भोक्ता भएकै कारण सिर्जित भएको पाइन्छ । युद्धका भोक्ता तथा कर्ताका रूपमा प्रस्तुत भएका ती पात्रहरू आपसमा गोली हानाहानबाट घाइते भई शारीरिक अभिघात खेप्न पुग्दछन् भने घाइते हुनुभन्दा अगाडि उत्पन्न मनोवैज्ञानिक अभिघातको प्रमुख कारण पनि सशस्त्र द्वन्द्व तथा युद्ध नै रहेको देखिन्छ । तसर्थ यस कथामा पनि बाह्य अभिघात अभिव्यक्त भएको पाइन्छ ।

'म र मुर्दाहरू' कथामा सपिङ कम्प्लेक्सको बम विस्फोटनमा परेका मान्छले भोग्न पुगेको शारीरिक अभिघात र शीलामा देखिएको मनोवैज्ञानिक अभिघातको प्रारम्भिक सङ्केतको प्रमुख कारण अन्य कुनै पनि कारण नभई द्वन्द्व तथा युद्ध नै भएको हुँदा यस कथाको शारीरिक मानसिक भोक्ता पात्रमा देखिएको अभिघात बाह्य अभिघात हो ।

'एकादेशमा...' कथा सशस्त्र द्वन्द्वको बेला युद्धको हत्याहिंसामय परिवेशले सामाजिक असुरक्षा भोग्नु परेको एउटा गाउँको भयप्रद परिस्थितिको चित्रण गरिएको कथा भए तापनि द्वन्द्वरत दोहोरो पक्षको प्रत्यक्ष सामरिक परिवेशलाई भने अभिव्यक्त गरिएको छैन । सामरिक परिवेशलाई अभिव्यक्त नगरिए तापनि सशस्त्र द्वन्द्व तथा युद्धको कारण एकादेशका बस्तीका मानिसहरूले असुरक्षाको अनुभूत गर्नु, मानसिक सन्त्रास, भय, आशङ्काका कारण सामाजिक स्तरमै मनोवैज्ञानिक अभिघात उत्पन्न भएको सन्दर्भ अन्य आन्तरिक कारण नभई द्वन्द्व तथा युद्धसँग सम्बन्धित देखिन्छ । सशस्त्र द्वन्द्व तथा युद्धको बेला हतियारको प्रयोगबाट सिर्जित हत्याहिंसामय परिवेशले सामाजिक स्तरमै मनोवैज्ञानिक अभिघात उत्पन्न भएको तथ्यालाई आधार मान्दा यस कथामा बाह्य अभिघात प्रस्तुत भएको देखिन्छ ।

'कुर्सीपर्व' कथामा युगौँदेखि राजनीति शासन पद्धतिको परम्परा भ्फेल्दै र भोग्दै आएका जनताले आफूप्रति हुँदै आएको शोषण, उत्पीडन, अन्याय, थिचोमिचोलाई सम्भन पुगी भित्रभित्रै पीडित भएको अवस्था पाइन्छ । कुर्सीको अनुपम दर्शन पाएका मान्छेका आँखाहरू अश्रुपूर्ण भएको र संवेगको रापले तिनका अनुहारहरू राता भएको अनि कहिल्यै नदेखेको भ्फैँ गरी तिनीहरू एकटक लाएर कुर्सीलाई हेरिरहेका सन्दर्भले

युगौँदेखि राजनीति शासन पद्धतिको परम्परा भोल्दै र भोग्दै आएका जनताले आफूप्रति हुँदै आएको शोषण, उत्पीडन, अन्याय, थिचोमिचोलाई र त्यसै थिचोमिचाका कारण पात्रहरूमा उत्पन्न अभिघातलाई पनि पुष्टि गर्दछ । शोषण, उत्पीडन, अन्याय, थिचोमिचो आफ्नै घर, परिवार, आफन्तबाट नभई युगौँदेखिको राजनीति शासन पद्धतिको परम्पराबाट शोषण, उत्पीडन, अन्याय, थिचोमिचोबाट अभिघात उत्पन्न भएको देखिएको यस कथामा बाह्य अभिघात अभिव्यक्त भएको देखिन्छ ।

'छापामारको छोरो' कथामा घरबार त्यागेर जङ्गल पसेको छापामारले आफ्नी स्वास्नी र छोरोले थुनुवा कोठाभित्र गुजारेको जीवनमाथिको सम्भावित खतराबाट उत्तेजित हुँदो होला भन्ने अनुमान र कल्पना सुरक्षा फौजको कमाण्डरले गर्न पुग्दछ । यस्तो अनुमान तथा कल्पनाबाट सुरक्षा फौजको कमाण्डरमा क्रूरता सिर्जना हुन पुगी मनोवैज्ञानिक अभिघात खेप्न पुग्दछ । 'म' पात्रको हेराइमा क्रूरताको भाव पाएपछि छापामारकी स्वास्नी पनि कैदखानाभित्र उकुसमुकुस हुन पुग्नु र उसको अनुहार आतङ्कित बनेको देखिनु अनि उसका भयग्रस्त आँखा 'म' पात्रको शारीरिक हाउभाउमाथि स्थिर भइरहनुलाई पनि छापामारकी स्वास्नीमा उत्पन्न मनोवैज्ञानिक अभिघातलाई सङ्केत गरेको छ । यी विभिन्न पात्रहरूमा अभिघातलाई सङ्केत उत्पन्न हुनुको प्रमुख कारक तत्व सशस्त्र द्वन्द्व तथा युद्ध नै भएको हुँदा यस कथामा बाह्य अभिघात प्रस्तुत भएको पाइन्छ ।

'मिसन इन नेपाल कथामा' नेपालमा सशस्त्र द्वन्द्व द्रुतगतिमा बढी देशको आन्तरिक सुरक्षा भयावह स्थितिमा पुगेको बेला यू. एन्. को शान्ति सेनाको सदस्यको रूपमा 'म' पात्रको मोजाम्बिकन साथी लिनो नेपाल आएको छ । नेपाल युद्धग्रस्त राष्ट्रको रूपमा घोषित हुनु, नेपाली जनता शान्तिसेनाको चहलपहलबाट अचम्भित, आश्चर्यचकित र सशङ्कित हुनु सशस्त्र द्वन्द्वजन्य अभिघातको सङ्केत हो । यस कथामा सशस्त्र द्वन्द्व तथा युद्धका कारणबाट राष्ट्रियस्तरमा नै मान्छेको जीवन आतङिकत, निरीह र विक्षिप्त बनेको पीडा बोधलाई प्रस्तुत गरिएको छ । कथामा मोजाम्बिकमा भएको सशस्त्र द्वन्द्व र युद्ध चरम अवस्थामा पुगेको बेलाको हिंसाजन्य घटनाको सन्दर्भ, मोजाम्बिकका नागरिक लिनोले युद्धले प्रत्यक्ष नोक्सान पुऱ्याएको मोजाम्बिकको भौतिक र मानसिक क्षतिको कुरा 'म' पात्रलाई सुनाएको सन्दर्भ पनि युद्धसँगै सम्बन्धित देखिन्छ । कथामा देखिएको सबै प्रकारको अभिघातको प्रमुख कारक तत्व युद्ध भएकोले यो कथामा बाह्य अभिघात प्रस्तुत भएको पाइन्छ ।

'पशुअवतार' कथामा सशस्त्र द्वन्द्वजन्य असुरक्षा, भय, दबाब, धम्की तथा सन्त्रासमय घटनाको प्रस्तुति रहेको छ । विभिन्न प्रकारका अभिघातको सृजना गर्न र विस्तार गर्नमा सशस्त्र द्वन्द्व तथा युद्ध नै प्रमुख कारण रहेको यस कथामा देखिएको विभिन्न अभिघातहरू बाह्य अभिघातभित्र पर्दछ ।

'एउटा अर्को खाडल' कथामा छापामार युद्धका क्षणको भयावह चित्रलाई प्रस्तुत गएिको छ । युद्धजन्य ह्िदयविदारक घटना सन्दर्भका प्रत्यक्ष द्रष्टा तथा भोक्ताका रूपमा प्रस्तुत यस कथाको 'ऊ' पात्र तथा अन्य गौण पात्रहरूमा अभिघातका लक्षणहरू देख्न सकिन्छ । यसरी यस कथाका विभिन्न पात्रहरूमा देखिएको अभिघातको विविध कारणहरूमध्ये प्रमुख कारण युद्ध नै भएको बुझिएको हुँदा यस कथामा बाह्य अभिघात प्रस्तुत भएको पाइन्छ ।

'बन्द ढोका र समय' शीर्षकको कथा सशस्त्र द्वन्द्वको परिवेशमा लेखिएको बुझिन्छ । यस कथाकी नन्दा, नन्दाको लोग्ने र निनु नामका पात्रहरूले अन्य कुनै आन्तरिक कारण नभई सशस्त्र द्वन्द्वको सन्त्रास र आतङ्कमय परिवेशका कारणबाट नै मनोवैज्ञानिक अभिघात भोगेको थाहा हुन्छ । तसर्थ यस कथामा पनि बाह्य अभिघात व्यक्त भएको छ ।

'मेरो कुकुर अझै भुकिरहेको थियो' शीर्षकको कथाको गाउँले, 'ऊ' पात्रको काका, काकी, छिमेकी, 'ऊ' पात्र र 'ऊ' पात्रकी आमा सबैले भोगेको अभिघातको कारण सशस्त्र द्वन्द्व तथा युद्ध नै रहेको पाइन्छ । 'ऊ' पात्र र उसकी आमामा देखिएको अभिघातलाई आन्तरिक अभिघातको दृष्टिकोणबाट पनि विश्लेषण गरिएको भए तापनि ती आन्तरिक अभिघातको प्रमुख कारण पनि सशस्त्र द्वन्द्व तथा युद्धसँग नै जोडिएको हुँदा

यस कथामा बाह्य अभिघात व्यक्त भएको छ ।

'भत्केको ढोका र सपनाहरू' कथामा माओवादी बनेर जङ्गल पसेको रनेको निहुँमा सिपाहीहरूले रनेको बाबुलाई हलोमा नारिएको गोरुलाईझैँ चुट्ने गरेको, लोग्नेका बारेमा सोधपुछ गर्ने निहुँमा सिपाहीहरूले रनेकी स्वास्नीको संवेदनशील अङ्गमा घात गर्ने गरेको र माओवादीलाई खाना खुवाएको आरोपमा जसमायालाई सिपाहीहरूले लछारपछार गर्ने गरेको अभिघातसम्बद्ध सन्दर्भले सशस्त्र द्वन्द्व परिवेशलाई पुष्टि गर्दछ । सरकारी सैनिकको क्रूरता एवम् बर्बरतालाई अभिव्यञ्जित गरिएको यस कथामा देखिएको सबै प्रकारको अभिघातको प्रमुख कारकतत्व सशस्त्र युद्ध नै रहेको देखिन्छ । तसर्थ यस कथामा पनि बाह्य अभिघातको प्रस्तुति भएको छ ।

'ह्युमन फाार्मिङ' कथामा नेपालका गरिब, अशिक्षित, निमुखा, सोझासाझा मानिसले सशस्त्र द्वन्द्व तथा युद्धका कारण हुनु परेको विदेश पलायनको अवस्था र विदेश प्रवेशपछिको भोगाइका कारण खेप्न पुग्ने अभिघातसम्बद्ध सन्दर्भलाई साङ्केतिक र कलात्मक ढङ्गले अभिव्यक्त गरिएको छ । सशस्त्र द्वन्द्वको असर धान्न नसकेर अमेरिका, क्यानडा, बेलायत, अरब, अष्ट्रेलिया, जापान, कोरिया आदिदेशतर्फ पलायन भएका दुःखी, गरिब, निःसहाय, अशिक्षित, सोझासाझा नेपाली श्रमिकको बारेमा विदेशी कम्पनी र ह्युमन फार्मका मालिकबाट अभिव्यक्त गरिएको प्रशंशा र विशेषताभित्र विदेश पलायन नेपालीको दुःख, पीडाका धेरै कुराहरू दबिएर रहेको बुझिन्छ अर्थात् उनीहरूभित्रको अभिघातलाई सङकेत गरेको पाइन्छ । कथामा सङकेत गरिएको उनीहरूभित्रको अभिघातको कारण अरू कुनै पनि नभई सशस्त्र द्वन्द्व तथा युद्ध नै प्रमुख कारण भएको हुँदा यो कथा बाह्य अभिघातसँग सम्बन्धित रहेर हेर्न सकिन्छ ।

'सडकमा गान्धीहरू' कथाको 'ऊ' पात्र जब हुर्कँदै जान्छ अनि जीवन यात्राका क्रममा ऊ आफ्नो समाज र समाजलाई नेतृत्व दिने मान्छेहरूसँग घुलमिल पनि हुँदै जान्छ । समाजका मान्छेहरूसँग घुलमिल हुँदै जाँदा मान्छेको समाज प्रकृतिझैँ स्पष्ट र पारदर्शी नभएको पाउँदछ । यस्तो अनुभूतिले ऊ आफ्नो अतीतप्रति पश्चाताप, वर्तमानप्रति आक्रोशित र भविष्यप्रति सशङ्कित बनी अभिघातित हुन पुग्नुको प्रमुख कारक तत्व समाज नै रहेको बझिने यस कथामा बाह्य अभिघात प्रस्तुत भएको छ ।

'किडी जियाले कर्नालीमा फाल हालिन्' कथामा विद्रोहीहरूको दबावपछि विस्थापित हुन पुगेका पात्रहरू किडीजिया, उसको छोरो नरमान र 'म' पात्रको सङ्कटावस्थालाई देखाइएको छ । सशस्त्र द्वन्द्वले उत्पन्न गरेको दुःख र असुरक्षाको भोगाइबाट चिन्तित भई अभिघातित बन्न पुगेका यी पात्रहरूको अभिघातको प्रमुख कारण सशस्त्र द्वन्द्व नै रहेको बुझिने यस कथामा बाह्य अभिघात अभिव्यक्त भएको पाइन्छ ।

'सिपाही र सालिक' कथामा सिपाही, सिपाहीले प्रहार गरेको गोलीबाट घाइते भएका कैयौँ नागरिकहरू, गोलीको चोटले छटपटाएको, भुइँमा ढलेको, करुण चीत्कार गर्दै रोइरहेको भौतिक पीडा उत्पन्न हुनुको प्रमुख कारण अन्य कुनै पनि कारण नभई द्वन्द्व तथा युद्ध नै भएको हुँदा यस कथामा बाह्य अभिघात हो प्रस्तुत भएको पाइन्छ ।

### ४.४.२ आन्तरिक अभिघात

'एउटा अर्को खाडल' कथाको 'ऊ' पात्र र उसकी प्रेमिका सशस्त्र द्वन्द्वकालको समयमा युद्धक्षेत्रसँग सम्बन्धित कार्यक्षेत्रमा भेट भएको बेला चिनजानी हुन पुगेको देखिन्छ । 'ऊ' पात्र सशस्त्र द्वन्द्वमा परेर मारिएका माओवादी छापामारहरूका लासहरूलाई गाड्नको लागि खाडल खन्ने कार्यमा संलग्न छापामार टोलीको मिलिसिया सदस्य हो भने उसकी प्रेमिका लडाइँमा घाइते र मरेका लडाकूहरूलाई डोकोमा बोकेर सम्बन्धित ठाउँसम्म पुऱ्याउने कार्यमा संलग्न मिलिसिया सदस्य हो । त्यस महिलासँग केही समयआगाडि मात्र 'ऊ' पात्रसँग चिनाजानी भए पनि छोटो समयमा नै उनीहरूबीचको घनिष्ठता प्रगाढ हुन पुग्दछ र उनीहरू एकअर्कालाई माया गर्न थाल्दछन् । घरबार त्यागेर जङ्गल पसी कोदाले र डोके बनेका तिनीहरू भेटको बेला

आआफ्ना सुखदुःखका कथाहरू एकअर्कालाई सुनाएर मन हल्का पार्दछन् । 'ऊ' पात्र आफूले जङ्गल पसी लिएको दायित्व अनुसार युद्धमैदानको कमान्डरको आदेश अनुसार लास पुर्ने खाल्डो खनेको खन्यै छ तर आफूले खनेको खाडलको सङ्ख्या र ती खाडलहरूमा पुरिएका लासको सङ्ख्याका साथै ती लासको अनुहारको हेक्का र सम्झना पनि नभएको कुरा 'ऊ' पात्रले व्यक्त गरेको छ । गोलीले क्षतविक्षत खोलाको बगरमा फेला परेको 'ऊ' पात्रको आफ्नो बा को अनुहार र त्यो क्रूर मृत्युको कारणलाई पनि 'ऊ' पात्रले बिर्सिएको छ र 'ऊ' पात्रको मस्तिष्कमा आफ्नो बाको आकृति धुमिल बन्दै गएको छ । कुनै पनि मानिस मानसिक आघातमा पुग्ने कुरा घटनाबाट निर्धारित हुँदैन बरु उक्त घटनालाई मानिसले कसरी हेरेको छ, त्यसले मानिसमा के कस्तो र कत्तिको प्रभाव पारेको छ भन्ने कुरामा भर पर्दछ । त्यो घटनाको भोक्ता वा द्रष्टाले आफूले भोगेको देखेको घटनाप्रति कसरी, कहिले र कुनमात्रामा प्रतिक्रिया जनाउँछ भन्ने कुरामा भविष्यवाणी या अनुमान गर्न पनि सकिन्न भन्ने कुरालाई 'ऊ' पात्रकी आफ्नी प्रेमिका तथा सहकर्मीलाई खाडलमा पुदा 'ऊ' पात्र डाँको छोडेर रोएको सन्दर्भले पुष्टि गरेको छ । 'ऊ' पात्र आफूले खनेको खाडलहरूमा पुरिएका लासहरूको सङ्ख्या र अनुहारको हेक्का र सम्झना पनि नभएको, गोलीले क्षतविक्षत खोलाको बगरमा फेला परेको 'ऊ' पात्रको आफ्नो बा को अनुहार र मृत्युको कारण पनि बिर्सिएको अनि 'ऊ' पात्रले विभिन्न समय, स्थान र मौसममा खनेका खाडलहरूलाई स्मरण गर्दै जाँदा विगतका घटनाले 'ऊ' पात्रमा आघात नपुऱ्याएको देखिन्छ किनकि सयौं छापामारहरूका लासहरूलाई खाडल खनेर गाड्दागाड्दा यान्त्रिक बनेको 'ऊ' पात्र मिलिसियामा त्यस्ता घटनालाई सहने बानी परेको र त्यसबाट आफूलाई नियन्त्रण गर्न सिकीसकेको हुँदा उसको लागि त्यस्ता घटनाबाट मानसिक आघात नपुगेको पाइन्छ । तर युद्धकै क्रममा छातीमा गोली लागी ढलेकी आफ्नी सहकर्मीलाई पुर्दा भने 'ऊ' पात्र पहिलो पटक डाँको छोडेर रोएको पाइन्छ । आफ्नै दौतरकी साथीको लासलाई खाल्डोमा हाली माटोले पुर्दाको पीडा र सन्तापले 'ऊ' पात्र झन्डै बहुलाएको कुरा कथामा व्यक्त भएको छ । लडाइँमा घाइते र मरेका लडाकूहरूलाई डोकोमा बोकेर सम्बन्धित ठाउँमा पुऱ्याउने कार्यमा संलग्न त्यस केटीलाई युद्धमा गोली लागेपछि खाल्डोमा पुर्न ल्याइएकी रगतले लतपतिएको त्यस केटीको जड शरीर देखेर 'ऊ' पात्रले अचानक पक्षघातले आक्रमण गरेकोजस्तो अनुभव गर्नु, 'ऊ' पात्रले रगताम्मे भएको त्यस केटीको अनुहारलाई आफ्नो हातले स्पर्श गर्दै त्यस केटीको लासलाई 'ऊ' पात्रले आफ्नै हातले खाडलमा घोप्टो पारी पुरेको छ । त्यसपछि धेरै दिनसम्म 'ऊ' पात्र मानसिक रूपमा विक्षिप्त र असन्तुलित बनेको सन्दर्भ युद्धजन्य अभिघात नभई प्रेमिकासँग विछोड हुनु परेको अवस्था 'ऊ' पात्रको लागि अभिघात उत्पन्नको कारण बनेको छ जसलाई आन्तरिक अभिघातका रूपमा लिइन्छ ।

'मेरो कुकुर अझै भुकिरहेको थियो' कथामा राति सुतेकै अवस्थामा बन्दुकधारी मान्छेहरूले बलजफ्ती 'ऊ' पात्रको बालाई घिसार्दै दैलोबाहिर लगेर बालाई आजसम्म बेपत्ता पारेपछि जहिले पनि बाको कुरा गर्दै 'ऊ' पात्रलाई छाँद हालेर 'ऊ' पात्रकी आमा रुने गरेकी, आमा रोएको देखेर 'ऊ' पात्र पनि डाँको छोड्दै रुने गरेको सन्दर्भले युद्ध अभिघातलाई व्यक्त गरे पनि राति आफूलाई अँगालो हालेर सुतेकी आमा थाहै नपाई अचानक हराउँदा ढोकाको सँघारमा उभिएर छातीमा भक्कानो पार्दै भुइँमा लडीबुडी गर्दै गला फारेर रुँदा पनि आमा कतैबाट नआएपछि अन्ततः 'ऊ' पात्रले आफूलाई असाह्य ठानेको सन्दर्भले आन्तरिक अभिघातलाई पनि अभिव्यञ्जित गरेको छ । अचानक निद्राबाट बिउँझेर आँखा खोली कोल्टो फर्कँदा आमालाई अँगालो मार्न खोज्दा ओछ्यानमा आमा नभेटेपछि 'ऊ' बालपात्र ओछ्यानमा घोप्टो मुख गरी चिच्याएर रोएको छ । 'ऊ' पात्रको बालाई राति सुतेकै अवस्थामा बन्दुकधारी मान्छेहरूले बलजफ्ती घिसार्दै दैलोबाहिर लग्दा 'ऊ' पात्र डाँको छोड्दै रोएको छ । राति आफूलाई अँगालो हालेर सुतेकी आमा थाहै नपाई अचानक हराउँदा ढोकाको सँघारमा उभिएर छातीमा भक्कानो पार्दै भुइँमा लडीबुडी गर्दै गला फारेर रुँदा पनि आमा कतैबाट नआएपछि अन्ततः आफूलाई असाह्य ठानेको छ । घरआँगन, गोठ र कुनाहरू चाहर्दै घरअगाडिको परालको सानो माच, बाखाखोर, गोठ, र घरको चारैतिर खोज्दा पनि आमा नदेखेपछि 'ऊ' पात्र "आमा, आमा" भन्दै झन् भक्कानिएर रोएको छ । गाउँको डोरेटोमा, काकाको घरमा, सानी आमाको घर, चिनेजानेका गाउँलेका घर, पीपलको चौतारी, चौतारीनिरको पानीको पँधेरो, खर्कसम्म गएर खोज्दा पनि आमा नभेटेपछि आफूलाई नितान्त एक्लो र असहाय अनुभूत गर्न पुगेको छ । यसरी बा पनि बेपत्ता भएपछि र गाउँको एक छेउदेखि अर्को छेउसम्म र खर्कसम्म पनि पुगेर आमालाई खोज्दा हराएकी आमालाई पनि नभेटेपछि आफूलाई सम्पूर्णक

कुरामा रेखदेख गर्ने बाआमाको अँगालोभित्र सुरक्षित र संरक्षित हुन नपाउँदा 'ऊ' पात्र अभिघातित बनेको छ । बाआमा दुवै बेपत्ता भएपछि आफूलाई एक्लो, खण्डित, असुरक्षित महसुस गरी भय, क्रोध, उदासीबोध गर्न पुगेको 'ऊ' पात्रले पीडा पनि अनुभव गर्न पुगेको प्रसङ्ग आन्तरिक अभिघातसँग सम्बन्धित छ । त्यसै गरी"बा भएको भए यसरी भोको हुन्नथिस् छोरा" भन्दै बालाई सम्भँदै 'ऊ' बालपात्रकी आमा क्वाँक्वाँ रुनुले पनि लोग्ने बेपत्ता भएको कारण भोग्न परेको असुरक्षित र असंरक्षित वातावरणले 'ऊ' पात्रकी आमा अभिघातित बनेकी बुझिन्छ । जहिले पनि बाको कुरा गर्दै 'ऊ' पात्रलाई छाँद हालेर 'ऊ' पात्रकी आमा रुने गरेकी सन्दर्भले बालपात्रको आमामा देखिएको आन्तरिक अभिघातलाई पुष्टि गर्दछ । बालाई राति सुतेकै अवस्थामा बन्दुकधारी मान्छेहरूले समातेर लगेको, आमाले बन्दुकधारीहरूका खुट्टा समातेर रोइकराइ गरेको तर तिनीहरूले आमाको अनुनयविनयको कुनै पर्वाह नै नगरी 'ऊ' पात्रको बालाई ओछ्यानबाटै बलजफ्ती घिसार्दै दैलोबाहिर लग्दा आमा डाँको छोडेर रोएको सन्दर्भ अभिघातजन्य प्रतिक्रिया हो । 'ऊ' बालपात्रको बालाई बन्दुक बोकेका मान्छेहरूले बेपत्ता पारेपछि 'ऊ' बालपात्रको आमा बाको शोकले लामो समयसम्म थला परेको प्रतिकूल अवस्थाले बालपात्रकी आमामा नैराश्य र कुण्ठा विकसित भएको बुझिन्छ । यसरी आफन्तसँगको विछोडको कारण 'ऊ' बालपात्रकी आमामा पुग्न गएको शारीरिक तथा मानसिक कष्ट आन्तरिक अभिघातसँग सम्बन्धित छ ।

'भत्केको ढोका र सपनाहरू' कथाका पात्रहरू जसमाया, रनेको बाबु र रनेकी स्वास्नी नन्दाले भोगेको अभिघात युद्धजन्य भएता पनि माओवादी बनेर करिब सात वर्षअगाडि जङ्गल पसेको लोग्नेसँगको विछोडमा तड्पिँदै लोग्नेको बाटो हेर्दाहेर्दा थाकेर नन्दाले मन कुँडिएको अनुभव गर्न पुगेकी छ । रनेकी स्वास्नी नन्दा विवाह गरी रनेको घरमा भित्रिएको एक वर्षमात्र भएको र रनेले घर छाड्दा रनेकी स्वास्नी दुई जीउकी अवस्थामा रहेको कुरा कथामा अभिव्यक्त भएको छ । त्यसैले रनेकी स्वास्नी नन्दाको स्त्रीयोचित सपना र भावानाहरू रनेको जङ्गल प्रवेशसँगै सिमलको भुवाभैँ छिन्नभिन्न हुन गएको छ । नन्दाका शुरूका वर्षहरू लोग्नेको स्मृतिमा तड्पीतड्पी बित्दछ भने केही वर्षहरू रोईकराई बित्दछन् र त्यसै गरी केही वर्षहरू बाटो हेरेर बित्दछन् भने त्यसपछिका वर्षहरू लोग्नेको आगमनप्रति निरपेक्ष भई बित्न थालेको अभिघातसम्बद्ध अनुभूति आन्तरिक अभिघातसँग सम्बन्धित देखिन्छ । छोरो जङ्गल पसेको निहुमा रनेको बाबु पनि समातिएर बेपत्ता भएपछि छोरो र लोग्नेको कारण रनेको आमाको मनमा परेको गहिरो आघात आत्मीयजनसँगको वियोगजन्य अभिघात हो । किनकि रने घर छोडेर जङ्गल पसेपछि उसकी स्वास्नी नन्दाले सम्पूर्ण समय लोग्नेको यादमा कल्पेर बिताएको सन्दर्भले वियोगजन्य अभिघातलाई पुष्टि गर्दछ भने रनेकी आमा जसमायाले छोरो आएको र लोग्ने घर हुँदा बिताएका सुखद र रमाइला विगत सम्भेर भावविभोर तर आफन्तको माया र सामीप्यता विना वर्तमानको अवस्थामा चैनपूर्वक रहन नसकोको कुरा तलको सन्दर्भले प्रष्ट पार्दछ ।

जसमाया आफ्नो बिछ्यौनामा पल्टिन् । दियो अझै बलिरहेको थियो । उनका आँखा दियोमा गएर स्थिर भए । दियोलाई हेर्दै उनको मन भड्किन थाल्यो । आहा ! ती दिन कति प्यारा थिए जब उनी र उनको लोग्ने घरभित्र दियोको उज्यालोमा एकअर्कालाई हेर्दै र काम गर्दै घण्टौं कुरा गर्थे । रातमा पनि तिनीहरूको घरको ढोका खुलै हुन्थ्यो । तिनीहरू बाहिर आँगनमा आउँथे, आँगनबाट आकाशको जून हेर्थे, जूनको उज्यालोमा एकअर्कालाई नियाल्दै आफ्नो छोराको भविष्यको सपना देख्थे- छोराले पढेको, सहर गएको, जागिर खाएको, सम्पत्ति कमाएको र आफूलाई पनि सहरमा बोलाएको आदिअदि । तिनीहरू फेरि घरभित्र छिर्थे, बिछ्यौनामा लमतन्न पसेर आफूले भोलि गर्नुपर्ने कामको खाका कोर्थे र अन्ततः दियोलाई निभाउँथे (पृ. ८९) । कथामा अभिव्यक्त उपर्युक्त सन्दर्भ र सङ्केतहरू आन्तरिक अभिघातसँग सम्बन्धित देखिन्छन् ।

## ४.५ छापामारको छोरो कथा सङ्ग्रहमा प्राथमिक र द्वितीयक अभिघात

### ४.५.१ प्राथमिक अभिघात

'वधशालामा बुद्ध' कथामा बधशालाको कुशल र सर्वश्रेष्ठ वधिक बनेर वधिक पेसामा संलग्न 'ऊ' पात्र मानव हत्या, हिंसा, संहार कार्यको प्रत्यक्ष भोक्ता, द्रष्टा तथा अनुभवकर्ता हो । आफैंले गरेको कार्यबाट

पश्चातपबोध र पीडाबोध गरेको 'ऊ' पात्रलाई मानव वधको आफ्नो कुशलता, वधशालाको अनुभव तथा सिद्धान्त विपरित वधशाला र वधिकको नियतिलाई मिथ्या अनुभव गरी अभिघातित हुन पुगेको छ । वाधशालाको कुशल वधिक बनेर मानववध कार्यको प्रत्यक्ष भोक्ता, द्रष्टा तथा अनुभव कर्ताकै क्रममा अभिघातित हुन पुगेको सन्दर्भका आधारमा यस कथामा प्राथमिक अभिघात व्यक्त भएको पाइन्छ ।

'गाउँमा गीतहरू गुन्जिँदैनन्' कथामा सशस्त्र द्वन्द्वको परिवेशजन्य आतङ्कित घटनाको प्रत्यक्ष भोक्ता तथा द्रष्टा भएकै कारण अभिघात भोग्न पुगको कुरा बुझिन्छ । यस कथाका प्रमुख 'म' पात्र सनो बाबू आफ्नी आमाको अग्रहमा करिब पाँच वर्षपछि घर जाँदा उसले ग्रामीण दृश्यको उजाड अनुभव गरेको छ । सानोबाबू गाउँमा आउँदा आफूले बाह्रखरी सिकेको स्कूल भत्केको खण्डहरमा परिणत भएको देख्नु, गाउँलेको परिश्रमबाट खडा भएको टेलिफोन टावरको कार्यालय बम बिष्पफोटको कारण क्षतविक्षत भएको देख्नु, नचिनेका नयाँ मान्छेहरू मात्र बन्दुक बोकेर गाउँमा घुमिरहनुजस्ता सन्दर्भले सशस्त्र द्वन्द्वले उत्पन्न गरेको ह्विदयविदारक घटनालाई पुष्टि गर्दछ । पुष्टि गर्न सकिने यसै घटनासन्दर्भका आधारमा त्यहाँका गाउँ तथा गाउँलेहरू यही ह्विदयविदारक घटनाका भोक्ता तथा द्रष्टा पात्र हुन भन्न सकिन्छ । द्वन्द्व तथा युद्धको घमासान आक्रमणसम्बद्ध घटनाको असर तथा मनोवैज्ञानिक क्षति समग्र गाउँलेहरूमा परेको देखिन्छ । सशस्त्र द्वन्द्वले उत्पन्न गरेको ह्विदयविदारक घटना भोक्ता तथा द्रष्टाका रूपमा लिन सकिने समग्र गाउँलेहरूमा त्यही ह्विदयविदारक घटनाकै कारण उत्पन्न सामाजिक अभिघात प्रस्तुत भएको यस कथामा प्राथमिक अभिघात पनि अभिव्यक्त भएको देखिन्छ ।

'बाबुको काँधमा छोरो सुतिरहेको देश' कथामा 'ऊ' पात्रले आफ्नै आँखाले जङ्गलको खोल्सामा धारिलो हतियारले काटेर फालेको आफ्नो छोराको टाउको देख्नु, हिलो, धुलो र आलो रगतले लतपतिएको छोराको टाउको 'ऊ' पात्र आफैले जङ्गलमा फेला पार्नु, हत्याका क्रममा जमिनमा छरपस्ट भएका रगतका टाटा पनि देख्नुजस्ता दृश्यहरू 'ऊ' पात्रले प्रत्यक्ष रूपमा देखेको हत्याहिंसासम्बद्ध ह्दियविदारक घटनाका प्रमाणहरू हुन् । आफ्नै छोराको मृत शरीर र त्यहाँको रक्तपातपूर्ण दृश्यलाई 'ऊ' पात्रले आफ्नै आँखाले प्रत्यक्षरूपमा देख्दा 'ऊ' पात्रमा मानसिक पीडाबोध हुन गई अभिघात सिर्जना भएको छ । त्यसै गरी मृत छोराको टाउको बोकेर 'ऊ' पात्र न्यायको लागि विभिन्न निकायमा जाँदा उसलाई सहानुभूति दर्शाउने, उसको खाँचो बुझ्ने, मनोवैज्ञानिक सहयोग र समर्थन गर्नुको सट्टा झन नमिठो र धम्कीपूर्ण बोली तथा व्यवहार 'ऊ' पात्र आफैले प्रत्यक्ष अुनभव गर्न पुगेको सन्दर्भहरू पनि अभिघातजन्य व्यवहारहरू हुन् । यसरी जङ्गलको खोल्सामा धारिलो हतियारले काटेर फालेको आफ्नो मृत छोराको टाउको 'ऊ' पात्र आफैँले प्रत्यक्ष देख्दाको ह्दियविदारक घटना तथा मनोवैज्ञानिक असहयोग र असमर्थनबाट असह्य पीडाबोध भई 'ऊ' पात्र अभिघातित हुन पुगेकोले 'ऊ' पात्रमा देखिएको अभिघात प्राथमिक अभिघात हो ।

'युद्धविराम जिन्दावाद' कथामा प्रमुख पात्रको रूपमा रहेको सिपाही वीरबहादुर सशस्त्र द्वन्द्वमा प्रत्यक्ष रूपमा सामेल भएको भोक्ता पात्र हो भने विद्रोही छापामार पनि सशस्त्र द्वन्द्वमा प्रत्यक्ष रूपमा सामेल भएको भोक्ता पात्र हो । त्यसैले सैनिक जीवनका विविध भोगाइ र अनुभूति कर्ताकै क्रममा अभिघातित हुन पुगेको वीरबहादुर र विद्रोही छापामारको मानसिक, शारीरिक अभिघातसम्बद्ध सन्दर्भले वीरबहादुरमा प्राथमिक अभिघात देखिएको सहजै बुझिन्छ ।

'एकादेशमा...' कथाका एकादेशका मानव बस्तीका मानिसहरू सडेको लासको प्रत्यक्ष दृश्य दुर्गन्धले गर्दा मानसिक रूपमा पीडा भोग्न पुगेको कुरालाई अभिव्यक्त गरिएको छ । दुर्गन्धमय परिवेशले एकादेशको मानव बस्तीका मानिसहरू लासको र्दुगन्धलाई रोक्न रुमाल र पछ्यौराले नाक छोपेको, दुर्गन्धबाट बँच्न हावाको बहावको उल्टो दिशातर्फ भाग्ने कोसिस गरेको, कोही बलगरी आफ्नो घ्राणशक्तिलाई बढाउँदै दुर्गन्धलाई सहने अथक प्रयास गरिरहेको, दुर्गन्धका कारण मानिसहरू छटपटाउन थालेको, दुर्गन्धले आकुलव्याकुल भएपछि मान्छेहरूको चीत्कार बढेको सन्दर्भले मानवबस्तीका ती मानिसहरू सडेको लास र त्यसको दुर्गन्धको प्रत्यक्ष द्रष्टा तथा भोक्ता हुन् भन्ने पुष्टि हुन्छ । त्यस लास देखेर र त्यसको दुर्गन्धले एकादेशको मानव बस्तीका मानिसहरूको मस्तिष्क विक्षिप्त बनेको सन्दर्भ प्रस्तुत भएको यस कथामा

प्राथमिक अभिघात व्यक्त भएको छ ।

'मिसन इन नेपाल' कथामा सशस्त्र द्वन्द्व द्रुत गतिमा बढी देशको आन्तरिक सुरक्षा भयावह स्थितिमा पुगेको अवस्थाले आफ्नो देश, गाउँ, घरपरिवारको दुर्गति देख्दा 'म' पात्रलाई भक्कानो छोडी रुन मन लागेको छ । देशको युद्धमय अवस्थाल 'म' पात्रलाई भक्कानो छोडी रुन मन लाग्नु, संवेदनाको चरम आवेगले 'म' पात्र काँप्नु र लिनोको हात अँठ्याउनु, टेबुलमा राखेको कफीलाई कपमा खन्याएर पिउने जाँगर पनि 'म' पात्रङमा नहुनस अभिघातको सङ्केत हो । यो अभिघाते देशमा सशस्त्र द्वन्द्व द्रुतगतिमा बढीरहेको कारण नाजुक भएको देशको अवस्थाको प्रत्यक्ष द्रष्टा भएको कारण उत्पन्न भएको बुझिन्छ । सडकमा हातहतियारयुक्त शान्तिसेनाका टयाङ्कहरू मार्च गरिरहेको, कम्ब्याक्ट टयाङ्कहरू देखेर आतङ्कित बनेका निरीह नेपाली नागरिकहरू चिच्याउँदै यताउता भागिरहेका, लिनो र 'म' पात्र बसेको रेस्टुरेन्टमा ठूलो विस्फोट भएको, 'म' पात्र र लिनोको शरीरहरू भकुन्डोझैँ हावामा उफ्रिएको सन्दर्भले म पात्र देशमा चलेको द्वन्द्व तथा युद्ध अवस्थाको प्रत्यक्ष द्रष्टा तथा भोक्ता पात्र भएको पुष्टि हुन्छ । यसरी देशमा चलेको द्वन्द्व तथा युद्ध अवस्थाको प्रत्यक्ष द्रष्टा तथा भोक्ता पात्रमा देखिएको अभिघातको आधारमा यस कथामा प्राथमिक अभिघात प्रस्तुत भएको पाइन्छ ।

'पशुअवतार' कथामा सशस्त्र द्वन्द्वजन्य असुरक्षा, भय, दबाब, धम्कीका कारण मानिसहरूमा चारैतिर भागाभाग र हाहाकार मच्चिएको, मान्छेहरू आफ्नो ज्यान बँचाउन सुरक्षित आश्रयको खोजीमा लागेको र सभ्य र समुन्नत मानव बस्ती छिन्नभिन्न भएको सन्दर्भ द्वन्द्वजन्य अभिघातको लक्षणको रूपमा हेर्न सकिन्छ । त्यसै गरी मान्छेहरूको बस्ती रहेको मानवपुरको वातावरण जङ्गली जनावरहरूको रूप धारण गरेका मानिसहरूको आकस्मिक आक्रमणले सन्त्रासमय बनेको, जनावरको अंश लिएका मानवपुरका मान्छेहरूलाई खम्बामा बाँधिएको मान्छेले भोगीरहेको असहनीय शारीरिक पीडाको दृश्य प्रस्तुत भएको, हतियारको चोटिलो घातले पीडित बनेको मान्छेको छटपटाहट र चीत्कारले मानवपुरका मान्छेहरूको शरीर फेरि हलचल भएको र शरीर लगलग काँप्न थालेको, एक अर्काप्रति भयभीत भएको सन्दर्भले प्रत्यक्ष रूपमा देखिएका तथा भोगिएका हिंसात्मक घटनाबाट अभिघात उत्पन्न भएको कुरालाई पुष्टि गर्दछ । अतः हिंसात्मक घटनाको प्रत्यक्ष अनुभवका कारण अभिघात उत्पन्न भएको सन्दर्भ प्रस्तुत भएको यस कथामा प्राथमिक अभिघात व्यक्त भएको देखिन्छ ।

'एउटा अर्को खाडल' कथाको 'ऊ' पात्र सशस्त्र छापामार टोलीको मिलिसिया सदस्य हो । यस कथामा छापामार युद्धको क्षणको भयावह चित्रलाई प्रस्तुत गरिएको छ । 'ऊ' पात्र युद्धमा लडाइँ नलडे पनि लड्दालड्दै मृत्युवरण गरेका छापामारहरूलाई दुस्मनले चाल नपाउने गरी खाडलमा पुर्ने छापामारको उद्देश्य बमोजिम 'ऊ' पात्रले खाल्डो खन्ने दायित्व बोकेको छ । युद्धमा मारिएका छापामारहरूलाई 'ऊ' पात्र आफैँले खनेको खाल्डोमा आफैँले पुरेको, गोलीले क्षतविक्षत खोलाको बगरमा फेला परेको 'ऊ' पात्रको आफ्नो बा को दुर्गन्धित लासलाई 'ऊ' पात्र आफैँले बगरमा नै खाडल खनेर गाडेको, आफ्नै प्रेमिकाको लासलाई पनि आफैँले खाल्डो खनी घोप्टो पारी गाडेकोजस्ता आदि युद्धजन्य हृदयविदारक घटनासन्दर्भ सशस्त्र युद्धको समयमा छापामार मिलिसियाले प्रत्यक्ष देखेको तथा भोगेको यथार्थ हो । यसरी युद्धजन्य हृदयविदारक घटनासन्दर्भका प्रत्यक्ष द्रष्टा तथा भोक्ताका रूपमा प्रस्तुत 'ऊ' पात्रले रक्तयुद्धका लासहरू हेर्दाहेर्दै 'ऊ' पात्र बहुलाउन थालेको प्रसङ्गले 'ऊ' पात्रमा देखिएको अभिघात प्राथमिक अभिघात हो ।

'मेरो कुकुर अझै भुकिरहेको थियो' शीर्षकको कथाको 'ऊ' पात्रको बालाई राति सुतेकै अवस्थामा ओछ्यानबाटै बन्दुकधारी मान्छेहरूले बलजफ्ती घिसारेर लग्दछन् । बालाई राति सुतेकै अवस्थामा बन्दुकधारी मान्छेहरूले समातेर लगेको र आमाले बन्दुकधारीहरूका खुट्टा समातेर रोइकराइ गरेकी तर ती हतियारधारीहरूले आमाको अनुनय विनयको कुनै पर्वाह नै नगरी बालाई ओछ्यानबाटै बलजफ्ती घिसार्दै दैलोबाहिर लग्दा आमा डाँको छोडेर रोएको र झन्भन्दा झन्पछि शारीरिक र मानसिक दुवैरूपमा 'ऊ' पात्रको आमा लामो समयसम्म शिथिल बन्दै गएको घटनासन्दर्भ प्रार्थमिक अभिघातसम्बद्ध सन्दर्भ हो । त्यसै गरी हराएकी आमालाई खर्कमा भेट्टाउने आशामा खेतका गराहरूको बाटो हुँदै आमा खोज्दै हिँडेको

बालपात्रले अचानक डाँडातिरबाट बन्दुक पड्केको आवाज आफ्नै कानले सुनेपछि ऊ झन् डरले थरथरी काँप्दै खेतको गरामा पछारिएको सन्दर्भले पनि प्राथमिक अभिघातलाई पुष्टि गर्दछ । यिनै सन्दर्भहरूको आधारमा यस कथामा प्राथमिक अभिघात प्रस्तुत भएको पुष्टि हुन्छ ।

'भत्केको ढोका र सपनाहरू' शीर्षकको कथाको रने पात्र सशस्त्र द्वन्द्वको समायमा माओवादी बनेर जङ्गल पसेपछि रनेको परिवारले विभिन्न प्रकारका अभिघात खेप्न पुग्दछन् । जसमायाको छोरो रने माओवादी बनेर जङ्गल पसेपछि सधैं रातबिरात सुरक्षाफौजका सिपाहीहरूले माओवादी बनेर जङ्गल पसेको रनेको निहुँमा उसको बाबुलाई हलोमा नारिएको गोरुलाईझैं चुट्नु, लोग्नेका बारेमा सोधपुछ गर्ने निहुँमा सिपाहीहरूले रनेकी स्वास्नीको संवेदनशील अङ्गमा घात गर्नु, माओवादीलाई खाना खुवाएको आरोपमा जसमायालाई सिपाहीहरूले लछारपछार गर्नुजस्ता अत्याचार र हिंसात्मक घटनाका कारण रनेकी आमा जसमाया, रनेको बाबु र रनेकी स्वास्नीले अभिघात खेप्न पुग्दछन् । यसरी सिपाहीहरूबाट प्रत्यक्ष रूपमा भएको अत्याचार र हिंसात्मक घटनाका भोक्ता तथा द्रष्टा पात्रहरूमा उत्पन्न शारीरिक तथा मानसिक पीडाको प्रस्तुती गरिएको यस कथामा प्राथमिक अभिघात व्यक्त भएको पाइन्छ ।

'सडकमा गान्धीहरू' कथाको 'ऊ' पात्र आफ्नो अतीतप्रति पश्चाताप, वर्तमानप्रति आक्रोशित र भविष्यप्रति सशङ्कित रहेको देखिन्छ । उसलाई आफ्नो समग्र जीवन बोझिल, बेकार र बेस्वादको लागिरहेको हुन्छ भने जीवन व्यर्थमा रित्तिइरहेको छ भन्ने कुरा अनुभूति भएको  पाइन्छ । जब 'ऊ' पात्र हुर्कँदै जान्छ अनि जीवन यात्राका क्रममा ऊ आफ्नो समाज र समाजलाई नेतृत्व दिने मान्छेहरूसँग घुलमिल पनि हुँदै जान्छ । समाजका मान्छेहरूसँग घुलमिल हुँदै जाँदा मान्छेको समाजलाई प्रकृतिझैं स्पष्ट र पारदर्शी नभएको पाउँदछ । समाज प्रकृतिझैं स्पष्ट र पारदर्शी छैन भनी 'ऊ' पात्रले अनुभूति गर्न पुगेको अनुभवले बाल्यकालमा कल्पना गरेको लोकभन्दा आफ्नो जीवन भोगाइ सर्वथा भिन्न र बेमेल रहेको अनुभव गरेपछि उसमा पीडायुक्त पृथकताको अनुभूति हुन पुग्दछ । यसरी जन्मैदेखि शारीरिक, मानसिक, सामाजिक, आर्थिक वा अन्य कुनै न कुनै रूपमा असक्षम, विषम वा अपूर्ण भएका अनुभवसम्बद्ध विषयहरूबाट 'ऊ' पात्र अभिघातित बनेको सन्दर्भहरू प्रस्तुत भएको यस कथामा प्राथमिक अभिघात व्यक्त भएको पाइन्छ ।

'किडी जियाले कर्नालीमा फाल हालिन्' कथामा कथाको पात्रहरू किडीजिया, नरमान र 'म' पात्रले शसस्त्र द्वन्द्वको अवधिमा विस्थापनजन्य अनेक अप्रिय घटनाहरू प्रत्यक्ष रूपमा भोग्न तथा देख्न पुगी त्यसैका कारण अभिघातित बनी मृत्युवरण समेत गरेको मर्मपूर्ण घटनाको जीवन्त चित्र अभिव्यक्त भएको छ । यस कथाका पात्रहरू सशस्त्र द्वन्द्वका कारण गाउँघर, परिवार छोडी भागेका, गाउँघर नै शून्य पारेर विस्थापित भएका, द्वन्द्वको प्रभावले रुग्ण, चिन्ताग्रस्त, भयाक्रान्त, उदासिन, तरङ्गी, कल्पनाग्रही बनेका पाइन्छ । उनीहरूको ह्रिदयको गहिराइमा द्वन्द्वजन्य आतङ्क, पीडा र भय कहिल्यै नमेटिने गरी गडिरहेको कारण अभिघात भोगेका पात्रको दशा, पीडा, अवसाद, दुःख, वेदना, भय, आतङ्क अभिव्यक्त भएको यस कथामा प्राथमिक अभिघात प्रस्तुत भएको पाइन्छ ।

'सिपाही र सालिक' कथामा नागरिकहरूको सेवाका लागि सिपाही भएको 'ऊ' पात्र तिनै नागरिकहरूलाई घरभित्र थुनेर संवेदनाहीन र जडवत् सालिकको रखवारी गरिरहन पर्दा 'ऊ' पात्र अर्थात् सिपाहीलाई आफ्नो कामप्रति वितृष्णा जागेको देखिन्छ र उसको अनुहार रुग्ण र निन्याउरो देखिन्छ । व्यक्तिगत स्तरमा आफूले विगतमा घटेका विभिन्न घटनाबाट भोग्नु परेका पीडा, शान्तिकामी नागरिकहरूप्रति केही गर्न नसकेको तर निर्जिव सालिकको भने चौबीसै घण्ट पहरेदार भई बसेको जस्ता पश्चातापमूलक कार्य तथा सोँचका कारण मानसिक आघात भोग्न पुगेको सिपाही द्वन्द्वजन्य घटनाको भोक्ता, द्रष्टा तथा कर्ता पात्र हो । द्वन्द्वजन्य घटनाको भोक्ता, द्रष्टा तथा कर्ता पात्रको मनोवैज्ञानिक पीडा प्रस्तुत भएको यस कथामा प्राथमिक अभिघात प्रस्तुत भएको पाइन्छ ।

### ४.५.२ द्वितीयक अभिघात

'म र मुर्दाहरू' शीर्षकको कथामा द्वितीयक अभिघातको चित्रण देखिन्छ । यस कथाकी शिला पात्रमा

सञ्चार माध्यमबाट देखेको सुनेको हत्याहिंसात्मक घटनाको नकारात्मक प्रभाव पर्दा अभिघातको प्रारम्भको सङ्केत देखिन्छ । यस कथाकी 'ऊ' पात्र शीला सुरक्षा फौजसँगको भिडन्तमा मरेका विद्रोहीहरूको लास टिभीमा देखाउँदा भावुक र चिन्तित बन्न पुगेको सन्दर्भ द्वितीयक अभिघातसँग सम्बन्धित छ । टिभीको पर्दामा लास देखेर स्तब्ध बन्न पुगी आर्द्र सुस्केरा हाल्ने शीलाले टिभीमा देखिएको दुखदपूर्ण समाचारको विवरण आफ्नो लोग्नेलाई सुनाउँदा वेदनाले रुझेको आवाजमा बोलेको सन्दर्भले पनि द्वितीयक अभिघातलाई पुष्टि गर्दछ । टिभीले दखाइरहेका लासहरूलाई हेरेर शीलाले आँखाभरि आँसु पार्नु र आत्तिनुजस्ता लक्षण द्वितीयक अभिघातसम्बद्ध लक्षण हुन् । यसरी छापामारको छोरो कथा सङ्ग्रहभित्रको 'म र मुर्दाहरू' शीर्षकको कथामा द्वितीयक अभिघात चित्रण भएको देखिन्छ ।

## ४.६ निष्कर्ष

कथाकार महेशविक्रम शाहद्वारा लिखित **छापामारको छोरो** (२०६३) कथा सङ्ग्रहभित्रका विभिन्न कथाहरूमा सशस्त्र द्वन्द्व र युद्धका दशकभरिका अप्रिय घटना र त्यस घटनाबाट पिल्सिएका नेपालीको पीडाको चित्र प्रस्तुत भएको छ । सशस्त्र द्वन्द्व र युद्धले कुरूप पारेको जीवनलाई देखाइएको यस सङ्ग्रहका कथाहरूमा सशस्त्र द्वन्द्व तथा युद्धको मूल कारणबाट उत्पन्न अभिघातलाई प्रस्तुत गरिएको छ । द्वन्द्व तथा युद्धको मूल कारणबाट उत्पन्न अन्यकारणहरू जस्तै जबर्जस्ती युद्धमा भर्ती हुन लैजाँदा, घर छोडी युद्धमा संलग्न हुन जाँदा वा मारिँदा, विस्थापित तथा शरणाथी हुनु पर्दा, युद्धरत पक्षले बेला बेलामा दबाब त्रास, धम्की दिँदा, हत्या-हिंसा, गाउँ निकाला र घातकपूर्ण शारीरिक हमला तथा आक्रमण गर्दा, वम विष्फोट हुँदाजस्ता कारणबाट कथाका पात्रहरूले भोगेका यातना, पीडा, तनाव, दुख, मृत्यु, क्षति र विनाशको चित्रण यस सङ्ग्रहका कथाहरूमा भएको पाइन्छ । त्यसै गरी स्वास्थ्य र सुरक्षाको अभाव, पिटाइ, अश्रुग्याँस प्रहार, लठ्ठी प्रहार, लछारपछार, बलात्कार, अनाचार, छेडछाड, घोँचपेच, खेल्दा वा लड्दा लागेको चोटपटक, आफन्तजनसँगको वियोग, गल्तीबोध तथा अपराधबोध, बिग्रिएको आर्थिक स्थिति, अधिक धन प्राप्तिको चाहना, चाहनाको अपूरण स्थिति, परिचयहीन, सीमान्तीकरण जस्ता कारणबाट उत्पन्न भएको अभिघातको पनि चित्रण भएको पाइन्छ । यस कथा सङ्ग्रहभित्र सङ्गृहीत सबै कथाहरूका सबै पात्रहरूमा अभिघात उत्पन्न हुनुमा उपर्युक्त सबै कारण जिम्मेवार रहेको देखिँदैन । यस कथासङ्ग्रहभित्र सङ्गृहीत कथाका पात्रमा अभिघात उत्पन्न हुनुमा कुनै पात्रमा उपर्युक्त एउटै मात्र कारण जिम्मेवार रहेको देखिन्छ भने कुनै पात्रमा उपर्युक्त एकभन्दा बढी कारण जिम्मेवार रहेको पाइन्छ । यस कथा सङ्ग्रहभित्र सङ्गृहीत सबै कथाहरूका सबै पात्रहरूमा उपर्युक्त कारणहरूले कुनै न कुनै अभिघात उत्पन्न गराएको देखिन्छ । अभिघात सिर्जना गर्ने कटु अनुभव, चोट अर्थात् घटनाको उपुर्यक्त प्रकार र प्रकृतिले कथाका विभिन्न पात्रहरूमा सिर्जना गरेको विभिन्न प्रकारको अभिघातलाई **छापामारको छोरो** कथा सङ्ग्रहभित्र सङ्गृहीत विभिन्न कथाहरूमा चित्रण गरिएको पाइन्छ । शारीरिक र मनोवैज्ञानिक अभिघात, द्वन्द्व, युद्ध र शस्त्र अभिघात, बाह्य र आन्तरिक अभिघात, प्राथमिक र द्वितीयक अभिघात, गरी नौ प्रकारको अभिघात यस कथा सङ्ग्रहभित्र सङ्गृहीत विभिन्न कथाहरूमा प्रस्तुत भएको पाइन्छ । यस सङ्ग्रहभित्र सङ्गृहीत सबै कथाहरूभित्र एकभन्दा बढी नै प्रकारका अभिघातको चित्रण पाइन्छ ।

अभिघात चित्रणको दष्टिले हेर्दा 'वधशालामा बुद्ध कथा' मा शारीरिक अभिघात, मनोवैज्ञानिक अभिघात, द्वन्द्व अभिघात, युद्ध अभिघात, शस्त्र अभिघात, बाह्य अभिघात, प्राथमिक अभिघात, गरी सात प्रकारका अभिघातको चित्रण पाइन्छ । 'गाउँमा गीतहरू गुन्जिँदैनन्' कथामा मनोवैज्ञानिक अभिघात, बाह्य अभिघात, प्राथमिक अभिघात, गरी तीन प्रकारको अभिघातको चित्रण भएको पाइन्छ भने 'बाबुको काँधमा छोरो सुतिरहेको देश' कथामा पनि मनोवैज्ञानिक अभिघात, बाह्य अभिघात, प्राथमिक अभिघात, गरी तीन प्रकारका अभिघात चित्रण भएको पाइन्छ । 'युद्धविराम जिन्दाबाद' कथामा शारीरिक अभिघात, मनोवैज्ञानिक अभिघात, युद्ध अभिघात, शस्त्र अभिघात, बाह्य अभिघात, प्राथमिक अभिघात, गरी छ प्रकारको अभिघात चित्रण भएको पाइन्छ । 'म र मुर्दाहरू' कथामा शारीरिक अभिघात, मनोवैज्ञानिक अभिघात, युद्ध अभिघात, शस्त्र अभिघात, बाह्य अभिघात, द्वितीयक अभिघात, गरी छ प्रकारको अभिघात प्रस्तुत भएको छ । 'एकादेशमा...' कथामा मनोवैज्ञानिक अभिघात, बाह्य अभिघात, प्राथमिक अभिघात, गरी तीन प्रकारको

अभिघात चित्रण भएको पाइन्छ । 'कुर्सीपर्व' कथामा मनोवैज्ञानिक अभिघात, बाह्य अभिघात, गरी दुई प्रकारको अभिघात चित्रण भएको पाइन्छ भने 'छापामारको छोरो' कथामा पनि शारीरिक अभिघात, मनोवैज्ञानिक अभिघात, बाह्य अभिघात, गरी तीन प्रकारका अभिघातको चित्रण भएको पान्छ । 'मिसन इन नेपाल' कथामा शारीरिक अभिघात, मनोवैज्ञानिक अभिघात, युद्ध अभिघात, शस्त्र अभिघात, बाह्य अभिघात, प्राथमिक अभिघात, गरी छ प्रकारका अभिघात चित्रण भएको पाइन्छ भने 'पशुअवतार' कथामा शारीरिक अभिघात, मनोवैज्ञानिक अभिघात, द्वन्द्व अभिघात, युद्ध अभिघात, शस्त्र अभिघात, बाह्य अभिघात, प्राथमिक अभिघात, गरी सात प्रकारका अभिघात चित्रण भएको छ । 'एउटा अर्को खाडल' कथामा शारीरिक अभिघात, मनोवैज्ञानिक अभिघात, द्वन्द्व अभिघात, युद्ध अभिघात, शस्त्र अभिघात, बाह्य अभिघात, आन्तरिक अभिघात, प्राथमिक अभिघात, गरी आठ प्रकारका अभिघात चित्रण भएको छ । 'बन्द ढोका र समय' कथामा मनोवैज्ञानिक अभिघात, बाह्य अभिघात र गरी दुई प्रकारको अभिघातको चित्रण पाइन्छ भने 'मेरो कुकुर अझै भुकिरहेको थियो' कथामा मनोवैज्ञानिक अभिघात, बाह्य अभिघात, आन्तरिक अभिघात, प्राथमिक अभिघात, गरी चार प्रकारका अभिघात चित्रण भएको पाइन्छ । 'भत्केको ढोका र सपनाहरू' कथामा शारीरिक अभिघात, मनोवैज्ञानिक अभिघात, युद्ध अभिघात, शस्त्र अभिघात, बाह्य अभिघात, आन्तरिक अभिघात, प्राथमिक अभिघात गरी सात प्रकारका अभिघात चित्रण भएको छ । 'ह्युमन फार्मिङ' कथामा बाह्य अभिघात, अर्थात् एउटामात्र अभिघात चित्रण भएको छ । 'सडकमा गान्धीहरू' कथामा द्वन्द्व अभिघात, बाह्य अभिघात, प्राथमिक अभिघात, गरी तीन प्रकारका अभिघात चित्रण भएको पाइन्छ । 'किडीजियाले कर्नालीमा फाल हालिन्' कथामा मनोवैज्ञानिक अभिघात, बाह्य अभिघात, प्राथमिक अभिघात, गरी तीन प्रकारको अभिघात पाइन्छ । 'सिपाही र सालिक' कथामा शारीरिक अभिघात, मनोवैज्ञानिक अभिघात, युद्ध अभिघात, शस्त्र अभिघात, बाह्य अभिघात, प्राथमिक अभिघात, गरी छ प्रकारका अभिघात चित्रण भएको छ । यस कथा सङ्ग्रहभित्रका विभिन्न कथाहरूमध्ये 'पशुअवतार' र 'एउटा अर्को खाडल' कथामा सबैभन्दा धेरै प्रकारका अभिघातको चित्रण भएको पाइन्छ भने 'बन्द ढोका र समय' कथामा सबैभन्दा थोरै प्रकारका मात्र अभिघातको चित्रण भएको पाइन्छ ।

# परिच्छेद पाँच

# छापामारको छोरो कथा सङ्ग्रहमा अभिघातको असर

## ५.१ विषयप्रवेश

विविध प्रकारका अभिघातको चित्रण भएको **छापामारको छोरो** कथा सङ्ग्रहमा सङ्गृहीत कथाहरूमा अभिघातको असरलाई पनि चित्रण गरिएको छ  तसर्थ यस परिच्छेदमा **छापामारको छोरो** कथा सङ्ग्रहमा अभिव्यक्त अभिघातको असरलाई विश्लेषण गरिएको छ । अभिघातको असरको दृष्टिले हेर्दा अभिघातको सकारात्मक असर र नकारात्मक असर गरी दुई प्रकारका असरको आधारमा यस कथा सङ्ग्रहमा सङ्गृहीत कथाहरूको विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

### ५.२ अभिघातको सकारात्मक असर

'वधशालामा बुद्ध' कथामा वर्षौंसम्म इमानदारीपूर्वक कुशल वधिकका रूपमा मानव वधको सीप र कौशलमा निपुणता हासिल गरेको वधिकलाई एक युवकको महान् वाणीले गर्दा मान्छेको वध गर्ने आफ्नो कार्यप्रति पश्चाताप बोध र पीडाबोध हुन पुग्दछ । वधिकले आफ्ना विगतका राक्षसी कार्य र प्रवृत्तिलाई एकएक गरी सम्झन पुग्दछ र त्यसैबाट पश्चाताप बोध भई मनोवैज्ञानिक अभिघात भएको भोग्दछ । वर्षौंसम्म वधशालामा वधिक बनेर मान्छे वध गर्ने कार्यको प्रत्यक्ष अनुभवकर्ता बनेको उक्त वधिकमा आफूले गरेको आततायी कुकृत्यबाट उत्पन्न पश्चातापबोध, पीडाबोध, आवेग, संवेग र संवेदनाको प्रतिक्रिया स्वरूप वधशालाबाट भाग्दछ । वधशालाको सिद्धान्त, त्यहाँ भएका कुकृत्य, त्यहाँका सारा वस्तु, वधिक पेसा सबै झूठा हुन् भन्ने भाव उत्पन्न भई वधशालाबाट भागेको छ । वधशालाको भगौटे वधिक अर्थात् 'ऊ' पात्रलाई वधशालामा पुनः फर्काइएपछि मानव वध गर्न उसको हातमा पुनः तरबार थमाइँदा पनि उसले मानव वध कार्यमा हात हालेन । वधिकले मानव वध कार्य अबदेखि नगर्ने बरू मृत्युवरण गर्न तयार हुने अहिंस्रक भावना राख्दै हातमा थमाइएको तरबार फालेको छ । आफ्नो विगतको कुकार्यलाई मूल्याङ्कन गरी हत्या, हिंसाभन्दा शान्तिकामी विचारले मानवीय कल्याण हुन सक्ने भावनाको ग्रहण गरेको छ । वधिकले आफू पनि अहिंसाका पुजारी बन्न सक्ने र आफैभित्र आफ्नो बुद्धत्व खोज्न सकिने विश्वास र आत्मबलका साथ" तरबारले टाउको काटेर मान्छेलाई पराजित गर्न सकिँदैन महानायक !"(३) भन्दै ऊ घोक्रो फुलाएर कराएको सन्दर्भ अनि वधशालाको सिद्धान्तका विपरित कामबाट भागेको तथा तरबार फालेको घटनावली अहिंस्रक भावनालाई वरण गर्न खोजेको सन्दर्भमा हेर्न सकिन्छ । अन्त्यमा त्यस वधिकमा अकस्मात बुद्धत्वको अनुभव हुन पुग्नु, भौतिक शरीर मारे पनि अहिंस्रक भावना तथा विचार नमर्ने बोध उसलाई हुनु, हतियारले कदापि सत्यतालाई ढाक्न सक्दैन र कसैलाई पराजय गर्न सक्दैन भन्ने बोध हुनु, हतियारभन्दा आफैभित्रको शान्तिप्रिय भावनाको मूल्य बढी रहने कुरामा विश्वास गर्नु 'ऊ' पात्रमा उत्पन्न मनोवैज्ञानिक अभिघातले उब्जाएको सकारात्मक पक्ष हुन् । यसरी आफ्नो कुकृत्यका कारण पश्चातापबोध भई अभिघातित बनेको अवस्थाले शान्ति र अहिंस्रक चेतनाको वरण गरेको अवस्था पाइन्छ । यसरी वधशालामा 'ऊ' पात्रको शान्ति तथा अहिंस्रक चेतनाले क्रान्ति निर्माण गरी त्यो क्रान्तिकारी ध्वनिले वधशालामा गहिरो प्रभाव पारेको अवस्था 'ऊ' पात्रमा देखिएको अभिघातको सकारात्मक पक्ष हो ।

'युद्धविराम जिन्दावाद' कथामा सिपाही वीरबहादुरले युद्धमोर्चामा विताएको समयावधिमा एकपटक मात्र विद्रोहीको आक्रमण झेली शारीरिक क्षतिविना नै बाँच्न सफल भएको देखिन्छ ।  विद्रोहीविरुद्ध युद्धको मोर्चा सँभाल्दा नेपाल आमाको रक्षार्थ कर्तव्य गरिरहेको सौँची आत्मसन्तुष्टि प्राप्त गरेको, जोखिमपूर्ण क्षण र प्रतिकूल समयको बावजुद पनि आफ्नो सास रहुन्जेल दुस्मनको उछितो काढ्ने कुराले सिपाही वीरबहादुरले आत्मबल बढाएको छ । सिपाही वीरबहादुरमा आफूले गरेको आक्रमण, प्रत्याक्रमण, हिंसा र प्रतिहिंसामा पश्चातापबोध तथा अपराधबोधको अनुभूति नभएको देखिन्छ । युद्धको मोर्चा सँभाल्ने क्रममा वीरबहादुरमा आएको उसको विचारले प्रतिनिधित्व गर्ने मूल्य, अर्थ, विश्वासले उसमा मनोवैज्ञानिक समस्या वृद्धि नभई बरु

नियन्त्रित हुन सकेको देखिन्छ । जसले गर्दा प्रारम्भिक रूपको मानसिक अभिघातको लक्षण वृद्धि नभएको देखिन्छ । विद्रोही पक्षसँग घमासान लडाइँमा दह्रो आत्मबल लिएर लडेको वीरबहादुरले आफ्नो शरीरलाई विद्रोहीको गोलीले छेडेको पीडालाई भुल्दै शरीरले सक्दासम्म आफ्नो राइफललाई सँभाल्दै विद्रोहीतिर दग्दै ट्रिगर दबाउन पुग्दछ तर राइफलको चोटले शारीरिक अभिघात खेप्न नसकेर शारीरिक समायोजन क्षमता नै कमजोर बन्न गएपछि भुइँमा ढल्दछ । असह्य अभिघातका कारण अब भने वीरबहादुरले सैन्य कारबाही र शसस्त्र परिचालनको अन्त्यको चाहना गरेको छ । एकअर्काप्रति वार्ता गरी माया, अपनत्व र आदर उमार्न आग्रह गरेको एक जना बूढा मान्छेको कुरा सुन्दा घाइते सिपाही वीरबहादुरमा खुसी र मुस्कान देखिनु अनि घाइते अवस्थामा नै अकस्मात हात माथि उठाएर युद्धविराम जिन्दाबाद भन्नुले सैन्य कारबाही र शसस्त्र परिचालनको अन्त्यको चाहना गरेको कुरालाई पुष्टि गर्दछ । यसरी सामरिक रूपबाट असह्य शारीरिक अभिघात भोगेको वीरबहादुरले त्यही अभिघातकै अवस्थामा  युद्धरतपक्ष बीच शत्रुता होइन, सम्बन्ध सुधारको चाहना राखी आफूलाई गोली हान्ने विद्रोही छापामार घाइतेसँग हात उठाएर युद्धविराम जिन्दाबाद भन्नु अभिघातको सकारात्मक पक्ष हो ।

'म र मुर्दाहरू' कथामा सुरक्षा फौजसँगको भिडन्तमा मरेका विद्रोहीहरूको लास टिभीमा देखाउँदाको घटनाले शीलामा आघात पुऱ्याउँदा त्यही घटना देखेको भोगेको शीलाको श्रीमानलाई आघात नपुगेको देखिन्छ । कुनै मान्छे मरेर आफ्नो दैनिक जीवन प्रक्रियामा कुनै फेरबदल हुने छैन भन्ने सोँची कोही मरेको घटनाले विक्षिप्त बनेर आफ्नो दैनिकीलाई असामान्य बनाउनुको पछाडि शीलाको श्रीमानले कुनै सार्थक कारण नदेखेको सन्दर्भले शीलाको श्रीमानलाई आघात नपुगेको कुरा पुष्टि गर्दछ । मर्नेहरू मरे, सिद्धिए, रित्तिए र संसारबाट बिलीन भए तर बाँच्नेले मान्छे भएर बाँच्नुको भूमिका निभाउनु पर्दछ भन्ने भाव शीलाको श्रीमानको मनमा जन्मिनु र हत्या, हिंसा, बमविस्फोटको घटनाले कत्ति पनि संवेदनशील नहुनु, बीभत्स मृत्युलाई पनि सामान्य ढङ्गले लिनु, मान्छेहरू कहाँ, कसरी, किन मरे भन्ने कुरा बुझ्न र जान्नमा रुची नहुनु, बाह्य दुनियाँको दुखदर्दसँग सरोकार नराखी सुखदपूर्ण पारिवारिक वातावरणमै रमाएर बस्नुमा हत्याहिंसाका दृश्य देख्दादेख्दा बाँचेकाको मनमा संवेदना समाप्त भएको अवस्था हो । यही अवस्थाबाट उब्जिएको प्रतिक्रियाको परिमाणबाट शीलाको श्रीमान्‌मा अभिघात छैन भन्न सकिन्छ भने शीलाको श्रीमान्‌मा देखिएको संवेदनहीनता र बाह्य दुनियाँको दुखदर्दसँग सरोकार नराखी सुखदपूर्ण पारिवारिक वातावरणमै रमाएर बस्न रचाउने उनको स्वभावको प्रभावले शीलामा पनि मनोवैज्ञानिक अभिघातका प्रारम्भिक अवस्थाको लक्षण हराएर गएको देखिन्छ । तसर्थ सशस्त्र द्वन्द्व तथा युद्धको अवस्थामा देखिएको संवेदन हीनताको पराकाष्ठाको अवस्था रहेको यस कथामा अभिघातको सकारात्मक असरलाई खुट्याउन सकिन्छ ।

'मिसन इन नेपाल' कथामा सशस्त्र द्वन्द्व द्रुत गतिमा बढी देशको आन्तरिक सुरक्षा भयावह स्थितिमा पुग्दाको अवस्थाले 'म' पात्र प्रभवित भई लिनोसँग 'म' पात्रले अभिव्यक्त गरेको आफ्नो देशसम्बद्ध दुखद प्रतिक्रियाले उसको मनोवैज्ञानिक अभिघातको अभिलक्षणलाई सङ्केत गर्दछ । एकातिर देशमा सशस्त्र द्वन्द्व द्रुतगतिमा बढी देशको आन्तरिक सुरक्षा भयावह स्थितिमा पुऱ्याएर र अर्कोतिर सगरमाथाको देश, बुद्धको देश, वीर गोरखालीको देश भनी चिनिएको पुराना उपमाहरूले 'म' पात्रको व्यक्तित्वलाई विभाजित पारिदिएको संवेदनापूर्ण भावहरू 'म' पात्रबाट अभिव्यक्त भएको छ । मलिन अनुहार र चिन्तित मुद्रामा देखिएको 'म' पात्रको संवेदनापूर्ण प्रतिक्रियालाई बुझेको लिनोले नेपालमा शान्ति स्थापना गर्ने अभियानलाई बल पुऱ्याउन आफू यहाँ आएकोले देशमा छिटै शान्ति हुने आश्वासन दिलाउँदै सशस्त्र द्वन्द्वले क्षतविक्षत भएको समाज र जीवन र व्यक्तित्व पुनर्व्यवस्थित र पुनर्सुरुवात गर्न सकिने सम्भावना भएको कुरा गर्दै 'म' पात्रलाई धैर्य गरी बस्न गरेको आग्रहलाई अभिघातको सकारात्मक पक्षको सङ्केत मान्न सकिन्छ । मोजम्बिकको तुलनामा नेपालमा भएको युद्धको गति र क्षति कमै भएको उदाहरण दिँदै गृहयुद्धको आगोमा नहोमिएको कुनै घर, कुनै परिवार छैन भनी आफ्नो देशको बारेमा लिनोले 'म' पात्रलाई सुनाएको छ । सत्ताका लागि बन्दुकले मानवसंहार गर्ने र गृहयुद्धको आगो सल्काउने रक्तपिपासुहरूलाई अन्ततः मोजाम्बिकका जनताले लखेटेपछि र लाखौं जनताको बलिपछि बल्ल मोजम्बिकका जनताले शान्तिको सास फेर्न पाएका छन् भनी आफ्नो देशको अनुभव लिनोले 'म' पात्रलाई सुनाएको सन्दर्भलाई 'म' पात्रको मनोवैज्ञानिक उपचारको परामर्शको रूप मान्न

सकिन्छ । देशमा गृहयुद्धको ज्वाला दन्काएर लाखौं जनताको रगतले आफ्नो अनुहार पोत्नेहरू आज इतिहासको पानाबाट मात्र होइन, जनताको मनबाट समेत हराएको अनुभव 'म' पात्रलाई सुनाउँदै मोजाम्बिकको घटनाबाट शिक्षा लिँदै छिटै जागरूक भई शान्तिका लागि एकत्रित हुनु पर्ने कुरामा लिनोले 'म' पात्रलाई सम्झाएको प्रसङ्गले पनि यस कुरालाई पुष्टि गर्दछ । यसरी लिनोले आफूलाई सोह्र वर्षसम्म चलेको गृहयुद्धले तहसनहस बनेको देशको सिपाहीको रूपमा चिनाउँदै आफू शान्तिसेनाको रूपमा नेपालमा आएकोमा म पात्रलाई हीनताबोध नगर्न आग्रह गर्नु भनेको 'म' पात्रले भोगेको पीडा र असहायपनलाई बिर्सी भविष्यप्रतिको सकारात्मक सोँच बनाउन दर्शाएको सहानुभूति हो । यस परामर्शले शान्तिको लागि एकत्रित हुने सम्भावना बढाउन सक्ने हुँदा यस कथामा देखिएको अभिघातको असरले नकारात्मक गम्भीर रूप नलिने सम्भावना देखिएको हुँदा अभिघातले उब्जाउने परिणाम सकारात्मक खालकै हुने सम्भावना देखिन्छ ।

'पशुअवतार' कथामा सशस्त्र द्वन्द्वका बेला कतिपय सामान्य नेपालीहरू डर, त्रास, धम्की, बाध्यता र विवशताका कारण युद्धमा संलग्न हुनु परेको यथार्थलाई अभिव्यक्त गरिएको छ । विवशता वा बाध्यताका कारण मानवपुर जङ्गल भएको र मानवपुरका मान्छेहरू जङ्गली भई हिंसापूर्ण कार्यमा संलग्न भएकोमा यस कथाका मानवपुरको वृद्ध नाइकेले अनुहारमा प्रतिशोधको भाव ल्याउनुले मानवपुरका मानिसमा नयाँ चेतना र व्यक्तिमा रहेको स्वार्थलाई गौण बनाएर सामूहिक स्वार्थ उत्सर्गता र त्यागतर्फ उन्मुख गराउन खोजेको सङ्केत मिल्दछ । त्यसै गरी युवतीको अस्मिताहरणको मार्मिक घटनाको दृश्य र खम्बामा बाँधिएको मान्छेले भोगीरहेको असहनीय शारीरिक पीडाको दृश्यप्रति जनावरको अंश लिएका मानवपुरका मान्छेहरू शुरूमा झन कौतुहलपूर्ण, आह्लादकारी रोमाञ्चित र सुखद अनुभव गर्न पुगेको भए तापनि हतियारको चोटिलो घात, पीडित मान्छेको छटपटाहट र चीत्कारले मानवपुरका मान्छेहरूको उत्तेजना क्रमशः शान्त भएको भावलाई पनि अभिघातित तथा पीडित बीचमा एकताको विस्तार हुन पुगेको कुरालाई सङ्केत गर्दछ । जनावरको अंश लिएका मानवपुरेहरू यस दृश्यबाट आनन्दित भइरहेकोमा पछि गएर अवाक् हुनु, हतियार विहीन निरीह प्राणीमाथि भइरहेको हिंसात्मक प्रहार र उसको एकहोरो चीत्कारबाट आफूहरूमा दया र करुणाको भाव नजागेकोमा हृदयमा साँच्चै नै जनावरले प्रवेश गरिसककेको रहेछ भन्ने सोँच्दै मानवपपुरेले गरेको खिन्नताको अनुभवले पनि एकताको विस्तार हुन पुगेको सङ्केतलाई पुष्टि गर्दछ । मानवपुरमाथिको आधिपत्य पश्चात् जङ्गलसम्राट सिंह अन्य मानवबस्तीहरूमाथि पनि धावा बोल्ने तरखरमा रहेको कुरालाई बुझी अन्य मानव बस्तीका सभ्य मनुष्यहरूलाई सावधान हुन गरेको आह्वान सशस्त्र युद्धजन्य घटनाले समाजमा पुऱ्याएको क्षतिप्रति सचेत र हिंस्रक विचार तथा व्यवहारका विरुद्धमा चेतना जगाउन खोजेको भाव अभिघातको सकारात्मक पक्ष हो ।

'सडकमा गान्धीहरू' कथाको 'ऊ' पात्रले प्राकृतिक वातावरणको रमाइलो देखेर आफ्नो जीवन पनि त्यस्तै रमाइलो, सफा र पारदर्शी हुने ठानेर रमाएको तर उसले बाल्यकालमा कल्पना गरेको लोकभन्दा आफ्नो जीवन भोगाइ सर्वथा भिन्न र बेमेल रहेको अनुभव गरेपछि 'ऊ' पात्रले पीडायुक्त पृथकताको अनुभूति गरेको सन्दर्भहरू आत्मपहिचान र महत्वकाङ्क्षाजन्य अभिघातको सन्दर्भहरू हुन् । पीडायुक्त पृथकताको अनुभूतिका कारण भ्रष्ट समाजको परिवर्तनको लागि कुनै नयाँ कदम चाल्नै पर्दछ भन्ने भावना 'ऊ' पात्रमा उत्पन्न भएको सन्दर्भले विद्रोही चेतनाको वरण गरेको स्थितिलाई बुझाउँछ । भ्रष्ट समाजको परिवर्तनको लागि क्रान्तिको खाका कोर्न थालेको प्रसङ्गलाई अभिघातको सकारात्मक असरका रूपमा लिन सकिए तापनि 'ऊ' पात्रले हातमा उसको बाजेले भित्तामा झुन्ड्याएको राइफल समात्दै बन्दुकले संसारमा ल्याएको परिवर्तनहरूका बारेमा मनन गरेको प्रसङ्गले सशस्त्र द्वन्द्व तथा युद्धको सम्भावनालाई सङ्केत गरेको हुँदा यसलाई अभिघातको नकारात्मक असरका रूपमा हेर्न सकिन्छ । बन्दुकको प्रयोगले नै विद्रोहले सार्थक निकास पाउनेछ भन्ने सोच्दै ऊ राइफल उचाल्दै खुसीले चिच्याएको कथाको सन्दर्भले 'ऊ' पात्रको अभिघातको नकारात्मक असरलाई पुष्टि गरेको छ । मान्छेले बिनसित्ति बन्दुकको आविष्कार गरेको होइन भन्ने कुरा मनमनै गम्दै बन्दुकमा मान्छेका तिरोहित सपनाहरू प्रतिबिम्बित हुन सक्छन् र बन्दुकबाटै मान्छेको आक्रोश अभिव्यक्त हुन सक्छ भन्ने भावका साथ 'ऊ' पात्रले भ्रष्ट समाजको चरित्रलाई कञ्चन पानीझैं पारदर्शी बनाउन सकिने विश्वासमा बन्दुकप्रति आकर्षित भएको सन्दर्भ 'ऊ' पात्रमा देखिएको अभिघातको नकारात्मक

पक्ष हो । बन्दुकको प्रयोगकै कारण भविष्यमा नयाँ पुस्ताले मान्छेहरूबाट कुनै पनि किसिमको बाधाव्यवधान झेल्नु नपरोस् भनेर बाजेले बन्दुक आफूलाई हस्तान्तरण गर्नका लागि नै त्यसरी जतनसाथ भित्तामा झुन्ड्याएर राखे हुनन् भनी भित्तामा झुन्डिएको बन्दुकप्रति 'ऊ' पात्रले राखेको दृष्टिकोण पनि अभिघातको नकारात्मक असरको उपज हो । विभिन्न कालखण्डमा संसारका अन्य भूभागहरूमा बन्दुकले ल्याएको क्रान्तिका बारेमा सोच्दासोच्दै उसले रूसी नायक लेनिन, फ्रेन्च क्रान्तिका नायक दाँते, ब्रिटिस क्रान्तिका अग्रदूत ओलिभर क्रमबेल, चिनियाँ क्रान्तिका जननायक माओ र भियतनामी क्रान्तिका अग्रदूत होचिमिन्हले सम्पन्न गरेका सफल सम्पूर्ण घटनाक्रमहरूलाई मनन गरेको र अन्ततः उसले आफू पनि क्रान्तिको नायक बनेर समाजलाई परिवर्तन गर्ने दृढनिश्चय गरेको सन्दर्भले बन्दुकको आवश्यकतालाई हृिदयदेखि नै आत्मसात् गर्ने प्रयास गरिरहेको कुरा बुझिन्छ । यसलाई अभिघातको नकारात्मक असरका रूपमा लिन सकिन्छ किनकि एउटा अभिघातको असरले अर्को अभिघातलाई निम्त्याउँछ । इतिहासमा घटित घटनाक्रमहरूको आकलन गर्दै आफू पनि इतिहासमा वर्णित नायकहरूझैं सफल हुने कुरामा आशावादी भएको 'ऊ' पात्रले आफूले बन्दुक उचालेपछि प्राप्त हुने परिणामका थुप्रै विकल्पहरूमाथि गहिरिएर सोँचीरहँदा सडकमा हजारौँ मान्छेहरूको जुलुस नाङ्गा हातहरू उचालेर जिन्दाबाद र मुर्दाबादको नारा घन्काउँदै बढिरहेको देख्दछ । अचानक उसले जुलुसमा एउटा सोतो लँगौटी र लट्ठीको भरमा खडा भएर विद्रोहको राँको सल्काइरहेको कृशकाय व्यक्तिलाई पनि देख्दछ । सडकमा उभिइरहेको पातलो, दुब्लो र लट्ठीको भरमा आफ्नो झुकेको कम्मरलाई तन्काइरहेको गान्धीसँगको साक्षात्कारबाट उसले आफूभित्र नयाँ परिवर्तन भइरहेको महसुस गर्नु 'ऊ' पात्रमा देखिएको अभिघातको सकारात्मक असरको सङ्केत हो । सडकमा हजारौँ हतियार विहीन मान्छेहरूको जुलुस देखेर आफूभित्र 'ऊ' पात्रले अनुभव गरेको परिवर्तन बन्दुकको आवश्यकतालाई हृिदयदेखि नै आत्मसात् गर्दै बन्दुक समाती अनुभूत गरेको परिवर्तनभन्दा सर्वथा भिन्न भएको सन्दर्भ 'ऊ' पात्रको अभिघातको सकारात्मक असर हो । बन्दुकको आवश्यकतालाई आत्मसात् गर्दा उत्पन्न हुने घटनाको मूल्य, उक्त घटनाले गर्ने प्रतिनिधित्व, अर्थ, विश्वास, घटनाको अनुसरणबाट पर्ने नकारात्मक असर र प्रभावको बारेमा पनि मनमनै मूल्याङ्कन गर्नु अभिघातको सकारात्मक असर हो । 'ऊ' पात्रले फरक्क फर्केर बाजेले दोस्रो विश्वयुद्धमा लडेको बन्दुकलाई हेर्नु, बाजेले लडेको विश्वयुद्धमा कसैको जित नभई सबैको हार मात्र भएको भन्दै बाजेले अनुभूत गरेको शौर्य र वीरता मात्र एक पाखण्डी भ्रम मात्र ठानेको 'ऊ' पात्रको दृष्टिकोणले अभिघातको सकारात्मक असरलाई पुष्टि गरेको छ । एउटा मान्छेले अर्को मान्छेलाई क्रूरतापूर्वक मार्दा मानिने वीरताको परिभाषा अब थोत्रो र कलङ्कित भइसकेको कुरामा विश्वास गर्दै एक्काइसौँ शताब्दीको सभ्य मानवसमाजका लागि आफ्नो बाजे आदर्शको पर्याय नरहेको कुरा व्यक्त गर्नु, अब तरबारले निर्माण गरेको योद्धाको छवि र भित्तामा झुन्ड्याएको बाजेको बन्दुक भावी पुस्ताका लागि कलङ्क र क्रूरताको नमुना बनिसकेको ठान्नु र 'ऊ' पात्र हिंसा, साम्राज्यवाद र उपनिवेशवादको घृणित अवशेषबाट सदाका लागि मुक्त हुन चाहेको सन्दर्भ अभिघातको सकारात्मक पक्ष हो । तरबारले निर्माण गरेको योद्धाको छवि, बन्दुक प्रयोगको घटनाले प्रतिनिधित्व गर्ने मूल्य, अर्थ, विश्वासलाई मनन गर्दै बन्दुकलाई विगत, वर्तमान र भावी पुस्तासम्मका लागि कलङ्क र क्रूरताको नमुना बन्ने ठानी विचार, तर्क र वार्ताको माध्यमबाट विद्रोह गर्ने दृढ निश्चय 'ऊ' पात्रले गरेपछि 'ऊ' पात्रले आफूलाई तनाव रहित, शान्त र सुखी महसुस गरिरहेको अवस्था पनि अभिघातको सकारात्मक अवस्था हो । अझै पनि 'ऊ' पात्रभित्र विद्रोह जीवित रहेको तर उसभित्रको विद्रोह अहिंसात्मक बनिसकेको थियो । नेता र कार्यकर्ताका रूपमा, शिक्षक र विद्यार्थीका रूपमा, मजदुरका रूपमा, बेरोजगार र बेकारका रूपमा, साहित्यकार र कलाकारका रूपमा, व्यापारी र व्यवसायीका रूपमा, विस्थापित र शरणार्थीका रूपमा र पीडित महिला र पीडित पुरुषका समग्र प्रतिनिधिका रूपमा शान्तिपूर्ण नाराहरू लगाउँदै सडकमा अगाडि बढिरहेका भीड देखेपछि समाजको आमूल परिवर्तन र विकास चाहने त समाजमा आफू मात्र एक्लो मान्छे होइन रहेछ भन्ने बुझी सहानुभूति अनुभव गरेको छ । अहिंसात्मक विचारका साथ बाजेको बन्दुकमाथि जोड घन प्रहार गरी बन्दुकलाई टुक्रा पारी झ्यालबाट बाहिर हुत्याई आफू पनि सडकमा निस्केको हतियार विहीन जुलुसमा प्रविष्ट हुनुले अभिघातको न्यूनीकरणको अवस्था र अभिघातको सकारात्मक असरलाई बुझाउँछ ।

'सिपाही र सालिक' कथामा जनआन्दोलन दुई सक्रिय रहेको बेलाको जीवन्त चित्रण अभिव्यक्त भएको छ । आम नागरिकहरूले नागरिकतन्त्र स्थापनार्थका लागि सक्रिय भई आन्दालोनमा लागेपछि शक्तिको

प्रयोगद्वारा आन्दोलनलाई निस्तेज पार्न खोज्दै चोक, सडक, गल्लीहरूमा हातहतियारले सुसज्जित सिपाहीहरू प्रत्येका दिन तैनाथ रहेको देखिन्छ भने प्रत्येक दिन जुलुस र आन्दोलनलाई निस्तेज गर्न कर्फ्यु जारी भइरहन्छ । कर्फ्यु जारीले गर्दा सधैँ गाडी र मानिसहरूको चहलपहलले व्यस्त सडक धेरै दिनदेखि सुनसान हुन पुग्दछ । सधैँ हतार हतार सडकमा हिँडिरहने मान्छेहरू पनि नहिँडेको धेरै दिन भइसकेको, बिहानै बाटोको पेटीमा ताजा तरकारी किन्नेहरूको घुँइचो लाग्न छाडेको, बाटोमा स्कूले नानीहरू पनि देखिन छाडेका, आफूले उत्पादन गरेका अनाज, फलफूल, तरकारी, दूध आदि वस्तुहरूको भारी बोकेर सहर छिर्ने किसानको लाम सडक, चोक, बजारमा देखिन छाडेको सन्दर्भले कर्फ्युका कारण सडक धेरै दिनदेखि सुनसान भएको कुरालाई पुष्टि गर्दछ । यसले गर्दा दुखपूर्ण जीवनशैलीमा बाँच्न बाध्य भएका मानिसहरूले अभिघात खेप्न पुगेको देखिन्छ । आम नागरिकहरूले नागरिकतन्त्र स्थापनार्थका लागि सक्रिय भई लागेको आन्दालोनलाई लाठ्ठी, अश्रुग्याँस, बन्दुक र दैनिकरूपमा कर्फ्यु जारी गर्दै झन् झन् दमन गर्न थालेपछि त्यहाँको वातावरण बीभत्स र मर्माहत बन्न पुगी मानिसहरूमा अभिघात सिर्जना हुन पुगेको सन्दर्भ भेटिन्छ । नागरिकतन्त्र स्थापनार्थका लागि गरेको आन्दोलनका कारण मानिसहरूमा शारीरिक मानसिक लगायत विभिन्न प्रकारका अभिघात उत्पन्न हुन पुग्दछन् । यसरी नागरिकतन्त्र स्थापनार्थका लागि गरिएको आन्दोलनजन्य घटनाको अनुभवबाट उत्पन्न आवेग, संवेग र संवेदनाको प्रतिक्रिया स्वरूप अभिघातित मानिसहरूले अब त अति भयो भन्दै सहन नसक्ने स्थितिमा पुगी जनआन्दोलनको उन्नाइसौँ दिनमा अचानक आ-आफ्ना घरका ढोकाहरू फटाफट खोली चारैतिरबाट स्वतःस्फूर्त रूपमा मान्छेहरू बाहिर निस्कन थालेको सन्दर्भ विवशतावश विद्रोही चेतनाको वरण गरेको स्थिति हो । यो स्थिति अभिघातको सकारात्मक पक्ष हो । जुलुस तितरबितर गर्न सिपाहीहरूबाट भएको र अझपनि हुनसक्ने कारबाहीको पर्बाह नै नगरी जुलुस निरन्तर चोकतिर अगाडि बढिरहेको, जुलुसमा लाखौँ मान्छेहरूको सहभागिता देखिएको, हातमा विभिन्न नारा लेखिएका ब्यानर, राजनीतिक पार्टीका झन्डाहरू, रूखका हरिया हाँगाहरू र माइक बोकेर जुलुस तीव्र आवेग र उफान उराल्दै अगाडि बढिरहेको तर सिपाहीहरू जुलुसमाथि कुनै कारबाही नगर्ने अवस्थामा पुगिसकेको सन्दर्भले मानिसहरूमा देखिएको अभिघातको सकारात्मक पक्षलाई पुष्टि गर्दछ । जुलुसका मान्छेहरू संवेग र आवेग महसुस गरिरहेका, सबै मानिसका अनुहार देदीप्यमान देखिएको, सबैका आँखामा आमूल परिवर्तनको कठोर चाहना रहेको बुझिएको र धेरै समायदेखि मनभित्र दबेर रहेको कुण्ठा जुलुसका रूपमा प्रकट भइरहेको सन्दर्भले अभिघातले जन्माएको शक्ति हीनतालाई होइन, अभिघातले जन्माएको शक्तिको अवस्थालाई पुष्टि गर्दछ । हतियार जङ्गलमै छाडेर हातले रूखका हरिया हाँगाबिँगा उचाल्दै गरेका माओवादीहरू र आमनागरिक जुलुसमा परिणत भई शान्तिको चाहना, दासत्वबाट मुक्तिको चाहना, आमूल परिवर्तनको चाहना राखेको नारा लगाउँदै सिपाहीको सुरक्षा घेरा तोडेर शान्तिपूर्ण ढङ्गले अगाडि बढिरहँदा 'ऊ' पात्रको रूपमा चिनिएको सिपाहीले पनि 'म पनि शान्ति चाहन्छु, म पनि त मुक्ति चाहन्छु', भन्दै मनमनै जबाफ दिएको र हतप्रभ र विस्मित हुँदै शान्तिकामी नागरिकहरूको भव्य जुलुसलाई हेरिरहेको प्रसङ्ग अभिघातको सकारात्मक पक्ष हो । नागरिकतन्त्र जिन्दाबाद भनी जुलुसले नारा घन्काउँदै अगाडि बढ्दा जुलुसलाई बाटो दिन आदेश पाएको सिपाही अर्थात् 'ऊ' पात्रले पनि गर्वसाथ जिन्दाबादको भावमा आफ्नो हात शिरमाथि उचालेको सन्दर्भ पनि अभिघातको सकारात्मक असर हो ।

### ५.३ अभिघातको नकारात्मक असर

'गाउँमा गीतहरू गुन्जिँदैनन्' कथामा द्वन्द्व तथा युद्धमय परिवेशको प्रत्यक्ष हिंसात्मक घटनाको अभिव्यक्ति नभए तापनि हिंसात्मक घटनाहरू भएको सङ्केत तथा सूचनाहरू भने भेटिन्छ । द्वन्द्व तथा युद्धको अवधिमा भएका विभिन्न हिंसात्मक घटनाहरूकै कारण गाउँ र गाउँलेको मौलिक चरित्र तथा स्वभावमा परिवर्तन आएको बोध गराउने स्वभाव तथा क्रियाकलाप सामाजिक अभिघात सम्बद्ध क्रियाकलापहरू कथामा पाइन्छ । गाउँलेबीच एकअर्कामा घुलमिल र भेटघाट भई पहिलेजस्तो सुखदुःख साटासाट नगर्नु, गाउँभित्रका मानिसहरूमा एक अर्का बीच सामाजिक ध्रुवीकरण देखिनु, छिमेकी तथा समाजमा एकता, मित्रता र सद्भावको ठाउँमा शङ्का र अविश्वास मौलाउँदै जानु, परिवारको संरचनामा परिवर्तन आउनु, बिस्थापित तथा पलायन हुनु, गाउँमा मुर्दाशान्ति छाउनुजस्ता स्वभाव तथा क्रियाकलापहरू अभिघातका नकारात्मक

असरहरू हुन् ।

'बाबुको काँधमा छोरो सुतिरहेको देश' कथामा आफ्नै छोराको मृत शरीर र त्यहाँको रक्तपातपूर्ण दृश्यलाई 'ऊ' पात्रले आफ्नै आँखाले प्रत्यक्ष रूपमा देख्दा 'ऊ' पात्रमा मानसिक पीडाबोध हुन गई अभिघात सिर्जना भएको छ । मृत छोराको टाउको बोकेर 'ऊ' पात्र न्यायको लागि विभिन्न निकायमा जाँदा उसलाई सहानुभूति दर्शाउने, उसको खाँचो बुझ्ने, मनोवैज्ञानिक सहयोग र समर्थन गर्नुको सट्टा झन नमिठो र धम्कीपूर्ण बोली तथा व्यवहार 'ऊ' पात्र आफैले प्रत्यक्ष अुनभव गर्न पुग्दा पनि अन्याय, अत्याचार, असमानता, भेदभावका विरुद्ध उसको मनोविज्ञानमा बिद्रोही चेतनाको वरण हुन सकेको छैन बरु उसको आस्था र विश्वास भत्कन जाँदा नकारात्मक कुण्ठा उत्पन्न भई शोकाकुल हुनु, भक्कानो छोडेर रुनु, अर्धबेहोसीमा हिँडिरहनु, सन्तप्त देखिनु, भोक, तीर्खा र सन्तापले थिलोथिलो बन्नु, आफ्नो जगल्टा लुछ्दै क्वाँक्वाँ रुनु, शरीर निर्बलियो हुनु र समायोजन क्षमता नै कमजोर भएर अर्द्धमूर्च्छित भई भुइँमा पछारिएको छ । यो अवस्था हुनु भनेको 'ऊ' पात्रको वर्तमान र सुदूर भविष्य भताभुङ्ग हुने लक्षण हो । त्यसैले अभिघातले गर्दा 'ऊ' पात्रमा देखिएको शक्तिहीनता अभिघातको नकारात्मक पक्ष हो ।

'एकादेशमा...' कथामा सडेको लासको दुर्गन्धबाट फैलिएको महामारीबाट एकादेशको मानव बस्ती नै प्रभावित भई एकादेशका बस्तीका मानिसहरूमा असुरक्षा, मानसिक सन्त्रास, भय, आशङ्काका उत्पन्न हुन गएको देखिन्छ । एकादेशका बस्तीका मानिसहरूले सडेको लासको दुर्गन्ध खप्न नसकी सबै जना सोतर भएको, महामारीको कारण एकादेशलाई छाडेर सदाका लागि अन्तै पलायन भएको कारण एकादेश र एकादेश वरिपरिको वातावरण चकमन्न र सुनसान हुन गएको अभिघातले निम्त्याएको नकारात्मक असर हो । एकादेशको बस्तीमा एक जना मान्छे पनि बस्तीमा दुर्गन्ध फिँजाइरहेको सडेको लासको थान्को लगाउन तयार नहुनु, सडेको लासको दुर्गन्धका विरुद्ध आवाज उठाउन र सडेका लासहरूलाई खाल्डो खनेर पुरी एकादेशका बस्तीका मानव बस्तीलाई दुर्गन्धरहित बनाउन हिम्मत नगर्नु बरु काँतर, लाछी, लम्पट र निरीह बनी सडेको लासको दुर्गन्धलाई सुँध्दै निसासिइरहनु, एकादेशलाई छोडेर सदाका लागि अन्तै पलायन हुँदा एकादेश र एकादेश वरिपरिको वातावरण चकमन्न र सुनसान हुनु एकादेशका बस्तीका मानवहरूमा उत्पन्न अभिघातको नकारात्मक असर हो ।

'कुर्सीपर्व' कथामा कुर्सीपर्वमा भाग लिन आएका सबै प्रतियोगीहरू कुर्सीका लागि अयोग्य हुन पुगेको सन्दर्भ शाक्ति हीनताको अवस्था हो । यस्तो अवस्था दमनकारी शाक्तिको प्रयोगबाट उत्पीडनको सिकार हुन पुगी पाखा पारिँदै गएको अवस्था हो । कुर्सीपर्वका प्रतियोगीहरूले कुर्सी कराइरहेको तथा रोइरहेको सुन्नु र आफ्नो शरीर आगोको प्रचण्ड तापले पोल्न लागेको आभास गर्नु, आफ्नो पेटले आर्तनाद पनि गरिरहेको अनुभव गर्नु, कुर्सी तनावग्रस्त अवस्थामा रहेको देख्नु र आफूलाई बिचालित महसुस गरी कुर्सीमा बस्न नसक्नु शक्तिहीनताजन्य समस्या हो । जसको अगुवाइमा प्रतियोगी अघि सरे र कुर्सीपर्व कार्यक्रम सञ्चालन भयो, तिनै व्यक्तिबाट प्रतियोगीहरूमाथि धोका भएको भाव बुझिन्छ । यसबाट नेताले जनतालाई सधैँ भ्रममा पार्दछन् र अन्तमा नेताहरू नै षडयन्त्रकारीहरूकै ढोकाभित्र छिर्छन् भन्ने भाव निकाल्न सकिन्छ । षडयन्त्रकारीहरूको यस्तो प्रयासले सोझा, इमान्दार व्यक्तिमा शक्तिहीनता पैदा गरी अभिघात उत्पन्न हुन पुग्दछ । यस्तो शक्तिहीनताको अवस्थामा अभिघातले नकारात्मक असर पार्दछ । बोल्न नसक्ने, कान नसुन्ने, दुःख तथा समस्याको अनुभूत गर्न नसक्ने सूत्रधार नै कुर्सीको योग्य ठहरिई कुर्सीको नायक हुन पुगेको सन्दर्भलाई कुर्सीपर्वमा भाग लिन आएका सबै प्रतियोगीहरूमा देखिएको अभिघातका कारण उत्पन्न नकारात्मक असरको रूपमा लिन सकिन्छ ।

'छापामारको छोरो' कथामा छापामारको छोरोले-भाग्ने, पल्टिने, उठ्ने, आक्रमण गर्ने, लुक्ने आदि छापामारले गर्ने सारा क्रियाकलाप गरेर देखाएको सन्दर्भले 'म' पात्रको सशस्त्र द्वन्द्वजन्य भोगाइ र अनुभूति पुनः ताजा हुन गई 'म' पात्रको स्वरमा आश्चर्य मिश्रित निरीहताको भाव देखिए तापनि र छापामारको छोरोको उपस्थितिबाट 'म' पात्र मानसिक रूपमा त्रसित भए तापनि छापामारको छोरोप्रति 'म' पात्रमा सकारात्मक भावना पलाएको पाइन्छ । जमिनमा घस्रिँदै क्रलिङ गर्ने र गोली पड्केको आवाज आयो भने

कसरी लुक्ने भनी देखाएको क्रियाकलापलाई 'म' पात्रले बालसुलभ क्रियाकलाप ठान्न पुग्नुले छापामारको छोरोप्रति 'म' पात्रमा उत्पन्न सकारात्मक भावनालाई पुष्टि गर्दछ । छापामारको छोरो मच्चिई मच्चिई 'म' पात्रको सानो छोराको साइकल कुदाइरहँदा यसै गरी केही दिन यस बालकले साइकल चलाउन पाउने हो भने उसले आफ्नो बाबुबाट सिकेको घस्रिने, पस्रिने र आड लिएर निहत्थामाथि बम फालेको अभिनय गर्दै 'मऱ्यो-मऱ्यो' भनेर कराउँदै मनोरञ्जन लिने बाल चरित्रविरुद्धका बानीहरूलाई त्याग्नेछ भनी 'म' पात्रले मनमनै भनेको सन्दर्भले पनि 'म' पात्रमा उत्पन्न सकारात्मक भावनालाई पुष्टि गर्दछ । ती क्रियाकलापहरू छापामारको छोरोले आफ्नो बाबुबाट जन्मजात रूपमा ग्रहण गरेका अवगुणहरू होइनन् भन्ने कुरालाई अनुभूत गर्न पुगेको 'म' पात्रले छापामारको छोरोको क्रियाकलापलाई दिग्भ्रमित समय र विकृत परिस्थितिले उसलाई ग्रहण गर्न बाध्य पारिएका मानवीय सिकाइहरू हुन् भनेर मूल्याङ्कन गरेको सन्दर्भले छापामार र उसको छोरोप्रति 'म' पात्रको क्रोध न्यून हुँदै गएको पाइन्छ । किनकि धेरै चिन्तन र मननपछि छापामार रक्तबीजले गरेका अपराधहरूको दोषी उसकी स्वास्नी र उसको छोरालाई बनाइनु मानवीय होइन भन्ने निष्कर्षमा 'म' पात्र पुगेको र छापामारको छोरोप्रति 'म' पात्रको हृदयमा वात्सल्यको प्रेम टुसाएको सन्दर्भले 'म' पात्रमा उत्पन्न शङ्का, क्रोध न्यून हुँदै गएको कुरालाई पुष्टि गर्दछ । 'म' पात्रमा उत्पन्न यही सकारात्मक आत्मबोधले छापामारको छोरो र छापामारकी स्वास्नीलाई सम्पूर्ण दोषहरूबाट मुक्त गरी सुरक्षित रूपमा गाउँ फर्काउने निर्णय गरी ती आमाछोरालाई गाउँ फर्काएको सन्दर्भले 'म' पात्र, छापामारकी स्वास्नी र छोरोमा वृद्धि हुँदै जान सक्ने अभिघातलाई नियन्त्रण गरेको बुझिन्छ । ती आमाछोरालाई गाउँ फर्काएको तेस्रो दिनमै छापामार कमाण्डर रक्तबीज आएर आफ्नी स्वास्नी र छोरालाई समेत लिएर जङ्गल पसेको खबरले मपात्र मर्माहत भएको सन्दर्भ भने अभिघातको सकारात्मक पक्षले 'म' पात्रमा ल्याएको नकारात्मक पक्ष हो ।

'एउटा अर्को खाडल' कथाको 'ऊ' पात्र खाडल खन्दाखन्दा शारीरिक परिश्रम र मानसिक चिन्ताले थाकेको अनुभूत गरेको माओवादी मिलिसियाको सदस्य हो । बन्दुक भिर्ने छापामार भएको भए अघाउन्जेल पेटभरी मासुभात खाएर लडाइँ लड्न पाइने र जौको सातु खाएर खाडल खन्नु पर्ने थिएन भन्ने भाव 'ऊ' पात्रको मनमा आएको सन्दर्भ र बन्दुक भिर्ने छापामार भएको भए कि अरूलाई मार्ने र कि आफैँ मरिन्थ्यो तर मृत साथीका लासहरू हेर्दै कल्पेर पलप्रतिपल जिउँदै मर्नुपर्ने त थिएन भन्ने 'ऊ' पात्रको सोँचले 'ऊ' पात्र तनावग्रस्त भएको छ । समाजमा रहेको विभिन्न प्रकारका समाजिक मान्यताका चेतन तथा अवचेतन योगका कारण खाडल खन्ने श्रमिकको रूपमा रहेको 'ऊ' पात्रले बन्दुक भिर्ने छापामारको दक्षता र आफ्नै निर्बलताप्रति समझदारी कायम गर्नु अभिघातलाई झन बढाउनु हो । 'ऊ' पात्रले आदर गर्नु पर्ने मानिसका अनुहारहरू क्षतविक्षत भएर खाडलमा पुर्न ल्याइएको कल्पनाले 'ऊ' पात्र लुगलुग काँपेको, आफूले कल्पना गरेजस्तो हृदयविदारक दृश्य देख्न नपरोस् भनी ईश्वरसँग मनमनै कामना गरेको, 'ऊ' पात्रले आफू सङ्कटमा परेको बेला र साथीहरू युद्धमा सकुशल रहून् भनी लुकीलुकी ईश्वरकै नाम जप्ने गरेको तथा इष्टदेव र कुलदेवीको स्मरण गरेको अर्थात् ईश्वरको अनुकम्पाद्वारा युद्ध रोकिएर शान्ति कायम हुन सक्छ भन्ने विश्वासमा ईश्वर पुकारेको तर मानवबाट मानवमाथि गरिएको अनाचार, क्रूरता, हत्या, हिंसाजस्ता विद्रुपताको विरुद्धमा भने आवाज उठाउन नसकेको सन्दर्भ अभिघातको नकारात्मक पक्ष हो । छापामारको लासले 'ऊ' पात्रले खनेको खाडल पनि पुरिएर खाडलमाथि लासहरूको खात खडा भइसकेको र यो दृश्यले 'ऊ' पात्रले आँखाभरि आँसु पार्दै दुःखित बनेर खाडलमाथिका लासहरू हेरि रहेको हुन्छ तर हिंसात्मक कार्यको विरुद्धमा केही बोलेको पाइँदैन । बरू उल्टै नयाँ लासहरूको लागि छिटो अर्को खाडल खन्नू भन्ने युद्धमैदानको कमान्डरको आदेशलाई पालना गरी 'ऊ' पात्र केही नबोली चुपचाप फेरि एउटा अर्को खाडल खन्न थालेको छ । यो प्रसङ्गले युद्ध, हत्या, हिंसाको विरुद्धमा विद्रोही चेतनाको कत्ति पनि आवाज नउठाएको थाहा हुन्छ । विद्रोही चेतनाको कत्ति पनि आवाज नउठाएको अवस्था अभिघातको नकारात्मक पक्ष हो ।

'बन्द ढोका र समय' कथामा सशस्त्र द्वन्द्व र तज्जन्य नकारात्मक प्रभावका कारण मान्छेले भोग्नुपरेको मानसिक पीडा र आतङ्कलाई देखाइएको छ । यस कथामा रातको समयमा 'ऊ' पात्रको घरको बाहिर आँगनमा बन्दुक बोकेका मान्छेहरूको एक जत्थाले घर घेरीरहेको दृश्य 'ऊ' पात्रले ढोकाको प्वालबाट देखेपछि तथा मानिसको आवाज सुनेपछि 'ऊ' पात्रको मन भय र आतङ्कले आक्रान्त बनेको छ । आफूलाई

सामान्य राख्ने कोसिस गर्दागर्दै पनि 'ऊ' पात्रको अनुहार डरले नीलोकालो भई  लुगलुग काँप्न थालेपछि 'ऊ' पात्रकी स्वास्नी नन्दा पनि ओछ्यानमाथि टुक्रुक्क बसेर डरले स्यूस्यू गर्दै काँपिरहेकी छ । कम्ब्याट पोसाक लगाएका थरीथरीका मान्छेहरू राइफल सोभ्याएर आँगनमा बसिरहेको देखेपछि नन्दाले डरले आफ्नै मुख छोप्नु, नन्दा, उसको लोग्ने, छोरी भन् शारीरिक तथा मानसिक दुवै रूपमा भयभीत र कमजोर बन्दै जानुले अभिघातका कारण उत्पन्न शक्ति हीनताको अवस्थालाई सङ्केत गर्दछ । यो अवस्था हुनु भनेको अभिघातको नकारात्मक पक्ष हो । एकरात बन्दुकेहरूको समूहले रूपसराको लोग्नेलाई घरबाट जबरजस्ती निकालेर हातखुट्टा समाउँदै भ्याइँकुटी पारेर लगेको र तस्रो दिन खेतको कान्लामा उसको लासमाथि भिँगा भन्किरहेको दृश्यलाई नन्दाको आफ्नै आँखाले देखेको घटना सम्भेकी नन्दाले आफ्नो लोग्नेलाई ढोका नखोल्ने आग्रह गरेकी छ । ढोका नखोलेकोमा घर नै बमले ध्वस्त पारेछन् भने पनि बरू दुवैजना साथै मर्ने तर ढोकाचाहिँ नखोल्ने कुरा गर्दै नन्दाले लोग्नेलाई अँगालो मार्दै ह्वाँह्वाँ रोएको सन्दर्भले अभिघातका कारण उत्पन्न शक्ति हीनताको अवस्थालाई पुष्टि गरेको छ । नन्दाको कुरा सुनेर नन्दाको लोग्नेले पनि भावविह्वल हुँदै नन्दालाई अँगालो हाल्नु र निन्याउरो अनुहार पार्नु, आमाको रुवाइ सुनेर नन्दाकी तरुनी छोरी निनुले आफूलाई डर लागेको कुरा बताउनु, निनु शारीरिक रूपमा अशक्त र मानसिक रूपमा विक्षिप्त बन्नु, बन्दुकेहरूबाट हुन सक्ने दुर्व्यवहारका डरले निनु पहिले नै अर्धबेहोसजस्तो हुनु पुग्नुलाई पनि अभिघातजन्य शक्ति हीनताको अवस्थाको रूपमा बुभिन्छ । त्यसैले यस कथाका सबै पात्रमा अभिघातको नकारात्मक असर भेटिन्छ ।

'मेरो कुकुर अभै भुकिरहेको थियो' शीर्षकको कथामा 'ऊ' बालपात्रको बालाई बन्दुक बोकेका मान्छेहरूले बेपत्ता पारेपछि 'ऊ' बालपात्रको आमा बाको शोकले लामो समयसम्म थला परेकी छ । 'ऊ' पात्रको बालाई बन्दुक बोकेका मान्छेहरूले समातेर लग्दा 'ऊ' पात्र र उसकी आमा कोकोहोलो गर्दै चिच्याउँदा पनि त्यो चीत्कार सुनेर एक जना गाउँले दैलो उघारेर घरबाहिर आएको नदेखिनुमा सशस्त्र द्वन्द्वका बेला हतियारधारी समूहबाट भएको हत्या, हिंसा, अन्याय, अत्याचारपूर्ण कारणबाट सबै गाउँलेको मनोविज्ञानमा भय, शङ्का, असहयोगी भावना विकास भएको बुभिन्छ । आमालाई खोज्न हिँडेको बालपात्रले अचानक आफ्नो घरको अगाडिपट्टिको घरको भ्यालमा मान्छेको टाउको देखेपछि सम्भवतः आमा नै हुनु पर्छ भन्ने सोँचेर "आमा, बाहिर आऊ, म एक्लै छु ।"भनी जोडले कराउँदा "यहाँ ऊ आएकी छैन । बरु अन्तै कतै गई कि ।" भन्ने उत्तर दिँदै भ्यालमा प्रकट भएको मानव छाया लुप्त भएपछि 'ऊ' पात्रले फेरि आफूलाई एक्लो ठानेको र गलाभित्र अड्केको रुवाइ फेरि शुरू गरेको छ । आमा काकाको घरमा पो गएकी छन् कि भन्ने ठानेर काकाको घरमा गई आमालाई सोध्दा "अहिले घरमा गएर सुत् ,तेरी हराएकी आमालाई भोलि खोजौँला" भन्दै काका लुस्स ढोकाभित्र छिरी छिटोछिटो दैलो ढप्क्याएपछि 'ऊ' पात्र भन् रोएको छ र  रुँदैरुँदै काकाको आँगन छाड्न बाध्य भएको छ । यो सन्दर्भले 'ऊ' पात्रले आफ्नो दुःख, समास्यामा कुनै पनि प्रकारको सहयोग, समर्थन र सहानुभूतिको वातावरण पाउन नसकेको देखिन्छ । आमालाई खोज्दै हिँडेको 'ऊ' बालपात्रले आफ्नी सानीआमाको घरभित्रबाट खल्याङबल्याङ आवाज सुनेपछि आमा पक्कै सानीआमाको घरभित्र नै छन् भन्ने आशाले आँखाबाट बर्सिरहेको उसको आँसु अकस्मात थामिएको र "आमा, आमा" भन्दै जोडले चिच्याएको तर 'ऊ' बालपात्रको हाँकोडाँको सुनेर आश्चर्यजनक रूपमा घरभित्रबाट आवाज आउन भन् बन्द भएको हुन्छ । 'ऊ' बालपात्रको सानीआमाले घरभित्रबाटै सहानुभूतिको कुनै आवाजसम्म पनि नदिएपछि 'ऊ' बालपात्र भन् चिच्याई चिच्याई रोएको सन्दर्भले गाउँले, छिमकी, आफन्त सबैमा सशस्त्र द्वन्द्वजन्य असुरक्षा, भय र सन्त्रास, शङ्का, असहयोगी भावना विकास भएको देखिन्छ । यस्तो भावनाले सबैमा मुर्दा शान्ति र सन्तोष स्थापना हुन पुगेको कुरा यस कथामा अभिव्यक्त उपर्युक्त सन्दर्भहरूबाट पुष्टि हुन सक्दछ । 'ऊ' बालपात्रको आमा राति सुतेकै बेला आछ्यानैबाट हराएपछि घरआँगन, गोठ, घरअगाडिको परालको माच, बाखाखोर, गोठ, गाउँको डोरेटो, काकाको घर, सानीआमाको घर, चिनेजानेका गाउँलेका घर, पीपलको चौतारी, चौतारीनिरको पानीको पँधेरो, खर्कसम्म पुगेर आमालाई खोज्दा कतैपनि नभेटेपछि ऊ नितान्त एक्लो र असहाय हुन पुगेको छ । उसको रुँदारुँदा गला अवरुद्ध भई ओठमुख पनि सुकिसकेको छ । आमालाई भेट्टाउन नसकेकोमा ऊ व्यथित र विचलित भएको छ भने रुवाइ फाटेको स्वरले "आमा आमा" भन्दै अन्ततः उसले आफ्ना बोभिल आँखा चिम्लेको छ । यसरी गाउँको एक छेउदेखि अर्को छेउसम्म आमालाई खोज्दै पुगेको 'ऊ' पात्रको बाआमाले भोगेको अन्याय, अत्याचारलाई बुभ्रेर र 'ऊ' पात्रको एक्लो र

असहायपनलाई देखेर सुनेर पनि उसको दुःखमा सहयोग, सहानुभूति र समर्थन गर्न नसकेको देखिन्छ । अहिंसासम्बद्ध विद्रोहको भाव पनि वरण गर्न नसकी 'ऊ' पात्रको गाउँले, छिमेकी र आफन्तमा मुर्दा शान्ति र सन्तोष स्थपना हुन पुगेको अवस्था अभिघातको नकारात्मक पक्ष हो ।

'भत्केको ढोका र सपनाहरू' कथामा सशस्त्र द्वन्द्वको परिवेशमा सरकारी पक्षबाट हुने गरेका अनाचार, दुराचार, हिंसाजन्य कष्टकर अनुभूति र भोगाइलाई अभिव्यक्त गरिएको छ । जसमायाको छोरो रने माओवादी बनेर जङ्गल पसेपछि जङ्गल पसेको रनेको निहुँमा रनेको बाबुले सिपाहीहरूबाट हलोमा नारिएको गोरुलेझैँ चुटाइ खाँदा र त्यस चुटाइले रगत बान्ता गर्दा पनि मुखबाट ऐया शब्दको उच्चारणसमेत गर्न सकेको छैन । सिपाहीहरूले दिएको त्यो कष्टदायी पीडा आफूप्रतिको भएको अन्याय, अत्याचारपूर्ण व्यवहार हो भन्ने बुझे पनि रनेका बाबुमा क्रूर व्यवहारको विरुद्धमा विद्रोहको भावना जाग्न सकेको देखिँदैन । गोरुलेझैँ चुटाइ खाँदा पनि मुखबाट ऐया शब्दको उच्चारण समेत गर्न नसकेको सन्दर्भले यो कुरा पुष्टि हुन्छ । त्यसैगरी लोग्नेका बारेमा सोधपुछ गर्ने निहुँमा घरभित्र पसी सिपाहीहरूले रनेकी स्वास्नीको संवेदनशील अङ्गमा घात गर्दा पनि केही बोल्न नसकी छोरो च्यापेर भुइँमा डल्लो पर्नुमा सिपाहीबाट भएको दुर्व्यव्यवहारप्रतिको झुकाव र सकारात्मक सहनशीलता पक्कै होइन बरू पीडकले दिएको हिंसाजन्य आघातको विरोध र प्रतिकार गर्न नसकेको अवस्था बुझिन्छ । रातबिरात सुरक्षा फौजका सिपाहीहरूको बुटको प्रहारले जसमायाको घरको ढोका खुल्ने गरेको र त्यसपछि घरभित्र तिनीहरूको स्वेच्छाचारी शासन चलेको पाइन्छ भने माओवादीलाई खाना खुवाएको आरोपमा जसमायालाई पनि सिपाहीहरूले लछारपछार गरेका छन् तर प्रहरी ज्यादती र आफ्नो आधारभूत अधिकार र सुरक्षामा भएको हस्तक्षेपको विरुद्ध कुनैपात्रबाट पनि प्रतिवाद हुन सकेको छैन । यस कथाका पात्रहरू जसमाया, रनेको बाबु र रनेकी स्वास्नीले सशस्त्र द्वन्द्वजन्य शारीरिक अभिघात भोगेको देखिन्छ भने छोरो र लोग्ने बेपत्ता भएको कारण जसमायाले पनि सशस्त्र द्वन्द्वजन्य अभिघात देख्न र भोग्न पुगेकी छ तर यो अभिघातपूर्ण अवस्थाको अन्त्य र पीडादायी घटनाका विरुद्धमा कसैबाट केही आवाज उठेको छैन । अभिघातपूर्ण अवस्थाका सन्दर्भमा जसमायाले थरथर काँप्दै ईश्वरको नाम उच्चारण गरेर यस बुढेसकालमा यस्तो के देख्नुपऱ्यो प्रभु भन्दै बिलौना गरेको सन्दर्भले अहिंसा र शान्तिको चाहना गरेको बुझिए तापनि पीडकसँग विद्रोही र प्रतिकारात्मक चेतनाको प्रारम्भिक सङ्केत पनि भेटिँदैन । जङ्गल पसेको छोरो र बेपत्ता भएको लोग्ने सकुशल घर फर्कियून भन्ने चाहना राखेकी जसमाया छोरो र लोग्नेकै कारण अभिघातित भएकी छ । देशमा शान्ति बाहल भएको, छोरो रने र बेपत्ता भएको लोग्ने उज्यालो मन लिएर घर फर्किएको, गाउँ छाडी गएका, हराएका र बेपत्ता भएका अन्य युवायुवतीहरू पनि गाउँ फर्केको सपना देखेर खुशी हुँदै बिछ्यौनाबाट उठेकी जसमायाले सपनामा मात्रै होइन यथार्थमा पनि यस्तै भइदेओस् भन्ने कामना गरेकी छन् तर सशस्त्र द्वन्द्वजन्य परिवेशका विरुद्ध विद्रोही चेतनाको अभिव्यक्ति दिन सकेकी छैनन् । यसको साटो बरू जसमाया यथार्थ र विपनामा पूरा हुन नसकेको चाहना कल्पनाबाट पूरा गरी सन्तुष्टि प्राप्त गर्न खोजेकी पीडित र मौन पात्रका रूपमा प्रस्तुत हुन पुगेकी छ । यसरी जसमायाको मौनताले सृजना गरेको मनोवैज्ञानिक अभिघात नकारात्मक प्रकृतिको देखिन्छ । यस अभिघातले कथाका पात्रहरू पुनर्मिलन, जीवनको पुनर्शुरूवात र पुनर्व्यवस्थित हुन नसकेको आधारमा यी पात्रमा उत्पन्न अभिघातले उब्जाउने परिणाम अझ नकारात्मकखालकै हुने सम्भावना देखिन्छ ।

'ह्युमन फार्मिङ' कथामा देशमा चलेको सशस्त्र द्वन्द्व तथा युद्ध र तज्जन्य नकारात्मक प्रभावका कारण देशको युवाशक्ति विदेशमा गई काम गर्ने प्रचलनमा वृद्धि हुँदै गएको यथार्थ अभिव्यक्त भएको छ । सशस्त्र द्वन्द्व तथा युद्धको प्रतिकूल प्रभावले देशका दक्ष, अर्धदक्ष र अदक्ष सबै युवा जनशक्ति काहाली लाग्दो गरी बाहिर पलायन हुने क्रम बढेको र विदेशमा गएर पनि आफ्नो अधिकार, न्यायप्रति, निष्कृय र बेखवरजस्तो भई डर, त्रास र मुर्दाखालको शान्ति र सन्तोषमा खुरुखरु काम गर्न बाध्य भएको स्थितिले उनीहरूको जीवन विदेशमा अझ कष्टमय, असुरक्षित रहेको वास्तविकता अभिव्यक्त भएको छ । आफ्नो देशको गरिबी, बेरोजगार, देशमा भोगेको दुःख, अभाव, असुरक्षा आदिको कारण मातृभूमि छाडेर विदेशमा गई अर्काको भूभागमा आफ्नो पसिना चुहाएर दुःख, पीडा, अभाव, रोग-व्याधी, अन्याय, अत्याचर, निरास, भोग्दा पनि चुपचाप सहेर काम गर्न वाध्य नेपालीको पीडाजनक अवस्थाले अन्तर्राष्ट्रिय जगत्मा नेपाल र नेपालीलाई

हेर्ने र मूल्याङ्कन गर्ने दृष्टिकोण तथा सोचाइ नकारात्मक र निम्न स्तरको बन्दै गएको अवस्था अभिघातको नकारात्मक अवस्था हो । तपाइँको ह्युमन फार्मले अन्तराष्ट्रिय स्तरमा ख्याति कमाएको छ र तपाइँको फार्ममा उत्पादन गरिएका ह्युमन मेसिनहरू दुनियाँमाा सबैभन्दा श्रेष्ठ छन् भनी नेपाल र नेपालीप्रति प्रशंशा गर्दै ह्युमन फार्मका मालिकलाई इमेल मार्फत दिएको अभिव्यक्तिले अभिघातको नकारात्मक असरलाई पुष्टि गर्दछ । त्यसै गरी विदेशी कम्पनीले गरेको नेपाल र नेपालीप्रतिको प्रशंशाबाट ह्युमन फार्मका मालिकले सन्तोषको अनुभूति गर्दै आफ्नो छाति गर्वले चौँडा भएको महसुस गरेको अनि कसले भन्छ नेपाल गरिब छ र कसले खोट लगाउन सक्छ कि नेपालमा केही स्रोतहरू छैनन् भन्ने सोच्दै आफूसँग विश्वमा उत्कृष्ट ह्युमन मेसिनहरू छन् भनी खुसी भएको छ । यसरी खुसी हुँदै साच्चिकै धातुका जस्ता लाटा, बहिरा र संवेदनहीन मानव मेसिनहरू उत्पादन गर्ने ह्युमन फार्मको मालिकको वैज्ञानिक सोँच दिमागमा उत्पन्न भएको सन्दर्भ पनि ह्युमन फार्मको मालिकमा उत्पन्न आर्थिक अभिघातको असर हो र यो असरले पनि नेपाल र नेपालीलाई हेर्ने र मूल्याङ्कन गर्ने दृष्टिकोण तथा सोचाइ नकारात्मक र निम्न स्तरको बन्दै गएको पुष्टि गर्दछ । देश समाजका भावी पुस्तालाई पनि विदेशी कम्पनीले माग गरेको लाटा, बहिरा तर शारीरिक रूपमा रोबोटझैँ शक्तिशाली मानव जनशक्ति बनाउने प्रतिबद्धता ह्युमन फार्मको मालिकले विदेशबाट निरीक्षणमा आएको ह्युमन फार्मको निरिक्षण टोलीसँग गरेको सन्दर्भ अनि नेपालमा सशस्त्र द्वन्द्व फैलिएर जतिसुकै मान्छेहरू घरबार विहीन भए पनि र एकआपसमा लडेर जतिसुकै मान्छेहरू मरे पनि ह्युमन फार्मिङको लोभलाग्दो विकासले यहाँ कहिल्यै अनिकाल, भोकमरी र गरिबी हुनेछैन भनी दिएको आश्वासनले देशको भोलिको आर्थिक, सामाजिक र जनसङ्ख्याको बनोटमा समेत सङ्कट र असन्तुलनले ल्याउने बुझिन्छ । यो असन्तुलन राष्ट्रको लागि घातक हुने कुरा बुझिन्छ । नेपाल र नेपालीका लागि देखिएको घातक स्थिति नै अभिघातको नकारात्मक असरको रूपमा लिन सकिन्छ ।

'किडी जियाले कर्नालीमा फाल हालिन्' कथामा छोराछोरी जङ्गल पस्ने भए भन्ने शोकले गर्दा 'म' पात्रको बाआमाको आँखामा अविरल बगिरहेको आँसुले 'म' पात्रलाई बन्दुकको पछिपछि नलाग्ने प्रेरणा दिएको कारण राति सबै जना सुतेको बेला 'म' पात्र विद्रोहीहरूको सेन्ट्रीका आँखा छल्दै घरबाट भागेको छ । बूढा बा र आमालाई छोडेर जङ्गल पस्नु पर्ने कुराले 'म' पात्र निराश र खिन्न हुन पुग्दछ । युद्धमा संलग्न हुन राखेको प्रस्तावभन्दा आफ्नो बाआमाको अविरल बगिरहेको आँसुको मूल्य बढी रहने कुरामा 'म' पात्रलाई विश्वास रहेको कुरा सेन्ट्रीका आँखा छल्दै रातारात हिँडेरै 'म' पात्र सदरमुकाम आइपुगेको सन्दर्भले पुष्टि हुन्छ । उपर्युक्त सन्दर्भलाई 'म' पात्रको बाआमा र स्वयं 'म' पात्रमा उत्पन्न मनोवैज्ञानिक अभिघातले उब्जाएको सकारात्मक पक्षका रूपमा लिन सकिन्छ । त्यसै गरी किडी जियाको अभिघातग्रस्त मानसिकता र तज्जन्य अभिलक्षणका कारणले नरमानमा निराश उत्पन्न भएको बुझिए पनि नरमानलाई रक्सीको लतमा फसाउने, अटेरी स्वभाव सिर्जना गर्ने र विदेश पलायनतर्फ उन्मुख गराउने मुख्य कारक तत्व भने सशस्त्र द्वन्द्वले निम्त्याएको विस्थापनको पीडा नै हो । नरमानमा देखिएका उपर्युक्त क्रियाकलापहरू नरमानका अभिघातका लक्षण हुन् । द्वन्द्वले विस्थापित भई सदर मुकाममा रोजगारको अवसर नपाउनु र खाने, बस्ने जस्ता आधारभूत आवश्यकताकै अभाव सहेर बस्नु परेको सन्दर्भले नरमानको विस्थापनको पीडालाई पुष्टि गर्दछ । सशस्त्र द्वन्द्वका कारण विस्थापित हुँदा भोगेको अनुपयुक्त वातावरणले आफ्नो अस्तित्व सङ्कटमा परेको अनुभव नरमानलाई भएको बुझिन्छ । त्यसले गर्दा उसको मानसिकतामा नकारात्मक प्रभाव परको हुँदा नरमान असमायोजित हुन थालेको कुरालाई रक्सीको लतमा फसेको, अटेरी स्वभावको भएको र विदेश पलायनतर्फ उन्मुख भएको सन्दर्भहरूले पुष्टि गर्दछ । नरमान असमायोजित हुन थालेको कुरालाई पुष्टि गर्ने तिनै सन्दर्भहरू नरमानमा देखिएको अभिघातको नकारात्मक पक्ष हुन् । आफू जन्मेको हुर्केको र गृहस्थी जीवनमा रमाएर बसेको आफ्नो गाउँठाउँबाट सशस्त्र द्वन्द्वको दबावले लखेटिई सदर मुकाममा बेसहारा भई बस्नु परेको अवस्थाले संवेदनशील भई शोकमा डुबेकी जिया राति सुतेको अवस्थामा पनि एकनास काम्नु र अनुहारमा आँखादेखि चिउँडोसम्म आँसुको गाढा खाटा बस्नुलाई किडी जियाको मानसिक विक्षिप्तताको संकेत मान्न सकिन्छ । जसलाई किडी जियाको अभिघातजन्य लक्षणको विकसित अवस्था मान्न सकिन्छ । छोरालाई च्यापेर शरीर कपाउँदै सुत्नु, कहिले बर्बराउनु, कहिले राम्ररी ननिदाउनु, आँसु झारी रहनुजस्ता लक्षणहरू विरक्ति पैदाका संकेत हुन् । यी सङ्केतहरूले किडी जियालाई सकारात्मक चिन्तन गर्न बाधा पुऱ्याइ मानसिक

अयोग्यतालाई झन विकसित गरेको देखिन्छ । यसलाई पनि किडी जियाको अभिघातित मानसिकताको अभिलक्षण मान्न सकिन्छ । किडी जियाले खाना खाएर विछ्यौनमा पल्टिए पछि आँखा चिम्म गरेर गाउँघर, वस्तुभाउ, खेतबारी, खेतीपातीको बारेमा वात मार्न शुरु गरेको सन्दर्भले पनि किडी जियामा अभिघात वकसित हुँदै गएको तथ्यलाई सङ्केत गरेको छ । किडी जियासँगै सदर मुकाम झरेको उसको छोरो विस्थापित हुनु परेकै पीडाले रक्सीको कुलतमा फसेको र आमाले भनेको नमान्ने भएको हुँदा छोरो बिग्रेकोमा किडी जियाले थप अर्को पीडा भोग्नु पर्दा यसले पनि किडी जियाको अभिघातित मानसिकतालाई अझ असन्तुलित स्थितिमा पुऱ्याएको छ । किडी जियाको एक्लो छोरो विदेश पलायन हुनुले किडी जियाको सङ्कटावस्था र एक्लोपनलाई विकसित गरी उसको अभिघातजन्य पीडामा झन वृद्धि गरेको छ । विद्रोहीहरूले घर बमले ध्वस्त बनाएको, वस्तुभाउहरू पनि तिनीहरूले नै काटेर खाइदिएको भौतिक क्षतिको दुःखद खबरले किडी जियाको मानसिक क्षतिमा वृद्धि गराउने थप कारण बनेको छ । एकातिर गाउँबाट विस्थापित पीडा र भौतिक क्षति, अर्कातिर आफ्नो एक्लो छोरो विदेशपलायन भएको पिरलोले किडी जिया बूढी देखिनु, उनमा काम गर्ने जाँगर हराउनु, थला पर्नु, काम गर्न नसक्नु किडी जियाको अभिघातजन्य मानसिक संकटका भौतिक तथा शारीरिक अभिलक्षण हुन् । खाद्यसंस्थानको डिपो अगाडि तीन-चार दिनसम्म लाइनमा बस्दा पनि एक पाथीसम्म पनि चामल नपाएको घटनाले राज्यबाट समेत प्रताडित बनेको महसुस गर्न पुगेकी किडी जिया सरकार पक्षबाट भएको वेवास्ताले थपिएको मानसिक चोटले गर्दा निराशा भई "अब म जङ्गल पस्छु," "अब म जङ्गल पस्छु," भन्दै आक्रोसपूर्ण ढङ्गले बर्बराउनुले उसको असामान्य र उत्तेजित व्यवहारलाई सङ्केत गरेको छ र यस्तो व्यवहार पनि मानसिक अभिघातकै लक्षण मानिन्छ । गाउँ फर्कने पुकारा गर्नको लागि विद्रोहीहरूसँग गुहार माग्न जङ्गलमा पसेकी किडा जिया विद्रोहीले सुराकीको शङ्का गरी उल्टै कडा निगराहनीमा राखेको, उनीहरूबाट अपमानित भएको र घर गाउँ फर्कनमा असमर्थ भएको अनुभवले किडी जिया गहिरो विषादमा डुबेकी र आँखा शुन्यमा टोलाएर बसिरहनु पनि किडी जियामा देखिएका अभिघातका गम्भिर अभिलक्षण हुन् । गाउँबाट विस्थापित हुनु, गाउँघर बमले ध्वस्त पार्नु, छोरो मुग्लान पस्नु, सदर मुकाममा राम्ररी खान, बस्न र कामको अवसर नहुनु, घर फर्कने आशाले गरेको प्रयत्न विफल हुनुजस्ता कारणले किडी जियाको मानसिकता अझ असन्तुलनको अवस्थामा पुग्न गई जीवनमा बाँच्नुको सार्थकता नदेखि कर्नालीमा फाल हाली उसले प्राण त्याग गर्न पुग्दछे । यसरी आफ्नो जीवनप्रतिको विश्वास र आशामा चारैतिरबाट अविश्वास र बाधा भएको अनुभव गरी आत्म विनाशकारी विचार आई मर्नु किडी जियाको गम्भिर अभिघातित मानसिकताले जन्माएको नकारात्मक एवम् घातक परिणाम हो । जुन परिणामलाई किडी जियामा देखिएको अभिघातको ज्यादै नकारात्मक असरका रूपमा लिन सकिन्छ ।

## ५.४ निष्कर्ष

विभिन्न प्रकार र सङ्ख्यामा अभिघातको चित्रण भएको **छापामारको छोरो** कथा सङ्ग्रहभित्रका विभिन्न कथाहरूमा चित्रित अभिघातको सकारात्मक तथा नकारात्मक पक्षहरू पनि देखिएका छन् । अभिघातको सकारात्मक पक्ष चित्रण भएका कथाहरूमा वधशालामा बुद्ध, युद्धविराम जिन्दावाद, म र मुर्दाहरू, मिसन इन नेपाल, पशुअवतार, सडकमा गान्धीहरू, सिपाही र सालिक शीर्षकका कथाहरू रहेका छन् भने अभिघातको नकारात्मक पक्ष चित्रण भएका कथाहरूमा गाउँमा गीतहरू गुन्जिँदैनन्, बाबुको काँधमा छोरो सुतिरहेको देश, एकादेशमा..., कुर्सीपर्व, छापामारको छोरो, एउटा अर्को खाडल, बन्द ढोका र समय, मेरो कुकुर अझै भुकिरहेको थियो, भत्केको ढोका र सपनाहरू, ह्युमन फार्मिङ, किडी जियाले कर्नालीमा फाल हालिन् शीर्षकका कथाहरू पर्दछन् । यसरी अभिघातको सकारात्मक पक्षभन्दा पनि नकारात्मक पक्ष चित्रण भएका कथाहरू धेरै रहेको देखिन्छ ।

# परिच्छेद छ

# सारांश तथा निष्कर्ष

*छापामारको छोरो कथा सङ्ग्रहमा अभिघात* शीर्षकको प्रस्तुत शोधप्रबन्ध छ परिच्छेदमा विभाजित छ । यिनमा 'शोधपरिचय' पहिलो परिच्छेद र 'सारांश तथा निष्कर्ष' छैठौँ परिच्छेद शोधप्रबन्धमा अनिवार्य रूपले रहने औपचारिक खण्ड हुन् । यसको 'अभिघातको सैद्धान्तिक स्वरूप' शीर्षकको दोस्रो परिच्छेद सैद्धान्तिक खण्डको रूपमा रहेको छ भने '**छापामारको छोरो** कथा सङ्ग्रहमा चित्रित अभिघातको उत्प्रेरणा स्रोत' शीर्षकको तेस्रो परिच्छेदमा, '**छापामारको छोरो** कथा सङ्ग्रहमा चित्रित अभिघातको विश्लेषण' शीर्षकको चौथो परिच्छेदमा र '**छापामारको छोरो** कथा सङ्ग्रहमा अभिघातको असर' शीर्षकको पाँचौँ परिच्छेदमा यस शोधमा उठाइएका शोध प्रश्नसँग सम्बद्ध सामग्रीको विश्लेषण गरिएको छ । यस छैठौँ परिच्छेदमा शोध परिचयमूलक पहिलो परिच्छेद बाहेकका दोस्रो, तेस्रो, चौथो, पाँचौँ परिच्छेदको सारांश दिई अन्तमा शोधको निष्कर्षको प्रस्तुति गरिएको छ ।

## ६.१ सारांश

प्राकृतिक तथा मानवबाट भएको विभिन्न खालका हिंसाजन्य घटनाबाट सृजित शारीरिक तथा मानसिक पीडालाई अभिघातले जनाउँछ । अभिघात बच्चा अवस्थादेखि जुनसुकै लिङ्ग तथा उमेर अवस्थाका व्यक्तिलाई हुन सक्छ । मनोस्नायु विकृति भनेर पनि बुझ्न सकिने अभिघातलाई मनोवैज्ञानिक असन्तुलनको अवस्थाको रूपमा लिइन्छ । कुनै पनि व्यक्ति तथा समाजमा अभिघात उत्पन्न हुनुमा कुनै पनि प्राकृतिक तथा मानव निर्मित दुर्घटनाहरू नै अभिघातको कारणहरू मानिन्छन् । अभिघात सिर्जना गराउनमा जति प्रकारको कारक तत्त्व र जुन प्रकृतिको हिंसाजन्य घटना जिम्मेवार रहेको हुन्छ, त्यसैका आधारमा अभिघातको प्रकार पनि छुट्याउन सकिन्छ । यस शोधकार्यको सैद्धान्तिक खण्डमा हिंसाजन्य घटनाको प्रकृति र अभिघात सिर्जना हुने कारकका आधारमा पच्चीसवटा अभिघातको प्रकार तथा प्रकृतिलाई वर्गीकरण गरिएको छ । मनोवैज्ञानिक समालोचनाका चिन्तनका सन्दर्भमा अभिघात सिद्धान्त फ्रायडबाट प्रारम्भ भएको हो । फ्रायडले मानसिक प्रभावका कारणहरूलाई साहित्यसँग जोडेर अध्ययन गर्ने परम्परा आरम्भ गरेका हुन् । सन् १९९० को शुरू तिरबाट साहित्य समालोचनाको प्रयोगमा आएको अभिघात सिद्धान्तले साहित्यमा व्यक्त अभिघात पक्षको समालोचना गर्दछ । प्राकृतिक तथा मानव निर्मित दुर्घटनाका कारणबाट भएको शारीरिक तथा मानसिक क्षतिका प्रभावबाट जन्मिएका अभिघातको खोजी तथा विश्लेषण गर्ने समालोचना पद्धति अभिघात सिद्धान्त हो । यस शोधकार्यमा कथा विश्लेषणको आधार अभिघात सिद्धान्त नै हो र कथा विश्लेषणका लागि दशवटा अभिघात सिद्धान्तपरक आधार तयार पारिएको छ । शारीरिक र मनोवैज्ञानिक अभिघात, द्वन्द्व, युद्ध र शस्त्र अभिघात, बाह्य र आन्तरिक अभिघात, प्राथमिक र द्वितीयक अभिघात, प्राकृतिक र मानव निर्मित अभिघात, वैयक्तिक र सामाजिक अभिघात, सांस्कृतिक, ऐतिहासिक र आर्थिक अभिघात, राष्ट्रिय र अन्तर्राष्ट्रिय अभिघात, यौन अभिघात र अभिघातको असर अभिघात सिद्धान्तपरक ढाँचासम्बद्ध शीर्षकहरू हुन् ।

२०५२ साल फागुन १ गतेदेखि नेपालमा शुरू हुन पुगेको सशस्त्र द्वन्द्व तथा युद्धको वातावरण नै कथाकार महेशविक्रम शाहका लागि **छापामारको छोरो** कथा सङ्ग्रहको रचनामा उत्प्रेरक तत्त्वको भूमिका निर्वाह गरेको पाइन्छ । **छापामारको छोरो** कथा सङ्ग्रहका सर्जक महेशविक्रम शाह पेशागत रूपमा प्रहरी अधिकृतको रूपमा चिनिन्छन् । नेपाल प्रहरीमा अधिकृत स्तरको पदमा कार्यरत कथाकार शाहले दशबर्से सशस्त्र द्वन्द्वलाई नजिकैबाट हेरेका, बुझेका र अनुभूति गर्न पुगेकाले युद्धको प्रभावबाट सिर्जित परिवेश शाहको युद्धकथा लेखनको पृष्ठभूमि बन्न गएको देखिन्छ ।

कथाकार महेशविक्रम शाहद्वारा लिखित **छापामारको छोरो** (२०६३) कथा सङ्ग्रहमा सङ्गृहीत सम्पूर्ण कथाहरू २०५२/०५३ यताको सशस्त्र द्वन्द्व र तज्जन्य परिवेशमा केन्द्रित छन् । **छापामारको छोरो** कथा सङ्ग्रहभित्रका कथाहरूमा एक कालअवधि विशेषमा हाम्रै नेपाली समाजमा व्याप्त सशस्त्र द्वन्द्वजन्य प्रवाभले

उत्पन्न गराएका अनेक पीर, समस्या, दुःख, पीडा भोगेर विभिन्न प्रकारका अभिघात खेपेका तिनै मानिसहरूको यथार्थ जीवनको चित्रण छ । सशस्त्र द्वन्द्वजन्य घटनाका द्रष्टा तथा भोक्ताका रूपमा चित्रित विभिन्न पात्रहरू सशस्त्र द्वन्द्वजन्य घटनाको प्रभावका कारण अङ्गभङ्ग भएको, ज्यान गुमाउन पुगेको, टुहुरा तथा एक्लो हुन पुगेको अर्थात् युद्धको प्रभावको प्रताडनाका कारणबाट उत्पन्न अभिघातको सिकार बन्नु परेको अवस्था शाहका कथाहरूमा अभिव्यक्त भएको पाइन्छ । सशस्त्र द्वन्द्वकै प्रभावका कारण आन्तरिक विस्थापनको अवस्था भोग्नु, विदेश पलायन हुनु, जबर्जस्ती युद्धमा संलग्न हुन बाध्य पारिनु, सांस्कृतिक र परम्परागत सद्भावनाको विनाश हुनु, मानसिक तथा शारीरिक दुर्व्यवहार भोग्नु, भौतिक संरचनाको विनाश हुनु जस्ता नैराश्य तथा पीडाजनक अवस्था पनि कथाका विभिन्न पात्रहरूले भोगेको देखिन्छ । विविध प्रकार र स्वरूपका हिंसात्मक क्रियाकलापले गर्दा ती पात्रहरूमा पीडाबोध हुन गई नैराश्य तथा पीडाजनक अवस्था उत्पन्न हुन गएको पाइन्छ । यसरी सशस्त्र द्वन्द्वको नकारात्मक प्रभावका कारण कथामा अभिव्यक्त पात्र तथा समाजमा विभिन्न प्रकारको अभिघात सृजना हुन गएको देखिन्छ । विविध प्रकारका युद्धजन्य हिंसात्मक क्रियाकलापले गर्दा शारीरिक तथा मानसिक दुवै रूपमा पीडाबोध गर्न पुगेका भोक्त तथा द्रष्टा पात्रले शारीरिक अभिघात, मनोवैज्ञानिक अभिघात, युद्ध अभिघात, द्वन्द्व अभिघात, शस्त्र अभिघात, बाह्य अभिघात, आन्तरिक अभिघात, प्राथमिक अभिघात, द्वितीयक अभिघात, प्राकृतिक अभिघात, मानव निर्मित अभिघात, वैयक्तिक अभिघात, सामाजिक अभिघात, सांस्कृतिक अभिघात, ऐतिहासिक अभिघात, आर्थिक अभिघात, राष्ट्रिय अभिघात, अन्तर्राष्ट्रिय अभिघात र यौन अभिघातजस्ता विविध रूपका अभिघातहरू भोगेको पाइन्छ । सशस्त्र द्वन्द्वजन्य घटनाका भोक्ता तथा द्रष्टा समाज र पात्रहरूमा उपुर्यक्त विविध प्रकारको अभिघात सृजना भएपछि कथामा अभिव्यक्त ती समाज तथा पात्रहरूमा शारीरिक तथा मनोवैज्ञानिक असन्तुलन वा विचलन, हत्या-हिंसाको भय र बदलाको भावना, असुरक्षाको महसुस, राज्यप्रति नैराश्यता, पलायनवादी मनस्थितिको विकास, आत्मविश्वासमा ह्रास, हिंसात्मक संस्कृतिको विकास र स्वीकारोक्ति, अत्यधिक मादकपदार्थको सेवन, आत्महत्या आदिजस्ता लक्षणहरू देखिएको पाइन्छ ।

युद्धजन्य पीडालाई भोगिरहन बाध्य भई अभिघातित बनेका पात्रहरूले शारीरिक तथा मानसिक चोटसम्बद्ध घटनाको अनुभवबाट उत्पन्न आवेग, संवेग र संवेदनाको प्रतिक्रिया स्वरूप अब त अति भयो भन्दै सहन नसक्ने स्थितिमा विवशतावश विद्रोही चेतनाको वरण गरेको स्थिति पनि कथामा व्यक्त भएको देखिन्छ । यो स्थिति अभिघातको सकारात्मक पक्ष हो । अभिघातित बनेको अवस्थाले शान्ति र अहिंस्रक चेतनाको वरण गरेको अवस्था, सामरिक रूपबाट असह्य शारीरिक अभिघात भोगेको कारण त्यही अभिघातकै अवस्थामा युद्धरत पक्ष बीच शत्रुता होइन, सम्बन्ध सुधारको चाहना राखी आफूलाई गोली हान्ने विरोधी घाइतेसँग हात उठाएर युद्ध विरामको पक्षमा आवाज उठाएको, हिंस्रक विचार तथा व्यवहारका विरुद्धमा चेतना जगाउन खोजेकोजस्ता सकारात्मक पक्ष कथामा अभिव्यक्त भएको विषयलाई कथाका विभिन्न पात्रहरूमा देखिएको अभिघातको सकारात्मक पक्षका रूपमा लिइन्छ । सशस्त्र द्वन्द्वले उत्पन्न गरेको शारीरिक तथा मानसिक आघातबाट प्रभावित ती पात्रहरूमा भविष्यप्रति आशा जगाउन, सामान्य जीवनमा फर्काउन र सृजनशील बनाउन मनोवैज्ञानिक उपचार र मेलमिलापको अवधारणाको विकासमा सहयोग हुन नसक्दा अर्थात् सशस्त्र द्वन्द्वका कारणबाट विक्षिप्त भएका पात्रहरूलाई समय दिने, उनीहरूका कुरा सुन्ने र सहानुभूति दर्साउने, उनीहरूको खाँचो बुझ्ने र गोपनीयताको सम्मान गर्ने र मनोविज्ञको सहायता उपलब्ध गराउने जस्ता गतिविधि तथा सहयोग उपलब्ध हुन नसक्दा ती पात्रहरूको शारीरिक तथा मानसिक अभिघात झन तीव्र हुन गएको देखिन्छ । अभिघातको तीव्र स्थितिले ती पात्र तथा पात्रका परिवारहरूमा नकारात्मक असर पैदा भएको पाइन्छ । छिमेकी तथा समाजमा एकता, मित्रता र सद्भावको ठाउँमा शङ्का र अविश्वास मौलाउँदै जानु, परिवारको संरचनामा परिवर्तन आउनु, बिस्थापित तथा पलायन हुनु, गाउँमा मुर्दा शान्ति छाउनु, अभिघातित पात्रहरूमा शक्ति हीनताको अवस्था सिर्जना हुनु, युद्ध, हत्या, हिंसाको विरुद्धमा विद्रोही चेतनाको आवाज उठाउन नसक्नु, पात्रहरूमा पुनर्मिलन, जीवनको पुनर्शुरूवात र पुनर्व्यवस्थित हुन नसकेको अवस्थाले आत्म विनाशकारी विचार आई आत्महत्यासम्म गर्न पुग्नु जस्ता सन्दर्भ कथामा अभिव्यक्त भएको पाइन्छ । ती सन्दर्भहरू अभिघातित पात्रहरूमा देखिएको नकारात्मक असरहरू हुन् ।

## ६.२ निष्कर्ष

**छापामारको छोरो कथा सङ्ग्रहमा अभिघात** मूल शोधशीर्षकमा गरिएको प्रस्तुत शोधकार्यको शोध प्रश्न (**क**) **छापामारको छोरो** कथा सङ्ग्रहमा चित्रित कथागत अभिघातको उत्प्रेरणा स्रोत के हो भन्ने शोध समस्याको समाधानका रूपमा उक्त कथा सङ्ग्रहमा चित्रित कथागत अभिघातको उत्प्रेरणा स्रोतबारे यी निष्कर्षहरू प्राप्त भएका छन् :

(१) **छापामारको छोरो** कथा सङ्ग्रहका सर्जक महेशविक्रम शाह पेशागत रूपमा नेपाल प्रहरीमा प्रहरी नायव उपरीक्षक पदमा कार्यरत व्यक्ति हुन् । त्यसैले पेशागत कर्तव्य निर्वाह गर्ने सन्दर्भमा र सशस्त्र युद्धमा निरन्तर योगदान दिएको नाताले कथाकार शाह सशस्त्र द्वन्द्व तथा युद्धका भोक्ता तथा द्रष्टा व्यक्ति पनि हुन् । दशबर्से शसस्त्र द्वन्द्वले उत्पन्न गरेको पीडादायी यथार्थलाई नजिकैबाट हेर्न, बुझ्न र अनुभूति गर्न पुगेको हुँदा युद्धको प्रभावबाट सिर्जित पीडादायी परिवेश शाहको कथा लेखनको पृष्ठभूमि बन्न गएको देखिन्छ । मानवको पीडादायी जीवनलाई पढ्न सक्ने रूची तथा खुबी भएका शाहले सशस्त्र द्वन्द्व (२०५२-२०६२) बाट जे जति अनुभव, ज्ञान, चेतना हासिल गरे त्यो अनुभव, ज्ञान, चेतना नै कथाकार शाहद्वारा सिर्जित **छापामारको छोरो** कथा सङ्ग्रहमा चित्रित कथागत अभिघातको उत्प्रेरणा स्रोत बनेको देखिन्छ ।

(२) सानै उमेरदेखि कथाकार शाहमा उत्पन्न जिज्ञासु स्वभाव तथा सिर्जनात्मक सोच अनि साहित्यकारका रूपमा चिनिएर बाँच्ने उनको इच्छाले साहित्यिक सिर्जनाको पृष्ठभूमि बनाएको पाइन्छ ।

(३) सशस्त्र द्वन्द्वको समयको अनुभव, ज्ञान, चेतना, भोगाइबाट कथाकार महेशविक्रम शाहको चिन्तनका क्षेत्रमा, सिर्जनाका क्षेत्रमा, विषय-सामग्रीका क्षेत्रमा पनि नवीन शक्ति, ज्ञान र चेतनाको उदय हुन पुगी त्यही ज्ञान, चेतना, भोगाइलाई **छापामारको छोरो** कथा सङ्ग्रहमा अभिव्यक्त गरेको पाइन्छ ।

(४) विद्रोही र राज्यपक्षबीचको सशस्त्र द्वन्द्व(२०५२-२०६२) बाट पीडित बनेका सिपाही, विद्रोही छापामार र आमनागरिकहरूप्रति सहानुभूति राख्दै सशस्त्र द्वन्द्वले दिएको आघातपूर्ण यथार्थलाई कथाका माध्यमबाट अभिव्यक्त गर्ने कथाकार महेशविक्रम शाह संवेदनशील कथाकार हुन् ।

**छापामारको छोरो कथा सङ्ग्रहमा अभिघात** मूल शोधशीर्षकमा गरिएको प्रस्तुत शोधकार्यको शोध प्रश्न (**ख**) **छापामारको छोरो** कथा सङ्ग्रहमा अभिघातको के कस्तो चित्रण पाइन्छ भन्ने शोध समस्याका रूपमा उक्त कथासङ्ग्रह भित्रका कथामा चित्रण गरिएको अभिघातको विश्लेषणबाट निम्नलिखित निष्कर्षहरू प्राप्त भएका छन् :

(१) शारीरिक अभिघातको चित्रणका दृष्टिले 'वधशालामाा बुद्ध', 'युद्धविराम जिन्दावाद', 'म र मुर्दाहरू', 'छापामारको छोरो', 'मिसन इन नेपाल', 'पशुअवतार', 'एउटा अर्को खाडल', 'भत्केको ढोका र सपनाहरू ', 'सिपाही र सालिक' गरी नौवटा कथाहरू उल्लेख्य छन् । तरबारले काटेको, गोली लागेको, बम विस्फोटमा परेको, खम्बामा बाँधेको, लट्ठीले पिटेको, अश्रुग्याँसको प्रहार भएको, साइकलको पाङ्ग्राले कुल्चिएर घाउ बनेको, संवेदनशील अङ्गमा घात गरेको, लछारपछार गरेकोजस्ता अमानवीय घटनाबाट हुन गएको शारीरिक चोटपटक तथा शारीरिक हत्या, हिंसासँग सम्बन्धित अभिघातको चित्रण यी कथाहरूमा पाइन्छन् ।

(२) मनोवैज्ञानिक अभिघातको चित्रणका दृष्टिले 'वधशालामाा बुद्ध', 'गाउँमा गीतहरू गुन्जिँदैनन', 'बाबुको काँधमा छोरो सुतिरहेको देश', 'युद्धविराम जिन्दावाद', 'म र मुर्दाहरू ', 'एकादेशमा...', 'कुर्सीपर्व', छापामारको छोरो', 'मिसन इन नेपाल', 'पशुअवतार', 'एउटा अर्को खाडल', 'बन्द ढोका र समय', 'मेरो कुकुर अझै भुकिरहेको थियो', 'भत्केको ढोका र सपनाहरू', 'किडी जियाले कर्नालीमा

फाल हालिन्', 'सिपाही र सालिक' गरी सोह्रवाट कथाहरू उल्लेख्य छन् । विगतमा आफूले गरेका राक्षसी कार्य र प्रवृत्तिप्रति पश्चाताप बोध, युद्धजन्य घटनाको गहिराइ, व्यापकता, आघातपूर्ण घटनाका भोक्ता तथा द्रष्टाको विगतको तीतो अनुभव, सशस्त्र द्वन्द्वका कारण आफन्त गुमाएको पीडा र त्यो पीडाको अवस्थामा कतैबाट पनि कुनै सहयोग, न्याय, सहानभूति नपाई निरुपाय बनेको स्थिति, युद्धमा संलग्न रहेकाहरूमा अर्को पक्षको आक्रमणबाट मारिने डर, युद्धमा संलग्न हुनु परेकोमा आत्मग्लानी हुनुजस्ता कारणबाट उत्पन्न मानसिक पीडालाई उपर्युक्त कथाहरूमा चित्रण गरिएको छ । त्यसै गरी युद्धजन्य हत्याहिंसाका पीडादायी दृश्य तथा खबर देखेर सुनेर, विगतमा भोगेको देखेको दुर्घटनाको स्मरणबाट बृद्धि भएको भावनात्मक उत्तेजनाका कारण उत्पन्न निराशा, हिंसाजन्य घटनाले प्रतिनिधित्व गर्ने मूल्य, अर्थ र विश्वासको प्रभाव, नकारात्मक सोँच, आत्मपहिचान टुक्रिन पुगेको अवस्था, विगतमा भोगेको तथा देखेको पीडादायी घटनाको प्रभाव, तीब्र आघात वा घाउ देख्न, भोग्न पुगेको पहिलेको घटनासँग मिल्दोजुल्दो वेदनाजनक घटना वा स्थिति, एक्लो तथा असहाय अवस्थामा कसैबाट पनि सहयोग, सहानुभूति नपाएको अवस्था, मनमा रहेको तीव्र चाहना पूरा हुन नसकेपछि मनमा उत्पन्न पीडा तथा असन्तुष्टी, आफूमा भएको शारीरिक तथा मानसिक दुःखपूर्ण अवस्थाबाट स्वतन्त्र हुन नसकेको अवस्थाजस्ता कारणबाट उत्पन्न मानसिक पीडालाई पनि उपर्युक्त कथाहरूमा चित्रण गरिएको छ ।

(३) द्वन्द्व अभिघातको चित्रणका दृष्टिले 'वधशालामा बुद्ध', 'पशुअवतार', 'सडकमा गान्धीहरू' गरी तीनवटा शीर्षकका कथाहरू पर्दछन् । यी कथाहरूमा मानसिक तथा वैचारिक द्वन्द्वबाट सिर्जित अभिघातको चित्रण गरिएको पाइन्छ । आफैभित्र उत्पन्न दुई विपरित विचार तथा भावनाका कारण उत्पन्न भएको मानसिक द्विविधाबाट सिर्जित मानसिक पीडा, अरूको गलत विचार तथा व्यवहारका विरुद्ध रहँदा भोग्नुपरेको शारीरिक तथा मानसिक पीडालाई यी कथाहरूमा चित्रण गरिएको पाइन्छ ।

(४) युद्ध अभिघातको चित्रणका दृष्टिले युद्ध अभिघात अभिव्यक्त भएका कथाहरूमा 'वधशालामा बुद्ध', 'युद्धविराम जिन्दावाद', 'म र मुर्दाहरू', 'मिसन इन नेपाल', 'एउटा अर्को खाडल', 'पशुअवतार', 'भत्केको ढोका र सपनाहरू', 'सिपाही र सालिक' गरी आठवटा शीर्षकका कथाहरू पर्दछन् । तरबार, राइफल तथा बन्दुकको गोली लागेर बम विस्फोटमा परेर लट्ठी तथा अश्रुग्यासको प्रहार भोगेर, पारस्परिक आक्रमणजस्ता हत्याहिंसात्मक कार्यका कर्ता, भोक्ता तथा द्रष्टाका मानव पीडा र विनाशजस्ता युद्ध अभिघात सम्बद्ध विषय उपर्युक्त कथाहरूमा प्रस्तुत भएको छ ।

(५) शस्त्र अभिघातको चित्रणका दृष्टिले 'वधशालामा बुद्ध', 'युद्धविराम जिन्दावाद', 'म र मुर्दाहरू', 'मिसन इन नेपाल', 'पशुअवतार', 'एउटा अर्को खाडल', 'भत्केको ढोका र सपनाहरू', 'सिपाही र सालिक' गरी आठवटा शीर्षकका कथाहरू पर्दछन् । काटमारका लागि प्रयोग गरिने तरबार, राइफल, बम विस्फोट, लट्ठीको निर्मम प्रहार, अश्रुग्याँस प्रहार र छापामारको आक्रमणबाट लाग्न पुगेको भौतिक चोटबाट अभिघातित बनेको अवस्थालाई यी कथाहरूमा प्रस्तुत गरिएको छ ।

(६) बाह्य अभिघातको चित्रणका दृष्टिले **छापामारको छोरो** कथा सङ्ग्रहमा सङ्गृहीत अठार वटै कथाहरू पर्दछन् । यस सङ्ग्रहको सबै कथाका विभिन्न पात्रहरूमा देखिएको विविध प्रकारको अभिघात घरपरिवारभित्र तथा आफन्तबाट भएको कुनै दुर्व्यहार तथा चरम सङ्कटका कारण उत्पन्न नभई सशस्त्र द्वन्द्वका कारण उत्पन्न हत्याहिंसा, अङ्गभङ्ग, टुहुरा, विधवा, आन्तरिक विस्थापन, सांस्कृतिक र परम्परागत सद्भावनाको विनाश, अपहरण, जबर्जस्ती, बलात्कार, भौतिक संरचनाको विनाश, युद्ध मानसिकताको विकास, नैराश्य र विदेश पलायन हुने अवस्थाको सिर्जनाजस्ता सशस्त्र द्वन्द्वजन्य मानवीय सङ्कट तथा पीडाबाट उत्पन्न भएको पाइन्छ । त्यसै गरी परिवारबाट बिछोड, शरणार्थी, स्वास्थ्य र सुरक्षाको अभाव, युद्धरत पक्ष बीच कुनै पनि बेला हुन सक्ने लडाइँ, आक्रमणजस्ता मानवीय सङ्कट तथा पीडाका कारणबाट पनि अभिघात उत्पन्न भएको पाइन्छ ।

(७) आन्तरिक अभिघातको चित्रणका दृष्टिकोणले 'एउटा अर्को खाडल', 'मेरो कुकुर अझै भुकिरहेको थियो', 'भत्केको ढोका र सपनाहरू' शीर्षकको तीनवटा कथाहरू पर्दछन् । सशस्त्र द्वन्द्वमा परेर आफ्नी प्रेमिकाको मृत्यु भएको अवस्था, सशस्त्र द्वन्द्वको कारण बाआमा दुवै बेपत्ता भएपछि टुहुरो हुन पुगी आफूलाई एक्लो, खण्डित, असुरक्षित अनुभव गरेको अवस्था, सशस्त्र द्वन्द्वका कारण लोग्ने, छोरोसँग लामो समयदेखि विछोड भई बस्नु परेको अवस्थाका कारण उत्पन्न अभिघात उपर्युक्त कथाहरूमा प्रस्तुत भएको पाइन्छ ।

(८) प्राथमिक अभिघातको चित्रणका दृष्टिकोणले 'वधशालामा बुद्ध', 'गाउँमा गीतहरू गुन्जिँदैनन्', 'बाबुको काँधमा छोरो सुतिरहेको देश', 'युद्धविराम जिन्दावाद', 'एकादेशमा...', 'मिसन इन नेपाल', 'पशुअवतार', 'एउटा अर्को खाडल', 'मेरो कुकुर अझै भुकिरहेको थियो', 'भत्केको ढोका र सपनाहरू', 'सडकमा गान्धीहरू', 'किडी जियाले कर्नालीमा फाल हालिन्', 'सिपाही र सालिक' शीर्षकका तेह्रवटा कथाहरू पर्दछन् । क्रूरपूर्ण हत्याहिंसा गर्दा, भोग्दा र देख्दा, जताततै मृत शरीर, रक्तपातपूर्ण दृश्य प्रत्यक्ष रूपमा देख्दा तथा भोग्दा घटनाका प्रत्यक्ष द्रष्टा तथा भोक्तामा शारीरिक तथा मानसिक दुवै रूपबाट पीडाबोध हुन गएको अवस्था उपर्युक्त कथाहरूमा चित्रण भएको पाइन्छ । आफ्नै आँखाको अगाडि परिवारका सदस्य पिटिँदा, अपहरण हुँदाको अवस्था, घरसम्पत्ति ध्वस्त हुँदा, बम विस्फोटमा पर्दा या सुन्दा, शारीरिक तथा मानसिक यातनाजन्य घटना भोग्दा या यातना दिइँदा र अङ्गभङ्ग पार्दाको ह्रिदयविदारक घटनालाई प्रत्यक्ष देख्दा र भोग्दाको अवस्था, नमिठो र धम्कीपूर्ण बोली तथा व्यवहार आफैले प्रत्यक्ष अनुभव गर्दा या सुन्दा शारीरिक तथा मानसिक दुवै रूपबाट पुग्न गएको पीडालाई उपर्युक्त कथाहरूमा अभिव्क्त गरिएको छ ।

(९) द्वितीयक अभिघातको चित्रणका दृष्टिकोणले 'म र मुर्दाहरू' शीर्षकको कथा मात्र पर्दछ । सञ्चार माध्यमबाट देखेको सुनेको हत्याहिंसात्मक घटनाको नकारात्मक प्रभावबाट उत्पन्न द्वितीयक अभिघातको चित्रण यस कथामा भएको देखिन्छ ।

(१०) **छापामारको छोरो** कथा सङ्ग्रहभित्र सङ्गृहीत सबै कथाहरूभित्र एकभन्दा बढी नै प्रकारको अभिघातको चित्रण पाइन्छ ।

(११) **छापामारको छोरो** कथा सङ्ग्रहभित्रका विभिन्न कथाहरूमा चित्रित विभिन्न प्रकारको अभिघातको नकारात्मक पक्षका साथै सकारात्मक पक्ष पनि रहेको देखिन्छ ।

(१२) अभिघातको नकारात्मक पक्ष चित्रण भएका कथाहरूमा 'गाउँमा गीतहरू गुन्जिँदैनन्', 'बाबुको काँधमा छोरो सुतिरहेको देश', 'एकादेशमा...', 'कुर्सीपर्व' , 'छापामारको छोरो', 'एउटा अर्को खाडल', 'बन्द ढोका र समय', 'मेरो कुकुर अझै भुकिरहेको थियो', 'भत्केको ढोका र सपनाहरू', 'ह्युमन फार्मिङ', 'किडी जियाले कर्नालीमा फाल हालिन्' शीर्षकका एघारवटा कथाहरू पर्दछन् । मानिसहरूमा एक अर्काबीच सामाजिक ध्रुवीकरण देखिनु, छिमेकी तथा समाजमा एकता, मित्रता र सद्भावको ठाउँमा शङ्का र अविश्वास मौलाउँदै जानु, परिवारको संरचनामा परिवर्तन आउनु, बिस्थापित तथा पलायन हुनु, विनाशकारी विचार आई आत्महत्या गर्नु, व्यक्ति तथा समाजमा मुर्दा शान्ति छाउनुजस्ता अभिघातको नकारात्मक पक्ष छापामारको छोरो कथा सङ्ग्रहभित्रका उपर्युक्त विभिन्न कथाहरूमा चित्रण भएको छ । त्यसै गरी, शारीरिक तथा मानसिक शक्तिहीनता, काँतर, लाछी, लम्पट र निरीह, युद्ध, हत्या, हिंसाको विरुद्धमा विद्रोही चेतनाको वरण गर्न नसकेको अवस्था, जीवनको पुनर्मिलन, पुनर्शुरूवात र पुनर्व्यवस्थित हुन नसकेको अवस्थाको पनि कथाहरूमा चित्रण भएको छ ।

(१३) अभिघातको सकारात्मक पक्ष चित्रण भएका कथाहरूमा 'वधशालामा बुद्ध', 'युद्धविराम जिन्दावाद', 'म र मुर्दाहरू', 'मिसन इन नेपाल', 'पशुअवतार', 'सडकमा गान्धीहरू', 'सिपाही र सालिक' शीर्षकका कथाहरू रहेका छन् । हत्याहिंसात्मक कार्यमा संलग्न भई गरेको आफ्नो कुकृत्यका कारण पश्चाताप

बोध भई अभिघातित बनेको अवस्थाले शान्ति र अहिंस्रक चेतनाको वरण गरेको अवस्था, सामरिक रूपबाट असह्य शारीरिक अभिघात भोगेकाहरूले त्यही अभिघातकै अवस्थामा युद्धरतपक्ष बीच शत्रुता होइन, सम्बन्ध सुधारको चाहना राखी आफूलाई गोली हान्ने विद्रोही घाइतेसँग हात उठाएर युद्धविरामको पक्षमा आवाज उठाएको अवस्था, सशस्त्र युद्धजन्य घटनाले समाजमा पुऱ्याएको क्षतिप्रति सचेत भएको अवस्था, हिंस्रक विचार तथा व्यवहारका विरूद्धमा चेतना जगाउन खोजेकोजस्ता सकारात्मक भाव कथामा अभिव्यक्त भएको पाइन्छ । शान्तिको चाहना, दासत्वबाट मुक्तिको चाहना, आमूल परिवर्तनको चाहना र शान्तिको पक्षमा आवाज उठाएकोजस्ता अभिघातको सकारात्मक असरसम्बद्ध सन्दर्भ उपर्युक्त कथामा चित्रण भएको छ ।

(१४) कथा सङ्ग्रह भित्रका कथाहरूमा अभिव्यक्त मानिसहरूको जीवनमा असन्तुष्टि ल्याउने, निराशा पैदा गर्ने, पीडा उत्पन्न हुने कारणहरू फरक फरक भए तापनि ती कारणहरू भने घुमाइफिराइ प्रत्यक्ष वा अप्रत्यक्ष कुनै न कुनै रूपमा एक कालअवधि विशेषमा नेपाली समाजमा व्याप्त सशस्त्र द्वन्द्वजन्य परिवेशसँग नै सम्बन्धित देखिएको हुँदा प्रस्तुत सङ्ग्रहभित्रका कथाहरूमा अभिव्यक्त अभिघात उत्पन्नको मूल कारक तत्त्व सशस्त्र द्वन्द्व नै रहेको देखिन्छ । सशस्त्र द्वन्द्व तथा युद्धजन्य अनेक रूपका अभिघातहरूबाट पीडित भएका मानिसहरू शारीरिक तथा मनोवैज्ञानिक रूपमा असन्तुलित र अभिघातित हुन पुगेको सन्दर्भहरू कथामा अभिव्यक्त भएको हुँदा ती कथाहरूको केन्द्रीय विषयवस्तु अभिघात नै रहेको बुझिन्छ ।

अन्तिम निष्कर्षमा भन्नुपर्दा **छापामारको छोरो** कथा सङ्ग्रह द्वन्द्व र युद्धलाई विषय बनाएर लेखिएको कथा सङ्ग्रह हो । द्वन्द्व र युद्धले उत्पन्न गरेका पीडा, दुःख, वेदना, आक्रोश र अभिघातलाई यस कथा सङ्ग्रहले मुख्य रूपमा प्रस्तुत गरेको छ । दस बर्से सशस्त्र द्वन्द्वको कालखण्डले सिर्जेका दुःख र पीडालाई प्रस्तुति गरिएको प्रस्तुत कथा सङ्ग्रहले द्वन्द्वपीडित आम नेपाली नागरिकको पीडालाई प्रतिनिधित्व गरेको छ । युद्ध मनोविज्ञानलाई घटना र प्रवृत्तिका माध्यमद्वारा प्रस्तुत गरी छापामारको छोरो कथा सङ्ग्रह मार्फत सशस्त्र द्वन्द्वले उत्पन्न गरेको दुःख, पीडा यातना र हिंसालाई चित्रण गर्नुका साथै द्वन्द्वपीडित आमनागरिकहरू अभिघातको अवस्थामा पुगेको कुरालाई व्यञ्जित गरिएको छ । द्वन्द्व र युद्धबाट पिल्सिएका नेपालीको जीवन सन्दर्भलाई र त्यसले प्रदान गरेको पीडालाई प्रस्तुत गर्न र सशस्त्र द्वन्द्व एवं युद्धका कारण उत्पन्न अभिघातका विविध पक्षलाई सूक्ष्म किसिमले चित्रण गर्न सक्नु यस कथा सङ्ग्रहका कथाकार महेशविक्रम शाहको मूलभूत विशेषता हो । सशस्त्र द्वन्द्वको समयावधिमा विद्रोही तथा राज्यपक्ष दुवैबाट हुन गएको संवेदन हीनता तथा बर्बरताबाट उत्पन्न पीडाको कारण आमनागरिकले भोगेका दुःख, कष्ट, यातना, पीडा, साङ्घातिक हमला, आक्रमण, क्षति, क्रूरता, पाशविकताको कारण उत्पन्न अभिघातको चित्रण **छापामारको छोरो** कथा सङ्ग्रहभित्रका विभिन्न कथाहरूमा भएको छ भन्ने कुरा यसै सङ्ग्रहभित्रका विश्लेषित कथाहरूले पुष्टि गर्दछ । समग्रमा हेर्दा प्रस्तुत सङ्ग्रहले एक दशकभरिका द्वन्द्वजन्य अप्रिय घटनाको भयप्रद परिणाम, द्वन्द्व र युद्धले प्रताडित आम नागरिकको जीवनलाई देखाएर द्वन्द्व र युद्धले निम्त्याउने पीडा र त्यसबाट उत्पन्न हुने विभिन्न प्रकारका अभिघातका बारेमा समाजलाई सचेतता र जागरुकता प्रदान गरेको देखिन्छ । यस कथा सङ्ग्रहभित्रका द्वन्द्व र युद्धजस्तो पीडादायी विषयवस्तुबाट निर्मित कथाहरूमा विषयवस्तुको सङ्गतिपूर्ण गठन, स्वाभाविक चरित्रविधान, द्वन्द्व र युद्धले उत्पन्न हुन पुगेको त्रास, वेदना, आतङ्क, अवसाद, करुणा आदि भाव अनुसारको परिवेश पाइन्छ । त्यसकारण सशस्त्र द्वन्द्वको कारणबाट मानिसमा दूरगामी असर र प्रभाव पार्ने रहेछ भन्ने खालको चेतनाको अभिव्यक्तिको रूपमा पनि यस कथासङ्ग्रहलाई लिन सकिन्छ । द्वन्द्व अवधिको कठोर समयावधिमा मानिस सन्त्रस्त र निराश भई बाँचेका मात्र नभई गम्भीर अभिघात खेप्न पुगी मानसिक सन्तुलन समेत गुमाई आत्महत्या समेत वरण गर्न विवश बनेको घटनासन्दर्भ यस सङ्ग्रहका कथामा अभिव्यक्त भएको हुँदा द्वन्द्वजन्य घटनाबाट कथाकार समेत संवेदनशील बनेको बुझिन्छ भने त्यसै समयको परिस्थितिले प्रभावित भई गरिएको आख्यानात्मक अभिव्यक्तले यो कथासङ्ग्रह संवेद्य बन्न पुगेको छ । त्यसैले विभिन्न प्रकारका अभिघातको प्रस्तुति भएको यस कथा सङ्ग्रहलाई अभिघातको कथासङ्ग्रह मान्न सकिन्छ । यस सङ्ग्रहका कथामध्ये धेरैजसो कथाको शैली मूलतः अभिधामूलक वाच्यार्थप्रधान देखिन्छ भने केही कथा

चाहिँ प्रतीकात्मक, व्यङ्ग्यात्मक शैलीबाट पनि निर्मित देखिन्छन् । शिल्प र शैलीका दृष्टिकोणले पनि यस कथा सङ्ग्रहभित्रका कथाहरू संवेद्य र चित्ताकर्षक देखिन्छन् ।

## सन्दर्भ सामग्री सूची

अखिल नेपाल लेखक सङ्घ (२०६७), **मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्य,** काठमाडौँ : अखिल नेपाल लेखक सङ्घ केन्द्रीय समिति ।

आप्टे, वामन शिवराम (१९९६), **संस्कृत-हिन्दी कोश,** दिल्ली : मोतीलाल बनारसीदास ।

उप्रेती, विष्णुराज(२०६०), **द्वन्द्व व्यवस्थापनका सिद्धान्त र विधिहरू एक परिचय**, काठमाडौँ : इनेब्लिङ्ग स्टेट प्रोग्राम ।

उप्रेती, विष्णुराज(२०६१), **नेपालमा माओवादी सशस्त्र द्वन्द्व : कारण, असर र समाधानका प्रयासहरू,** काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकसन्स ।

उप्रती, सञ्जीव,(२०६८), **सिद्धान्तका कुरा,** काठमाडौँ : अक्षर क्रियसन्स ।

कार्की, सुशीला,(२०६८), **लैङ्गिक समानता,** काठमाडौँ, पैरवी प्रकाशन ।

के.सी., रामचन्द्र(२०६८), सम्पा. **विद्रोही,** काठमाडौँ : ट्रान्स रिप्रिन्ट, अनुवाद तथा पुनर्मुद्रण केन्द्र ।

कोइराला, कुमारप्रसाद(२०६८), **आख्यान विमर्श**, काठमाडौँ : ओरिएन्टल पब्लिकेसन ।

गुरुङ, जुद्धबहादुर,(२०५७), **वातावरणविज्ञान एक परिचय, काठमाडौँ :** एकता बुक्स डिस्ट्रिब्युटर्स ।

गौतम, कृष्ण,(२०६४), **उत्तरआधुनिक जिज्ञासा,** काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेशन्स् ।

गौतम, कृष्ण,(२०६७), **उत्तरआधुनिक संवाद,** काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

गौतम, लक्ष्मणप्रसाद(२०६३), सम्पा. **समकालीन नेपाली द्वन्द्वकथा**, काठमाडौँ : पैरवी प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद(२०६६), **नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना,** काठमाडौँ : ओरिएन्टल पब्लिकेसन हाउस ।

जोशी, सिद्धराज र जोशी किरण,(२०६८), **लैङ्गिकता र विकास,** काठमाडौँ : पैरवी प्रकाशन ।

पौडेल, चेतनारायण (२०६६), “समसामयिक नेपाली कथामा जनयुद्धको प्रभाव”, (अप्रकाशित स्नातकोत्तर शोधपत्र), काठमाडौँ : त्रिचन्द्र वहुमुखी क्याम्पस ।

पौडेल, युवराज(२०६२), “कथाकार महेशविक्रम शाहका प्रमुख प्रवृत्ति”, (अप्रकाशित स्नातकोत्तर शोधपत्र) , पोखरा : पृथ्वीनारायण क्याम्पस, नेपाली विभाग ।

प्रसाद, कालिक, सहाय र श्रीवास्तव ( २०१३), **बृहत् हिन्दी कोश,** बनारस : ज्ञानमण्डल लिमिटेड ।

बराल क, कृष्णहरि,( २०६८), **मनोविश्लेषण र साहित्य,** काठमाडौँ : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन ।

बराल ख, टीकादत्त,(२०६८), **तत्सम नेपाली व्युत्पत्ति शब्दकोश,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

बेबेल, अगस्त फ्रिडरिक, (२०५९), **अतीत, वर्तमान र भविष्यमा महिला,** अनु. श्रेष्ठ कृष्णदास, काठमाडौँ :

पैरवी प्रकाशन ।

भट्टराई, गोविन्दराज र विष्णुविभु घिमिरे (२०६३),सम्पा. **द्वन्द्व र युद्धका कथा,** काठमाडौँ : डा.गोविन्दराज भट्टराई ।

भट्टराई, गोविन्दराज (२०६४), **उत्तरआधुनिक विमर्श,** काठमाडौँ : मोडर्न बुक्स ।

मुकर्जी, रवीन्द्र नाथ,(२०००), **सामाजिक मनोविज्ञानकी रूपरेखा,** इलाहाबाद : किताब महल ।

मुर्खजी, विकास र सिंह (२०६७), **पहिलो र दोस्रो विश्वयुद्ध,** ते.सं., सम्पा./अनु. चाम्लिङ, भोगीराज, काठमाडौँ : भिजन पब्लिकेसन ।

मुहम्मद, सुलेमान र तौवाब, (२००४), **असामान्य मनोविज्ञान विषय और व्याख्या**, दिल्ली : बंगलो रोड ।

रिसाल, गोपालप्रसाद, (२०६१), **वैदिक संस्कृति,** ललितपुर : साझा प्रकाशन ।

लुमुम्बू शशी र राई (डिसेम्बर,२०११), सम्पा. **युद्धमा हराएको प्रेम**, बेलायत : नेपाली प्रतिभा प्रतिष्ठान ।

शर्म्मा'नेपाल', बसन्तकुमार, (२०५७), **नेपाली शब्दसागर(सोपपत्तिक कोश),** काठमाडौँ : भाभा पुस्तक भण्डार ।

शर्मा, बिन्दु, "कथाको अभिघात समालोचना",**उन्मेष**,(अङ्क १२, २०६८ आश्विन), पृ.११३-१२२ ।

शर्मा, मोहनराज(२०६६), **आधुनिक तथा उत्तरआधुनिक पाठकमैत्री समालोचना,** कीर्तिपपुर : क्वेस्ट पब्लिकेसन ।

शर्मा, मोहनराज र लुइटेल खगेन्द्रप्रसाद, (२०६७), **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,** ते.सं., काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शाह, महेशविक्रम (२०६५), **काठमाडौँमा कामरेड**, काठमाडौँ : समग्र प्रकाशन ।

शाह, महेशविक्रम (२०६६), **छापामारको छोरो**, छै.सं., काठमाडौं : साझा प्रकाशन ।

शाह, महेशविक्रम (२०६८), **सटाहा**, दो.सं., काठमाडौं : साझा प्रकाशन ।

शिवाकोटी, गोपाल (२०६८), **द्वन्द्व, शान्ति र विकास**, काठमाडौं : पैरवी प्रकाशन ।

शुभेच्छु, रमेश "परशु प्रधानको सीताहरू आख्यान कृतिमा अभिघात" **पालुवा**, (वर्ष ५०, अङ्क १०,२०६८ बैशाख), पृ.१२४-१३४ ।

श्रेष्ठ, तारालाल,(२०६८), **शक्ति, स्रष्टा र सबाल्टर्न, काठमाडौँ** : डिस्कोर्स पब्लिकेसन ।

सुवेदी, राजेन्द्र "अभिघात सिद्धान्त र नेपाली साहित्यमा यसको प्रभाव" **समकालीन साहित्य**,( अङ्क ४, पूर्णाङ्क ६६, २०६८ कात्तिक, मंसिर, पुस ) ।

सुवेदी, राजेन्द्र र गौतम, लक्ष्मणप्रसाद,( २०६८), **रत्न बृहत् नेपाली समालोचना, सैद्धान्तिक खण्ड,** काठमाडौँ : रत्न पुस्तकभण्डार ।

## अङ्ग्रेजी पुस्तक सूची

Alexander, Jeffrey C.(2012), **Trauma: a social Theory**, Cambridge : polity press .

Bhagi, Manjula and Sharma, Sunita,( 1992), **Encyclopaedic Dictionary of Psychology, Volume iv,** New Delhi : Anomal Publication .

Berger, James(1997),"**Trauma and Literary Theory**."contemporary Literature.

Caruth,Cathy(,1991),**Unclaimed Experience:Trauma and Possibility of History**" *Literature and The Ethical Queston*

Caruth,Cathy(1993), **Violence and Time: Traumatic Survivals**." Assemblage 20

Caruth,Cathy(,1995), **Trauma Explorations in memory,** Baltimore: Johns Hopkins University Press .

Caruth,Cathy(,1996),**Unclaimed Experience:Trauma, Narrative and History** Balimore:Johns Hopkins University Press .

Christ, C. (1986). **Diving deep and surfacing: Women writers on spiritual quest.** Boston: Beacon Press.

Edkins, Jenny(2003)," **Introduction: Trauma , Violence and Poltical Community." Trauma and Memory of Politics,** Cambridge: Cambridge University Press.

Golman, Andrew M.,(2006), **Oxford Dictionary of Psychology,** New Delhi : Oxford University Press.

Hartman, Geoffery (1995), **"On Traumatic Knowledge and Literary Studies."** New Literary History(Summer) .

Hartman, Geoffery and T.O' Hara, Daniel(2004), **THE GEOFFREY HARTMAN READER,** UK : Edinburgh University Press

Herman, J. L. (1992). **Trauma and recovery: the aftermath of violence – from domestic abuse to political terror.** New York: HarperCollins.

Jasmin Lee Corl(2007), **Healing from Trauma: A Survivor's Guide to Understanding Your Symptoms and Reclaming your life,** Cambridge, Marlowe and Company .

Kaplan, Cora,(2007), **Victoriana: histories, fictions, criticisms, Cambridge :** Edinburgh University Press.

Karl G. Jung (1970), **collected work vollume 10,** Routledge and Kegan Paul.

La Capra, Dominick,(1994),**Representing the Holocaust History, Theory, Trauma,** America : Cornell University Press .

La Capra, Dominick(1999)," **Trauma, Absence, Loss.** "European Journal of English studies .

La Capra, Dominick(2001), **Writing History, Writing Trauma,** Baltinore : The Johns

Hopkins University of Press .

Leys, Ruth, (2000), **Trauma : a genealogy,** London : The university of Chicago press, ltd.

Martz, Erin,(2010), **Trauma Rehabilitation After War and Conflict,** USA : Springer Science +Business Media,LLC.

Richard, Webster(2002), **the cult of lacan freud lacan and the mirror stage,** Cambridge : Cambridge University of press .

Schiraldi, Glenn R.(2000), **The Post Traumatic Sress Disorder Sourcebook A guide to Healing, Recovery and Growth,** America: Lowell House .

Scott, Catherine, Briere, John(2006), **principles of Trauma Thearapy : A Guide to symptoms, Evaluation and Treatment,** California : SAGE publications

Seldon, Raman and Widdowson, Peter,(1993), **A reader's Guide to Contemporary Literary Theory**, New York :The University of Press Kentucky .

Sigmund, freud(1990, **Interpretation of Dream,** Newyork : University of Newyork press.

Simone, De Beauvior,(1949), **The Second Sex,** Newyork: Vintage Books.

Spivak, Gayatri Chakravorty,(1988), **Can the subaltern speak ?,** Newdelhi : SAGE Publications .

Tal, Kali,(1996), **Worlds of HURT**, America : The university of Cambridge.

Berger,James,(1997), **Trauma and Literary Theory,** Contemporary Literature. 38.3.

Transue, Pamela J.,(1986), **Virginia Woolf and the politics style,** Newyork : SUNY Press .

Van der Kolk, Bessel A.,(1987), **Psychological Trauma,** America : American Psychiatric Publishing, Inc.

## अनलाइन सामग्रीसूची

http://healingresources.info/, Preventing and Healing Stress Related Trauma in Children and Adults, अक्टोवर ९,२०११मा प्राप्त ।

http://www.goodreads.com/book/show/1113117.Principles_of_Trauma_Therapy.John, Briere / Catherine, Scott (२०११),

Principles of Trauma Therapy: A Guide to Symptoms, Evaluation and treatment, जुलाइ २१,२०११ मा प्राप्त ।

http://www.HealingResources.info, Emotional and Psychological Trauma: Causes and

Effects, Symptoms and Treatment, जुलाइ २१, २०११ मा प्राप्त ।

www.webmd.com/anxiety-panic/guide/post-traumatic-stress-disorder .

http://en.wikipedia.org/wiki/National_trauma

http://www.class.uidaho.edu/engl48 ty4jj/Historical_Trauma.htm

http://roberttcarterassociates.com/pres2.html

http://psychology.wikia.com/wiki/Educational_Trauma

http://en.wikipedia.org/wiki/Religious_abuse
http://www.thethinkingatheist.com/forum/Thread-Religious-Trauma-Syndrome-RTS

http://www.teenstarproject.com/effects.php

www.noanxiety.com/psychology-psychotherapy-glossary/terms-…

http://www.combatstress.org.uk/pages/what_is_ptsd.html

http://www.astralgia.com/webportfolio/omnimoment/archives/continuum/trauma.html

http://en.wikipedia.org/wiki/Psychological_trauma

http://www.answers.com/topic/trauma-medicine

http://www.sidran.org/sub.cfm?contentID=88&sectionid=4

http://www.aacap.org/cs/root/publication_store/your_child_childhood_trauma_and_its_effects

http://business.highbeam.com/4373/article-1G1-181165018/trends-literary-trauma-theory

http://www.primal-page.com/panicat.ht

71.6.131.182/**mental/emotional_psychological_trauma**.htm
**http://www.loc.gov/rr/frd/Military_Law/pdf/RC-Weapons.pdf**

**http://wiki.medpedia.com/Clinical:Case_Study:_Gender_Trauma_Recognition_and_Intervention**

**http://www.community-s-response-to-an-individual-s-trauma**

**शोधकार्यका निम्ति सुझाउ**

**छापामारको छोरो** कथा सङ्ग्रहलाई विभिन्न आधारहरूको प्रयोगद्वारा सूक्ष्म विश्लेषण गरी अध्ययन गर्न सकिने संभावना छ । यससँग सम्बन्धित त्यस्ता केही शोधपरक संभावनामूलक अध्ययनका क्षेत्रहरू निम्नलिखित हुन सक्छन् :

(क) कथाकार महेशविक्रम शाहका जीवनी तथा व्यक्तित्वसँग **छापामारको छोरो** कथा सङ्ग्रहमा चित्रित अभिघातको सम्बन्ध

(ख) **छापामारको छोरो** कथा सङ्ग्रहमा सांस्कृतिक अभिघात

(ग) **छापामारको छोरो** कथा सङ्ग्रहमा अभिघात चित्रणका निम्ति प्रयुक्त शैली